# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाडौं

मिति: २०७९।०७।२२ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका घुस/रिसवत सम्बन्धी १०४, राजस्व चुहावट १, गलत प्रतिवेदन तथा झुट्टा बिल भरपाई ४, गैरकानूनी सम्पत्ती आर्जन १, सार्वजनिक सम्पत्ति हानिनोक्सानी १, र गैरकानूनी लाभ तथा हानी ३, गरी जम्मा ११४ वटा मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०७९।०३।७,८ मिति २०७९।०४।१०, मिति २०७९।०५।०१,५,९,१०,१७,२७,३०, मिति २०७९।०६,७,१०,२६,३१ र मिति २०७९।०७।२१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरुको बिबरण देहायानुसार रहेको छ ।

प्रवक्ता

श्याम प्रसाद भण्डारी

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट यस आ.व.मा विशेष अदालतबाट भएका फैसलामा चित्त नबुझी मिति २०७९/०३/०७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरुको विवरण :-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १. | प्रतिवादीहरु रेवती कुमार कोईराला, मनिष चौधरी र टेक बहादुर श्रेष्ठ (वि.अ. को मु.नं. ०७५-CR-०१४२, वि.अ. को फैसला मिति २०७८।१२।२०) | **सामाजिक सुरक्षा भत्ता रकम हिनामिना गरी भ्रष्टाचार गरेको** | **प्र.रेवती कुमार कोईरालाः**<br><br>भ्र.नि.ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रू.८३,०००।- कायम गरी ऐ.ऐनको दफा ३(१) र दफा ३(१)(ग) बमोजिम सजाय हुन र हिनामिना गरेको बिगो रकम रू.८३,०००।- ऐ.ऐनको दफा १७ बमोजिम निजवाट असुल उपर हुन,<br><br>**प्र.मनिष चौधरीः**<br><br>भ्र.नि.ऐन, २०५९ को दफा १७ बमोजिमको कसूरमा बिगो रु.२,५०,०००।- कायम गरी ऐ.ऐनको दफा ३(१) र दफा ३(१)(घ) बमोजिम सजाय हुन र हिनामिना गरेको बिगो रकम रु.२,५०,०००।- सोही ऐनको दफा १७ बमोजिम निजबाट असुल उपर हुन<br><br>**टेक बहादुर श्रेष्ठः** भ्र.नि.ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर अपराधमा ऐ.ऐनको दफा | **<u>फैसलाः</u>**<br><br>सबै प्रतिवादीहरुलाई सफाई आरोप दावीवाट हुने<br><br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br><br>क) तत्कालिन विषम परिस्थितिमा प्रतिवादीहरु मध्ये मनिष चौधरी र टेकबहादुर श्रेष्ठले लाभग्राहीको सहिछाप आफै गरी सम्वन्धित व्यक्तिहरुलाई बुझाएको भनी वयान व्यहोरा लेखाएका, मृत्यु भएका / बसाइ सरेका तथा वडामा नै नभएका व्यक्तिहरुको समेत रकम निकाली खर्च लेखेको सम्वन्धमा प्रचलित नेपाल कानून बमोजिम नेपाल सरकारले प्रतिवादीहरुवाट असूल उपर गर्न सक्ने नै देखिएको ।<br>ख) सह-प्रतिवादीहरु रेवती कुमार कोइराला र मनिष चौधरीको कार्यकालमा सामाजिक सुरक्षा भत्ता रकम वितरण गर्दा भएको अनियमितताको बिगो निज प्रतिवादी टेकवहादुर श्रेष्ठवाट भराउन न्यायोचित र विवेकसम्मत देखिदैन ।<br>ग) मृत्यु भएका तथा बसाई | • तत्कालिन विषम परिस्थितिमा प्रतिवादीहरु मध्ये मनिष चौधरी र टेकबहादुर श्रेष्ठले लाभग्राहीको सहिछाप आफै गरी सम्वन्धित व्यक्तिहरुलाई बुझाएको भनी वयान व्यहोरा लेखाएका, मृत्यु भएका / बसाइ सरेका तथा वडामा नै नभएका व्यक्तिहरुको समेत रकम निकाली खर्च लेखेको भनी स्वय सुरु अदालतले फैसलामा स्वीकारी सकेको अवस्थामा प्रतिवादीहरुले आरोपदावी वमोजिम कसूर गरेको पुष्टि भएको देखिएकोले सजाय गर्नु पर्नेमा अस्पष्ट तथा हचुवाको भरमा सो सम्वन्धमा प्रचलित नेपाल कानून बमोजिम नेपाल सरकारले प्रतिवादीहरुवाट असूल उपर गर्न सक्ने नै देखिएको भनी आधार लिई प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटी पूर्ण भई बदरभागी छ । यात अदालतले यो अभियोग लगेको विषय भ्रष्टाचारको परिभाषा भित्र पर्दैन वा अभियोगको क्षेत्राधिकार भित्र पर्दैन भन्न सक्नु पर्दछ, होइन भने अदालतमा भ्रष्टाचारको परिभाषा भित्र परेको विषयमा साधिकार निकायले आरोप-पत्र लिएर गए पछी प्रमाणको मूल्याङ्कन गरी अभियोग ठहर्ने वा नठहर्ने भन्ने निर्णय गर्नु पर्ने हुन्छ, अर्को निकायले समेत हिनामीना भएको रकम उठाउन सक्ने थियो भनी न्यायदिनवाट पन्छन अदालतले मिल्दैन ।<br>• स्वयमः अदालतले फैसलामा सह-प्रतिवादीहरु रेवती कुमार कोइराला र मनिष चौधरीको कार्यकालमा सामाजिक सुरक्षा भत्ता रकम वितरण गर्दा भएको अनियमितताको बिगो निज प्रतिवादी टेकवहादुर श्रेष्ठवाट भराउन न्यायोचित र विवेकसम्मत देखिदैन भनी आधार लिएको अवस्थामा प्रतिवादीहरु रेवती कुमार कोइराला र मनिष चौधरीले आरोपदावी बमोजिम कसूर पुष्टि भएको भनी अदालतको फैसलावाट नै स्वीकारेको अवस्थामा निज प्रतिवादीहरुलाई समेत सफाई दिने गरी भएको फैसला न्यायीक निर्णयको रोहमा त्रुटी पूर्ण हुदा बदर भागी छ ।<br>• न्याय दिएँ भनेर मात्र हुन्न नयाय दिएको जस्तो पनी देखिनु पर्दछ । न्याय दिंदा Equal Arms Principle पनी अपनाउनु पर्दछ । न्याय तर्क संगत र विवेकसँगत पनि हुनु पर्दछ । विषम परिस्थितिमा सम्वन्धीत लाभग्राहीलाई रकम चाँही वुझाउन सक्यो तर भरपाईमा सहिछाप चाँही गर्न सकेन, त्यसैले भरपाईमा ल्याप्चे आफैले लगायो भन्ने तर्कलाई सामान्य समझको मानिस(A Prudence Person) ले समेत तर्क संगत र विवेक सम्मत न्याय हो भन्न सक्ने अवस्था छैन ।आरोपपत्रको दावीको विषय स्थलगत सर्जमिनको क्रममा खोजतलास गर्दा फेला नपरेको / गा.वि.स एरियामा नभएका मृत्यू एवं वसाई सराई गरी सकेका भनी खुल्न आएका व्यक्तीहरुका नाममा प्रतिवादीहरुले आफै औठा छाप लगाई सामाजिक सुरक्षा भत्ता बुझाएको देखाई सरकारी सम्पत्ती हानी नोक्सानी हिनामिना |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | १७, दफा ३(१) र दफा ३(१)(घ) ले हुने सजायमा सोही ऐनको दफा २२ को प्रतिवन्धांत्मक वाक्यांश बमोजिम हुन मागदावी लिएको | सरेका व्यक्तीहरुको यकिन मृत्यु मिति र बसाइसराई मिति वादीले प्रमाणवाट पुष्टी गर्न नसकेको ।<br>घ) सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफुले पाउनु पर्ने रकम नपाएको भनी उजुर गरेको नदेखिएको ।<br>ङ) प्रतिवादीहरुले झुठ्ठा/नक्कली लाभग्राहीहरुको नाम राखी रकम आफैले बुझी खाइ मासेको भन्ने तथ्य स्थापित हुन नसकेको ।<br>च) प्रतिवादीहरुले मौकामा र अदालतमा समेत आरोपित कसूरमा इन्कारी वयान गरेको । | गर्यो भन्ने छ । प्रतिवादीहरु आफैले ल्याप्चे सहिछाप गरेको भन्ने वैज्ञानिक प्रमाणवाट पुष्टि छ । तर अदालतले प्रतिवादीहरुलाई सफाई दिने आधार ति रकम वुझाएको भनिएका गा.वि.स एरियामा नभएका, मृत्यू भएका तथा वसाई सरी सकेका व्यक्तिहरुले मैले रकम पाईन भनी उजुर गरेको नदेखिएको भन्ने हास्यास्पद आधार उल्लेख गरी सफाई दिएको अवस्था छ ।<br>• अनुसन्धानको क्रममा यस आयोगको ना.सु नवराज शर्मा समेत स्थलगत सर्जमिनको क्रममा खोजतलास गर्दा नाम फेला नपरेको/गा.वि.स.वडा एरियामा नभएका, मृत्यू एवं बसाईसराई गरीसकेका भनि खुल्न आएका भन्ने समेत व्यहोराको प्रतिवेदन रोहवरमा भोजपुर जिल्ला आमचोक गा.पा वडा नं.८ का वडा अध्यक्ष उदिमान श्रेष्ठ, वडा सदस्य दल वहादुर राई, ऐ.वडा नं.९ को वडा अध्यक्ष बम बहादुर श्रेष्ठ, वडा सदस्य मित्र वहादुर तामाङ्ग, वडा सचिव कृपान्द रजक र स्थानीय साक्षीहरु समेतको दस्तखत सहितको रोहवरमा तयार भएको र निज साक्षीहरुले अदालतमा आएर समेत सोही व्यहोरालाई समर्थन गरी बकपत्र गरेको देखिएकोलाई प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम प्रमाणमा ग्रहण पर्ने देखिएको ।<br>• प्रतिवादी मनिष चौधरीले अदालत समक्ष गरेको वयानको स.ज.९ मा रित पुर्याउन सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तीहरुको हामीले ल्याप्चे समेत लगाउने गरेको हो भन्ने समेत व्यहोरा खुलाएको, प्रतिवादी रेवती कुमार कोइरालाको स.ज.७ मा आर्थिक कारोबार समेतको गा.वि.स सचिवले गर्नु पर्ने कार्य गरेको थिए भनी खुलाएको स.ज ९ मा प्रतिवादी टेक वहादुर श्रेष्ठले सम्पूर्ण रकम बुझाई भरपाई ल्याउने गरेको भन्ने व्यहोरा खुलाएको देखिएको र प्रतिवादी टेक वहादुर श्रेष्ठले वयान गर्दा स.ज.८ मा प्रतिवादी रेवती कुमार कोइरालाको समयमा मलाई ल्याप्चे लगाउन लगाई रकम बुझाउन भनी बृद्ध भत्ता पठाउने गर्नु हुन्थ्यो, प्रतिवादीहरुले धेरै ठाउँमा ल्याप्चे लगाई यीनीहरु पनि भत्ता पाउने मानिस हुन भन्दै ल्याप्चे लगाउन लगाएको हो भनी खुलाएको देखिएको र सो सह-अभियुक्तको पोल वयान व्यहोरालाई प्रमाण ऐन, २०३१ को दफा ९क. वमोजिम प्रमाणमा लिनु पर्ने देखिएको ।<br>• विशेष अदालतले प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला भई प्रतिवादीहरुले झुट्ठा र नक्कली लाभग्राहीको नाम राखी रकम आफैले वुझी खाई मासेको भन्ने तथ्य स्थापित हुन नसकेको भन्ने आधार लिएको पाईन्छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कानूनी व्यवस्थामा " नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही वा वदनियत गरी हिनामिना हानी नोक्सानी वा दुरुपयोग गरे गराएमा मासेमा वा निजी प्रयोगमा लगाएमा कसुर हुने व्यवस्था स्पष्ट गरेको छ । यसरी कानूनी व्यवस्था एकातर्फ निर्णयाधार अर्को तर्फ भएको विशेष अदालतको फैसला त्रुटीपूर्ण एवं वदर योग्य रहेको छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • " (स.अ.बु, वर्ष १८, अंक १५, मंसीर २०६६, पूर्णांक ४१७, पृष्ठ १९ ) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिर फैसलाको प्रतिकुल हुने गरी प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला भएको । |

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट यस आ.व.मा विशेष अदालतबाट भएका फैसलामा चित्त नबुझी मिति २०७९/०३/०८ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरुको विवरण :-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| २. | रामशंकर ठाकुर, विन्दुदेवी ठाकुर र जितेश ठाकुर (वि.अ. को मु.नं. (०७३-CR-००३२), वि.अ. को फैसला मिति २०७८।१२।१३) | गैरकानूनी रुपमा सम्पत्ती आर्जन गरेको। | डा. रामशंकर ठाकुरले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेकोले निज डा. रामशंकर ठाकुरलाई विगो रु. १,१८,२७,०१३।- (एक करोड अठार लाख सत्ताईस हजार तेह्र) कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को, दफा १५ ,दफा १६ग. तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन , २०५९ को दफा २० को उपदफा (२) बमोजिम विगो बमोजिम जरीवाना र कैद सजाय हुन, निजले भ्रष्टाचार गरी गैर कानूनी आर्जन गरेको सम्पत्ती विगो रु. १,१८,२७,०१३।- (एक करोड अठार लाख सत्ताईस हजार तेह्र) मध्ये रु. ३०,५०,५८३।- (तीसलाख | **<u>फैसलाः</u>**<br>सबै प्रतिवादीलाई सफाई<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>१. तलव भत्ता बाहेकको अन्य आयमा आरोपपत्रमा समावेश नभएको भनी अदालतबाट रु. १,८२,४०२।- थप गरिदिएको ।<br>२.कृषी आय तर्फ आरोपपत्रमा उल्लेख भएको रकममा रु. ४,४५,७३५।- अदालतबाट थप गरी दिएको ।<br>३.घर बहाल वापतको आय रु. २१,३९,३९९।- होला भनी अदालतले अनुमान गरी प्रतिवादीको आय रकम बढाइदिने प्रयोजनार्थ आय कायम गरिदिएको ।<br>४.प्रतिवादीले निजी प्राक्टिस गरे होलान भनी अदालतबाट अनुमान गरी रु. ९२,२२,५००।- आय कायम गरिदिएको।<br>५.उपर्युक्त बमोजिमको फैसला गर्दा, सम्मानित अदालतबाट प्रतिवादीले अदालतमा गरेको बयान, प्रतिवादीका कानुन | १.अदालत आफैले अनुमान गरी प्रतिवादीको आय थप गरिदिन मिल्दैन, कानुन बमोजिमका कागजको यथोचित मुल्यांकन गरिनुपर्दछ ।<br>२. प्रतिवादीले घर बहाल बापत कर नै नतिरेको रकम प्रतिवादीले घर बहाल वापत आय गरेहोला भनी अनुमान गर्न मिल्ने होइन ।<br>३. प्रतिवादीले अनुसन्धानको क्रममा उल्लेख नगरेका आय विवरण अदालतमा उल्लेख गरेको तर ति विवरणको कानुनी आधार र तथ्ययुक्त नरही अनुमानमा आधारित रहेको हुनाले त्यसरी पेश गरिएको आयलाई आयमा गणना गर्न मिल्ने होइन ।<br>४. प्रतिवादीले कानुन बमोजिम आय गरी कर तिर्नुपर्नेमा कर नै नतिरेको अवस्थामा पनि अदालतले आय गरेहोला भनी विभिन्न शिर्षकमा आय अनुमान गर्ने मिल्ने होइन ।<br>५. सर्वोच्च अदालतबाट प्रतिपादन भएका नजिरहरु (निर्णय नं. ८७२२, ८७७० र ८५१९) को विपरित हुने गरी प्रतिवादीलाई सफाई दिनकै लागि विना कागज र प्रमाण अनुमानको भरमा प्रतिवादीको आम्दानी बढाउने गरी फैसला भएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पचास हजार पाँचसय त्रियासी) बराबरको स्रोत पुष्टि नभएको चल अचल सम्पत्तिहरु साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग. , दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख. बमोजिम स्रोत खुल्ने अन्य सम्पत्तीबाट जफत गर्न, त्यस्तै निजको श्रीमती विन्दुदेवी ठाकुरको नाममा स्रोत नखुलेको रकम रु. ७१,८९,११८।- (एकहत्तर लाख उनान्नब्बे हजार एकसय अठार) तथा निज रामशंकर ठाकुरको छोरा जितेश ठाकुरको जम्मा रु. ८७,७६,४३०।- (सतासी लाख छयहत्तर हजार चारसय तीस) समेत बराबरको स्रोत पुष्टि नभएको चल अचल सम्पत्तिहरु साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग. र दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. बमोजिम जफत हुन समेतको मागदावी लिइएको । | व्यवसायीले गरेको बहस जिकिर र पेश गरेको बहसनोटलाई मात्रै आधार लिएको । | |

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट यस आ.व.मा विशेष अदालतबाट भएका फैसलामा चित्त नबुझी मिति २०७९/०४/१० गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरुको विवरण :-

| सि.न. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालत समक्ष पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| ३. | सुर्यनाथ मण्डल र सन्त कुमार मण्डल (वि.अ. को मु.नं. ०७७-CR-००१२, वि.अ. को फैसला मिति २०७९।०१।१४) पु.वे.गर्ने निर्णय नं. २९ निर्णय मितिः २०७९/४/५ गते | घुस/रिसवत लिई भ्रष्टाचार गरेको | • प्रतिवादी सुर्यनाथ मण्डललाई भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा विगो रु. ५ लाख कायम गरी ऐ. ऐनको दफा ३(१) र ३(१) को देहाय खण्ड (घ) वमोजिम सजाय हुन ।<br>• प्रतिवादी सन्त कुमार मण्डललाई भ्र.नि. ऐन, २०५९ को दफा ३(२) को कसुरमा विगो रु. ५ लाख विगो कायम गरी ऐ.ऐनको दफा ३(१) र ३(१) को देहाय खण्ड (घ) वमोजिम सजाय हुन। | <u>फैसलाः</u> दुवै प्रतिवादीहरुलाई सफाई<br>**<u>विशेष अदालतले फैसला गर्दा लिइएका आधारहरुः</u>**<br>• सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा भएको व्याख्या समेतका आधारमा बरामदी रकम र सो सँग सम्बन्धित मुचुल्का र सि.डी. लगायतका अन्य प्रमाणलाई प्रमाण योग्य मान्न नमिल्ने।<br>• स्क्रिप्ट राइटिङ्गको व्यहोरामा प्रतिवादीले काम गरिदिए वापत कुनै रकम माग गरेको स्पष्ट रुपमा देखिदैन।<br>• वादी पक्षले वस्तुनिष्ठ स्वतन्त्र प्रमाणहरुबाट प्रतिवादी उपरको दावीको कसुर पुष्टी गर्न नसकेको। | • सर्वोच्च अदालतबाट ०७४-WC-००२० रिटमा मिति २०७८/१/८ मा भएको व्याख्याको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ नियम ३० अमान्य र बदर भएतापनि वरामदी मुचुल्का बाहेकका प्रतिवादीहरुले मौकामा कसूर स्वीकार गरी गरेको वयान, रकम माग गरेको स्क्रिप्ट राइटिङ्गको व्यहोरा समेतका अन्य प्रमाणहरुको मुल्याङ्कन गरी कसुर ठहर गर्नु पर्ने।<br>• प्रतिवादीहरु र उजुरी कर्ताहरु विचको मोवाइल सम्वादको लिपी लेखनबाट रु ५ लाख माग गरेको प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १३क वमोजिम प्रमाणमा लिनु पर्ने।<br>• उजुरी कर्ताको निवेदन, घुस रकम मोलमोलाई गरेको वार्ता समेतलाई पुष्टी गरी निवदकले अदालत समक्ष गरिदिएको बकपत्रलाई प्रमाण ऐन, २०३१ को दफा १८ वमोजिम ***कसुर पुष्टी गरेको।*** |
| ४. | प्र. बाबुलाल तामाङ्ग, अशोक दास, गगनदेव महरा, सुरेन्द्र मण्डल र रविन्द्र प्रजा (वि.अ. को मु.नं. ०७६-CR-०३३८, वि.अ. को फैसला मिति | घुस/रिसवत लिई भ्रष्टाचार गरेको | • प्रतिवादी बाबुलाल तामाङ्गः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा रु. २ लाख विगो कायम गरी ऐ.ऐनको दफा ३(१) र ३(१) को देहाय खण्ड (घ) वमोजिम सजाय हुन।<br>• प्रतिवादी रविन्द्र प्रजाः भ्र.नि. ऐन, २०५९ को दफा ३(२) | प्रतिवादी गगनदेव महरालाई चार महिना कैद र विगो रु. ८०,०००/- जरिवाना ।<br>प्रतिवादी रविन्द्र प्रजा र सुरेन्द्र मण्डल लाई मतियारको रुपमा २ महिना कैद र रु. ४०,०००/- जरिवाना हुने।<br>• प्रतिवादी बाबुलाल लामा र अशोक दासलाई सफाई तथा प्रतिवादीहरु | <u>प्रतिवादी बाबुलाल तामाङः</u><br>• अनुसन्धानको क्रममा वयान गर्दा प्र. अशोक दास, गगनदेव महरा, सुरेन्द्र मण्डल समेत गगन देवको छोरालाई थुनाबाट छुटाउन प्रतिवादी बाबुलाल तामाङले रिसवत लिएको भन्ने व्यहोरा खुलाई दिएका।<br>• प्रतिवादी बाबुलाल तामाङले अनुसन्धानमा गरेको वयानको विपरित अर्थ लगाई कसुरबाट उन्मुक्ति दिइएको।<br>• भ्रष्टाचारजन्य कसुर राष्ट्र सेवकको संलग्नता विना हुन नसक्ने अवस्थामा राष्ट्र सेवकको रुपमा रहेका प्रतिवादी |

| | | | | | |
|---|---|---|---|---|---|
| | २०७९।०१।१४)<br>पु.वे. गर्ने निर्णय नं. २८ निर्णय मितिः २०७८/४/५ गते | | को कसुरमा रु. २ लाख विगो कायम गरी ऐ.ऐनको दफा ३(१) र ३(१) को देहाय खण्ड (घ) वमोजिम सजाय हुन।<br>• प्रतिवादीहरु अशोक दास, गगनदेव महरा र सुरेन्द्र मण्डललाई भ्र.नि. ऐन, २०५९ को दफा ३(३) वमोजिमको कसुरमा रु. २ लाख विगो कायम गरी ऐ.ऐनको दफा ३(१) र ३(१) को देहाय खण्ड (घ) वमोजिम सजाय हुन तथा विगो रु. २ लाख मध्ये बरामद रु ८०,०००/- ऐ.ऐनको दफा ३(१) वमोजिम जफत गरी नपुग विगो रु १,२०,०००/- ऐ.ऐनको दफा ३(१) वमोजिम प्रतिवादीहरुबाट असुल उपर हुन। | उपरको अन्य आरोप दावी पुग्न नसक्ने भनी फैसला भएको।<br>**विशेष अदालतले फैसला गर्दा लिइएका आधारहरुः**<br>प्रतिवादी बाबुलाल तामाङः<br>• प्रतिवेदकले प्रतिवादीले रकम लिएका होइनन् भनी बकपत्र गरिदिएको हुँदा प्रतिवादी उपरको आरोप दावी खण्डीत भएको।<br>• निज प्रतिवादीको अन्य प्रतिवादीहरुसँग मिलोमतो गरी घुस लिन मञ्जुर गरेको भन्ने बस्तुनिष्ठ प्रमाणबाट पुष्टी हुन नसकेको।<br>प्रतिवादी अशोक दासः<br>• प्रतिवादी अशोक दासले थुनामा रहेको व्यक्ति छुटाउन घुस/ रिसवत दिएको नभई वारदात स्थलमा उपस्थित भएको व्यक्तिलाई दोषी करार गर्नु फौजदारी न्यायको मान्य सिद्धान्त विपरित हुने।<br>प्रतिवादी रविन्द्र प्रजाः<br>• प्रतिवादी सुरेन्द्र मण्डलले मौकामा वयान गर्दा प्रहरीलाई दिनु भनी बरामद रुपैया मलाई रविन्द्र प्रजाले दिएका हुन भनी पोल गरी रु. ८०,०००/- बरामद भएको बरामदी मुचुल्काबाट देखिएको ।<br>• प्रतिवादी रविन्द्र प्रजाले अनुसन्धानका क्रममा वयान गर्दा | बाबुलाल तामाङलाई सफाई दिई अन्य प्रतिवादीहरु मध्ये केहीलाई कसुर ठहर गरी कानूनी व्यवस्था प्रतिकुल यी प्रतिवादीलाई सफाई दिइएको।<br>प्रतिवादी अशोक दासः<br>• प्रतिवादी अशोक दासले अनुसन्धानको क्रममा स.ज. ८ मा गरेको वयान र अन्य प्रतिवादीहरु गगनदेव, सुरेन्द्र मण्डलको वयान व्यहोरा समेतबाट प्रतिवादी अशोक दासको कसुर प्रमाणित भएको।<br>प्रतिवादी रविन्द्र प्रजाः<br>• प्रतिवादी अशोक दासको वयान, प्रतिवादी बाबुलाल तामाङको वयानबाट यी प्रतिवादी रविन्द्र प्रजा मुख्य कसुरदार भएको अवस्थामा पनि मतियारको रुपमा कसुर ठहऱ्याई भएको फैसला त्रुटी पूर्ण भएको।<br>प्रतिवादी गगनदेव महराः<br>• प्रतिवादीले आफ्नो छोरालाई थुनाबाट मुक्त गर्न भनी प्रतिवादी बाबुलाल तामाङले भने अनुसार अन्य प्रतिवादीहरुको मिलोमतो र सल्लाहमा घुस रकम दिएका र मुख्य कसुरदारको रुपमा रहेका यी प्रतिवादीलाई मागदावी वमोजिम सजाय नगरी घटी सजाय गर्ने गरी भएको फैसला त्रुटीपूर्ण रहेको।<br>प्रतिवादी सुरेन्द्र मण्डलः<br>• यी प्रतिवादीको अनुसन्धानको वयान तथा अन्य प्रतिवादीको वयान समेतबाट थुनाबाट छुटाउन रु ३ लाख माग गरी प्रतिवादी बाबुलाल तामाङलाई रु २ लाख दिने भनी सुरुदेखिको उक्त कसुरमा प्रतिवादी सुरेन्द्र मण्डल समेतको संलग्नता रहेबाट मुख्य कसुरदारकै भूमिकामा रहेका यी प्रतिवादी सुरेन्द्र मण्डललाई घटी सजाय गर्ने गरी भएको फैसला त्रुटीपूर्ण देखिएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | रु २ लाख अशोक दासलाई दिएको भनी कसुरमा सावित भई वयान गरेको।<br>• प्रतिवादी रविन्द्र प्रजाले भ्र.नि. ऐन, २०५९ को दफा ८(२) को मतियारको कसुर गरेको।<br><u>प्रतिवादी गगनदेव महराः</u><br>अनुसन्धानको क्रममा वयान गर्दा प्र. सुरेन्द्र मण्डललाई रकम दिन साथै लिइ आएका र रकम दिने क्रममा दुवै प्रतिवादी पक्राउ परेका।<br><u>प्रतिवादी सुरेन्द्र मण्डलः</u><br>प्रतिवादी गगनदेव महराको साथ लागि वारदात स्थलमा रिसवत सुरेन्द्र मण्डल मार्फत दिन लगाई निजले मतियारको रुपमा काम गरेको। | |
| ५. | चन्दन कुमार अमात्य (वि.अ. को मु.नं. ०७६-CR-००४२, वि.अ. को फैसला मिति २०७९/१/७) पु.वे. गर्ने निर्णय नं. २६ निर्णय मितिः २०७९/४/५ गते | घुस/रिसवत लिई भ्रष्टाचार गरेको | • प्रतिवादी चन्दन कुमार अमात्यलाई भ्र.नि. ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसूरमा विगो रु. ५० हजार कायम गरी ऐ.ऐनको दफा ३(१) र ३(१) को देहाय खण्ड (ख) बमोजिम सजाय हुन। | <u>फैसलाः</u><br>• प्रतिवादीलाई कसूरबाट सफाई दिइएको ।<br><u>**विशेष अदालतले फैसला गर्दा लिइएका आधारहरुः**</u><br>• सर्वोच्च अदालतको ०७६-WC-००२० रिटमा मिति २०७८/१/०८ मा भएको व्याख्याका आधारमा वरामदी रकम, मुचुल्का र सो सँग सम्बन्धित अन्य प्रमाणलाई प्रमाणयोग्य मान्न मिल्ने देखिएन।<br>• उजुरवालाको काम गरिदिए वापत उजुरवालाहरुसँग घुस माग गरेको | • सर्वोच्च अदालतबाट ०७४-WC-००२० मुद्दामा सरकारी कोषको रकम वरामद गरिएको प्रमाण सम्म ग्रहण योग्य नहुने हो। मुद्दा नै खारेज हुने वा भए गरेका काम कारवाही वदर हुने होइन। मुद्दामा संकलित अन्य प्रमाणको आधारमा आरोपदावी ठहर हुने नहुने कुराको न्यायिक निरुपण गर्नु नै पर्ने हुन्छ भन्ने सिद्धान्तको प्रतिकुल फैसला भएको।<br>• प्रतिवादीले निवेदकको काममा पटक पटक गरी ढिलासुस्ती गरी घुस रकम माग गरेको अडियो रेकर्डको लिपी लेखन, प्रतिवादीले मनसाय पूर्वक घुस/रिसवत माग गरेको तथ्यलाई उजुरीकर्ता, वादीको साक्षीले गरिदिएको बकपत्र समेतका आधारमा आरोप दावी बमोजिमको कसूर पुष्टी गरिदिएका। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | तथ्यमा प्रतिवादी अनुसन्धान तथा अदालतमा इन्कारी रहेको। | |
| ६. | डोर बहादुर कार्की (वि.अ. को मु.नं. ०७६-CR-००५७, वि.अ. को फैसला मिति २०७८/१२/२३) पु.वे. गर्ने निर्णय नं. २७ २०७९/४/५ गते | घुस/रिसवत लिई भ्रष्टाचार गरेको। | • प्रतिवादी डोर बहादुर कार्कीलाई भ्र.नि. ऐन, २०५९ को दफा ५५ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम ऐ.ऐनको दफा ३(३) को कसूरमा विगो रु. ६५,०००/- कायम गरी ऐ.ऐनको दफा ३(३) मा उल्लेख भए बमोजिम दफा ३(१) र ३(१)को देहाय (ग) बमोजिम सजाय हुन । | **<u>फैसलाः</u>**<br>प्रतिवादीलाई सफाई।<br>**<u>विशेष अदालतले फैसला गर्दा लिइएका आधारहरुः</u>**<br>• अपराधिक कार्य, अपराधिक मनसाय समेत पुष्टी हुन नसकेकोले प्रतिवादी उपरको आरोदावी स्थापित हुन नसकी प्रतिवादीले आरोपित कसूरबाट सफाई पाउने।<br>• अ.दु.अ.आ. नियमावली, २०५९ को नियम ३० बमोजिम घुसको रकम राज्य कोषबाट उपलब्ध गराएको हुँदा सो प्रक्रिया बमोजिम सिर्जना गरिएका सबै प्रमाण प्रमाणबाट ***अपबर्जन*** हुने देखियो। | • साक्षी गवाहका रुपमा उपस्थित गराइएका निज उजुरीकर्ताले मौकाको उजुरी निवेदन, मौकाको कागजको प्रतिकूल वकपत्र गरिदिएको देखिदा भ्र.नि. ऐन, २०५९ को दफा ५५ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम कसूर गरेको पुष्टी भएको ।<br>• सर्वोच्च अदालतको संवैधानिक इजलासबाट रिट नं. ०७४-WC-००२० मुद्दामा भएको व्याख्या तथा प्रतिपादीत सिद्धान्तको प्रतिकूल मिसिल संलग्न समग्र प्रमाणको मूल्याङ्कन नगरी एकांकी रुपमा त्रुटीपूर्ण फैसला गरिएको। |
| ७. | लेखनाथ उपाध्याय र केदार गिरी (वि.अ. को मु.नं. ०७६-CR-००५७) (वि.अ. को फैसला मिति २०७८/१२/२३) **पु.वे. गर्ने निर्णय नं. २०७९/४/५ गते** | घुस/रिसवत लिई भ्रष्टाचार गरेको । | • प्रतिवादी लेखनाथ उपाध्याय र केदार गिरीलाई भ्र.नि. ऐन, २०५९ को दफा ३ (१) को कसूरमा विगो रु. ६५,०००/- कायम गरी ऐको दफा ३(१) को देहाय (ग) बमोजिम सजाय हुन । | **<u>फैसलाः</u>**<br>प्रतिवादीलाई सफाई।<br>**<u>विशेष अदालतले फैसला गर्दा लिइएका आधारहरुः</u>**<br>• टेलिफोन सम्वादमा प्रतिवादीले उजुरी कर्ताबाट रिसवत माग गरेको पुष्टी हुदैन वल्की उजुरीकर्ता नै रकम दिने प्रस्ताव गरेको पाइन्छ ।<br>• उजुरीकर्ता स्वयंले अदालत समक्ष | • प्रतिवादी र उजुरी कर्ता बिच टेलीफोन सम्वादको क्रममा प्रतिवादीले "............ पछि हुन्न सर, त्यो ७० जत्ती गर्नु होला ............." भनी स्पष्ट रुपमा भनेको उक्त सम्वादको लिपी लेखनबाट खुली आएको तथ्य समेतका आधारमा उजुरीकर्तालाई प्रतिवादीहरुले घुस/रिसवत दिन बाध्य पारेको पुष्टी भई आएको ।<br>• अनुसन्धानको क्रममा संकलित प्रमाणहरुबाट प्रतिवादीलाई उजुरकर्ता निवेदकले घुस/रिसवत वापत रकम दिएको पुष्टी भइरहेकोमा अदालत समक्ष बकपत्र गर्दा उजुरीकर्ता प्रतिवादीहरुको दबाब प्रभावमा परी आंशिक रुपमा प्रतिकुल |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | बकपत्र गर्दा प्रतिवादी लेखनाथ उपाध्यायले रिसवत माग गरेको होइन भनी व्यहोरा खुलाएबाट आरोपदावी पुष्टी हुन नसक्ने ।<br>• प्रतिवादीले रिसवत लिएको पुष्टी हुन नसकेकोले रिसवतको बिगो कायम हुन नसकेकोले भ्र.नि. ऐन, २०५९ को दफा ३ अन्तर्गतको भ्रष्टाचार कसूर स्थापीत हुन सक्ने देखिएन । | बकपत्र गरी दिए पनि मौकाका साक्षीहरुबाट प्रतिवादीहरु उपरको कसूरलाई पुष्टी गरिदिएको पाइन्छ ।<br>• प्रतिवादीहरु उपरको लिखित उजुरी, निवेदक र प्रतिवादी लेखनाथ उपाध्यायसँगको घुस रकम माग गरेको र दिन वाध्य पारेको अडीयो संवादको लिपी लेखन, वरामदी मुचुल्का, सर्वोच्च अदालतको ०७४-WC-००२० को रिटमा भएको व्याख्या, वादीका साक्षीहरुले गरिदिएको बकपत्र समेतका प्रमाणहरुबाट प्रतिवादीहरु उपरको कसूर पुष्टी भइरहेको प्रमाणहरुको यथोचित मूल्याङ्कन नगरी फैसला भएको । |
| ८. | रमेश कुमार खड्का (वि.अ. को मु.नं. ०७६-CR-०१५४, वि.अ. को फैसला मिति २०७८।१२।०९) पु.वे. गर्ने निर्णय नं. २३ २०७९/४/५ गते | घुस/रिसवत लिन उद्योग गरी भ्रष्टाचार गरेको । | • प्र. रमेश कुमार खड्काले भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.१५,०००।- कायम गरी प्रतिवादी रमेश कुमारलाई भ्र.नि. ऐन, २०५९ को दफा २१ ले निर्देशन गरे बमोजिम प्रतिवादीलाई भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिमको सजायको आधा सजाय हुन। | **<u>फैसला:</u>**<br>• प्रतिवादीलाई सफाई ।<br>**<u>विशेष अदालतले फैसला गर्दा लिइएका आधारहरु:</u>**<br>• प्रतिवादी रमेश कुमार खड्काले आरोपित दावी कसूरमा इन्कार रही बयान गरेको,<br>• प्रतिवादीले घुस/रिसवत नदिए काम हुँदैन भनी घुस/रिसवत दिन बाध्य पारेको भन्ने प्रष्ट देखिने बुझिने गरी संवाद भएको देखिँदैन,<br>• घुस/रिसवतको मुद्दामा प्रतिवादी को घुस खाने मनसाय, घुसको लागि बार्गेनिङ्ग गरेको देखिदैन,<br>• प्रतिवादी विरुद्धको आरोपदावी शंकारहित तबरबाट पुष्टि हुन सकेको देखिएन। | • प्र.ले आरोपित कसूरमा इन्कार रही बयान गरेतापनि उजुरी निवेदकका कानून व्यवसायी समेतले मौकामा गरेको कागज व्यहोरालाई समर्थित हुने गरी गरेको बकपत्र समेतबाट प्रतिवादीले उजुरी निवेदकहरुसँग रु.१५,०००।- घुस/रिसवत माग गरेको पुष्टि भएको,<br>• उजूरवालाहरुले आफ्नो उजुरी व्यहोरा समर्थन हुने गरी मौकामा र अदालतसमक्ष समेत उपस्थित भई वकपत्र गरिदिएको,<br>• प्र.ले उजुरी निवेदकहरुसँग रकम बार्गेनिङ गरेको अडियो डी.भी.डी. र सोको स्क्रिप्ट राईटिङ्गबाट देखिएको र सो कुरालाई प्रतिवादीले समेत अन्यथा पुष्टि गर्न नसकेकोमा प्रतिवादीलाई आरोपदावीबाट सफाई दिने गरी भएको फैसला (ने.का.प. २०७४ अंक ९ नि.नं. ९८८०) सर्वोच्च अदालतबाट प्रतिपादित नजिर विपरीत भएको। |
| ९. | राजेन्द्र कुमार के.सी अर्जुन प्रसाद पराजुली (वि.अ. को मु.नं. | घुस/रिसवत लिई भ्रष्टाचार गरेको । | • प्रतिवादीहरु अर्जुन प्रसाद पराजुली र राजेन्द्र कुमार के.सी.ले भ्र.नि. ऐन, २०५९ | **<u>फैसला:</u>**<br>• दुवैप्रतिवादीहरुलाई सफाई ।<br>**<u>विशेष अदालतले फैसला गर्दा</u>** | • प्र.अर्जुन प्रसाद पराजुलीले आरोपित कसूरमा इन्कार रही बयान गरेतापनि निज प्रतिवादीको पोलिग्राफ परीक्षण प्रतिवेदनमा DECEPTION INDICATED उल्लेख |

| | | | | | |
|---|---|---|---|---|---|
| | ०७६-CR-००८१, वि.अ. को फैसला मिति २०७९।०२।०५ पु.वे. गर्ने निर्यण नं. २४ २०७९/४/५ गते | | को दफा ३ को उपदफा (१) को कसुर गरेकोमा जनही विगो रु.१५,०००।- कायम गरी प्र.हरुलाई भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजायँ हुन। | **<u>लिइएका आधारहरु:</u>**<br>• प्रतिवादीहरुले आरोपित कसूरमा इन्कार रही बयान गरेको,<br>• उजुरीकर्ताको भनाई एकआपसमा बाझिई घुस रकम नै कसले मागेको भन्ने कुरा यकिन नभएको,<br>• उजुरी परिसकेपछि फोन संवाद गरी सि.डि. पेश गरेको देखिएको,<br>• मिसिल संलग्न प्रमाणहरुबाट प्रतिवादीहरुउपरको आरोपदावी पुग्न सक्ने देखिएन। | भएबाट निजले झुट्टो बोली छलछाम गरेको देखिएको र प्र. राजेन्द्र कुमार के.सी.ले अडियो भिडियोसमेतको आवाज मेरो समेत हो, घुस/रिसवत सम्बन्धमा कुराकानी भएको हो अर्जुन प्रसाद पराजुली सरले मलाई रकम लिएर मात्र पत्र दिनु भनेको हुँदा निवेदकसँग रु.१५,०००।— लिएको हो भनी बयान गरे समेतबाट आरोपदावी पुष्टि भएको ।<br>• प्रतिवादीहरुले उजुरकर्तालाई पटकपटक टेलिफोन वार्ता गरी रकम वार्गेनिङ्ग गरी जति छ त्यति नै ल्याएर घर्रामा राखिदिनुहोस् हल्ला नगर्नु होस् भनी गरेको टेलिफोन संवादको अडियो रेकर्ड समेतबाट देखिएको,<br>• उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरि बकपत्र गरेको ।<br>• श्रव्य-दृष्य सि.डी. स्क्रिप्ट राईटिङ्गलाई प्रतिवादीहरुले समेत अन्यथा पुष्टि गर्न नसकेकोमा प्रतिवादीहरुलाई आरोपदावीबाट सफाई दिने गरी भएको फैसला ने.का.प. २०७४ अंक ९ नि.नं. ९८८० मा सर्वोच्च अदालतबाट प्रतिपादित नजिर विपरीत भएको । |
| १०. | अजित कुमार श्रीवास्तव<br>ग्रिष्मा ठगुन्ना<br>(वि.अ. को मु.नं. ०७५-CR-०३६८, वि.अ. को फैसला मिति २०७९।०१।१५)<br>पु.वे. गर्ने निर्णय नं. २२ २०७९/४/५ | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • प्र.अजित कुमार श्रीवास्तवले भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेकोमा बिगो रु.२,००,०००।-कायम गरी भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय हुन र<br>• प्र. ग्रिष्मा ठगुन्नाले भ्र.नि. | **<u>फैसलाः</u>**<br>• दुवै प्रतिवादीलाई सफाई<br>**<u>विशेष अदालतले फैसला गर्दा लिइएका आधारहरुः</u>**<br>• दुवैजना प्र.हरुले अनुसन्धानको क्रममा तथा अदालतमा बयान गर्दा समेत आरोपित कसूरमा पूर्णतः इन्कारी गरी बयान गरेको,<br>• बरामद भएको रकम प्र.हरुले घुस/रिसवतबापत नै लिएको हो | • प्र.हरु र निवेदकवीच भएको कुराकानीको अडियो रेकर्डमा रकम वार्गेनिङ्ग गरेको तथा माग गरेको देखिएको,<br>• रंगेहात नमूना परीक्षण मुचुल्का, खानतलासी बरामदी मुचुल्का एवं रकम बरामद भएको भनी गरेको सनाखत कागज समेतबाट प्र.हरुले वारदात घटाएको पुष्टि भएको,<br>• उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• प्रतिवादीमध्येका ग्रिष्मा ठगुन्नाले अनुसन्धान अधिकारी समक्ष गरेको बयानको कार्यलय प्रमुख अजित कुमार |

| | | | | | |
|---|---|---|---|---|---|
| | गते | | ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेकोमा बिगो रु. २,००,००० कायम गरी भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय हुन। | भनी देखिने भरपर्दो प्रमाण नरहेको,<br>• उजुरकर्ता र आरोपीहरु अजित कुमार श्रीवास्तव, गिष्मा ठगुन्नाका कलडिटेलको विवरण CDR पेश गरे पनि भएका वार्तालापमा आरोपीहरुले घुस माग्न घुस लिनको लागि दवाव दिने, घुस/रिसवत नभए काम नगरिदिने वा काम विगारी दिने जस्ता कुराहरु भएको थियो भनी वादी पक्षबाट स्वतन्त्र रुपले प्रमाणित गर्न सकेको देखिँदैन,<br>• प्रतिवादीहरुउपर लिईएको दावी र लगाएको आरोप प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम प्रमाणित गर्नुपर्ने दायित्व आरोपकर्तामा रहेकोमा ठोस र वस्तुनिष्ठ सवुद प्रमाणबाट पुष्टि गराउन नसकेको। | श्रीवास्तवले भने पछि मैले १५% घुस/रिसवतको बारेमा उजुरी निवेदकसँग कुरा गरेको हुँ। निवेदकले रु.२,००,०००।-ल्याई कार्यालय प्रमुखको टेवुलमा रकम राख्दा म पनि त्यहि थिए भनी मौकामा र अदालतसमक्ष वयान गरिदिएको ।<br>• रकम लेनदेन सम्बन्धी अडियो सि.डी. समेतका प्रमाणहरुलाई प्र.हरुले अन्यथा पुष्टि गर्न नसकेकोमा प्र.हरुलाई आरोपदावीबाट सफाई दिने गरी भएको फैसला ने.का.प. २०७४ अंक ९ नि.नं. ९८८० मा सर्वोच्च अदालतबाट प्रतिपादित नजिर विपरीत रहेको। |

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट यस आ.व.मा विशेष अदालतबाट भएका फैसलामा चित्त नबुझी मिति ०७९/०५/०१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरण :-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| ११. | विष्णु कुमार राई (वि.अ. को मु.नं. ०७६-CR-०३२६, वि.अ. को फैसला मिति | घुस/रिसवत लिई भ्रष्टाचार गरेको। | • प्र. विष्णु कुमार राईले भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेकोमा निजलाई बिगो रु.५,०००।- कायम गरी भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा(१) र दफा ३ को | <u>**फैसला:**</u><br>प्रतिवादीलाई सफाई।<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारहरु**</u><br>• प्र.ले अदालतमा बयान गर्दा कसूरमा इन्कारी रही बयान गरेको, | • प्र.ले मौकामा बयान गर्दा हायुखोला खानेपानी मुहान संरक्षण योजना पास गराई दिनका लागि उजुरी निवेदकसँग रु.५,०००।-(पाचँ हजार) घुस/रिसवत रकम लिएको र मेरो साथबाट उक्त रकम बरामद भएको हो भनि कसूरमा सावित रहेको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए |

| | | | | | |
|---|---|---|---|---|---|
| | २०७९।०२।१ १) पु.वे.गर्ने निर्णय नं.१०० मिति २०७९।०४।२ ३ | | उपदफा(१) को खण्ड (क) बमोजिम सजाय हुन। | • सर्वोच्च अदालतबाट ०७४-WC-००२०, मुद्दामा अ.दु.अ.आ. नियमावलीको नियम ३० नेपालको संविधानको धारा २०(९) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को मर्म र भावना अनुकुल नदेखिएको हुँदा अमान्य र बदर हुन्छ भनी फैसला भएको,<br>• स्क्रिप्ट राईटिङ्गबाट पनि प्रतिवादीले रिसवत माग गरेको नदेखिएको,<br>• प्रतिवादी बिरुद्धको आरोपदावी वादी पक्षले शंकारहित तवरबाट पुष्टि गर्न सकेको नदेखिँदा। | गरेका सबै काम कारवाही बदर हुने होइनन। मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• प्र. र निवेदक वीच भएको कुराकानीको अडियो रेकर्डमा रकम वार्गेनिङ्ग गरेको तथा माग गरेको देखिएको,<br>• उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| १२. | महेन्द्र महर्जन (वि.अ.को मु.नं. ०७६-CR-०१६८, वि.अ.को फैसला मिति २०७९।०१।१४) पु.वे.गर्ने निर्णय नं.१०१ मिति २०७९।०४।२ ३ | घुस/रिसवत लिई भ्रष्टाचार गरेको। | • प्र. महेन्द्र महर्जनले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा निजलाई बिगो रु.१०,०००।- (दस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय हुन। | <u>**फैसलाः**</u><br>प्रतिवादीलाई सफाई।<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारहरुः**</u><br>• प्र.ले कसूरमा इन्कार रही अदालत समक्ष बयान गरेको,<br>• वरामदी घुस रिसवतवापतको रकम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराइएको रकम भएबाट ***विष्णुप्रसद घिमिरे विरुद्ध*** संघीय संसदसमेत भएको मुद्दामा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त अनुसार बरामदी मुचुल्का र सोसंग सम्बन्धित सिडी लगायतका अन्य प्रमाणलाई प्रमाणयोग्य मान्न मिल्ने देखिएन,<br>• प्रतिवादीले उजुरवालासँग घुस मागेको पुष्टि हुने प्रमाण वादी पक्षले पेश गर्न | • प्र.ले आरोपित कसूरमा इन्कार रही बयान गरेतापनि उक्त रकम आफ्नो साथबाट बरामद भएको र उजुरी निवेदकसँग भएको कुराकानीको अडियो रेर्कडको आवाज मेरै हो भन्ने कुरामा अनुसन्धान तथा अदालत समक्ष साविती बयान गरिदिएबाट निज प्र.ले निवेदकसँग रु.१०,०००। घुस/रिसवत माग गरी लिएको पुष्टी भएको,<br>• उजूरकर्ता र प्रतिवादीबीचको फोन संवाद रेकर्डबाट पनि घुस/रिसवतको रकम लिने दिने सम्बन्धमा कुराकानी भएको देखिएको,<br>• प्रतिवादीउपरको अभियोगदावीलाई समर्थित हुने गरी घुस/रिसवत रकम लेनदेन गर्नु अघि टेलिफोन संवादको अडियो रेकर्ड, खानतलासी एवं बरामदी मुचुल्का, बरामद नोटहरुको फोटोकपी कागजमा प्रतिवादीले गरेको सनाखत कागज व्यहोरा, रङ्गेहात परीक्षण तथा नमुना संकलन मुचुल्कामा प्रतिवादीले हात धोए पछि पानीको रङ्ग परिवर्तन भई पिङ्ग रङ्गको भएको भन्ने उल्लेख भएकोले प्रतिवादीले स्वेच्छाले घुस/रिसवत लिई बारदात घटाएको पुष्टि भएको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC(००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सबै काम कारवाही बदर हुने होइनन। मुद्दामा संकलित अन्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | नसकेको,<br>• उजूरीकर्ता र प्रतिवादीबीच भएको वार्तालापको अडियो रेकर्डिङ्गमा प्रतिवादीले घुस/रिसवत मागेको भन्ने यकिन रुपमा खुलेको देखिँदैन। | प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| १३. | गणेश ठकुल्ला (वि.अ. को मु.नं. ०७६-CR-०३३६, वि.अ. को फैसला मिति २०७९।०२।१८) पु.वे.गर्ने निर्णय नं.१०२ मिति २०७९।०४।२३ | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • प्रतिवादी गणेश ठकुल्लाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो रु.२०,०००।-(बीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र सजाय हुन। | <u>**फैसलाः**</u><br>प्रतिवादीलाई सफाई।<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारहरुः**</u><br>• प्रतिवादीले अदालतमा बयान गर्दा मौकामा डरत्रासमा परी बयान गरेकोले प्रतिवादीको ***स्वच्छा*** विरुद्धको बयानलाई प्रमाणमा लिन मिल्ने नदेखिएको,<br>• वरामदी घुस रिसवतवापतको रकम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराइएको, सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहण गर्न नहुने भनी ***विष्णुप्रसद घिमिरे विरुद्ध संघीय संसदसमेत*** भएको मुद्दामा सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित भएको,<br>• उजूरीकर्ताले उजुरी निवेदनसाथ फोन संवाद अडियो रेर्कड सि.डि. पेश नगरी आयोगको निर्देशनमा सि.डी. तयार गरी रकम बुझेपछि सि.डी. पेश गरेको देखिएबाट त्यस्तो सि.डी. तथा स्क्रिप्ट राईटिङ्गसमेतलाई प्रमाणमा लिन मिल्ने | • प्र.ले अदालतमा बयान गर्दा अनुसन्धान अधिकारीसमक्ष भएको बयान आफूले भने बमोजिम लेखिएको नभै डर त्रासमा परी सहीछाप गरेको हो भनी जिकीर लिएता पनि उक्त रकम आफ्नो साथबाट बरामद भएको कुरामा सावित रहेको। निजलाई इच्छा विपरीत सहीछाप गराएको भए म्याद थपको लागि अदालतसमक्ष उपस्थित गराउँदाका अवस्थामै सो कुराको जिकीर लिन नसकेको, प्र.ले अनुसन्धानको क्रममा आफ्नै हस्तलिखित गरेको बयान लाई प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) अनुसार प्रमाणयोग्य नै देखिएको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सबै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनि सिद्धान्त प्रतिपादन भएको,<br>• रितपूर्वक तयार गरिएको खानतलासी/बरामदी मुचुल्कामा निज प्रतिवादीले पाइन्टको पाकेटमा राखेको अवस्थामा घुसवापत उपलब्ध गराएको रकम रु.२०,०००।- "आफूबाट बरामद भएको रकमलाई अन्यथा पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादी निर्दोष रहेको भन्न नसकिने" भन्ने सर्वोच्च अदालतबाट प्रतिपादीत सिद्धान्त (स.अ. बुलेटिन, वर्ष १८, पुस २०६६, पूर्णाक ४२०, पृष्ठ १० र ११) मा समेत उल्लेख भएको,<br>• प्र. र निवेदक वीच भएको कुराकानीको अडियो रेकर्डमा रकम वार्गेनिङ्ग गरेको तथा माग गरेको देखिएको,<br>• उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | नदेखिएको,<br>• उजुरीकर्ताले गरेको बकपत्र तथा प्रतिवेदकहरु र खानतलासी मुचुल्कामा बस्ने व्यक्तिहरुले गरिदिएको बकपत्रलाई आधार मानी प्रतिवादीलाई कसूर ठहऱ्याई सजाय गर्न मिल्ने देखिएन। | • प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट यस आ.व.मा विशेष अदालतबाट भएका फैसलामा चित्त नबुझी मिति ०७९/०५/०५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरण :-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १४. | बिष्णु हरी पुडासैनी (वि.अ. को मु.नं. ०७६-CR-०२५०, वि.अ. को फैसला मिति २०७९।०१।१४) | घुस रिसवत लिई (रङ्गेहात) भ्रष्टाचार गरेको। | •प्र. बिष्णु हरी पुडासैनी भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रु.२२,०००।-कायम गरी ऐ. ऐनको दफा ३(१) र दफा ३(१)(क) बमोजिम सजाय हुन। | <u>फैसलाः</u> आरोपदावीबाट सफाई ।<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br>• रकम आयोगले निवेदकलाई उपलव्ध गराएको हुँदा सो रकम लगायतका प्रमाण प्रमाण ग्राह्य नहुने,<br>• सि.डि. र सोको लिपिवद्ध व्यहोरा हेर्दा प्रतिवादीले निवेदकवाट रकम माग गरेको नदेखिएको र प्रतिवादीले रकम लिन मंजुर गरेको समेत नदेखिएको,<br>विद्युतिय अभिलेखहरु संम्पादन गर्न मिल्ने हुन्छ सो को आधिकारिकता र शुद्धता पुष्टि नभएसम्म विश्वसनिय र भरपर्दो प्रमाणको रुपमा ग्रहण गर्न मिल्ने नदेखिने। | • सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• प्रतिवादीले सेवाग्राहिसँग घुस/रिसवत स्वरुप जम्मा रू २२,०००।- लिनुखानु गरेको स-प्रमाण पुष्टि भएको,<br>• प्र.को साथबाट रकम बरामद भएकोमा आफुवाट वरामद भएकोरकमलाई अन्यथा पुष्टी गर्न नसकेको,<br>• भ्रष्टाचार जस्ता गम्भिर प्रकृतिको अनुसन्धान गर्दा सि.डि.जस्ता प्रविधिको प्रयोग गर्नु वाञ्छनीय हुन्छ र त्यसलाई प्रमाण लिन पनि सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन भएको,<br>प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| १५. | अमृत थापा र शशित नारायण | | •प्र. अमृत थापा र शशित नारायण विश्वासः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रु.५,५००।-कायम गरी ऐ. ऐनको दफा ३(१) र | <u>फैसलाः</u> आरोपदावीबाट सफाई ।<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u> | • सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ |

| | | | | | |
|---|---|---|---|---|---|
| | विश्वास (वि.अ. को मु.नं. ०७६-CR-०२४७, वि.अ. को फैसला मिति २०७९।०१।२१) | | दफा३(१)(क) बमोजिम सजाय हुन। | • रकम माग गरेको तथा फोन सम्वाद प्रतिवादीसँग भएको हो भन्ने पनि स्पष्ट देखिदैन,<br>• प्रतिवादीले स्वेच्छाले घुस रकम माग गरेको, लिएको थियो तथा घुस खाने मनसाय राखेको थियो भन्ने पुष्टि हुन नसकेको । | भनी सिद्धान्त प्रतिपादन भएको,<br>• भ्रष्टाचार जस्ता गम्भिर प्रकृतिको अनुसन्धान गर्दा सि.डि.जस्ता प्रविधिको प्रयोग गर्नु वाञ्छनीय हुन्छ र त्यसलाई प्रमाण लिन पनि सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन भएको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको,<br>• प्रतिवादी सशस्त्र प्रहरी निरिक्षक अमृत थापाले आफु र अर्का प्रतिवादी सशस्त्र प्रहरी जवान शशित नारायण विश्वासको लागि निवेदकहरु संग घुस रकम माग गरेको तथा थप रकमको लागि वार्गेनिङ्ग गरेको स्पष्ट रुपमा देखिएको,<br>प्र.को साथबाट रकम बरामद भएकोमा आफूवाट वरामद भएकोरकमलाई अन्यथा पुष्टी गर्न नसकेको । |
| १६. | रत्नेश्वर तिवारी (वि.अ. को मु.नं. ०७६-CR-०१७८, वि.अ. को फैसला मिति २०७९।०२।११) | | दफा ३(१) को कसुरमा बिगो २५,०००।-कायम गरी भ्र.नि. ऐन,२०५९ को दफा ३(१)र दफा ३(१)(क)बमोजिम सजाय हुन। | **<u>फैसला:</u>** आरोपदावीबाट सफाई ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधार:</u>**<br>• उजुरकर्ता प्रतिवादीको कामसंग सम्बन्धित सेवाग्रही हुन भन्ने नदेखिएको,<br>• फोन संवाद र स्क्रिप्ट राइटिङ्गबाट प्रतिवादीले उजूरकर्तासंग घुस रकम माग गरेको, वार्गेनिङ्ग गरेको, उजूरकर्तालाई घुस रकम दिन बाध्य पारेको भन्ने नदेखिएको,<br>• बरामद रकम आयोगले उपलव्ध गराएको भन्नेमा विवाद देखिदैंन। बरामद रकम प्रमाणग्राह्य नहुने भएपछि बरामदी मुचुल्का र प्रतिवेदनसंग सम्बन्धित प्रतिवेदकहरुको वकपत्र समेत प्रमाणको रुपमा लिन मिल्ने देखिएन,<br>प्रतिवादीका साक्षीले नै आरोपदावी खण्डित हुने गरी बकपत्र गरिदिएको । | • उजूरकर्ता र निजको भाईको साझेदारीमा प्रिन्टिङ्ग प्रेस सञ्चालन गरेको र साझेदारीमा काम हुँदै आएको तथा सिदार्थ डिजिटेक्स सप्लार्सको भुक्तानी उठाउने जिम्मा उजूरकर्ताको रहेको भनी लेखाएको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• फोन संवाद र स्क्रिप्ट राइटिङ्गबाट प्रतिवादीले उजूरकर्तासंग घुस रकम माग गरेको, वार्गेनिङ्ग गरेको, उजूरकर्तालाई घुस रकम दिन बाध्य पारेको देखिन आएको,<br>• प्र.को साथबाट रकम बरामद भएकोमा आफूवाट वरामद भएकोरकमलाई अन्यथा पुष्टी गर्न नसकेको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको,<br>प्रतिवादीका साक्षी नागेन्द्र झालाई वादी नेपाल सरकारका साक्षी भनी उल्लेख गर्नुका साथै उक्त प्रतिवादीका साक्षी नागेन्द्र झाले गरेको बकपत्रको व्यहोराले आरोपदावी खण्डित गरेको भन्ने प्रमुख आधार बनाई गरिएको उक्त फैसला प्रथम दृष्टि (Prime Facia )मा नै त्रुटिपूर्ण रहेको। |

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट यस आ.व.मा विशेष अदालतबाट भएका फैसलामा चित्त नबुझी मिति ०७९/०५/०९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरण :-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १७. | काशिन्दर यादव (वि.अ. को मु.नं. ०७७-CR-०११९, वि.अ. को फैसला मिति २०७९।०२।२५) पु.वे.गर्ने निर्णय नं.१६२ मिति २०७९।०५।०२ | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • प्रतिवादी काशिन्दर यादवले भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेकोमा बिगो रु.६०,०००।–कायम गरी भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम जरिवाना र कैद सजाय हुन। | **<u>फैसला:</u>**<br>प्र.ले सफाई पाउने ।.<br>**<u>विशेष अदालतले सफाई दिदाँ लिएका आधारहरु:</u>**<br>• प्रतिवादीले अदालतमा कसूरमा इन्कार बयान गरी आफ्ना साक्षीको बकपत्रबाट समर्थित गराएको,<br>• प्रतिवादीको साथबाट एटिएमबाट झिकेको भनिएको रकम बरामद भएको पनि देखिदैन,<br>• वादी पक्षले स्वतन्त्र प्रमाणबाट उजुरवालाको एटिएमबाट झिकेको साठी हजार रुपैयाँ घुस रिसवतवापत प्रतिवादीले लिएको भन्ने आरोपदावी पुष्टि गर्न सकेको देखिएन। | • प्रतिवादीले अदालत समक्ष आरोपित कसूरमा इन्कार रही बयान गरेतापनि एटिम कार्डबाट रु.६०,०००।— झिकेको कुरामा सावित भएको,<br>• प्रतिवादी र निवेदकबीच घुस/रिसवत बार्गेनिङ्ग गरेको अडियो कलडिटेल समेतबाट वारदात पुष्टि भएको,<br>• उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| १८. | उमेश मण्डल (वि.अ. को मु.नं. ०७६-CR-००४६, वि.अ. को फैसला मिति २०७९।०१।२१) पु.वे.गर्ने निर्णय नं.१६१ | घुस/रिसवत लिई भ्रष्टाचार गरेको। | • प्रतिवादी उमेश मण्डलले भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेकोमा बिगो रु.५५,०००।- कायम गरी भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम सजाय हुन । | **<u>फैसला:</u>**<br>प्र.ले सफाई पाउने ।.<br>**<u>विशेष अदालतले सफाई दिदाँ लिएका आधार:</u>**<br>• प्रतिवादीले आरोपित कसूरमा अदालतमा इन्कार रही बयान गरेको,<br>• अख्तियार दुरुपयोग अनुसन्धान आयोगकै योजनामा उजूरीकर्तामार्फत नै सरकारी कोषको रकम घुस/रिसवतबापत उपलब्ध गराएको अवस्था हुँदा र २०७४-WC-००२० को | • सर्वोच्च अदालतबाट ०७४-WC(००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सबै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• उजुरकर्तासँग घुस/रिसवत स्वरुप जम्मा रू.५५,०००।- लिनुखानु गरेको स-प्रमाण पुष्टि भएको,<br>• उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• रङ्गेहात परीक्षण तथा नमुना संकलन मुचुल्का प्रतिवादी उमेश मण्डलले हात धोएको पानीको रंग बैजनी रातो (LIGHT PINK TO VIOLET RED) भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | मिति २०७९।०५।०२ | | | मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० खारेज भैसकेको कारणले आरोप दावीसाथ पेश भएको बरामदी मुचुल्का, वरामद दशी, उजुरीकर्ताको बकपत्र, श्रव्य-दृश्य सामग्री प्रमाणबाट अपवर्जन हुने,<br>• प्रतिवादीले सो रकम स्वेच्छाले माग गरेको र स्वेच्छाले घुसबापतको रकम लिएको तथ्य वस्तुनिष्ठ पुष्टि हुन नसकेको ।<br>• प्रतिवादीले अदालतमा आरोपित कसूरमा इन्कार रही बयान गरेतापनि आफ्नो साथ रकम बरामद भएको कुरामा सावित भै र अनुसन्धान अधिकारी समक्ष कसूरमा साविति रहेको, | भन्ने देखिएको, खानतलासी एवं बरामदी मुचुल्का, बरामद नोटहरुको फोटोकपी कागजमा प्रतिवादी उमेश मण्डलले गरेको सनाखत कागज समेतबाट पुष्टि भएको,<br>• उजुरकर्ता र प्रतिवादीको बिच फोन संवादबाट पनि उक्त रकम लिने दिने सम्बन्धमा भएको कुराकानी अडियो वार्तालापमा सिस्टम अनुसार प्रतिशत रकम दिनुपर्छ भनी घुस/रिसवतको रकम बार्गेनिङ्ग गरी प्रतिवादीले स्वेच्छाले निवेदकसगँ रु. ५५,०००।- घुस/रिसवत रकम माग लिई प्रतिवादीबाट उक्त रकम बरामद भएको,<br>• आफूबाट बरामद भएको रकमलाई अन्यथा पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादी निर्दोष रहेको भन्न नसकिने भन्ने सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (स.अ. बुलेटिन, वर्ष १८, पुस २०६६, पूर्णाक ४२०, पृष्ठ १० र ११) मा समेत उल्लेख भएको,<br>• सम्मानित सर्वोच्च अदालतबाट मुद्दा ने.का.प. २०७२, अंक १०, नि.नं. ९४९० मा अनुसन्धानकर्ताले प्रमाण सङ्कलन गरेको निकायमार्फत आएको प्रमाणलाई आधार बनाउन मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने भनी सिद्धान्त प्रतिपादन,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| १९. | वृजेश प्रसाद चौधरी (वि.अ. को मु.नं. ०७६-CR-०१४७, वि.अ. को फैसला मिति २०७९।०२।२७) पु.वे.गर्ने निर्णय नं.१६५ | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • प्र.बृजेश प्रसाद चौधरीले भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) द्वारा परिभाषित कसुर गरेकोमा बिगो रु.३२,१००।-कायम गरी भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम कैद र जरिवाना हुन। | **फैसलाः**<br>प्र.ले सफाई पाउने ।.<br>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**<br>• बृजेश प्रसाद चौधरीले आरोपितदावीमा कसूरमा इन्कार रही बयान गरेको,<br>• प्रतिवादी साथ बरामद रकम सरकारी कोषको रकम देखिदा सर्वोच्च अदालतबाट ०७४-WC-००२०, मुद्दामा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा भएको व्याख्यासमेतका | • प्रतिवादी बृजेश प्रसाद चौधरीले अनुसन्धान अधिकारी तथा अदालतसमक्ष बयान गर्दा आरोपित कसूरमा इन्कार रही बयान गरेको । आफ्ना मानिसहरु साक्षी राखी इन्कारी वमोजिमको वबपत्र गराएता पनि मिति २०७६।०६।२९ मा उजुरी निवेदकसँग भएको रु.७,०००।- मैले लगेको र बाँकी रकम भोली ल्याउन भनी निजले बोकेको मोबाइल समेत मैले लिएको र रु.१३,०००।-पनि आफूबाट बरामद भएको, सावित रहेकोमा रंगेहात परीक्षण तथा नमुना संकलन मुचल्का, खानतलासी तथा बरामदी मुचुल्का समेतबाट पुष्टि भएको।<br>• प्र. र निवेदक वीच भएको कुराकानीको अडियो रेकर्डमा रकम वार्गेनिङ्ग गरेको तथा माग गरेको देखिएबाट प्र.ले स्वेच्छाले निवेदकसगँ घुस रिसवत रकम माग  गरी लिई वारदात घटाएको भन्ने देखिएको, |

| | | | | | |
|---|---|---|---|---|---|
| | मिति २०७९।०५।०२ | | | आधारमा उक्त बरामदी मुचुल्का र सोसंग सम्बन्धित सिडी लगायतका अन्य प्रमाणलाई प्रमाणयोग्य मान्न मिल्ने देखिएन,<br>• निवेदक र प्रतिवादी बीच भएको स्क्रिप्ट राईटिङ्ग संवादमा घुस/रिसवत माग गरेको वा प्रस्ताव गरेको वा बार्गेनिङ्ग गरेको देखिँदैन,<br>• प्रतिवादीको उजुरवालासँग घुस रिसवत लिने मनसाय नदेखिएको, घुस रिसवत मागेको पनि नदेखिएको,<br>• प्रतिवादीले उजुरवालासँग घुस रिसवत मागेको पुष्टि हुने प्रमाण वादी पक्षले पेश गर्न नसकेको । | • सर्वोच्च अदालतले मु.नं. ०७३-CR-११८२ मा "आफ्नो कार्यालयको कामसँग सम्बन्धित सेवाग्राहीसँग सापटी भनी रकम लिएको कुरालाई स्वयम् प्रतिवादीले अदालतमा वयान गर्दा समेत स्वीकार गरेको हुँदा रकम लेनदेन भएको तथ्य टेलिफोन वार्ता, उजुरी निवेदक लगायत मौकाका मानिसले अदालतमा गरेको बकपत्रसमेतबाट पुष्टि भएको कुरा न्यायिक निरुपण गर्नु नै पर्ने हुन्छ" भनी सिद्धान्त प्रतिपादन भएको,<br>• उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• **"आफूबाट बरामद भएको रकमलाई अन्यथा पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादी निर्दोष रहेको भन्न नसकिने"** भन्ने सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (स.अ. बुलेटिन, वर्ष १८, पुस २०६६, पूर्णाक ४२०, पृष्ठ १० र ११) मा समेत उल्लेख भएको,<br>• सम्मानित सर्वोच्च अदालतबाट मुद्दा ने.का.प. २०७२, अंक १०, नि.नं. ९४९० मा अनुसन्धानकर्ताले प्रमाण सङ्कलन गरेको निकायमार्फत आएको प्रमाणलाई आधार बनाउन मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने भनी सिद्धान्त प्रतिपादन,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| २०. | भरत प्रसाद साह र पुष्कर देव जोशी (वि.अ. को मु.नं. ०७५-CR-०२४१, वि.अ. को फैसला मिति २०७९।०१।१५) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • प्रतिवादी भरत प्रसाद साहले भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेकोमा निजलाई बिगो रु.३०,०००।– कायम गरी भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम जरिबाना र कैद सजाय हुन,<br>• प्र. पुष्कर देव जोशीले भ्र. नि. ऐन, २०५९ को दफा २२ बमोजिमको कसुर गरेकोमा निजलाई बिगो | <u>**फैसला:**</u><br>दुवै प्रतिवादीलाई सफाई पाउने।<br><u>**विशेष अदालतले सफाई दिदाँ लिएका आधारहरु**</u><br>• प्रतिवादी भरत प्रसाद साहले मौकामा तथा अदालतमा आई कसूरमा इन्कारी बयान गरेको र सहप्रतिवादी पुष्करदेवले बरामद भएको उक्त रकम निवेदकले भरतलाई दिनु भनी घरमा बोलाएर दिएको हुँदा मैले भरत प्रसाद साहको श्रीमतीलाई क्वार्टमा लगि | • प्रतिवादी भरत प्रसाद साहले आरोपित कसूरमा इन्कार रही बयान गरेतापनि उक्त रकम किचेनको घर्राबाट बरामद भएको हो भनी मौकामा र अदालत समक्ष बयान गरी दिएको, अर्का प्रतिवादी पुष्करदेव जोशीले मौकामा र अदालत समक्ष बन पैदावार सम्बन्धी मुद्धामा पक्राउ परी थुनामा रहेका उजुरी निवेदकका दाजुको मुद्धाको मिसिल सामान्य बनाईदिने प्रयोजनको लागि भरत प्रसाद साहले मलाई निवेदकसँग रु.३०,०००।- माग गर्न लगाएको भनी बयान गरे समेतबाट सह-अभियुक्तको पोल वयान व्यहोरालाई प्रमाण ऐन, २०३१ को दफा ९क. बमोजिम प्रमाणमा लिनु पर्ने देखिएको,<br>• रङ्गेहात परीक्षण तथा नमुना संकलन मुचुल्का, खानतलासी एवं बरामदी मुचुल्का समेतबाट पुष्टि भएको,<br>• प्र.हरुले र निवेदक वीच भएको कुराकानीको अडियो रेकर्डमा रकम वार्गेनिङ्ग |

| | | | | | |
|---|---|---|---|---|---|
| | पु.वे.गर्ने निर्णय नं.१६६ मिति २०७९।०५।०२ | | रु.३०,०००।— कायम गरी भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) अनुसार हुने सजायमा ऐ. ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम जरिवाना र कैद सजाय हुन। | दिएको हो मैले रकम माग गरेको होइन भनी वयान गरेको,<br>• राज्यकोषबाट उपलब्ध गराएको रकम वरामद गर्ने समेतको अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० मा भएको कानूनी व्यवस्था संविधानसँग बाझिएकोले अमान्य र बदर हुने भनी सर्वोच्च अदालतबाट ०७४-wc-००२० को मुद्दामा सिद्धान्त प्रतिपादन भएको,<br>• स्क्रिप्ट राइटिङ्ग व्यहोरामा दुवै प्रतिवादीले असहमति जनाएकोले प्रतिवादीहरु उपरको आरोपपत्र मागदावी ठोस र सवुद प्रमाणबाट पुष्टि हुन नसकेको। | गरेको तथा माग गरेको देखिएबाट प्र.हरुले स्वेच्छाले निवेदकसँग घुस रिसवत रकम माग गरी लिई वारदात घटाएको,<br>• उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• **"आफूबाट बरामद भएको रकमलाई अन्यथा पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादी निर्दोष रहेको भन्न नसकिने"** भन्ने सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (स.अ. बुलेटिन, वर्ष १८, पुस २०६६, पूर्णाक ४२०, पृष्ठ १० र ११) मा समेत उल्लेख भएको<br>• सम्मानित सर्वोच्च अदालतबाट मुद्दा ने.का.प. २०७२, अंक १०, नि.नं. ९४९० मा अनुसन्धानकर्ताले प्रमाण सङ्कलन गरेको निकायमार्फत आएको प्रमाणलाई आधार बनाउन मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने भनी सिद्धान्त प्रतिपादन,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| २१. | देवेन्द्र वहादुर वलायर हिटलर साउद र लोकेन्द्र थापा (वि.अ. को मु.नं. ०७६-CR-००३३, वि.अ. को फैसला मिति २०७९।०२।०४) पु.वे.गर्ने निर्णय नं.१६३ | घुस/रिसवत लिई भ्रष्टाचार गरेको। | • प्रतिवादी देबेन्द्र बहादुर बलायरलाई भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो रु.१,००,०००।- कायम गरी भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम सजाय हुन।<br>• प्रतिवादी हिटलर साउदले भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेकोमा बिगो रु.१,००,०००।- कायम गरी भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा | **<u>फैसलाः</u>**<br>प्र.हरुले सफाई पाउने ।.<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारहरुः</u>**<br>• प्रतिवादीहरुले अदालतमा बयान गर्दा आरोपित कसूरमा पूर्णत इन्कारी बयान गरेको,<br>• प्रतिवादीबाट बरामद रकम राज्यकोषबाट उपलब्ध गराई बरामद गरिएको रकम बिगो हुन नसक्ने मिसिल संलग्न तथ्ययुक्त प्रमाणबाट प्रतिवादीहरु कसूरदार हुन भनी पुष्टि हुन आएको समेत नदेखिएको,<br>• प्रतिवादीहरु उपरको आरोपपत्रमा दावी | • प्रतिवादी देवेन्द्र बहादुर बलायरले कसूरमा इन्कारी बयान गरेतापनि आफूबाट रकम बरामद भएको कुरामा साविती रहेको । उक्त रकम लिन प्र.हिटलर साउदलाई पठाएको भनी पोल गरी बयान गरेको,<br>• प्रतिवादी लोकेन्द्र थापाले बयान गरेतापनि निजको पोलिग्राफ परीक्षण प्रतिवेदनमा DECEPTION INDICATED उल्लेख भएबाट निज झूट्टो बोली छलछाम गरेको भन्ने देखिएकोले प्रतिवादीहरु तिनैजनाको मिलोमतोमा वारदात घटाएको पुष्टि भएको,<br>• मिसिल संलग्न सम्पूर्ण प्रमाणहरुलाई सुक्ष्म रुपमा विश्लेष्ण गरी फैसला गर्नुपर्नेमा त्यसो नगरी प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला सर्वोच्च अदालतबाट प्रतिवादित सिद्धान्तको प्रतिकूल रहेको हुँदा उक्त फैसला बदर भागी रहेको छ ।<br>• प्रतिवादीहरुले **"आफूबाट बरामद भएको रकमलाई अन्यथा पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादी निर्दोष रहेको भन्न नसकिने"**भन्ने सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (स.अ. बुलेटिन, वर्ष १८, पुस २०६६, पुर्णाक ४२०, |

| | | | | | |
|---|---|---|---|---|---|
| | मिति २०७९।०५।०२ | | (१) को देहाय (ग) बमोजिम सजाय हुन<br>• प्रतिवादी लोकेन्द्र थापाले भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेकोमा बिगो रु.१,००,०००।- कायम गरी भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम सजाय हुन। | तथ्ययुक्त प्रमाणबाट पुष्टि हुन नसकेको। | पृष्ठ १० र ११) मा समेत उल्लेख भएको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरि बकपत्र गरेको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| २२. | ध्रुव कुमार श्रेष्ठ<br>निरोज महर्जन<br>(वि.अ. को मु.नं. ०७६-CR-०२३१, वि.अ. को फैसला मिति २०७९।०२।२६)<br>पु.वे.गर्ने निर्णय नं.१६४<br>मिति २०७९।०५।०२ | घुस/रिसवत लिई भ्रष्टाचार गरेको। | • प्रतिवादीहरु ध्रुव कुमार श्रेष्ठ र निरोज महर्जनले भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेकोले निज प्रतिवादीहरुलाई बिगो रु. २०,००,०००।- कायम गरी भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को (१) को खण्ड (च) बमोजिम जरिवाना र कैद सजाय हुन। | <u>**फैसलाः**</u><br>प्र.हरुले सफाई पाउने।.<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br>• प्रतिवादीहरु दुवैजनाले आयोग र अदालतसमक्ष कसूरमा इन्कारी बयान गरेको,<br>• ०७४-WC-००२० को रिट निवेदनमा **"सरकारी कोषको रकम वरामद गरिएको प्रमाण ग्रहण योग्य नहुने"** भनी व्याख्या भएको हुँदा आयोगले उपलब्ध गराएको बरामद रकम घुस रकम हो भनी दशीको रुपमा प्रमाणमा लिन मिल्ने देखिएन,<br>• बरामद रकम नै प्रमाण ग्राह्य नभएपछि बरामदी मुचुल्का, बरामदी मुचुल्कामा रोहवरमा बस्ने व्यक्तिहरु तथा प्रतिवेदकहरुले अदालतमा गरेको बकपत्र समेत बरामद रकमसँग | • प्रतिवादीहरुले आरोपित कसूरमा इन्कार रहि बयान गरेतापनि प्रतिवादी ध्रुव कुमार श्रेष्ठको पोलिग्राफ परीक्षण प्रतिवेदनमा DECEPTION INDICATED उल्लेख भएबाट निज झूट्टो बोली छलछाम गरेको भन्ने देखिएको,<br>• प्रतिवादीहरुबाट रकम बरामद भएको र उजुरी निवेदकसँग पटकपटक फोनमा कुरा गरेको कुरामा अनुसन्धान अधिकारी तथा अदालतमा भएको बयानमा स्वीकार भएको,<br>• ध्रुव कुमार श्रेष्ठ र ईन्जिनियर निरोज महर्जनले हात धोएको गिलासमा रहेको पानीको रंग क्रमशः light pink (पिङ्क) र Pink (पिङ्क) भएको भन्ने व्यहोराको रङ्गेहात परीक्षण तथा नमुना संकलन मुचुल्का, खानतलासी एवं बरामदी मुचुल्का समेतबाट प्र.हरुले उजुरी निवेदकहरु सँग रु.२०,००,०००।-(बीस लाख) घुस/रिसवत लिएको पुष्टि भएको,<br>• प्रतिवादीहरुले **"आफूबाट बरामद भएको रकमलाई अन्यथा पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादी निर्दोष रहेको भन्न नसकिने"**भन्ने सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (स.अ. बुलेटिन, वर्ष १८, पुस २०६६, पुर्णाक ४२०, पृष्ठ १० र ११) मा समेत उल्लेख भएको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | सम्बन्धीत हुँदा निज बादीका साक्षीहरुले गरेको बकपत्रका आधारमा प्रतिवादीहरुलाई दोषी करार गर्न मिल्ने अवस्था पनि देखिन आएन,<br>• प्रतिवादीहरु एवम् उजुरकर्ताको अडियो रेकर्डिङ्गका आधारमा तयार भएको स्क्रिप्ट राइटिङ्ग समेतबाट प्रतिवादीहरुले उजुरकर्ताहरुसँग घुस/रिसवत माग गरेको नदेखिएको, मौकाको कागज तथा अदालतमा भएको बकपत्र यथार्थपरक र बस्तुपरक देखिन आएन। | न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• प्र. र निवेदकहरु वीच भएको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ्ग गरेको तथा माग गरेको देखिएको,<br>• उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• सम्मानित सर्वोच्च अदालतबाट मुद्दा ने.का.प. २०७२, अंक १०, नि.नं. ९४९० मा अनुसन्धानकर्ताले प्रमाण सङ्कलन गरेको निकायमार्फत आएको प्रमाणलाई आधार बनाउन मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने भनी सिद्धान्त प्रतिपादन,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्यदृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट यस आ.व.मा विशेष अदालतबाट भएका फैसलामा चित्त नबुझी मिति ०७९/०५/१० गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरण :-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| २३. | प्रकाश पौडेल (वि.अ. को मु.नं. ०७६-CR-००२८, वि.अ. को फैसला मिति २०७९।० १।२१) | घुस रिसवत लिई (रङ्गेहात) भ्रष्टाचार गरेको। | •प्र. प्रकाश पौडेलः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रु.१,७५,०००।-कायम गरी ऐ. ऐनको दफा ३(१) र दफा ३(१)(घ) बमोजिम सजाय हुन। | <u>**फैसला:**</u><br>आरोपदावीबाट सफाई ।<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधार:**</u><br>• निवेदकको निवेदन व्यहोरा नै विश्वसनीय नदेखिएको,<br>• निवेदकले अनुमान र अड्कलको आधारमा प्रतिवादीलाई रकम उपलव्ध गराएको,<br>• प्र.अदालतमा कसूर ईन्कार गरी वयान गरेको,<br>• रकम आयोगले निवेदकलाई उपलव्ध गराएको हुँदा सो रकम प्रमाण ग्राह्य नहुने,<br>• प्र.उपर आरोपदावी आकर्षित हुन सक्ने अवस्था नदेखिएको । | • निवेदकको काम निज प्रतिवादीवाट नै भएको तथा उक्त बरामद भएको रकम निजको कार्यकक्षमानै बुझिलिएको स-प्रमाण पुष्टी भएको,<br>• स्क्रिप्ट राईटिङ्गमा समेत प्रतिवादीले घुस वापतको रकम माग गरेको रकम लिन मञ्जुर रहेको प्रष्ट रुपमा देखिएको,<br>• विभिन्न प्रमाणहरुवाट प्रतिवादीको कसूर ईन्कारी वयान खण्डित भएको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• भ्रष्टाचार जस्ता भम्भीर प्रकृतिको अनुसन्धान गर्दा सि.डि.जस्ता प्रविधिको प्रयोग गर्नु वाञ्छनीय हुन्छ र त्यसलाई प्रमाण लिन पनि सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन भएको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| २४. | सुशिल | घुस | •प्र. सुशिल ठाकुरः भ्र.नि. ऐन, | <u>**फैसला:**</u> | • प्र.घुस रिसवत वापतको रकम लिन मञ्जुर रहनुका साथै सांकेतिक भाषाको प्रयोग गरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | ठाकुर (वि.अ. को मु.नं. ०७६-CR-०३३२, वि.अ. को फैसला मिति २०७९।०२।१३) | रिसवत लिई (रङ्गेहात) भ्रष्टाचार गरेको। | २०५९ को दफा ३(१) को कसुरमा बिगो रु.२०,०००।- कायम गरी ऐ. ऐनको दफा ३(१) र दफा३(१)(क) बमोजिम सजाय हुन। | आरोपदावीबाट सफाइ ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधार:</u>**<br>• रकम माग गरेको तथा फोन सम्वाद प्रतिवादीसँग भएको हो भन्ने पनि स्पष्ट देखिंदैन,<br>• वादी पक्षले निवेदकलाई अदालतमा उपस्थित गराउन नसकेको,<br>• उक्त रकम र सो सँग सम्बन्धित मुचुल्काहरुलाई प्रतिवादी विरुद्धको प्रमाणको रुपमा ग्रहण गर्न मिल्ने देखिन आएन,<br>• प्रतिवादीले घुस रिसवत वापतनै रकम लिएको हो भन्ने प्रमाणित गर्न प्रमाणको अभाव रहेको देखिन्छ । | घुस रिसवत वापत रकम माग गरेको देखिएको,<br>• निवेदकलाई प्रतिवादीले विभिन्न प्रलोभन देखाई अदालत समक्ष उपस्थित हुन रोक लगाएको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• प्र.को साथबाट रकम बरामद भएकोमा आफुवाट वरामद भएकोरकमलाई अन्यथा पुष्टी गर्न नसकेको,<br>• भ्रष्टाचार जस्ता गम्भीर प्रकृतिको अनुसन्धान गर्दा सि.डि.जस्ता प्रविधिको प्रयोग गर्नु वाञ्छनीय हुन्छ र त्यसलाई प्रमाण लिन पनि सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन भएको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| २५. | सुधिर कुमार खड्का (वि.अ. को मु.नं. ०७६-CR-०१७४, वि.अ. को फैसला मिति २०७९।०२।०६) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | •प्र. सुधिर कुमार खड्काः बिगो २,५०,०००।-कायम गरी भ्र.नि. ऐन,२०५९ को दफा ३(१)र दफा ३(१)(घ) बमोजिम हुने सजायमा ऐ.ऐनको दफा २१ बमोजिम आधा सजाय हुन तथा ऐ. ऐनको दफा ३(१) को कसुरमा बिगो रु.९,०००।- कायम गरी ऐ. ऐनको दफा ३(१) र दफा ३(१)(क) बमोजिम सजाय हुन। | **<u>फैसलाः</u>**<br>आरोपदावीबाट सफाइ ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधार:</u>**<br>• कसूरमा इन्कार रही अनुसन्धान तथा अदालतमा वयान गरेको,<br>• घुस रिसवत मोलमोलाई गर्नु वा घुसरिसवतको ईच्छा गर्नु मात्र घुस रिसवतको उद्योगको कसूर हो भन्न मिल्ने देखिएन,<br>• घुस रिसवत लिएको भनीएको रकम रु.९०००।—लाई घुस रिसवतको रकम भन्न मिल्ने देखिएन,<br>• आरोपमागदावी वस्तुनिष्ठ, विश्वसनीय, प्रचुर एवंम पर्याप्त प्रमाणवाट पुष्टि गर्न नसकेको । | • प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरुद्ध प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्था रहेको,<br>• आरोपपत्र दर्ता हुँदा कसूरको उद्योगमा मात्र नभई पूर्ण कसूरको समेत मागदावी लिएको अवस्थामा सो तर्फ विचार नगरी कसूरको उद्योगको मात्र विश्लेषण गरी फैसला भएको,<br>• प्रतिवादीले निवेदकसंग पटक पटक फोन सम्पर्क गरी घुस रिसवत माग गर्नुका साथै केही रकम कम गरिदिने भनी वार्गेनिङ्ग समेत गरेको,<br>• राष्ट्रसेवकले सर्वसाधरण नागरिकवाट पटक-पटक गरी रु.९,०००।— रकम असुली गरेको तथा सर्वसाधरण जनताले निशुल्क वा न्यून शुल्कमा पाउनुपर्ने सेवा प्राप्त गर्न पटक पटक गरी रु.९,०००।—रकम घुस रिसवत वापत उपलव्ध गराउनु परेको,<br>• स्क्रिप्ट राईटिङ्गमा प्रष्ट रुपमा रकम माग गरेको देखिनुका साथै स्वर परीक्षण गराउदा The speakers' identification traits match with confidence level of more than ९९%.Match probability is more than ७५.१% .भन्ने व्यहोरा समेतको परिक्षण प्रतिवेदन प्राप्त भएको अवस्थामा स्वतन्त्र तथा वस्तुनिष्ठ तवरले घुस रिसवत वापतको कसूर स-प्रमाण पुष्टी भएको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| २६. | शेर वहादुर सुनार | घुस रिसवत | •प्र.शेर वहादुर सुनारःभ्र.नि. ऐन, २०५९ को दफा ३(१) को | **<u>फैसलाः</u>**<br>आरोपदावीबाट सफाइ । | • Common Law System अन्तर्गतको फौजदारी न्याय प्रक्रियामा पिडकलाई समेत Right to Silence को साथै Self Criminalization गर्न वाध्य नपारिने हक रहेको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद |

| | | | | | |
|---|---|---|---|---|---|
| | (वि.अ. को मु.नं. ०७६-CR-०३२७, वि.अ. को फैसला मिति २०७९।०२।०६) | लिई (रङ्गेहात) भ्रष्टाचार गरेको। | कसुरमा बिगो रु.७५,०००।- कायम गरी ऐ. ऐनको दफा ३(१) र दफा ३(१)(ग) बमोजिम सजाय हुन। | **विशेष अदालतले सफाई दिदा लिएका आधार:**<br>• प्रतिवादी मौकामा र अदालत समक्ष कसूरमा इन्कार रही वयान गरेको,<br>• दफा ५५ बमोजिमका साक्षीले मौकामा गरेको वयान वमोजिम वकपत्र नगरेको,<br>• प्रतिवादी शेर वहादुर सुनारका साथवाट रकम वरामद भएको पाईदैन,<br>• मिति २०७६/११/२ मा भुक्तानी पाईसकेको उजूरकर्ताले सोही मितिमा प्रतिवादीले मागेको रकम निजका चालकलाई दिएको भन्ने भनाई विश्वसनीय देखिन आउदैन । | गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन। मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• दफा ५५ बमोजिमका साक्षीले मौकामा गरेको वयान तथथा अन्य कागजको व्यहोरा ठिक साँचो हो भनी सनाखत गरिदिएको,<br>• प्र.शेर बहादुर सुनारले नै टेक बहादुर खड्कालाई भेटी रकम दिनु भनी भनेको हुँदा प्र.शेर बहादुर सुनारको संगसाथवाट रकम वरामद हुने अवस्था नरहेको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको,<br>• भुक्तानीको लागि आलटाल गरेका प्रतिवादीले घुस रिसवत वापत आफुले रकम पाउने सहमति भएपश्चात मात्र भुक्तानि दिएको अवस्था रहेको । |
| २७. | विकास कुमार श्रेष्ठ (वि.अ. को मु.नं. ०७५-CR-०३४९, वि.अ. को फैसला मिति २०७९।०२।१८) | घुस रिसवत लिई (रङ्गेहात) भ्रष्टाचार गरेको। | •प्र.विकास कुमार श्रेष्ठः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रु.१,००,०००।- कायम गरी ऐ. ऐनको दफा ३(१) र दफा ३(१)(ग) बमोजिम सजाय हुन। | **फैसला:**<br>आरोपदावीबाट सफाइ ।<br>**विशेष अदालतले सफाई दिदा लिएका आधार:**<br>• प्रतिवादीले घुस रिसवत माग गरेको भनी निस्कर्ष निकाल्न सकिने वार्तालाप स्क्रिप्ट राईटिङ्गवाट देखिन नआउने,<br>• उक्त रकम र सो सँग सम्बन्धित मुचुल्काहरुलाई प्रतिवादी विरुद्धको प्रमाणको रुपमा ग्रहण गर्न मिल्ने देखिन आएन,<br>• प्रतिवादीले आफुले उजूरकर्तासँग सापटी वापतको रकम माग गरेकोमा घुस वापतको रकम भनी उजुर गरेको,<br>• उजुरकर्ता अदालतमा आई बकपत्र नगरेको स्थितीमा निजको उजूरी निवेदन तथा निजले मौकामा गरेको कागजको प्रमाणिक महत्व पनि देखिन आएन। | • स्क्रिप्ट राईटिङ्गमा एक लाख रुपैयामाग गरेको प्रष्ट देखिएको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन। मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• प्र.को संगसाथबाट रकम बरामद भएकोमा आफुवाट वरामद भएकोरकमलाई अन्यथा पुष्टी गर्न नसकेको,<br>• भ्रष्टाचार जस्ता गम्भीर प्रकृतिको अनुसन्धान गर्दा सि.डि.जस्ता प्रविधिको प्रयोग गर्नु वाञ्छनीय हुन्छ र त्यसलाई प्रमाण लिन पनि सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन भएको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको,<br>• २०५९ को दफा (५) ले सेवाग्राहीसँग राष्ट्रसेवकले सापटी, चन्दा वा उपहार लेनदेन गर्ने कार्यलाई पनि कसुरको रुपमा उल्लेख गर्नुका साथै मुद्दा नम्बर (०७३-CR-११८२) मा सम्मानित सर्वोच्च अदालतबाट प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा (५) बमोजिम ३ महिना कैद हुने गरी विशेष अदालतले गरेको फैसला सदर हुने गरी नजिर समेत कायम भएको। |
| २८. | कैलाश मातछे श्रेष्ठ (वि.अ. को मु.नं. ०७५- | घुस रिसवत लिई (रङ्गेहात) | •प्र.कैलाश मातछे श्रेष्ठः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रु.२५,०००।- कायम गरी ऐ. ऐनको दफा ३(१) | **फैसला:**<br>आरोपदावीबाट सफाइ ।<br>**विशेष अदालतले सफाई दिदा लिएका आधार:**<br>• बरामद रकम आयोगले उपलव्ध गराएको हुँदा | • सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन। मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी |

| | | | | | |
|---|---|---|---|---|---|
| | CR-०१९०, वि.अ. को फैसला मिति २०७९।०१।२१) | भ्रष्टाचार गरेको। | र दफा ३(१)(क) बमोजिम सजाय हुन। | उक्त रकम दशी प्रमाणको रुपमा ग्रहण गर्न मिल्ने देखिन आएन,<br>• प्रतिवादीले मौकामा तथा अदालतमा कसूरमा ईन्कार रही बयान गरेको,<br>• वादी पक्षले निवेदकलाई अदालतमा ल्याई वकपत्र गराउन नसकेको,<br>• आरोपदावी भरपर्दो र तथ्ययुक्त प्रमाणवाट पुष्टि हुने अवस्था नरहेको। | सिद्धान्त प्रतिपादन भएको,<br>• प्र.को संगसाथबाट रकम बरामद भएकोमा आफुवाट वरामद भएको रकमलाई अन्यथा पुष्टी गर्न नसकेको,<br>• कसूरमा ईन्कार रही बयान लेखाउनु कसूरवाट उन्मुक्ति पाउने उद्देश्य वाहेक अन्यथा नभएको तथा उक्त ईन्कारी बयान अन्य प्रमाणवाट खण्डित भएको,<br>• उजुरवालालाई प्रतिवादीहरुले विभिन्न प्रलोभन देखाई अदालत समक्ष उपस्थित हुन रोकेको,<br>• भ्रष्टाचार जस्ता भम्भीर प्रकृतिको अनुसन्धान गर्दा सि.डि.जस्ता प्रविधिको प्रयोग गर्नु वाञ्छनीय हुन्छ र त्यसलाई प्रमाण लिन पनि सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन भएको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| २९. | प्रमोद कुमार ठाकुर (वि.अ. को मु.नं. ०७५-CR-००५८, वि.अ. को फैसला मिति २०७९।०२।०४) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | प्रतिवादी प्रमोद कुमार ठाकुरः भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो रु.४५,०००।- कायम गरी ऐ. ऐनको दफा ३ (१) र दफा ३ (१) (ख) बमोजिम सजाय। | **<u>फैसलाः</u>**<br>प्रतिवादीलाई सफाई<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• प्रतिवादीको उजुरीकर्तासँग घुस रिसवत लिने मनसाय नदेखिएको, घुस रिसवत मागेको पनि नदेखिएको र स्वेच्छाले घुस रिसवत लिएको पनि पुष्टि हुन आएको देखिदैन<br>• स्क्रिप्ट राइटिङ्गमा प्रतिवादीले निवेदकसँग रकमको कुरा गरेको देखिएतापनी घुस रकम मागेको भन्ने स्पष्ट रुपमा देखिदैन । पेश भएको सि.डि उजुरी दिइसकेपछि तयार वा सृजना भएकोले पनि प्रमाणयोग्य देखिएन ।<br>• उजूरवालालाई बकपत्रको लागि अदालतमा उपस्थित गराई बकपत्र गरेको नदेखिएको ।<br>• प्रतिवादीले अनुसन्धान तथा अदालतमा वयान गर्दा मैले निवेदकसँग घुस रकम माग गरेको छैन, मैले उजूरवालालाई सापटि दिएको मेरो लिनुपर्ने रु.२७०००।- अन्य शिक्षक र कर्मचारीको अगाडी मागेको हूँ भनी आरोपित कसूरमा इन्कार रहि वयान गरेको देखिन्छ । | • प्रस्तुत वारदातमा प्रतिवादीको Mens Rea र Actus Reus दुवै तत्वको विद्यमान रहेको देखिएको ।<br>• निवेदकले यस आयोगवाट घुस/रिसवतको रकम प्राप्त गर्नु पूर्वको प्रतिवादीले घुस रिसवत माग गरेको अडियो रेकर्ड मिसिल सामेल रहेको देखिएकोलाई प्रमाण ऐन, २०३१ को दफा १३क. वमोजिम प्रमाणमा लिनु पर्ने देखिएको,<br>• (ने.का.प.२०७४, अंक ९, भाग ५९, नि.न.९८८०), (स.अ.बु, वर्ष १८, अंक २१, फागुन २०६६, पूर्णांक ४२३, पृष्ठ ३१), (स.अ.बु, वर्ष १८, अंक १८, पुष २०६६, पूर्णांक ४२०, पृष्ठ १०), (ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिर फैसलाको प्रतिकुल हुने गरी प्रतिवादीलाई सफाई दिने गरी फैसला भएको,<br>• उजुरवालालाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीलाई सफाई दिने नियतले हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला भएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | सामान्यतया प्रतिवादीले घुस मागेको भएमा अन्य कर्मचारीको अगाडि मात्र संभव हुने देखिदैन । | |
| ३०. | मनोज थापा र सुमित चापागाई (वि.अ. को मु.नं. ०७७-CR-००७७, वि.अ. को फैसला मिति २०७९।०३।०३) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | •प्र.मनोज थापा र सुमित चापागाईः भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा जनही बिगो रु.५,०००।- कायम गरी ऐ. ऐनको दफा ३ (१) र दफा ३ (१) (क) बमोजिम सजाय। | **<u>फैसलाः</u>**<br>दुवै प्रतिवादीहरुलाई सफाई ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• उजुरीकर्ता अदालतमा आई वकपत्र गरी उजुरी र मौकाको बेहोरा पुष्टि गर्न नसकेको ।<br>• अडियो रेकर्ड, सि.डि र स्क्रिप्ट राइटिङ्गका सम्वन्धमा प्रतिवादीहरुले असहमती जनाएका, वरामद रकमसँग सम्बन्धित रहेको उक्त अडियो रेकर्ड कानूनसम्मत तवरबाट रेकर्डिङ्ग गरिएको नदेखिएको ।<br>• प्रतिवादीहरुले आयोग र अदालतसमक्ष कसुरमा ईन्कारी रहि वयान गरेको देखिन्छ । | • प्रस्तुत वारदातमा प्रतिवादीहरुको Mens Rea र Actus Reus दुवै तत्वको विद्यमान रहेको देखिएको ।<br>• निवेदकले यस आयोगवाट घुस/रिसवतको रकम प्राप्त गर्नु पूर्वको प्रतिवादीले घुस रिसवत माग गरेको अडियो रेकर्ड मिसिल सामेल रहेको देखिएको ।<br>• (ने.का.प.२०७४, अंक ९, भाग ५९, नि.न.९८८०), (स.अ.बु, वर्ष १८, अंक २१, फागुन २०६६, पूर्णांक ४२३, पृष्ठ ३१), (स.अ.बु, वर्ष १८, अंक १८, पुष २०६६, पूर्णांक ४२०, पृष्ठ १०), (ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिर फैसलाको प्रतिकुल हुने गरी प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला भएको ।<br>• उजुरवालालाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीलाई सफाई दिने नियतले हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला भएको । |
| ३१. | चन्द्र देव भट्ट (वि.अ. को मु.नं. ०७७-CR-००१३, वि.अ. को फैसला मिति २०७९।०२।२०) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | •प्र.चन्द्र देव भट्टः भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा जनही बिगो रु.२०,०००।- कायम गरी ऐ. ऐनको दफा ३ (१) र दफा ३ (१) (क) बमोजिम सजाय। | **<u>फैसलाः</u>**<br>प्रतिवादीलाई सफाई ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• बिल भुक्तानी पाएको करिब १७ दिन पछि प्रतिवादी उपर उपभोक्ता समितिका अध्यक्ष मदनबहादुर रोका मगरले उजुरी गरेबाट नै उजुरीकर्ताको उजुरी बस्तुपरक नभइ दुरासय भावनाले दिएको भन्ने देखिन्छ<br>• फोन संवाद र स्क्रिप्ट राइटिङ्ग पनी वरामदसँग सम्वन्धित भएको देखिँदा र बरामद रकम नै प्रमाणग्राह्य नहुने अवस्थामा त्यसैसँग सम्वन्धीत फोन संवाद सि.डि समेत प्रमाणग्राहय हुन नसक्ने भनी गोविन्दप्रसाद कंडेल वि.नेपाल सरकार(०७५-CR-१११०) भएको भ्रष्टाचार मुद्दामा व्याख्या भएकोले प्रमाणमा लिन मिल्ने देखिएन । | • भ्र.नि.ऐ, २०५९ को दफा ३ बमोजिमको कानूनको प्रतिकुल हुने गरी तथ्यलाई नै गलत अर्थ लगाई प्रतिवादीलाई सफाई दिने मनशाय राखी बिल भुक्तानी पाएको करिब १७ दिन पछि प्रतिवादी उपर उपभोक्ता समितिका अध्यक्षले उजुरी गरेबाट नै उजुरीकर्ताको उजुरी बस्तुपरक नभइ दुरासय भावनाले दिएको भन्ने देखिन्छ भन्ने आधार लिई कुनै कार्य गरी सके पछि त्यस वापत घुस रकम माग गरी घुस रिसवत लिएको कुरा भ्रष्टाचार जन्य कसुर नहुने भन्ने अर्थ लाग्ने गरी भएको फैसला त्रुटि पूर्ण छ ।<br>• निवेदक र प्रतिवादीको संवादमा "अँ, त्यई बीस(२०) जति गरि दिनु न त" भनी घुस रिसवत रकम माग गरेको अडियो रेकर्ड प्रमाण ऐन, २०३१ को दफा १३क. ले प्रमाणमा लिनु पर्ने र उक्त प्रमाणलाई सर्वोच्च अदालतको संवैंधानीक इजलासले ०७४-CR-००२० को फैसला गर्दा समेत प्रमाणको रुपमा ग्रहण गर्नु नै पर्ने भनी व्याख्या गरेको ।<br>• प्रतिवादीले गरेको हस्त लिखित वयानमा कसुर साविती रहि वयान गरेको देखिएको प्रमाणलाई प्रमाण ऐन.२०३१ को दफा ९(२)(क) वमोजिम प्रमाणमा लिन मिल्ने देखिएको ।<br>• (ने.का.प.२०७४, अंक ९, भाग ५९, नि.न.९८८०), (स.अ.बु, वर्ष १८, अंक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | • अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष वयान गर्दा कसुरमा सावित भएतापनी अदालतमा वयान गर्दा कसुर इन्कारी वयान गरेको देखिन्छ ।<br>• उजुरीकर्ताले अदालतमा आइ आफ्नो उजुरी बेहोरा तथा मौकाको कागज बेहोरा पुष्टि हुने गरी बकपत्र गर्न नसकेको । | १८, पुष २०६६, पूर्णांक ४२०, पृष्ठ १०), (ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिर फैसलाको प्रतिकुल हुने गरी प्रतिवादीलाई सफाई दिने गरी फैसला भएको ।<br>• उजुरवालालाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीलाई सफाई दिने नियतले हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला भएको । |
| ३२. | रामवावु दाहाल, नरेन्द्र वहादुर चन्द र अर्जुन सुवेदी (वि.अ. को मु.नं. ०७७-CR-००८३, वि.अ. को फैसला मिति २०७९।०२।०६) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • प्रतिवादीहरु नरेन्द्र बहादुर चन्द र अर्जुन सुवेदीः भ्र.नि.ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रु.८०००।-(आठ हजार मात्र) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय ।<br>• प्रतिवादी रामवावु दाहालः भ्र.नि.ऐन, २०५९ को दफा ३(२) वमोजिमको कसुरमा बिगो रु.८०००।-(आठ हजार मात्र) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय । | **<u>फैसलाः</u>**<br>• प्रतिवादीहरुलाई सफाई ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• प्रतिवादीहरु नरेन्द्र बहादुर चन्द एवं अर्जुन सुवेदी र उजूरीकर्ता बीच घुस रिसवतका सम्वन्धमा फोन वार्ता भएको देखिदैन, उजुरकर्ताले अदालतको बकपत्रमा रकम माग गर्ने प्रतिवादी रामवावु दाहाल हुन भनी अन्य प्रतिवादीहरुले घुस रिसवत माग गरेको भनी लेख्न भन्न सकेका नदेखिएको ।<br>• प्रतिवादी रामवावु दाहालले उजुरकर्ताले दिएको रकम मेरो सेवा शुल्क पारिश्रमिक वापतको हो कुनै कर्मचारीलाई दिनुपर्ने रकम होइन भनेको स्थितिमा र निज प्रतिवादी रामवावु दाहालले आफ्नो पारिश्रमिक वापतको रु.८०००।– लिएकोमा आयोगको टोलीले जवरजस्ती गरी कर्मचारीलाई दिन लगाएको र वरामद गरेको कार्यलाई स्वाभाविक घटना नभई प्रतिवादीहरुलाई घुस दिएर फसाउन खोजिएको देखिन आयो ।<br>• प्रतिवादीहरुले अदालतमा वयान गर्दा आयोगमा गरेको वयान स्वेच्छाले गरेको होइन भनी वयान गरेको । | • प्रस्तुत वारदातमा प्रतिवादीहरुको Mens Rea र Actus Reus दुवै तत्वको विद्यमान रहेको देखिएको ।<br>• उजुरीकर्ता सँग सवै प्रतिवादीहरुले घुस रिसवत माग गरेको नै हुनु पर्ने भनी विधायिकाले कानून वनाउदा परिकल्पना गरेको नदेखिएको र कानूनी व्यवस्था अन्तर्गत मिसिल संलग्न आधार प्रमाणहरुवाट प्रतिवादीहरुको कसुर पुष्टि भई नै रहेको अवस्थामा कानूनी व्यवस्थाको नै प्रतिकुल हुने गरी फैसला भएको ।<br>• प्रतिवादीहरुलाई फसाउन पर्ने आधारकारण खुलाउन सकेको देखिदैन, त्यस्तै स्वंय प्रतिवादिहरु राजवावु दाहाल समेतले कसुरमा पूर्ण स्वीकारी सहअभियुक्तलाई पोल गरी वयान गरेको देखिएकोमा अवस्था उक्त वयान स्वेच्छापूर्वकको होइन भनी अदालतमा जिकिर लिएको भएतापनी निजलाई कुटपीट गरी यातना दिई निजको ईच्छा विपरीत सहिछाप गराएको भए सोसम्बन्धमा तत्काल वा हिरासतमा राख्न म्याद थपको लागी प्रस्तुत फैसला गर्ने अदालतसमक्ष उपस्थित गराउँदाका अवस्थामै सो कुराको जिकीर लिई निवेदन दिई शारीरिक जांच गराई माग्नु स्वाभाविक हुनेमा सो केही भए गराएको पाइदैन । प्रतिवादीले अनुसन्धानको क्रममा आफ्नै हस्तलिखित गरेको वयान लाई प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) ले प्रमाण योग्य रहेको ।<br>• (स.अ.बु, वर्ष १८, अंक २१, फागुन २०६६, पूर्णांक ४२३, पृष्ठ ३१), (स.अ.बु, वर्ष १८, अंक १८, पुष २०६६, पूर्णांक ४२०, पृष्ठ १०), (ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिर फैसलाको प्रतिकुल हुने गरी प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला भएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| ३३. | मनोज कुमार यादव, हरि गोपाल आचार्य, डिल्लीराम आचार्य, दुर्गा पौडेल (वि.अ. को मु.नं. ०७५-CR-०१७५, वि.अ. को फैसला मिति २०७९।०१।२७) | झुठ्ठा बिल भरपाई बनाई रकम भुक्तानी लिई भ्रष्टाचार गरेको। | • प्रतिवादीहरु मनोज कुमार यादव, हरि गोपाल आचार्य, डिल्लीराम आचार्यः जनही बिगो रु.१०,८६,७२५।–(दश लाख छयासी हजार सात सय पच्चीस रुपैया) कायम गरी भ्र.नि.ऐन, २०५९ को दफा ८(१) र दफा ८(१)(ङ) को कसुरमा सोही ऐनको दफा ८(१) बमोजिम सजायँ हुन ।<br>• प्रतिवादी दुर्गा प्रसाद पौडेलः बिगो रु.५,४६,२५०।–(पाँच लाख छयालिस हजार दुई सय पचास रुपैया) कायम गरी भ्र.नि.ऐन, २०५९ को दफा ८(१) र दफा ८(१)(ङ) को कसुरमा सोही ऐनको दफा ८(१) बमोजिम सजायँ हुन । | **<u>फैसलाः</u>**<br>प्रतिवादीहरुले सफाई पाउने।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• सञ्चालकले बिलबमोजिमको बिरुवा आफूले बिक्री गरेको भनेकाले बिरुवा कृषि विकास कार्यालयले बिरुवा खरिद गरेको देखिएको।<br>• नेत्रविक्रम खड्काको बकपत्रमा अलैंचीको बिरुवा ढुवानी गरी बिलबमोजिमको भुक्तानी पाएको भनेको। अलैंचीको बिरुवा ढुवानी नगरेको र भुक्तानी पनि नलिएको भनी कागज गर्ने सुवासचन्द्र दर्लामीलाई अभियोजकले साक्षीको रूपमा नराखेको र बकपत्र पनि नभएकोले निजको भनाइ प्रमाणग्रह्य नभएको।<br>• आफ्नो गाडीले अलैंचीको बिरुवा ढुवानी नगरेको भनी कागज गर्ने प्रदीप थापाको सवारी चालक अनुमतिपत्रमा ट्रक मिनीट्रक चलाउने अनुमति नरहेको, निजको ना४ख ८७५ गाडी पनि नरहेको र निजको गाडी भएको करारनामा समेत पेश गर्न नसकेको अवस्थामा निजको बकपत्र विश्सनीय नरहेको। सुवासचन्द्र दर्लामीको बकपत्र भएको अवस्थामा मात्र प्रदीप थापाको बकपत्रलाई प्रमाणमा लिन मिल्ने। तसर्थ खरिद गरिएको स्थानबाट कार्यालयसम्म र कार्यालयबाट वितरण गरिएको सेवा केन्द्रसम्म ढुवानी नगरिएको स्थिति नदेखिएको।<br>• बिरुवा प्राप्त गर्ने मोतीमान ढकाल समेतले अदालतमा बकपत्र गरी अलैंची बिरुवा वितरण गरिएको भनेको।<br>•अलैंचीका बिरुवा निःशुल्क वितरण गरिएको देखियो। | • आ.ब. ०७२/०७३ मा जिल्ला कृषि विकास कार्यालय, तेह्रथुमको बार्षिक कार्यक्रमको तेस्रो चौमासिक लक्ष्यअनुसार अलैंची रोग व्यवस्थापन तथा नर्सरी स्थापना कार्यक्रमअन्तर्गत कार्यक्रम संचालन गर्न प्रा.स. हरिगोपाल आचार्यले पेश्की रकम रु. ९,५०,०००।- (नौलाख पचासहजार) तथा कृषि प्रसार कार्यक्रमअन्तर्गत कार्यक्रम संचालन गर्न रकम रु. ५,००,०००। (पाँचलाख ) एकलौटी कार्यदिश समेत लिई कार्यक्रम सम्पन्न गरी पेश्की फछ्यौट गर्दा पेश गरेको बिल भरपाई कागजातहरु झुठ्ठा नक्कली रहेको र कार्यक्रम संचालनमा संलग्न अन्य कर्मचारीहरुले झुठ्ठा नक्कली भर्पाई समेतका कागजातहरु तयार गरेको र सोही झुठ्ठा नक्कली भर्पाई समेतका कागजातहरु कार्यालय प्रमुखले प्रमाणित गरी पेश्की फछ्यौट गरेको देखियो भने शतप्रतिशत अनुदानमा संचालन गर्नुपर्ने अलैंची रोग व्यवस्थापन तथा नर्सरी स्थापना कार्यक्रममा कृषकबाट बिरुवाको मूल्यको ५० % र सोभन्दा बढी रकम लिई भ्रष्टाचार गरेको।<br>• प्रतिवादीहरूले पनि इन्कारी बयान गरेकोमा सोको पुष्टि हुने गरी कुनै कागजात पेश गर्न नसकेको अवस्था छ।<br>• जिल्ला कृषि विकास कार्यालय, तेह्रथुमको मिति २०७४।१०।१४ को पत्रानुसार सनराइज नर्सरीबाट खरिद गरिएका रुवा कृषि सेवा केन्द्र मोराहाङ, जिरीखिम्ती र जिल्ला कृषि विकास कार्यालयबाट वितरीत भनिएकोमा वितरण भरपाइबाट सेवा केन्द्र मोराहाङमा मिति २०७३।३।११ गते, जिरीखिम्तीबाट २०७३।३।९ गते र जिल्ला कृषि विकास कार्यालयबाट २०७३।३।८ गते वितरण भएको देखिन्छ तर बिरुवा दाखिल प्रतिवेदनमा बिरुवाहरू २०७३।३।१० गते दाखिल भएको देखिन्छ। त्यसैगरी अधिकारी नर्सरीबाट खरिद भएका ४५,००० बिरुवा कृषि सेवा केन्द्र शुक्रबारे र जिल्ला सम्पर्क केन्द्र जिरीखिम्तीबाट वितरण गरिएको लेखी आएकोमा २०७३।३।९ गते नै दुबै केन्द्रबाट बिरुवा वितरण भएको भरपाइ कागजबाट देखिन्छ भने दाखिल ऐ १० गते भएको देखिएकोले कागजी प्रकृयामात्र मिलाई अनियमितता गरेको पुष्टि भइरहेको छ।<br>• निज प्रदीप थापाले बकपत्रको जवाफ ७ मा सुवासचन्द्र दर्लामीले गाडी चलाउने गरेको र गाडी आफू सधैं सवारी चालक सँगसँगै हुने भनी जवाफ ८ मा स्पष्ट खुलाएको तथा अनुसन्धानको कागज सनाखतसमेत गरेको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) आकर्षित भइरहेको देखिन्छ। चालक सुवासचन्द्र दर्लामीले अनुसन्धानको क्रममा आफूले पाँचथर र इलामबाट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अलैंचीको विरुवा ढुवानी नगरेको र ढुवानी वापत रकम बुझेको भरपाइमा आफ्नो हस्ताक्षर नरहेको भनी कागज गरेको। ट्याक्टर चालक नेत्रविक्रम खड्काले रु ३४,०००।–मात्र पाएकोमा रु ४५,०००।- बुझेको भनी भरपाइ कागज बनाइएको कागज आफ्नो नरहेको भनी कागज गरेको अवस्थामा प्रतिवादीहरूको बदनियत भएको देखिन्छ।<br>• अदालतले जिम्मेवार अधिकृतको भनाइ भनी प्रमाणग्राह्य भनेको दिलकुमारी राइको जवाफ ११ मा रकमका सम्बन्धमा स्पष्ट नखुलाई अनुसन्धानको क्रममा केके लेखियो भनी सबैजसो जवाफमा यान्त्रिकरूपमा विरुवा निःशुल्क वितरण गरेको लेखाएको देखिन्छ।अधिकृतस्तरको कर्मचारीको भनाइलाई प्रमाणमा लिनुपर्ने भनी फैसलामा उल्लेख गर्ने अदालतले भने जवाफ १२ मा निजको बकपत्रमा उल्लिखित अख्तियारको डरले लेखेको कुरालाई नजरअन्दाज गरेको छ।डर त्रासमा पारेको कुराका सम्बन्धमा जवाफ १३ मा जागिर जाने भनी लेखाउने निजामती सेवाको स्थायी अधिकृतस्तरको कर्मचारीको अपत्यारिलो जवाफ पत्यारलायक छैन।त्यसैगरी अशोककुमार पासवानको बकपत्रसमेत यान्त्रिक देखिन्छ।निजलाई प्रश्न नै नसोधिएको विषयमा समेत जवाफ ७ मा उत्तर दिएको देखिन्छ।निजले पनि आफ्नो स्थायी जागिर जाने डरले बकपत्र गरेको भनी अविश्वसनीय तथ्य लेखाएका देखिन्छ ।<br>• इलाका प्रहरी कार्यालय, पशुपतिनगरको मिति २०७४।२।२१ को पत्रसाथ प्राप्त प्रतिवेदनमा समेत यामप्रसाद अधिकारीले बिल नं ५३ बाट अलैंचीका विरुवा बिक्री नगरिएको स्पष्ट भइरहेको छ।प्रतिवादी हरिगोपाल आचार्यको साक्षी गणेश मिश्रले पचासहजार थान विरुवा बिक्री गरेको उल्लेख गरे पनि अनुसन्धानको क्रममा कागज गर्दा निजले पेश गरेको निजको फर्मको बिक्री रजिष्टरबाट सो व्यहोरा पुष्टि नभइरहेको अवस्था छ ।<br>• सरकारी साक्षीहरुलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीहरुलाई सफाई दिने नियतले हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला भएको ।<br>• (ने.का.प २०६६, अंक ६, नि.न.८१७९) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिर फैसलाको प्रतिकुल हुने गरी प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला भएको । |

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट यस आ.व.मा विशेष अदालतबाट भएका फैसलामा चित्त नबुझी मिति २०७९ /०५/१७ सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरुको विवरण :-

| सि.न. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालत समक्ष पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| ३४. | कृष्ण कुमार पाठक, गयादिन गडरिया र आदित्यकुमार पाठक (वि.अ.को मु.नं. ०७५-CR-०३४७, वि.अ.को फैसला मिति २०७९/१/१५) | भ्रष्टाचार (घुस/रिसवत) | प्रतिवादी कृष्ण कुमार पाठकलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसूरमा जम्मा विगो रु. ३,००,०००/- कायम गरी ऐजनको दफा ३(१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय हुन, प्रतिवादी आदित्य कुमार पाठकलाई ऐ.ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (घ) बमोजिम हुने सजायमा ऐ.को दफा २२ को प्रतिवन्धात्मक वायांश बमोजिम सजाय गरी पाउन तथा प्रतिवादी गयादिन गडरियालाई ऐ.ऐनको दफा ३(१) को कसूरमा विगो रु. १,००,०००/- कायम गरी ऐजनको ३(१) को देहाय (ग) बमोजिम सजाय । | <u>**फैसलाः**</u><br><u>**प्रतिवादीलाई सफाई**</u><br><u>**वि.अ.ले सफाई दिदा लिइएका आधारहरुः**</u><br>• फौजदारी मुद्दामा प्रतिवादी उपरको कसूर प्रमाणित गर्ने भार वादी पक्षमा हुने प्रमाण ऐन, २०३१ को दफा २५ को कानूनी व्यवस्था अनुसार वादी पक्षले कृष्ण कुमार पाठक उपरको कसूर पुष्टी गर्न नसकेको स्थितीमा निज उपरको आरोपदावी पुग्न सक्ने देखिन आएन ।<br>• घुस मुद्दामा वरामदीको अभावमा प्रतिवादी कृष्ण कुमार पाठकले निवेदकसँग घुस/रिसवत लिएको भन्ने आरोपदावी नै पुष्टी हुन सकेको देखिदैन ।<br>• प्रतिवादी उपरको कसूर शंका रहित तवरले पुष्टी र प्रमाणित गर्नुपर्ने दायित्व वादी पक्षको भएकोमा वादी पक्षले आफ्नो दायित्व पुरा गर्न सकेको नदेखिदा प्रतिवादी गयादिन गडेरिया उपरको आरोपदावी पुग्न सक्ने देखिएन । | • घुस रकम वापत रु. ३०००००/-प्रतिवादी कृष्ण कुमार पाठकले लिई निजले प्रतिवादी आदित्य कुमार पाठकको व्यागमा राखी दिई पठाएको भनी उजुरी निवेदन तथा मौकाको कागजलाई समर्थन गरी बकपत्र गरिदिएका र अडियो रेकर्डको लिपि लेखनबाट समेत प्रतिवादी कृष्ण कुमार पाठक र उजुरीकर्ता सहिजाद अली नाउ बीच तथा प्रतिवादी गयादिन गडरिया समेतको सम्वादबाट घुस/रिसवत रकम मोलमोलाई भएको खुली आएको अवस्थामा प्रतिवादीहरुले घुस/रिसवत लिएको तथ्य निर्विवाद पुष्टी भएको यथेष्ट प्रमाणहरुको मूल्याङ्कन नगरी उक्त आधारलिई भएको फैसला त्रुटीपूर्ण देखिन्छ ।<br>• उजुरीकर्ताले दिएको उजुरी निवेदन र मौकामा गरिदिएको कागजलाई समर्थन गरी अदालत समक्ष गरिदिएको बकपत्र, प्रतिवादीहरु र उजुरीकर्ताहरुसँग भएको घुस/रिसवत मोलमोलाई सम्बन्धमा भएको अडियो संवादको लिपि लेखन तथा अडियो/भिडियोको Voice Test को प्रतिवेदन र अदालत समक्ष जगत बहादुर राई र आनन्द निरौलाले गरिदिएको बकपत्र समेतका आधारमा प्रतिवादी कृष्ण कुमार पाठकले उजुरीकर्ताको उजुरी निवेदन बमोजिमको रु. ३,००,०००/- रकम बुझी आफ्नो छोरा प्रतिवादी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | आदित्य कुमार पाठकलाई कालो झोलामा रकम राखी दिइ पठाईएको रकम नै गायब गरेको र रु. ३,००,०००/- रकम घुस/रिसवत लिइएको पुष्टी भएको अवस्थालाई अन्यथा अर्थ गरी प्रतिवादीहरुलाई कसूरबाट उन्मुक्ति दिने अभिप्राय साथ गरिएको फैसला त्रुटीपुर्ण देखिन्छ ।<br>• प्रतिवादीहरु उपर रकम वरामद हुनु पूर्व नै उजुरी निवेदन परेको, उजुरीकर्ताले प्रतिवादीहरुबाट कृष्ण कुमार पाठक र गयादिन गडरियाले घुस रकम माग गरेको र कानून व्यवसायी ध्रुव प्रसाद वश्यालको फर्ममा रु. ३,००,०००/- प्रतिवादी कृष्ण कुमार पाठकलाई दिएको भन्ने मौकाको कागज, प्रतिवादीहरु र उजुरकर्ता बीच भएको टेलीफोन संवाद, उक्त संवादको Voice Test Report, वादीका साक्षीहरुले मौकाको उजुरीलाई समर्थन गरी गरिदिएको बकपत्र समेतका आधारमा प्रतिवादी गयादिन गडरियाको घुस रकम लिने कार्यमा संलग्नता खुलि आएको र प्रतिवादी आदित्य कुमार पाठकले पनि आफ्नो बाबु कृष्ण कुमार पाठकले दिएको घुस रिसवत बापतको रु. ३,००,०००/- रकम लिई गायव पारेको तथ्य पुष्टी भई रहेको अवस्थामा प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण रहेको । |
| ३५. | श्याम कुमार दाहाल (वि.अ.मु.नं. ०७६-CR-०२०२, वि.अ.को फैसला मिति २०७९/२/२७) | भ्रष्टाचार (घुस/रिसवत) | प्रतिवादी श्याम कुमार दाहाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) को उपदफा (१) बमोजिमको कसूरमा विगो रु.७,०००/- कायम गरी ऐ.ऐनको दफा | **<u>फैसलाः</u>**<br>**<u>प्रतिवादीलाई सफाई</u>**<br>**<u>वि.अ.ले सफाई दिदा लिइएका आधारहरुः</u>**<br>• वरामदीत रकम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराईएको सरकारी कोषको रकम देखिदा अधिवक्ता विष्णु प्रसाद घिमिरे | • प्रतिवादी श्याम कुमार दाहाल उपर उजुरकर्ता अरविन्द कुमार सिंहले भारतबाट समान ल्याउदा महिनावारी रु. ७०००/- घुस रिसवत माग गरेको भन्ने उजुरी र मौकाको कागजलाई वादीका साक्षीहरु प्रतिवेदक श्याम कुमार साह, रञ्जन वराल र राजन कार्की तथा केवल पोखरेलले पुष्टी गरी बकपत्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ३(१) र ३(१) को देहाय (क) बमोजिम सजाय । | विरुद्ध संघीय संसद समेत भएको मुद्दामा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा भएको व्याख्या समेतका आधारमा उक्त वरामदीत रकम, वरामदी तथा खानतलासी मुचुल्का र आयोगबाट तयार भएको सि.डी. लगायतका अन्य प्रमाणहरु लिई प्रमाणयोग्य मान्न मिल्ने देखिएन ।<br>• उजुरवालाले उजुरी निवेदनलाई समर्थन हुने गरी अनुसन्धानमा कागज गरे तापनि निजले अदालतमा उपस्थित भई बकपत्र गरेको अवस्था नदेखिदा निजको उजुरी र अनुसन्धानको कागज प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्राह्य हुने नदेखिएको । | गरिदिएका र प्रतिवादीसँग घुस/रिसवत रकम वरामद हुनु पूर्व नै उजुरी निवेदन परेको तथा प्रतिवादी र उजुरकर्ता बीच घुस रकम मोलमोलाई गर्ने सम्वन्धमा भएको अडियो रेकर्डबाट समेत **"रु. ७०००/- पठाईदिनु हवलदार सावलाई पनि दिनु पर्छ"** भनी भनेको तथ्यबाट प्रतिवादी उपरको कसूर पुष्टी भइरहेको अवस्थामा केवल सर्वोच्च अदालतको संवैधानिक इजलासबाट ०७४-WC-००२० रिटमा मिति २०७८/०१/०८ मा भएको आदेश तथा व्याख्यालाई प्रतिवादी अनुकुलको प्रमाणहरुको मात्र ग्रहण गरी उल्लेखित आधारमा भएको उक्त फैसला त्रुटीपूर्ण देखिन्छ ।<br>• मौकामा प्रतिवेदन दिने प्रतिवेदक साक्षी एवं मौकाका कागज गर्ने साक्षीहरु श्याम कुमार साह, रञ्जन वराल, केवल पोखरेलले गरिदिएको बकपत्र बाटै प्रतिवादी उपरको कसूर पुष्टी भएको अवस्था छ । अर्को तर्फ उजुरकर्ता अरविन्द कुमार सिंह यादब नबुझी नहुने साक्षी भएको अदालतलाई लागेमा प्रमाण ऐन, २०३१ को दफा ५४ बमोजिम साक्षी प्रमाणलाई बुझेर मात्र फैसला गर्नु पर्ने कानूनी व्यवस्थाको समेत परिपालन भएको पाइदैन । प्रतिवादी र उजुरकर्ता बीचको घुस रकम माग गरेको अडियो रेकर्डको लिपीलेखनबाट समेत उजुरी निवेदनलाई पुष्टी गरिदिएको अवस्थामा न्यायकर्ताले ग्रहण गर्नुपर्ने प्रमाणको मुल्याङ्कन र बुझनु पर्ने प्रमाण नबुझी भ्रष्टाचार जस्तो कसूरमा हचुवाका भरमा भएको फैसला त्रुटीपूर्ण हुँदा वदर भागि देखिन्छ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | । |
| ३६. | दिपक सुवेदी वि.अ.मु.नं. (०७६-CR-०३९० वि.अ.को फैसला मिति २०७९/२/०६) | भ्रष्टाचार (घुस/रिसवत) | प्रतिवादी दिपक सुवेदीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ (१) को कसूरमा विगो रु. ३,०००/- कायम गरी ऐजनको दफा ३(१) र ३(१) देहाय (क) बमोजिम सजाय । | **<u>फैसलाः</u>**<br>**<u>प्रतिवादीलाई सफाई</u>**<br>**<u>वि.अ.ले सफाई दिदा लिइएका आधारहरुः</u>**<br>• उजुरी निवेदनमा लेखिए जस्तो काम गर्न वहाना बनाएको आलटाल गरेको भन्ने देखिन नआई कामको प्रकृति अनुसार निवेदन दिएको दिन मै प्रतिवादीले काम सम्पन्न गरेको देखिदा निवेदकको उजुरी व्यहोरा गलत झुठ्ठा रहेको भन्ने देखिन आयो ।<br>• निवेदक अधिवक्ता विष्णु प्रसाद घिमिरे विरुद्ध संघिय संसद सचिवालय समेत भएको ०७४-WC-००२० निवेदनमा मिति २०७८/१/०८ मा सिद्धान्त प्रतिपादन भएको समेतबाट प्रतिवादी उपरको आरोपदावी कायम रहन सक्ने देखिन आएन । | • प्रतिवादी उपर उजुरीकर्ताले जग्गा रोक्का राख्ने विषयमा रु. ३०००/- घुस/रिसवत माग गरेको भन्ने उजुरी निवेदन बमोजिम प्रतिवादीले अनुसन्धानको क्रममा वयान गर्दा मिति २०७६/११/२१ गते मालपोत कार्यालय कास्कीमा आफूलाई गोपिलाल जोशीले रु. ३०००/- दिएको स्वीकार गरी दाहिने जुत्ताबाट उक्त रकम वरामद भएको हो । आफू र निवेदक गोपिलाल जोशी बिच घुस/रिसवत माग गर्ने क्रममा भएको अडीयो रेकर्ड समेतलाई समर्थन गरी आफ्नो व्यहोरा खुलाई लेखाई दिएका र उजुरीकर्ता गोपिलाल जोशीले काम सम्पन्न भए पछि रु. ३०००/- कार्यालय मै गई दिएको भनी अदालत समक्ष उपस्थित भई गरिदिएको कबपत्र तथा अर्का वादीका साक्षी हेम बहादुर वानियाले पनि प्रतिवादीको साथबाट उक्त रकम वरामद भएको भनी मौकाको कागजलाई समर्थन गरी अदालत समक्ष उपस्थित भई बकपत्र गरिदिएको समेतका समग्र प्रमाणको मूल्याङ्कन नगरी कामको प्रकृति अनुसार निवेदन दिएको दिनमै प्रतिवादीले काम सम्पन्न गरेको देखिदा निवेदकको उजुरी व्यहोरा गलत झुठ्ठा रहेको भन्ने हचुवा आधारमा बनाई प्रतिवादीलाई आरोपित कसूरबाट सफाई भएको उक्त फैसला त्रुटीपूर्ण देखिन्छ ।<br>• सर्वोच्च अदालत संवैधानिक इजलासबाट ०७४-WC-००२० रिटमा मिति २०७८/०१/०८ मा भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | आदेश फैसलामा **"न्याय निरुपण गर्दा हाल मुद्दाको सुनुवाई अन्तिम भई नसकेका वा न्यायिक प्रक्रियामा रहेका विवादका सन्दर्भमा अमान्य वदर घोषित गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० मा रहेको प्रावधान अनुसार संकलन गरिएको अर्थात प्रत्यर्थी आयोग स्वयंले नै दिई पठाएको सरकारी कोषको रकम वरामद गरिएको प्रमाण सम्म ग्रहण योग्य नहुने हो । केवल यहि कारणबाट मुद्दा नै खारेज हुने वा भए गरेका सबै काम कारवाही वदर हुने होइनन् । मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङ्कनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायिक निरुपण गर्नु पर्ने नै हुन्छ ।"** भनी भएको फैसला/आदेश बमोजिम वरामदी रकम बाहेक अन्य मिसिल संलग्न प्रमाणहरुको समुचित मूल्याङ्कन गरी उजुरीकर्ता र प्रतिवादी बीच टेलीफोन अडियो रेकर्डमा रकम मोलमोलाई गरी माग गरेको विषय, मौका मै उजुरी गरि प्रतिवादीले अनुसन्धान कै क्रममा कसूर स्वीकार गरेको प्रमाणहरुको मूल्याङ्कन समेतको आधारमा कसूर ठहर गरी सजाय गर्नुपर्नेमा सो नगरी भएको उक्त फैसला त्रुटीपूर्ण देखिन्छ । |

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट यस आ.व.मा विशेष अदालतबाट भएका फैसलामा चित्त नबुझी मिति ०७९/०५/२७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरूको विवरणः-

| क्रसं. | प्रतिवादीहरू | मुद्दा | आयोगको मागदाबी | विशेष अदालतको फैसला र आधार | सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरू |
|---|---|---|---|---|---|
| ३७. | आकाश श्रेष्ठ (वि.अ. को मु.नं. ०७६-CR-००७४), वि.अ. को फैसला मिति २०७९।२।१९ | घुस रिसवत लिई (रङ्गेहात) भ्रष्टाचार गरेको। | ▪ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसूरमा बिगो रु. २५,०००।—कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१)(क) बमोजिम सजाय हुन। | **<u>फैसला</u>**<br>प्रतिवादीलाई सफाइ<br>**<u>आधार</u>**<br>• सर्वोच्च अदालतबाट विष्णुप्रसाद घिमिरे विरुद्ध सङ्घीय संसद्समेत भएको रिट (०७४-WC-००२०) मा राज्यकोषको रकम बरामद भएको अवस्थामा कसूर ठहर गर्न नमिल्ने;<br>• लेखनाथ बुर्लाकोटीविरुद्ध नेपाल सरकार घूस रिसवत मुद्दा (०७३-CR-०६७८) मा बरामदी रकम नै गैरसंवैधानिक भई बिगो नै कायम गर्न नमिल्ने हुँदा बिगोबिनाको कसूर कानूनीरूपमा अधुरो हुने;<br>• प्रतिवादीले स्वेच्छाले रकम मागेको हुनुपर्ने, निजबाट रकम बरामद भएकै आधारमा मात्र भ्रष्टाचारको कसूर नहुने (ने.का.प. २०७७, अङ्क १, नि.नं. १०४१३);<br>• उजुरी एवम् उजुरीकर्ताको बकपत्रलाई मात्र आधार मानेर कसूरदार ठहर गर्न नहुने। | ▪ आरोप मागदावीमा उल्लेख भएको कुरा शंकारहित तवरबाट नै पुष्टि भएको,<br>▪ मौकाको उजुरी निवेदन सनाखत गरी प्रतिवादीले घूस रकम मागेको स्पष्ट लेखाएको। उजुरवालाको बकपत्र (जवाफ ६ र ७) बाट उजुरी व्यहोरा समर्थन भएकोले प्रमाण ऐन, २०३१ को दफा ८ र १०(१)(ख) बमोजिम त्यस्तो बकपत्र प्रमाणमा लिन मिल्ने हुँदा वादीले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोग प्रमाणित।<br>▪ सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो, मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन। मुद्दामा सङ्कलित अन्य प्रमाणको मूल्याङ्कनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको।<br>▪ प्रदीप अधिकारी विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा खल्तीबाट घूसको रकम बरामद भएको अवस्थामा घूस/रिसवत लिएको होइन भनी जिकीरसम्म लिएको तर त्यसलाई कुनै वस्तुनिष्ठ प्रमाण पेश गरी प्रमाणित गर्न नसकेकोले बरामद भएका नोटहरू प्रतिवादीको जानकारी र सहमति बेगर निजको अज्ञानतामा नै निजको खल्तीमा राखिएको वा जबर्जस्ती राखिएको भनी अनुमान गर्न नमिल्ने भनी उल्लेख गरिएको। (ने.का.प. २०६७, अङ्क ४, नि.नं. ८३४०)।<br>▪ श्याम अधिकारी विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा विज्ञान र प्रविधिको सहायताले आफूसँग घूस रिसवत मागेको बोली बोलेको, फोन वार्तालाई रेकर्ड गरिएको र सोलाई प्रविधिको मद्दतले लिपिबद्ध गरी प्रमाणको रूपमा पेस गरेकोलाई न्याय निरुपण गर्दा महत्त्वपूर्ण प्रमाणकै रूपमा मूल्याङ्कन गर्नुपर्ने (ने.का.प. २०७६, अङ्क ८, नि.नं. १०३२३)।<br>▪ सि.डी. लगायत विद्युतीय माध्यमबाट सङ्कलित प्रमाणलाई मुद्दामा प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन भन्ने अवश्य होइन; विज्ञान र प्रविधिको क्षेत्रमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भएको अभूतपूर्व विकास र थपिएका अनेकौं नवीनतम् आयामहरूलाई न्याय निरुपणका सन्दर्भमा अदालतले अनदेखा गर्न नहुने (ने.का.प. २०७४, अङ्क ९, नि.नं. ९८८०)। |
| ३८. | उमेश केसी (वि.अ. को मु.नं. ०७६-CR-०२८१, वि.अ. को फैसला मिति २०७९।३।२) | घुस रिसवत लिने उद्योग गरेको | • भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) अनुसारको कसूरको उद्योग गर्ने कसूरमा बिगो रू.६०,००,०००।- कायम गरी ऐ ऐनको दफा २१ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३(१) र दफा ३(१)(ज) बमोजिम हुने सजायको आधा सजाय हुन | **<u>फैसला</u>**<br>प्रतिवादीलाई सफाइ<br>**<u>आधार</u>**<br>क. सर्वोच्च अदालतबाट विष्णुप्रसाद घिमिरे विरुद्ध सङ्घीय संसद्समेत भएको रिट (०७४-WC-००२०) मा राज्यकोषको रकम बरामद भएको अवस्थामा कसूर ठहर गर्न नमिल्ने भनी फैसला भएकोले उक्त कसूरको उद्योगमा पनि सरकारी कोषको बिगो प्रमाणग्राह्य नहुने; राज्यकोषको रकम नै गैरसंवैधानिक भई बिगो नै कायम गर्न नमिल्ने हुँदा बिगोबिनाको कसूर कानूनीरूपमा हुन नसक्ने।<br>ख. अडियो संवादमा जबरजस्ती करणीसम्बन्धी मुद्दाको बकपत्र मिलाउन रकम माग गरेको भन्ने नदेखिएको र उक्त रकम प्रतिवादीले आफ्नैलागि मागेको भन्ने पुष्टि हुन नसकेको।<br>ग. जबरजस्ती करणी मुद्दाकी पीडित र पीडितकी आमाले अनुसन्धानमा कागज गरेको देखिए पनि निजहरू अदालतमा उपस्थित भई बकपत्र नगरेको।<br>घ. प्रतिवादीले निवेदकसँग घूस रिसवत लिन खोजेको भन्ने उजुरी निवेदन भए पनि उजुरबालाबाट प्रतिवादीले घूस रकम लिइसकेको अवस्था छैन।प्रतिवादीको | ▪ घूस रिसवतवापत रकम लिन मन्जुर गरी २०७६।८।९ गते उक्त रकम लिन महाराजगञ्ज, बसुन्धारा, सामाखुशी, गोङ्गबु हुँदै पटकपटक स्थान परिवर्तन गरी मनमैजु पुलमा निवेदक राजकुमार श्रेष्ठलाई भेटी निज निवेदकले उमेश के.सी. लाई दिन लिई हिँडेको रू. ६०,००,०००।- रहेको झोलामा हेरी नगद रकम रहेको एकीन गरी निज उमेश के.सी. ले पीडितकी आमा तथा पीडितसँग कुरा गरी आउँछु भनेको र पुनः सम्पर्कमा नआएकोमा निज उमेश के.सी. ले रू. ६०,००,०००।- घूस रिसवत लिन मन्जुर गरी रकम लिनसमेत आई रू. ६०,००,०००।- घूस रिसवत लिने उद्योग गरेको।<br>▪ निजको बयानमा "६० लाखको कुराकानी भएको अडियो" मा भएको आवाज आफ्नो नरहेको उल्लेख गरे पनि VOICE SPECTRUM ANALYSIS प्रतिवेदनको Comparison result मा The speakers' identification traits match with confidence level of more than ९९%. Match probability is more than ६३.७% भनी उल्लेख भएको देखिएको तथा "५७ लाख पुगेको ३ लाख नपुगेको अडियो" को VOICE SPECTRUM ANALYSIS प्रतिवेदनको Comparison result मा "The speaker's identification traits match with confidence level of more than ९९%. Match probability is more than ५८.१%. भनी उल्लेख भएको।<br>▪ अनुसन्धानको क्रममा बुझिएका रमेश थापा, देवेन्द्र खत्री, स्वतन्त्र पोखरेलसमेतको मौकाको कागज/मुचुल्का/प्रतिवेदनमा यी प्रतिवादीले घूस रकम माग गरेको उल्लेख भएकोमा अदालतमा उक्त कागज सनाखत गर्दै बकपत्र गरेका।साथै राजकुमार श्रेष्ठको बकपत्रको जवाफ ८, १६, १७ मा उमेश केसीले रु एककरोड मागेको स्पष्ट लेखाएका छन्।यिनै प्रतिवादीले पटकपटक विभिन्न फोन नम्बरबाट सम्पर्क गरी रकमको बार्गेनिङ गरेको भनी जवाफ ९, १०, १२, १४, १८ मा लेखाएका छन्।निजहरूको बकपत्र प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) बमोजिम प्रमाणग्राह्य रहेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | साथबाट घूस रकम बरामद नभएको। घूस रकमको मोलमोलाइ गर्नु वा घूस रिसवतको इच्छा गर्नुमात्र घूस रिसवतको उद्योगको कसूर भन्न नमिल्ने | ▪ जबरजस्ती करणी मुद्दाकी पीडित र पीडितकी आमाले बकपत्र नगरेको भनी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२ बमोजिम बुझ्न सक्ने देखिँदासमेत सो कार्यविधि कानूनतर्फ प्रवेश नगरी प्रतिवादीलाई सफाइ दिई गरिएको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानूनी व्यवस्थाको प्रतिकूल रहेको।<br>▪ सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो, मुद्दा नै खारेज हुने वा भए गरेका सबै काम कारवाही बदर हुने होइनन। मुद्दामा सङ्कलित अन्य प्रमाणको मूल्याङ्कनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको।<br>▪ ***रामबहादुर थापा विरुद्ध नेपाल सरकार भएको मुद्दामा सि.डी. लगायत विधुतीय माध्यमबाट सङ्कलित प्रमाणलाई मुद्दामा प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन*** (ने.का.प. २०७४, अङ्क ९, नि.नं. ९८८०)। श्याम अधिकारी विरुद्ध नेपाल सरकार भएको मुद्दामा विज्ञान र प्रविधिको सहायताले आफूसँग घूस रिसवत मागेको बोली बोलेको, फोन वार्ता रेकर्ड गरिएको र सोलाई प्रविधिको मद्दतले लिपिबद्ध गरी प्रमाणको रूपमा पेस गरेकोलाई न्याय निरुपण गर्दा महत्त्वपूर्ण प्रमाणकै रूपमा मूल्याङ्कन गर्नुपर्ने (ने.का.प. २०७६, अङ्क ८, नि.नं. १०३२३)। |
| ३९. | कृष्णबहादुर देवकोटा (वि.अ. को मु.नं. ०७६-CR-०३३०, वि.अ. को फैसला मिति २०७९।१।१४) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसूरमा बिगो रु. २,००,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) तथा दफा ३(१)(घ) बमोजिम सजाय हुन | **<u>फैसला</u>**<br>प्रतिवादीलाई सफाई<br>**<u>आधार</u>**<br>• सर्वोच्च अदालतबाट विष्णुप्रसाद घिमिरे विरुद्ध सङ्घीय संसद्समेत भएको रिट (०७४-WC-००२०) मा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० खारेज भएकोले राज्यकोषको रकम बरामद भएको अवस्थामा कसूर ठहर गर्न नमिल्ने।<br>• अदालत र अनुसन्धानको क्रममा | ▪ अडियो रेकर्डमा घूस रकम माग गरिएको स्पष्ट सुनिएको। The speaker's identification traits match with confidence level of more than 99%. Match probability is more than 59.6%. भन्नेसमेत व्यहोराको कृष्णबहादुर देवकोटाको स्वर परीक्षण प्रतिवेदन रहेको।<br>▪ कृष्णबहादुर देवकोटाले उक्त मितिमा विहान ११/१२ बजेतिर निवेदकलाई सो छोडपुर्जी दिइसकेको भनी बयान गरे पनि मिसिल संलग्न निवेदकको कागज तथा निज आरोपित र निवेदकको मोबाईल फोनको लोकेशनको आधारमा सो मितिमा दिनको ११:०४ बजे निवेदक बुटवल मिलनचोक एरियामा रही दिनको १३:३९ बजेदेखि मात्र कावासोती एरियामा देखिई घुस रिसवतको रकम लेनदेनको सो मिति र समयमा प्रतिवादी रहेकै लोकेशन (WDR439_KAWASOTI_OFFICE_P2) मा निवेदक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | प्रतिवादीले घूस लिएको कसूरमा इन्कारी बयान गरेको। आफूले प्रमोद तेलीलाई घूस रकम लिन नअह्राएको भनी बयान गरेको। साथै निज प्रतिवादीले प्रमोदकुमार तेलीलाई रकम लिन राख्न भनेको कुरा कतैबाट नखुलेको। प्रमोदकुमार तेलीले निजै प्रतिवादीले भनेअनुसार उजुरीबालाबाट रकम लिएको भने पनि सो कुरा कतैबाट पुष्टि हुन नसकेको | रहेको देखिएको हुँदा निज प्रतिवादीको उल्लिखित बयान दावी मेल नखाएको तथा घुस/रिसवत लिनुदिनुअघिको कल डिटेल विवरणअनुसार कृष्णबहादुर देवकोटाको फोन नं. ९८५२०५१५२० र निवेदक नवराज न्यौपानेको फोन नं. ९८५७०२०३१७ बीच इ.सं. २०२०/२/११ गते तद्नुसार २०७६/१०/२८ गते दिनको १६:४२ बजे कुराकानी भएको; कृष्णवहादुर देवकोटाको सोही नं. र प्रमोदकुमार तेलीको ९८४७५४५०९० बीच घटनाको मितिमा दिनको १४:४४ बजे फोन सम्पर्क भएको देखिएको; साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोग डिजिटल फरेन्सिक युनिटको च.नं. १६८४३, मिति २०७६/११/११ गतेको पत्रसाथ कृष्णबहादुर देवकोटाको फोनको फरेन्सिक परीक्षण गरी पठाइएको डि.भि.डी. भित्र फोल्डर AdvancedLogical/File/Audio/Pramod Gupta and krishna devkota call record 9847545090 भित्र रहेको Call recording Pramod Guptta_200213_144510 मा निज कृष्णबहादुर देवकोटाले Thursday, February १३, २०२०, २:४५:२८ PM मा प्रमोदकुमार तेलीलाई फोन गरी आफ्नो कोठामा बोलाएको।<br>▪ अनुसन्धानको क्रममा बुझिएका बाबुराम पौडेल, आनन्द गुरुङ, सूर्यबहादुर गुरुङ, टीकाराम पोखरेल, रोशनराज पाण्डेयसमेतको मौकाको कागजमा बरामदी मुचुल्काबमोजिमको रकम बरामद भएको उल्लेख गरेकोमा अदालतमा उक्त कागज सनाखत गर्दै बकपत्र गरेकोले निजहरूको बकपत्र प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) बमोजिम प्रमाणग्राह्य रहेको।<br>▪ प्रतिवादी कृष्णबहादुर देवकोटाले आफ्नो फोन नं. ९८४७५४५०९० मा फोन गरी बोलाएपछि निजको कार्यकक्षमा जाँदा **"न्यौपानेले पैसा दिन्छ लगेर राखिदेऊ, म जाने बेलामा मलाई देऊ"** भनेपछि निवेदकले मलाई सो पैसा सरलाई दिन भनी दिएपछि उक्त हजार/हजारको दुईवटा गड्डी कृष्णबहादुर देवकोटालाई दिन सो रकम वुझी राखिदिएको भन्ने मौकाको कागजमा प्रमोदकुमार तेलीले लेखाएका र निजको बकपत्रको जवाफ ६ मा अनुसन्धानको कागज व्यहोरा सनाखत गर्नुका साथै जवाफ ११ मा अनुसन्धानको कागजबमोजिमकै व्यहोरा सत्य हो भनी लेखाउनुले प्रतिवादीले रकम लिन लगाएको पुष्टि भइरहेको देखिन्छ। साथै उजुरीकर्ता नवराज न्यौपानेले बकपत्रको जवाफ ९ र ११ मा निजै प्रतिवादीले घूस |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | रकम माग गरेको/डिल गरेको भनी स्पष्टरूपमा प्रतिवादीको बदनियत छर्लङ्ग पारी उजुरीकर्ताले बकपत्र गरेको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा १०(१)(ख) बमोजिम त्यस्तो बकपत्र प्रमाणमा लिन मिल्ने हुँदा वादीले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोग प्रमाणित गरेको।<br>▪ सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो, मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन। मुद्दामा सङ्कलित अन्य प्रमाणको मूल्याङ्कनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको।<br>▪ ***रामबहादुर थापा विरुद्ध नेपाल सरकार भएको मुद्दामा सि.डी. लगायत विद्युतीय माध्यमबाट सङ्कलित प्रमाणलाई मुद्दामा प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन (ने.का.प. २०७४, अङ्क ९, नि.नं. ९८८०)***। श्याम अधिकारी विरुद्ध नेपाल सरकार भएको मुद्दामा विज्ञान र प्रविधिको सहायताले आफूसँग घूस रिसवत मागेको बोली बोलेको, फोन वार्ता रेकर्ड गरिएको र सोलाई प्रविधिको मद्दतले लिपिबद्ध गरी प्रमाणको रूपमा पेस गरेकोलाई न्याय निरुपण गर्दा महत्त्वपूर्ण प्रमाणकै रूपमा मूल्याङ्कन गर्नुपर्ने (ने.का.प. २०७६, अङ्क ८, नि.नं. १०३२३)। |
| ४०. | खगेन्द्र चापागाइँ (वि.अ. को मु.नं. ०७६-CR-०३२५, वि.अ. को फैसला मिति २०७९।२।१८) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) अनुसारको कसूरको उद्योग गर्ने कसूर गरेकाले बिगो रु. ५०,०००।- कायम गरी सोही ऐनको दफा २१ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३(१) र दफा ३(१)(ख) बमोजिम हुने सजायको आधा सजाय हुन | <u>**फैसला**</u><br>• सफाइ।<br><u>**आधार**</u><br>• सर्वोच्च अदालतबाट विष्णुप्रसाद घिमिरे विरूद्ध सङ्घीय संसद्समेत भएको रिट (०७४-WC-००२०) मा राज्यकोषको रकम बरामद भएको अवस्थामा कसूर ठहर गर्न नमिल्ने; सर्वोच्च अदालतबाट गोविन्दप्रसाद कँडेलसमेत विरूद्ध नेपाल सरकार भएको घूस रिसवत मुद्दा (०७५-CR-१११० र १३४३) मा फोन | ▪ निवेदकहरू इब्राहिम अली र मोहनलाल गोसाइँले आयोगमा दिएको उजुरी आफैले दिएको, पटकपटक रकम माग गरी दुःख हैरानी दिएकाले नै उजुरी दिएका हौं, आयोगमा पेश गरेको अडियो सिडीमा हामी र आरोपीबीच टेलिफोनमा भएको वार्तालापको रेकर्ड रहेको; निजलाई रकम दिन निवेदकमध्येका इब्राहिम अलीले बोलाएकोमा खगेन्द्र चापागाइँ रकम लिन आएका तर सोही समयमा भन्सारका एकजना कर्मचारीसमेत पसलमा आएकाले निजले रकम कार्यालयमै ल्याईदिनू भनी रकम नलिई हिँडेका हुन् भनी मौकाको कागजमा खुलाई दिनुका साथै सो समयमा जि. झापा, झापा गाउँपालिका-१ बस्ने बिपिन साहले समेत खगेन्द्र चापागाइँ रकम लिन आउँदा आफू निज इब्राहिम अलीकै पसलमा रहेको र निजले रकम कार्यालयमै ल्याइदिनू भनेका हुन् भनी कागजसमेत गरिदिएकाले खगेन्द्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | वार्तालाप, भिडियो सिडीलगायत प्रमाणहरू आयोगले उपलब्ध गराएको रकमसँग सम्बन्धित रहेकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० खारेज भएकोले आयोगको रकमसँग सम्बन्धित प्रमाणहरू रहेका; लेखनाथ बुर्लाकोटीविरूद्ध नेपाल सरकार घूस रिसवत मुद्दा (०७३-CR-०६७८) मा बरामदी रकम नै गैरसंवैधानिक भई बिगो नै कायम गर्न नमिल्ने हुँदा बिगोबिनाको कसूर कानूनीरूपमा अधुरो हुने।<br>• इब्राहिम अलीको PAN प्रमाणपत्रमा भवन निर्माण सामग्री तथा हार्डवेयरको खुद्रा बिक्री वितरण गर्ने भने पनि निजको निवेदनमा मशीनरी सामानको व्यापार गर्ने लेखाएकोले बाझिएको व्यहोरा रहेको; मोहनलाल गोसाइँले निवेदनमा तेल चिनीको किराना सामग्रीको व्यवसाय गर्ने भनेको तर मौकाको कागजमा हाटबजारमा सामान बिक्री गर्ने भनेकाले अवैधानिकरूपमा कार्यरत व्यापारी रहेकोले प्रमाणमा लिन मिलेन।<br>• स्कृप्ट राइटिङमा निवेदकद्वयको सहीछाप नरहेको तथा आफूले बरामद गरेको सामान निवेदकहरूको पनि हुन सक्ने भएकाले रिसइवीले उजुरी दिएको हुन सक्ने; २०७६।११।३ मा पक्राउ पूर्जी जारी भई सोही मितिमा पक्राउ परी थुनुवा पूर्जी दिँदादिँदै मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(१४) अनुसार | चापागाइँले निवेदकहरूसँग घुस/रिसवत रकम लिन खान राजी भई सम्पर्क गरेको र लिने समय तथा स्थानमा अन्य मानिसको उपस्थितिले गर्दा रकम नलिई गएको तथ्य स्थापित। साथै प्रतिवेदकहरूले मुचुल्का/प्रतिवेदनका सम्बन्धमा अदालतमा सनाखत गर्दै बकपत्र गरेकोले निजहरूको बकपत्र प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) बमोजिम प्रमाणग्राह्य।<br>▪ सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो, मुद्दा नै खारेज हुने वा भए गरेका सबै काम कारवाही बदर हुने होइनन। मुद्दामा सङ्कलित अन्य प्रमाणको मूल्याङ्कनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको।<br>▪ रामबहादुर थापा विरुद्ध नेपाल सरकार भएको मुद्दामा सि.डी. लगायत विद्युतीय माध्यमबाट सङ्कलित प्रमाणलाई मुद्दामा प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन (ने.का.प. २०७४, अङ्क ९, नि.नं. ९८८०)। श्याम अधिकारी विरुद्ध नेपाल सरकार भएको मुद्दामा विज्ञान र प्रविधिको सहायताले आफूसँग घूस रिसवत मागेको बोली बोलेको, फोन वार्ता रेकर्ड गरिएको र सोलाई प्रविधिको मद्दतले लिपिबद्ध गरी प्रमाणको रूपमा पेस गरेकोलाई न्याय निरुपण गर्दा महत्त्वपूर्ण प्रमाणकै रूपमा मूल्याङ्कन गर्नुपर्ने (ने.का.प. २०७६, अङ्क ८, नि.नं. १०३२३)।<br>▪ निज प्रतिवादीले घूस रकम माग गरेको र अन्य व्यक्ति तत्काल घटनास्थलमा आएकै कारण घूस रकम लिन नपाएको स्थितिमा उक्त रकम कार्यालयमा ल्याइदिनू भनी प्रतिवादीले भनिसकेको अवस्थामा फैसलाको प्रकरण ४१ मा प्रतिवादीबाट रकम बरामद नगरेको भनी उल्लेख हुनु नै विशेष अदालतले प्रतिवादीलाई जसरी पनि सफाइ दिनकै लागि उक्त आधार लिइएको भन्ने देखिन्छ। साथै इब्राहिम अलीको PAN प्रमाणपत्रमा भवन निर्माण सामग्री तथा हार्डवेयरको खुद्रा बिक्री वितरण गर्ने भने पनि निजको निवेदनमा मशीनरी सामानको व्यापार गर्ने लेखाएकोले व्यहोरा बाझिएको भनी फैसलाको प्रकरण ३८ मा उल्लेख गरेको देखिन्छ। हार्डवेयर पसलमा मशीनरी (जस्तै पानी तान्ने मोटर, रङ मिसाउने मशीन आदि) सामान बिक्री वितरण हुने कुरा अदालतलाई अवगत हुने भन्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | तलासी नलिई अनुसन्धानको क्रममा प्रमाणको पाटोमा कमी कमजोरी भएको।<br>• उजुरीकर्ताहरू र मौकाको कागज गर्ने विपिन साहलाई बकपत्रका लागि उपस्थित गराउन नसकेकासमेतका आधारमा प्रतिवादीले सफाइ पाउने ठहर्छ। | प्रमाण ऐन, २०३१ को दफा ७(ग) को आधारमा अनुमान गर्न सकिन्छ। त्यसैगरी मोहनलाल गोसाइँले निवेदनमा तेल चिनीको किराना सामग्रीको व्यवसाय गर्ने भनेको तर मौकाको कागजमा हाटबजारमा सामान बिक्री गर्ने भनेकाले अवैधानिकरूपमा कार्यरत व्यापारी रहेकोले प्रमाणमा लिन मिलेन भनी फैसलाको प्रकरण ३८ मै उल्लेख गरे पनि तेलचिनीको कारोबार गर्ने व्यवसायीले झापाजस्तो तराइको जिल्लामा हाटबजारमा व्यापार नगर्ने भन्ने हुँदैन; किराना व्यापारीले हाटबजारमा उही सामान (तेलचिनी आदि) बिक्री वितरण गर्ने कुरा अदालतले प्रमाण ऐन, २०३१ को दफा ७(ग) बमोजिम अनुमान गर्नुपर्नेमा सफाइ दिन मिसिल संलग्न कागजातको आधार र प्रमाणहरूको मूल्याङ्कन र विश्लेषण नगरी जसरी पनि सफाइ दिने मनसायले आधार कारण उल्लेख गर्न खोजिएको।<br>▪ स्कृप्ट राइटिङमा निवेदकद्वयको सहीछाप नरहेको तथा प्रतिवादीले बरामद गरेको सामान निवेदकहरूको पनि हुन सक्ने भएकाले रिसइवीले उजुरी दिएको हुन सक्ने भनी फैसलाका आधार कारण खोज्ने क्रममा अदालत भावनामा बगेको देखिन्छ। फौजदारी मुद्दामा अनुमानका भरमा फैसला नगरिने भनी सम्मानीत सर्वोच्च अदालतबाट सिद्धान्तहरू प्रतिपादित छन्। वार्तालापको सिडी नै पेश गरेको अवस्थामा स्कृप्ट राइटिङमा निवेदकद्वयको सहीछाप नरहेको भन्ने आधार आफैमा तर्कविहीन देखिन्छ। साथै प्रस्तुत मुद्दामा वादीका साक्षीहरू, उजुरीकर्ताहरू तथा विपिन साहलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२ बमोजिम बुझ्न सक्ने देखिँदासमेत सो कार्यविधि कानूनतर्फ प्रवेश नगरी प्रतिवादीलाई सफाइ दिई गरिएको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानूनी व्यवस्थाको प्रतिकूल रहेको। |
| ४१. | जन्म अधिकारी (वि.अ. को मु.नं. ०७५-CR-०२१२, वि.अ. को फैसला मिति | घूस रिसवत तथा नपाएको ओहोदा पाएँ भनी भ्रष्टाचार | • जन्म अधिकारीले आयोगमा विचाराधीन निसारअहमद दर्जीसमेत विरुद्ध बाटो ग्रावेल गर्दा अनियमितता गरेको उजुरीमा सहजीकरण गरिदिन निसारअहमद दर्जीसँग रु. १,००,०००।- घूस/रिसवत माग गरेकोमा | **<u>फैसला</u>**<br>सफाई<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• निवेदक निसार अहमद दर्जीबाट प्रतिवादीले रु एकलाख घूस माग गरेकोमा भ्रष्टाचार निवारण ऐन, २०५९ | ▪ जन्म अधिकारीले घूस रिसवत माग गरेको स्कृप्ट राइटिङ व्यहोरा सनाखतसमेत गरेबाट निजले निसारअहमद दर्जीसँग घूस रकमको मोलहिजा गरेको स्पष्ट भइरहेको छ।<br>▪ प्र.ना.उ. राजेन्द्र श्रेष्ठको कागजमा समेत जन्म अधिकारीले निसारअहमद दर्जी विरूद्धको उजुरी अनुसन्धान भइरहेको विषयमा के कसो भइरहेको छ भनी चासो लिएको; निज जन्म अधिकारीले मुद्दा मिलाइदिने भनी आरोपितसँग घूस रकम माग गरेको उल्लेख गरेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | २०७९।१।१५) | गरेको। | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २१ बमोजिमको कसूरमा ऐ ऐनको दफा ३(१) र दफा ३(१)(ग) बमोजिम हुने सजायमा ऐ. ऐनको दफा २१ बमोजिम सजाय हुन तथा चन्दननाथ उच्च माध्यमिक विद्यालयका शिक्षक कलानन्द माझी विरुद्धको उजुरीमा निज शिक्षकबाट रु. १४,८००।- घूस/रिसवत लिएकोमा ऐ ऐनको दफा ३(१) वमोजिमको कसूरमा बिगो रु.१४,८००।- कायम गरी ऐ. ऐनको दफा ३(१) र दफा ३(१)(क) बमोजिम सजाय हुन तथा निज प्र.स.नि. जन्म अधिकारीले आफूले नपाएको ओहोदा पाएको विश्वासमा पारी बदनियतपूर्वक आफूले गैरकानूनी तवरबाट फाइदा लिने मनसायले आफू अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सिनियर प्रहरी निरीक्षक हुँ भनी आफ्नो फेसबुक Wallpaper मा राख्ने एवम् प्र.ना.नि. र प्रहरी निरीक्षक हुँ भनी नपाएको ओहोदा पाएको भनेकाले ऐ ऐनको दफा १५ बमोजिमको कसूरमा ऐ ऐनको सोही दफाबमोजिम समेत सजाय हुन मागदावी लिइएकोमा कलानन्द माझीविरुद्धको उजुरीमा | को दफा २१ को दाबी लिइएकोमा कसूरका सम्बन्धमा अनुसन्धानको क्रममा र अदालतमा इन्कारी बयान गरेको; निजले रिसवत नलिई गएको भनी उजुरीकर्ताले कागज गरेको; रिसवत माग गर्नु नै कसूरको उद्योग नहुने।<br>• नपाएको ओहोदा पाएँ भनी फेसबुकमा राखेकाले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ को दाबी लिइएकोमा फेसबुकमा राखिएको सूचना आधिकारिक र भरपर्दो नहुने भएकाले प्रामाणिक शक्ति न्यून रहेको; सामाजिक सञ्जालमा आफ्नो फरक ओहोदा लेख्नुमात्रले कसूर हुने होइन, निजले ओहोदाको अधिकार, हैसियत वा सुविधाको दुरुपयोग गरेको पुष्टि हुनुपर्छ | ▪ निज प्र.स.नि. जन्म अधिकारीले आफूले नपाएको ओहोदा पाएँ भनी आफ्नो पहिचान लुकाई निवेदकसमेतलाई आफू प्रहरी निरीक्षक रही अख्तियारको कार्यालय कोहलपुरमा कार्यरत रहेको बताएको तथ्य निजहरूले गरेको कागजबाट खुल्न आएको, निज जन्म अधिकारीको फोन नं ९८५१२८३१०८ बाट (call_13-18-21_OUT_9857090005) बीचको संवादमा कोहलपुर अख्तियारबाट सब इन्सपेक्टर जन्म अधिकारी बोलेको भनी प्रदेश नं. ५ ट्राफिक प्रहरी कार्यालय, बुटवलमा कार्यरत प्र.ज. मनोज ढकालसँग फोन संवाद गरेको, उक्त फोन संवादलाई निज प्र.ज. मनोज ढकालले सनाखत गरी सोही तथ्य नै समर्थन गरी खुलाई लेखेको, स्थानीय ब्यापारी शुकराम अहिरलाई डरत्रासमा पारी हातखुट्टा बाँधेर अख्तियार लैजाने भनी निजसँग तेल माग गरेको र पछि जन्म अधिकारीलाई अख्तियारले पक्राउ गरेको हुनाले मैले निजलाई तेल दिनु परेन भनी खुलाई लेखाई दिएको र निजहरूबीचको फोन संवाद शुकराम अहिरले सनाखत गरी दिएको, जन्म अधिकारीले २ महिना अगाडि प्रहरी निरीक्षक जन्म अधिकारी बोलेको भनी फोन नं ९८४८०३०८१७ हुने आफ्नो दाइबाट रू. ५०,०००।- जम्मा भएपश्चात् ६,००० ईंट पठाउनु भएकोमा २,००० ईंट बिग्रेको रहेछ भनेपछि फुटेको ईंट फिर्ता लिने शर्तमा राम्रो ईंट पठाइदिएकोमा फिर्ता लिनुपर्ने बिग्रेको ईंट फिर्ता नगरी जन्म अधिकारीले नै राखेको भनी खान ईंट उद्योगका आधिकारिक सप्लायर्स ललन खाँले खुलाई लेखेको, जन्म अधिकारी र ललन खाँबीचको फोन संवादको रेकर्डमा जन्म अधिकारीले इन्सपेक्टर भनी बोलेको सुनिएको र सो फोन संवाद रेकर्डलाई ललन खाँले सनाखत गरेको, जन्म अधिकारीले नेपाल राष्ट्रिय आधारभूत विद्यालय, जानकी-५ बाँकेका प्रधानाध्यापक साकिर खाँलाई ईंट व्यवस्थापन गरेमा निजकी श्रीमतीलाई स्कूलमा जागिर लगाइदिने भनी रू. १८,८००।- को २००० ईंट लिई रू. ८,०००।- मात्र भुक्तानी दिई बाँकी रू.१०,८००।-हालसम्म भुक्तानी नगरेको भनी निज साकिर खाँले लेखाएकोले जन्म अधिकारीले नपाएको ओहोदा प्रहरी इन्सपेक्टर हुँ भनी फोन संवाद गरेको र Facebook ID (http://facebook.com/janma.adhikari)मा "Senior Inspector at Commission for the Investigation of Abuse of Authority, Investigation Officer at Commission for the Investigation of Abuse of |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निज शिक्षकबाट रु. १४,८००।- घूस/रिसवत लिएकोमा ऐ ऐनको दफा ३(१) वमोजिमको कसूरमा ऐ. ऐनको दफा ३(१) र दफा ३(१)(क) बमोजिम एक महिना कैद र बिगो रु. १४,८००।— जरिवाना गरिएको तथा निसारअहमद दर्जीसँग रु.१,००,०००।- घूस/रिसवत माग गरेकोमा ऐ ऐनको दफा २१ बमोजिमको कसूरमा ऐ ऐनको दफा ३(१) र दफा ३(१)(ग) बमोजिम हुने सजायमा ऐ. ऐनको दफा २१ बमोजिम सजाय हुन तथा ऐ ऐनको दफा १५ बमोजिमको कसूरमा ऐ ऐनको ऐ दफाबमोजिम समेत सजाय हुन मागदाबी लिइएकोमा सो कसूरबाट सफाइ दिने गरी विशेष अदालतबाट फैसला भएको छ। | | Authority, Studied Political Science (Subject) at Shanker Dev Campus, Tribhuvan University, Lives in Kathmandu, Nepal" भनी लेखेको प्रोफाइल रहेको, फोटोहरू पोष्ट गरेको र उल्लिखित फोटोसमेतको विवरण आफैले पोष्ट गरेको भनी जन्म अधिकारीले सनाखतसमेत गरेको।<br>▪ निजको सामसुङ फोन IME1 नं. ३५८३४६०८०३३३७२२/०१ र IMEI2 ३५८३४७०८०३३३७२०/०१ उल्लिखित सिम नं ९८५१२८३१०८ सहित Scan Disk 32GB लेखेको मेमोरी कार्ड थान-१ भएको फोनबाट जन्म अधिकारीले फोन नं ९८५१२८३१०८ बाट फोन नं ९८१४५२२५०५ का साकिर खाँबीच "GOOD MORNING SIR MANGALWAR BHNDA PAHILE NA HUNE BHO KI MANGALWAR SAJHA KI BUDHWAR BIHAN TYO BHNDA PAHILE NA HUNE BHO MA GAER AEKO" लेखेको SMS भएको।<br>▪ प्रतिवादीले पटकपटकको बार्गेनिङ पश्चात् रु एकलाख मागेको कुरा उजुरी निवेदनमा खुलेको र बकपत्रमा सोही व्यहोरा उजुरीकर्ताले उल्लेख गरेको देखिँदा प्रमाण ऐन, २०३१ को दफा ८ र १०(१)(ख) बमोजिम त्यस्तो बकपत्र प्रमाणमा लिन हुने हुँदा वादीले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोग प्रमाणित गरेको।<br>▪ प्रस्तुत मुद्दाको फैसलाको प्रकरण ४९ मा अनुसन्धानको क्रममा तयार सीडी प्रमाणग्राह्य भनिएको छ। त्यसैगरी प्रकरण ५० मा प्रतिवादी जन्म अधिकारीलाई रकम दिन गएको र निजहरूबीच भेटघाट भएको मिसिल संलग्न प्रमाणबाट देखिएको भनी व्याख्या गर्ने अदालतले भ्रष्टाचारको उद्योग नभएको भनी दफा २१ बमोजिमको कसूर नठहर्याई गरिएको फैसला त्रुटिपूर्ण छ। फैसलाको प्रकरण ५४ मा कसूरको उद्योग हुने विभिन्न तथ्यहरू उल्लेख गरिएकोमा कसूर गर्ने मनसायमात्र नभई कार्य हुनुपर्ने उल्लेख गरिएकोमा प्रस्तुत मुद्दामा यी प्रतिवादीले रु एकलाख लिने मनसायले उजुरकर्तासँग यी प्रतिवादीको भेट भएको तथ्य स्वयम् फैसलाको प्रकरण ४९ मा उल्लेख गरेको देखिन्छ। अपराधशास्त्रका अनुसार कसूर हुनका लागि सामान्यतया मनसाय (intention), पूर्वतयारी (preparation/planning), अपराधिक कार्य गर्ने प्रयास (attempt) र अपराधिक कार्यको पूर्णता (commission) भएमामात्र पूर्ण अपराध हुन्छ। प्रस्तुत मुद्दामा घूस रकम प्राप्त गर्ने पूर्वतयारीका साथ घूस रकम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | लिने उद्देश्यका साथ उजुरीकर्तासँग भेट गर्न यी प्रतिवादी गएको देखिएको छ। मनसाय तत्व नभएको ठाउँमा उद्योग हुन नसक्ने सैद्धान्तिक दृष्टिकोण छ र यी प्रतिवादी रु एकलाख लिन उजुरीकर्तासँग भेट गर्न गएको तथ्य मिसिल संलग्न कागजातहरूले पुष्टि गरिरहेको छ। उक्त कार्य पूर्ण अपराधको निकटतम् नै रहेको छ। यसरी अपराधको प्रयत्न वा प्रयास गरे वापत सजाय हुने कानूनमा व्यवस्था भएको अवस्थामा अपराधको प्रयत्नको दायित्व अभियुक्तमा आउँछ। भौतिकरूपमा पूर्ण अपराध हुन असम्भव छ तर कर्ताको कार्यको परिणामस्वरूप उक्त आपराधिक कार्य हुन असम्भव रहेको अवस्थामा भने निज सो अपराधको उद्योगको लागि दायित्वाधीन सिद्धान्तलाई फौजदारी विधिशास्त्रले स्वीकार गरेको छ। आपराधिक मनसायबमोजिमको तयारी पुरा गरी सकेपछि त्यस्तो आपराधिक कार्य गर्न चाहने व्यक्तिले अपेक्षित परिणाम प्राप्त गर्न गरेको कुनै भौतिक कार्य वा आपराधिक कार्यले अपेक्षित परिणाम ल्याउन नसकेको अवस्थालाई अपराधको उद्योग भन्ने गरिन्छ। अपराधको उद्योग स्थापित हुन कर्ताबाट निजको आपराधिक मनसायबमोजिम अपेक्षित परिणाम प्राप्त गर्न कुनै कार्य गरेको हुनुपर्ने मान्यता छ। मनसायपूर्वक गरिने कसूरहरूमा मात्र मनसाय र तयारीको चरणपछि सो मनसायबमोजिम कर्ताले कुनै कार्य गरेमा परिणाम नआएको अवस्था भए पनि सो कार्यलाई नै उद्योगको रूपमा आपराधीकरण गरिने हुन्छ। यी प्रतिवादीले पटकपटकको बार्गेनिङपछि रु एकलाख लिन सहमत भएको र उक्त रकम लिने मनसायले वारदातस्थलमा गएको।<br>▪ श्याम अधिकारी विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा विज्ञान र प्रविधिको सहायताले आफूसँग घूस रिसवत मागेको बोली बोलेको, फोन वार्तालाई रेकर्ड गरिएको र सोलाई प्रविधिको मद्दतले लिपिबद्ध गरी प्रमाणको रूपमा पेश गरेकोलाई न्याय निरुपण गर्दा महत्त्वपूर्ण प्रमाणकै रूपमा मूल्याङ्कन गर्नुपर्ने (ने.का.प. २०७६, अङ्क ८, नि.नं. १०३२३) व्याख्या भएको। |
| ४२. | जयमङ्गल प्रसाद (वि.अ. को | घुस रिसवत लिई | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसूरमा बिगो रु. ६,००,०००।- कायम गरी सोही | **<u>फैसलाः</u>** सफाई<br>**<u>आधार</u>**<br>• सर्वोच्च अदालतबाट विष्णुप्रसाद घिमिरे | ▪ रकमको बार्गेनिङ गरेको संवादवाट देखिन आएकोमा सो वार्तालाप आफू र निवेदकबीचको भनी जयमङ्गल प्रसादले स्वीकार गरेको।<br>▪ डिबिजन वन कार्यालय, नुवाकोट, वन तथा भू-संरक्षण विभाग र खानी |

| | | | | | |
|---|---|---|---|---|---|
| | मु.नं. ०७६-CR-०३७८, वि.अ. को फैसला मिति २०७९।२।१९) | भ्रष्टाचार गरेको। | ऐनको दफा ३ (१) र दफा ३(१)(ङ) बमोजिम सजाय हुन | विरुद्ध सङ्घीय संसद्समेत भएको रिट (०७४-WC-००२०) मा राज्यकोषको रकम बरामद भएको अवस्थामा कसूर ठहर गर्न नमिल्ने; लेखनाथ बुर्लाकोटीविरुद्ध नेपाल सरकार घूस रिसवत मुद्दा (०७३-CR-०६७८) मा बरामदी रकम नै गैरसंवैधानिक भई बिगो नै कायम गर्न नमिल्ने हुँदा बिगोबिनाको कसूर कानूनीरूपमा अधुरो हुने। उक्त बरामदी मुचुल्कामा बस्ने व्यक्ति तथा प्रतिवेदकहरूले दिएको प्रतिवेदन व्यहोरा, मौकाको कागज व्यहोरा, निजहरूको बकपत्रसमेत बरामदी रकमसँग सम्बन्धित नै भएकाले तिनलाई प्रमाणमा लिन नमिल्ने।<br>• अदालत र अनुसन्धानको क्रममा प्रतिवादी कसूरमा इन्कार गरी बयान गरेको। । | तथा भूगर्भ विभागबाट प्राप्त कागजातहरूअनुसार चुनढुङ्गा उत्खनन् गर्ने कार्य रोक्का राख्ने आदेश कहिँकतैबाट नभएको; जयमङ्गल प्रसादले चुनढुङ्गा उत्खनन् गर्न रोक लगाएपश्चात् तादी सिमेन्ट एण्ड लाइम इन्डष्ट्रिज प्रा.लि. को तर्फबाट वन तथा भू-संरक्षण विभागमा चुनढुङ्गाको छोडपूर्जी दिन आदेश गरी पाऊँ भनी निवेदन दिएकोमा उक्त विभागले सो सम्वन्धमा डिभिजन वन कार्यालय, नुवाकोटमा जवाफ माग गर्दासमेत तालुक कार्यालयलाई जवाफ नदिएको।<br>▪ जयमङ्गल प्रसादको सरकारी निवासको प्यासेजमा रहेको बाँसको थुन्सेबाट रु.१,००,०००।— बरामद भएको व्यहोराको मुकुन्द बास्कोटा, लोकनाथ न्यौपाने, राधाकृष्ण भण्डारी, नीलमकुमार भुसाल र अनिल पण्डितसमेतका व्यक्तिहरूको मौकाको कागज रहेकोमा बुझिएका/प्रतिवेदकहरू बिना केसी, पुष्पराज मल्ल, रमेश सापकोटासमेतको प्रतिवेदनमा प्रतिवादीको सरकारी निवासबाट रकम बरामद भएको बकपत्रमा लेखाएका। शैलेन्द्र पाण्डेको बकपत्रको जवाफ १४ मा प्रतिवादी स्वयम्ले नै उक्त रकम थुन्सेमा राखेको भनी उल्लेख गरिदिएका। निजहरूको बकपत्र प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) बमोजिम प्रमाणग्राह्य।<br>▪ उजुरीकर्ताले प्रतिवादीलाई घूस वापत रकम दिन बाध्य बनाएको र प्रतिवादीको सरकारी निवासबाट रकम बरामद भएको कुरा उजुरवालाको बकपत्र (जवाफ १२) बाट समर्थन भएकोले प्रमाण ऐन, २०३१ को दफा ८ र १०(१)(ख) बमोजिम त्यस्तो बकपत्र प्रमाणमा लिन मिल्ने हुँदा वादीले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोग प्रमाणित गरेको।<br>▪ सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो, मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन। मुद्दामा सङ्कलित अन्य प्रमाणको मूल्याङ्कनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको।<br>▪ रामबहादुर थापा विरुद्ध नेपाल सरकार भएको मुद्दामा सि.डी. लगायत विद्युतीय माध्यमबाट सङ्कलित प्रमाणलाई मुद्दामा प्रमाणको रूपमा ग्रहण |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गर्न मिल्दैन (ने.का.प. २०७४, अङ्क ९, नि.नं. ९८८०)। श्याम अधिकारी विरुद्ध नेपाल सरकार भएको मुद्दामा विज्ञान र प्रविधिको सहायताले आफूसँग घूस रिसवत मागेको बोली बोलेको, फोन वार्ता रेकर्ड गरिएको र सोलाई प्रविधिको मद्दतले लिपिबद्ध गरी प्रमाणको रूपमा पेस गरेकोलाई न्याय निरुपण गर्दा महत्त्वपूर्ण प्रमाणकै रूपमा मूल्याङ्कन गर्नुपर्ने (ने.का.प. २०७६, अङ्क ८, नि.नं. १०३२३)। अर्जुनकुमार घिमिरे विरुद्ध नेपाल सरकार भएको मुद्दामा "अपरिचित सेवाग्राहीले अपरिचित राष्ट्रसेवकलाई फसाउने भन्ने प्रश्न नै आउँदैन" (स.अ.बु, वर्ष १८, अङ्क १८, पुष २०६६, पूर्णाङ्क ४२०, पृष्ठ १०) भनी सर्वोच्च अदालतवाट फैसला भएको। |
| ४३. | प्रेमचन्द्र विश्वकर्मा (वि.अ. को मु.नं. ०७७-CR-००४३, वि.अ. को फैसला मिति २०७९।२।१९) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) अनुसारको कसूरमा बिगो रु.१२,०००।- कायम गरी प्रेमचन्द्र विश्वकर्मालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१)(क) बमोजिम सजाय हुन | **<u>फैसलाः सफाई</u>**<br>**<u>आधार</u>**<br>क. सर्वोच्च अदालतबाट विष्णुप्रसाद घिमिरे विरुद्ध सङ्घीय संसद्समेत भएको रिट (०७४-WC-००२०) मा राज्यकोषको रकम बरामद भएको अवस्थामा कसूर ठहर गर्न नमिल्ने; सर्वोच्च अदालतबाट गोविन्द कँडेलसमेत विरुद्ध नेपाल सरकार भएको घूस रिसवत मुद्दा (०७५-CR-१११० र १३४३) मा फोन वार्तालाप, भिडियो सिडीलगायत प्रमाणहरू आयोगले उपलब्ध गराएको रकमसँग सम्बन्धित रहेको; लेखनाथ बुर्लाकोटीविरुद्ध नेपाल सरकार घूस रिसवत मुद्दा (०७३-CR-०६७८) मा बरामदी रकम नै गैरसंवैधानिक भई बिगो नै कायम गर्न नमिल्ने हुँदा बिगोबिनाको कसूर कानूनीरूपमा अधुरो हुने।<br>ख. अदालत र अनुसन्धानको क्रममा प्रतिवादी कसूरमा इन्कारी रहेको; | ▪ सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो, मुद्दा नै खारेज हुने वा भए गरेका सबै काम कारवाही बदर हुने होइनन। मुद्दामा सङ्कलित अन्य प्रमाणको मूल्याङ्कनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको।<br>▪ प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको।<br>▪ अनुसन्धानको क्रममा बुझिएका अनिलराज गिरी, रामप्रसाद भण्डारी, राजकुमार चापागाईँसमेतले अनुसन्धानको क्रममा तयार मुचुल्काहरू तथा प्रतिवेदनमा भएका व्यहोरा सत्य हुन् भनी सनाखत गरेकोले निजहरूको बकपत्र प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) बमोजिम प्रमाणग्राह्य हुने। उजुरीकर्ताले प्रतिवादीलाई घूस वापत रकम दिएको र प्रतिवादीको खल्तीबाट रकम बरामद भएको कुरा उजुरवालाको बकपत्रबाट समर्थन भएकोले प्रमाण ऐन, २०३१ को दफा ८ र १०(१)(ख) बमोजिम त्यस्तो बकपत्र प्रमाणमा लिन मिल्ने हुँदा वादीले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोग प्रमाणित गरेको।<br>▪ प्रदीप अधिकारी विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा खल्तीबाट घूसको रकम बरामद भएको अवस्थामा घूस/रिसवत लिएको होइन भनी जिकीरसम्म लिएको तर त्यसलाई कुनै वस्तुनिष्ठ प्रमाण पेश गरी प्रमाणित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अदालतमा सीडी लिपिबद्ध गर्ने क्रममा पनि प्रतिवादीले कसूरमा इन्कारी ब्यहोरा लेखाएको। | गर्न नसकेकोले बरामद भएका नोटहरू प्रतिवादीको जानकारी र सहमति बेगर निजको अज्ञानतामा नै निजको खल्तीमा राखिएको वा जबर्जस्ती राखिएको भनी अनुमान गर्न नमिल्ने (ने.का.प. २०६७, अङ्क ४, निर्णय नं. ८३४०)। यी प्रतिवादीले सापटी वापतको रकम लिएको लेखाए पनि उजुरीकर्ताको बकपत्रबाट उक्त कुरा खण्डित भइरहेकोले प्रतिवादीको भनाइ पत्यारलायक देखिन्न।<br>▪ श्याम अधिकारी विरुद्ध नेपाल सरकार भएको मुद्दामा घूस रिसवत मागेको बोली बोलेको, फोन वार्ता रेकर्ड गरिएको र सोलाई प्रविधिको मद्दतले लिपिबद्ध गरी प्रमाणको रूपमा पेस गरेकोलाई न्याय निरुपण गर्दा महत्त्वपूर्ण प्रमाणकै रूपमा मूल्याङ्कन गर्नुपर्ने (ने.का.प. २०७६, अङ्क ८, नि.नं. १०३२३)। |
| ४४. | भूपेन्द्रकुमार सिँह (वि.अ. को मु.नं. ०७६-CR-०४४७, वि.अ. को फैसला मिति २०७९।२।१९) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसूरमा बिगो रु. ४,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१)(क) बमोजिम सजाय हुन। | <u>**फैसलाः**</u> सफाई।<br><u>**आधार**</u><br>• प्रतिवादीले अनुसन्धानमा घूस नभई खाजा मिलाइदिने भनेको र अदालतमा कसूरमा पूर्णत: इन्कारी रही बयान गरेको; सर्वोच्च अदालतबाट विष्णुप्रसाद घिमिरे विरुद्ध सङ्घीय संसद्समेत भएको रिट (०७४-WC-००२०) मा राज्यकोषको रकम बरामद भएको अवस्थामा कसूर ठहर गर्न नमिल्ने; लेखनाथ बुर्लाकोटीविरुद्ध नेपाल सरकार घूस रिसवत मुद्दा (०७३-CR-०६७८) मा बरामदी रकम नै गैरसंवैधानिक भई बिगो नै कायम गर्न नमिल्ने हुँदा बिगोबिनाको कसूर कानूनीरूपमा अधुरो हुने; प्रतिवादीले इशाराले घूस रकम माग गरेको भनी निवेदनमा खुलाए पनि कस्तो इशाराले घूस रकम मागेको भन्ने नखुलेको तथा उजुरकर्ताले नै प्रतिवादीलाई रु | ▪ निवेदक शंखर पहाडीले भुक्तानी लिन **"प्यान बिल पेस गरेको हुँदा भुक्तानी प्रक्रिया ढीलो भएको"** कुरा बयानमा खुलाए पनि निज शंखर पहाडीले २०७७/२/२९ गते निवेदन साथ संलग्न राखी सोही मितिमै भ्याट बिल पेश गरेको हरिपुर नगरपालिकाको पत्र साथ संलग्न कागजातबाट देखिएकोले निज प्रतिवादीको बयान विश्वसनीय नभएको।<br>▪ सर्वोच्च अदालतबाट रिट नं. ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन। मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको।<br>▪ अनुसन्धानको क्रममा बुझिएका तथा प्रतिवेदकहरूले अनुसन्धानको क्रममा गरिएका कागज तथा प्रतिवेदन व्यहोरा सत्य हुन् भनी सनाखत गरिदिएको अनुसन्धानको क्रममा बुझिएका राजीव महतोको बकपत्रको जवाफ ६ मा रञ्जितकुमार राय यादवको घर्राबाट रकम बरामद भएको लेखाएको। भूपेन्द्रकुमार सिँह बसेकै कोठामा विपरीत दिशामा बसेर कार्यरत राजीव महतोले घूस वापतको रकम बरामद भएको स्पष्ट लेखाएको देखिएकोमा उक्त बकपत्र प्रमाण ऐन, २०३१ को दफा १०(१)(ख) बमोजिम प्रमाणग्राह्य। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ४,०००।– दिने भनी उक्साहटपूर्ण कुराकानी गरेकोसमेतका आधार। | ▪ प्रतिवादीको बयानको जवाफ १६ मा आफूले खाजा मिलाइदिनूस् नभनेको भने पनि निज र उजुरकर्ताबीचको अडियो संवादमा उक्त कुरा स्पष्ट रहेको तथा उजुरीकर्ताले घूस वापत रकम दिनुपरेको र प्रतिवादीले अह्राएअनुसार नै सहकर्मीको घरबाट रकम बरामद भएको कुरा उजुरवालाको बकपत्र (जवाफ १३) बाट समर्थन भएकोले प्रमाण ऐन, २०३१ को दफा ८ र १०(१)(ख) बमोजिम त्यस्तो बकपत्र प्रमाणग्राहर्य रहेको। |
| ४५. | ललिता रोकाया (वि.अ. को मु.नं. ०७६-CR-०२४८, वि.अ. को फैसला मिति २०७९।२।२०) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | बिगो रु. १,५०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१)(घ) बमोजिम सजाय हुन | <u>**फैसलाः**</u> सफाई<br><u>**आधार**</u><br>▪ सर्वोच्च अदालतबाट विष्णुप्रसाद घिमिरे विरुद्ध सङ्घीय संसद्समेत भएको रिट (०७४-WC-००२०) मा राज्यकोषको रकम बरामद भएको अवस्थामा कसूर ठहर गर्न नमिल्ने; सर्वोच्च अदालतबाट गोविन्द कँडेलसमेत विरुद्ध नेपाल सरकार भएको घूस रिसवत मुद्दा (०७५-CR-१११० र १३४३) मा फोन वार्तालाप, भिडियो सिडीलगायत प्रमाणहरू आयोगले उपलब्ध गराएको रकमसँग सम्बन्धित रहेको; लेखनाथ बुर्लाकोटीविरुद्ध नेपाल सरकार घूस रिसवत मुद्दा (०७३-CR-०६७८) मा बरामदी रकम नै गैरसंवैधानिक भई बिगो नै कायम गर्न नमिल्ने हुँदा बिगोबिनाको कसूर कानूनीरूपमा अधुरो हुने।<br>▪ अदालत र अनुसन्धानको क्रममा प्रतिवादी कसूरमा इन्कारी रहेको; अदालतमा सीडी लिपिबद्ध गर्ने क्रममा पनि प्रतिवादीले कसूरमा इन्कारी ब्यहोरा लेखाएको; वादीकै साक्षी जनकराज जोशीको बकपत्रमा ललिता रोकायाले घूस रिसवतसम्बन्धी | ▪ प्र. र निवेदकबीचको कुराकानीको अडियो रेकर्डमा रकम वार्गेनिङ गरेको तथा माग गरेको देखिएबाट प्र. ले स्वच्छाले नै निवेदकसँग घुस माग गरेको।<br>▪ बुझिएका गणेश ठगुन्ना, ***दिबहादुर विष्ट,*** प्रमेबहादुर बस्नेत, विनोद श्रेष्ठ, डोलराज भट्टराई, यज्ञश्वरी सिँहसमेतको मौकाको कागजमा ललिता रोकायाको ज्याकेटको बायाँ खल्तीबाट रु. १,५०,०००।—बरामद भएको उल्लेख गरेकोमा अदालतमा उक्त कागज सनाखत गर्दै बकपत्र गरेकोले निजहरूको बकपत्र प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) बमोजिम प्रमाणग्राह्य। उजुरीकर्ता गौरी रोकायाले बकपत्रको जवाफ ७ मा ललिता रोकायाले रु पाँचलाख मागेकोमा आफूसँग त्यति रकम नभएकोले खुट्टासमेत ढोगेपछि निजले रु तीनलाख मागेकोमा आफूसँग रकम नभएकोले सुन दिन खोज्दा सुन लिन नखोजेको र आफूले कतैबाट पनि रकम जुटाउन नसकेको अवस्थाका बारेमा स्पष्ट चित्रण गरेकी। जवाफ १० मा उजुरीकर्ता र कमला दमाइबीचको कागज यी प्रतिवादीले आफूसँग राखी जबरजस्ती नदिएको लेखाएकी छिन्। आफूले जतिसुकै रोइकराइ गरे पनि निज प्रतिवादीले आफ्नो कागज नदिएको; लिनुदिनुको कागज नभएपछि अदालतमा मुद्दा गर्नसमेत नपाइएको भनी लाचार अवस्थाको चित्रण गरी प्रतिवादीको बदनियत छर्लङ्ग पारी उजुरीकर्ताले बकपत्र गरेको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा १०(१)(ख) बमोजिम प्रमाणको बेवास्ता गरी फैसला भएको।<br>▪ उजुरीकर्ताले प्रतिवादीलाई घूस वापत रकम दिएको र प्रतिवादीको खल्तीबाट रकम बरामद भएको कुरा उजुरवालाको बकपत्र (जवाफ ७) बाट समर्थन भएकोले प्रमाण ऐन, २०३१ को दफा ८ र १०(१)(ख) बमोजिम त्यस्तो बकपत्र प्रमाणग्राह्य रहेकोले वादीले प्रमाण ऐन, २०३१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | केही कुरा गरेकी थिइनन् भनेकोसमेतका आधारमा प्रतिवादीले सफाइ पाउने। | को दफा २५ बमोजिम अभियोग प्रमाणित गरेको<br>▪ प्रदीप अधिकारी विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा खल्तीबाट घूसको रकम बरामद भएको अवस्थामा घूस/रिसवत लिएको होइन भनी जिकीरसम्म लिएको तर त्यसलाई कुनै वस्तुनिष्ठ प्रमाण पेश गरी प्रमाणित गर्न नसकेकोले बरामद भएका नोटहरू प्रतिवादीको जानकारी र सहमति बेगर निजको अज्ञानतामा नै निजको खल्तीमा राखिएको वा जबर्जस्ती राखिएको भनी अनुमान गर्न नमिल्ने (ने.का.प. २०६७, अङ्क ४, निर्णय नं. ८३४०)।<br>▪ सर्वोच्च अदालतबाट रिट नं. ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो, मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन। मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङ्कनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको। |
| ४६. | लोगबहादुर खड्का (वि.अ. को मु.नं. ०७६-CR-०२६१, वि.अ. को फैसला मिति २०७९।२।१२) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसूरमा बिगो रु.२,०००/- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१)(क) बमोजिम सजाय हुन | **<u>फैसलाः</u>** सफाई<br>**<u>आधार</u>**<br>सर्वोच्च अदालतबाट विष्णुप्रसाद घिमिरे विरुद्ध सङ्घीय संसद्समेत भएको रिट (०७४-WC-००२०) मा राज्यकोषको रकम बरामद भएको अवस्थामा कसूर ठहर गर्न नमिल्ने भनी भएको फैसलाअनुसार प्रस्तुत मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० अनुसारको बरामद रकम रहेको; सर्वोच्च अदालतबाट गोविन्द कँडेलसमेत विरुद्ध नेपाल सरकार भएको घूस रिसवत मुद्दा (०७५-CR-१११० र १३४३) मा फोन वार्तालाप, भिडियो सिडीलगायत प्रमाणहरू आयोगले उपलब्ध गराएको रकमसँग सम्बन्धित रहेकोले ती प्रमाणहरू | ▪ प्र. र निवेदक वीच भएको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ गरेको तथा माग गरेको देखिएबाट प्रतिवादीले स्वेच्छाले निवेदकसँग घुस रिसवत रकम माग गरी लिएको।<br>▪ बुझिएका वडा सदस्य राजेन्द्र न्यौपाने, प्रहरी निरीक्षक सुरेशकुमार ठाकुर, प्रहरी सहायक निरीक्षक शम्भु आले मगर, प्रहरी जवान प्रवीण खड्का, प्रहरी जवान हरिशबहादुर पालसमेतले गरेको छुट्टाछुट्टै कागजमा खुलाएकोमा अनुसन्धानको कागज सही सत्य हुन् भनी सनाखत गरी अदालतमा बकपत्र गरेका। कागज तथा मुचुल्का गर्ने व्यक्तिहरू बिना केसी, शम्भु आलेमगरसमेतले प्रतिवेदन/मुचुल्काहरू सनाखत गर्दै बकपत्र गरेकोले निजहरूको बकपत्र प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) बमोजिम प्रमाणग्राह्य रहेको।<br>▪ उजुरीकर्तालाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२ बमोजिम बुझ्न सक्ने देखिँदासमेत सो कार्यविधि कानूनतर्फ प्रवेश नगरी प्रतिवादीलाई सफाइ दिई गरिएको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानूनी व्यवस्थाको प्रतिकूल रही फैसला गरिएको।<br>▪ अर्जुनकुमार घिमिरे विरुद्ध नेपाल सरकार भएको मुद्दामा "अपरिचित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | स्वतन्त्र हुन् भनी भन्न नसकिने; लेखनाथ बुर्लाकोटीविरुद्ध नेपाल सरकार घूस रिसवत मुद्दा (०७३-CR-०६७८) मा बरामदी रकम नै गैरसंवैधानिक भई बिगो नै कायम गर्न नमिल्ने हुँदा बिगोबिनाको कसूर कानूनीरूपमा अधुरो हुने; उजुरी निवेदकको बकपत्र नभएकाले निजको अनुसन्धानको भनाइ प्रमाणग्राह्य मान्न नसकिनेसमेतका आधारमा प्रतिवादीले सफाइ पाउने । | सेवाग्राहीले अपरिचित राष्ट्र सेवकलाई फसाउने भन्ने प्रश्न नै आउँदैन" (स.अ.बु, वर्ष १८, अंक १८, पुष २०६६, पूर्णाङ्क ४२०, पृष्ठ १०) भनी सर्वोच्च अदालतबाट फैसला भएको देखिएकोमा सो फैसलाको प्रतिकूल हुने गरी प्रतिवादीले स्वेच्छाले घुस रकम माग गरेको नदेखिएको आधारमा प्रतिवादीलाई आरोपित कसूरबाट सफाइ पाउने गरी फैसला भएको। त्यसैगरी प्रदीप अधिकारी विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा खल्तीबाट घूसको रकम बरामद भएको अवस्थामा घूस/रिसवत लिएको होइन भनी जिकीरसम्म लिएको तर त्यसलाई कुनै वस्तुनिष्ठ प्रमाण पेश गरी प्रमाणित गर्न नसकेकोले बरामद नोटहरू प्रतिवादीको जानकारी र सहमति बेगर निजको अज्ञानतामा नै निजको खल्तीमा राखिएको वा जबर्जस्ती राखिएको भनी अनुमान गर्न नमिल्ने (ने.का.प. २०६७, अङ्क ४, निर्णय नं. ८३४०)।<br>▪ सर्वोच्च अदालतबाट रिट नं. ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सबै काम कारवाही बदर हुने होइनन। मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको।<br>▪ श्याम अधिकारी विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा घूस रिसवत मागेको बोली बोलेको, फोन वार्ता रेकर्ड गरिएको र सोलाई प्रविधिको मद्दतले लिपिबद्ध गरी प्रमाणको रूपमा पेस गरेकोलाई न्याय निरुपण गर्दा महत्त्वपूर्ण प्रमाणकै रूपमा मूल्याङ्कन गर्नुपर्ने (ने.का.प. २०७६, अङ्क ८, नि.नं. १०३२३)। |
| ४७. | विकास पोखरेल (वि.अ. को मु.नं. ०७७-CR-०००७, वि.अ. को फैसला मिति | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसूरमा बिगो रू. ६५,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१)(ग) बमोजिम सजाय हुन | **<u>फैसला</u>**<br>सफाइ<br>**<u>आधार</u>**<br>प्रतिवादीले अनुसन्धान र अदालतसमक्ष कसूरमा इन्कारी भई बयान गरेको; उजुरकर्ताको भुक्तानी लिने काम सम्पन्न भइसकेपछि उजुरी परेको देखिएको; | ▪ प्र. र निवेदक बीच भएको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ गरेको तथा माग गरेको देखिएबाट प्र.ले स्वच्छाले निवेदकसगँ घुस रिसवत रकम माग गरेको। हाकिमले नमान्दा नमान्दै पनि आफूले रु ६५,०००।– मा मिलाएको भनी घूस रकमका लागि बार्गेनिङ गरेको। अनुसन्धानको क्रममा उक्त आवाज आफ्नै हुन सक्नेमा सावित रहेकोमा निजको आवाजको VOICE SPECTRUM ANALYSIS परीक्षण गर्दा Match probability is more than 83.6% रहेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | २०७९।२।१९) | | | निवेदनसाथ पेश भएको अडियो रेकर्ड बरामद रकमसँग सम्बन्धित भएको तथा उक्त सीडी आधिकारीक एवम् कानूनसम्मत तवरबाट तयार भएको नदेखिएको; बरामद रकम राज्यकोषको भई आयोगले उपलब्ध गराएको तथा बरामद रकमसँग सम्बन्धित वादी पक्षका साक्षीहरूको बकपत्रसमेत प्रमाणग्राह्य गर्न नमिल्ने भएबाट उल्लिखित प्रमाणहरू बाहेक अन्य स्वतन्त्र प्रमाणहरूबाट प्रतिवादीउपरको आरोप पुष्टि हुन नआएको। | ▪ सर्वोच्च अदालतबाट रिट नं. ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो, मुद्दा नै खारेज हुने वा भए गरेका सबै काम कारवाही बदर हुने होइनन। मुद्दामा संकलित अन्य प्रमाणको मूल्याङ्कनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादित।<br>▪ उजुरीकर्तालेे प्रतिवादीलाई घूस वापत रकम दिएको र प्रतिवादीको खल्तीबाट रकम बरामद भएको कुरा उजुरवालाको बकपत्र (जवाफ ९) बाट समर्थन भएकोले प्रमाण ऐन, २०३१ को दफा ८ र १०(१)(ख) बमोजिम त्यस्तो बकपत्र प्रमाणमा लिन मिल्ने हुँदा वादीले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोग प्रमाणित गरेको।<br>▪ प्रदीप अधिकारी विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा खल्तीबाट घूसको रकम बरामद भएको अवस्थामा घूस/रिसवत लिएको होइन भनी जिकीरसम्म लिएको तर त्यसलाई कुनै वस्तुनिष्ठ प्रमाण पेश गरी प्रमाणित गर्न नसकेकोले बरामद भएका नोटहरू प्रतिवादीको जानकारी र सहमति बेगर निजको अज्ञानतामा नै निजको खल्तीमा राखिएको वा जबर्जस्ती राखिएको भनी अनुमान गर्न नमिल्ने (ने.का.प. २०६७, अङ्क ४, निर्णय नं. ८३४०)।<br>▪ श्याम अधिकारी विरुद्ध नेपाल सरकार भएको मुद्दामा घूस रिसवत मागेको बोलेको, फोन वार्ता रेकर्ड गरिएको र सोलाई प्रविधिको मद्दतले लिपिबद्ध गरी प्रमाणको रूपमा पेस गरेकोलाई न्याय निरुपण गर्दा महत्त्वपूर्ण प्रमाणकै रूपमा मूल्याङ्कन गर्नुपर्ने (ने.का.प. २०७६, अङ्क ८, नि.नं. १०३२३)। |
| ४८. | शिवकुमार घिमिरे र कुबेर केसी (वि.अ. को मु.नं. ०७६-CR-०२३५, वि.अ. को | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | लेखा अधिकृत शिवकुमार घिमिरे र लेखापाल कुबेर के.सी. लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसूरमा बिगो रु. ३०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३ (१) (ख) बमोजिम | **<u>फैसलाः</u>** सफाई<br>**<u>आधार</u>**<br>▪ सर्वोच्च अदालतबाट विष्णुप्रसाद घिमिरे विरुद्ध सङ्घीय संसद्समेत भएको रिट (०७४-WC-००२०) मा राज्यकोषको रकम बरामद भएको अवस्थामा कसूर ठहर गर्न नमिल्ने भनी भएको | ▪ प्र. र निवेदकबीच भएको कुराकानीको अडियो रेकर्डमा रकम वार्गेनिङ गरेको तथा माग गरेको देखिएबाट प्रतिवादीले स्वेच्छाले निवेदकसँग घुस रिसवत रकम माग गरेको।<br>▪ अनुसन्धानको क्रममा बुझिएका तथा प्रतिवेदकहरू रामबहादुर श्रेष्ठ, उर्मिला ढकाल, अभिषेक घिमिरेसमेतले अनुसन्धानका क्रममा तयार कागज/मुचुल्कामा भएको व्यहोरा सही सत्य हो भनी अदालतमा बकपत्रका क्रममा लेखाएकाले निजहरूको बकपत्र प्रमाण ऐन, २०३१ को दफा |

| | | | | | |
|---|---|---|---|---|---|
| | फैसला मिति २०७९।२।५) | | सजाय हुन। | फैसलाअनुसार प्रस्तुत मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० अनुसारको बरामद रकम रहेको; सर्वोच्च अदालतबाट गोविन्द कँडेलसमेत विरुद्ध नेपाल सरकार भएको घूस रिसवत मुद्दा (०७५-CR-१११० र १३४३) मा फोन वार्तालाप, भिडियो सिडीलगायत प्रमाणहरू आयोगले उपलब्ध गराएको रकमसँग सम्बन्धित रहेको; लेखनाथ बुर्लाकोटीविरुद्ध नेपाल सरकार (०७३-CR-०६७८) मा बरामदी रकम गैरसंवैधानिक भई बिगो नै कायम गर्न नमिल्ने हुँदा बिगोबिनाको कसूर कानूनीरूपमा अधुरो हुने।<br>▪ अदालत र अनुसन्धानको क्रममा प्रतिवादी कुबेर केसीले अनुसन्धानको क्रममा शिवकुमार घिमिरेले भनेअनुसार रकम लिएको भनेका र प्रतिवादी शिवकुमार घिमिरेले कुबेर केसी र उजुरकर्ता आफ्नै कोठामा कुरा गरिरहेका र आफूले रकम मागी कुबेर केसीलाई राख्न नदिएको भनेका; प्रतिवादी शिवकुमार घिमिरेबाट रकम बरामद नभएको; कुबेर केसीको टेबलको घर्राबाट रकम बरामद भए पनि उजुरबालाले उक्त रकम घूस वापत दिएको थाहा नभएको भनी कुबेर केसीले र प्रतिवादीका साक्षीहरूले बकपत्र गरेको; प्रतिवादीले अङ्क किटान गरी रकम मागेको नदेखिएको; उजुरीकर्ताले निवेदन साथ सीडी पेश नगरी भोलिपल्टमात्र पेश | १०(१)(क) बमोजिम प्रमाणमा लिनुपर्छ। साथै उजुरीकर्ता बलराम वाग्लेले बकपत्रको जवाफ १० मा प्रतिवादीद्वयले घूस रकम माग गरेको, जवाफ ११ मा बिल अगाडि बढाएदेखि नै कमिशन रकम तय गरेकोमा कतिपय कारणले कमिशन उपलब्ध गराउन ढीला भएको लेखाई उजुरी निवेदन ढीला हुनुका कारण प्रष्ट पारेका छन्। यसरी निवेदकले आफ्नो लाचार अवस्थाको चित्रण गरी प्रतिवादीले बार्गेनिङ गरी घूस रकम माग गरेकोमा प्रतिवादीद्वयको बदनियत छर्लङ्ग पारी उजुरीकर्ताले बकपत्र गरेको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा १०(१)(ख) बमोजिम प्रमाणको बेवास्ता गरी फैसला भएको। प्रतिवादी कुबेर केसीका साक्षी विवेककुमार कार्कीको बकपत्रमा प्रतिवादी कुबेर केसीलाई पक्राउ गर्दा आफू आफ्नै घरमा रहेको जवाफ ११ मा लेखाउनेले जवाफ १२ मा प्रत्यक्षदर्शीले झैं घटनाको सबिस्तार वर्णन गरेकाले निजको बकपत्र विश्वसनीय नरहेको र फैसलाको प्रकरण ४३ मा भनिएजसरी सफाइको आधार बन्न नसक्ने।<br>▪ सर्वोच्च अदालतबाट रिट नं. ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सबै काम कारवाही बदर हुने होइनन। मुद्दामा सङ्कलित अन्य प्रमाणको मूल्याङ्कनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादित।<br>▪ श्याम अधिकारी विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा विज्ञान र प्रविधिको सहायताले आफूसँग घूस रिसवत मागेको बोली बोलेको, फोन वार्तालाई रेकर्ड गरिएको र सोलाई प्रविधिको मद्दतले लिपिबद्ध गरी प्रमाणको रूपमा पेस गरेकोलाई न्याय निरुपण गर्दा महत्त्वपूर्ण प्रमाणकै रूपमा मूल्याङ्कन गर्नुपर्ने (ने.का.प. २०७६, अङ्क ८, नि.नं. १०३२३) व्याख्या गरेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गरेको; अदालतमा सीडी लिपिबद्ध गर्ने क्रममा पनि प्रतिवादीले कसूरमा इन्कारी व्यहोरा लेखाएको। | |
| ४९. | सुरेशराज भट्ट (वि.अ. को मु.नं. ०७६-CR-०३३९, वि.अ. को फैसला मिति २०७९।२।२०) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | सुरेशराज भट्टलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसूरमा बिगो रू. १,००,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१)(ग) बमोजिम सजाय | <u>**फैसलाः**</u> सफाई<br><u>**आधार**</u><br>▪ सर्वोच्च अदालतबाट विष्णुप्रसाद घिमिरे विरुद्ध सङ्घीय संसद्समेत भएको रिट (०७४-WC-००२०) मा राज्यकोषको रकम बरामद भएको अवस्थामा कसूर ठहर गर्न नमिल्ने; लेखनाथ बुर्लाकोटीविरुद्ध नेपाल सरकार भएको घूस रिसवत मुद्दा (०७३-CR-०६७८) मा बरामदी रकम नै गैरसंवैधानिक भई बिगो नै कायम गर्न नमिल्ने हुँदा बिगोबिनाको कसूर कानूनीरूपमा अधुरो हुनेसमेतको फैसलाको आधारमा राज्यकोषको रकम बरामदीको प्रक्रियासँग जोडिएर आएको श्रव्यदृश्य सीडीसमेत प्रमाणग्राह्य नभएको।<br>▪ प्रतिवेदकहरू विनोद श्रेष्ठ, जयराम अवस्थी, रविन श्रेष्ठ र डोलाराज भट्टराईको बकपत्रहरू अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० सँगको रकमसँग सम्बन्धित रहेकाले निज प्रतिवादीविरुद्ध कसूर स्थापित गर्ने प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने; उजुरकर्ता बहादुर भण्डारी र मौकामा बुझिएका दुर्गादत्त भट्टलाई बुझ्नैपर्नेमा वादी पक्षले उपस्थित गराउन नसकेका; मुचुल्काका व्यक्तिहरू वडाध्यक्ष राजेन्द्रसिँह विष्ट, वडा सदस्य करणसिँह | ▪ प्रतिवादीले घूस रकम मागी स्वीकार गरी निजैको कोठाको टेबलबाट बरामद भएको।<br>▪ सरकारी साक्षीहरूलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२ बमोजिम बुझ्न सक्ने देखिँदासमेत सो कार्यविधि कानूनतर्फ प्रवेश नगरी प्रतिवादीलाई सफाइ दिई गरिएको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानूनी व्यवस्थाको प्रतिकूल रही फैसला त्रुटिपूर्ण भई बदरभागी छ। प्रतिवेदकहरू विनोद श्रेष्ठ, जयराम अवस्थी, रविन श्रेष्ठ र डोलाराज भट्टराईसमेतले अदालतमा उक्त प्रतिवेदन/कागज सनाखत गर्दै बकपत्र गरेकोले निजहरूको बकपत्र प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) बमोजिम प्रमाणमा लिनुपर्छ।<br>▪ सर्वोच्च अदालतबाट रिट नं. ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो, मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन। मुद्दामा सङ्कलित अन्य प्रमाणको मुल्याङ्कनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादित।<br>▪ सरकारी अड्डामा कागजातहरू सुरक्षा गर्नुपर्ने दायित्व सम्बन्धित कार्यालयको नै हुने। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | कठायत, प्रनानि वीरभद्र कठायतलाई वादी पक्षले उपस्थित गराउन नसकेकोमा निजहरूको मौकाको भनाइ प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाण ग्राह्य नभएको।<br>▪ चमेलिया नदी नियन्त्रण तथा तटबन्ध योजनामा काम गर्न इष्टिमेट नभएको; इष्टिमेटै नबनेकोले दुर्गादत्त भट्टसँग सम्झौता नभएको, कुनै कर्मचारीलाई कार्यदिश दिई फिल्ड तोकीनसकेको, दुर्गादत्त भट्टको निवेदन डिभिजन कार्यालय पाटनमा नभेटिएको। | |
| ५०. | त्रिलोक जोशी (वि.अ. को मु.नं. ०७६-CR-०२०८, वि.अ. को फैसला मिति २०७९।०२।२७) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | •भ्र.नि. ऐन, २०५९ को दफा ३ (१) को कसुरमा बिगो रु.२५०,०००।— कायम गरी ऐ.ऐनको दफा ३ (१) र दफा ३(१)(घ) बमोजिम सजाय। | **<u>फैसलाः</u>**<br>प्रतिवादीलाई सफाई<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• प्रतिवादीले अनुसन्धान तथा अदालतमा वयान गर्दा आरोपित कसूरमा इन्कार रहेको,<br>• उजुरवाला धनवहादुर कुँवर वाहेकका सरकारी साक्षीहरु रंगेहात वरामदीको कार्यसँग सम्वन्धित रहेका व्यक्तीहरु भएको र निजहरुले बरामदी मुचुल्कालाई सनाखत गरी बकपत्र गरेको देखिदा निजहरुको भनाई प्रमाणमा ग्रहण गर्न मिल्ने अवस्था नभएको,<br>• स्क्रिप्ट राइटिङगवाट पनि प्रतिवादीले घुस रिसवत मागेको भन्ने देखिन नआएको,<br>• मानसिंह साउदले अनुसन्धानमा कागज गरेको देखिन्छ तर अदालतमा उपस्थित भई बकपत्र गरेको देखिदैन । | • प्रस्तुत वारदातमा प्रतिवादीको Mens Rea र Actus Reus दुवै तत्वको विद्यमान रहेको देखिएको ।<br>• निवेदकले यस आयोगवाट घुस/रिसवतको रकम प्राप्त गर्नु पूर्वको प्रतिवादीले घुस रिसवत माग गरेको अडियो रेकर्ड मिसिल सामेल रहेको देखिएको र उक्त वार्तालापमा "निवेदकले ल पैसा २ लाख ५० हजार पठाइदिउँ हैन सर" भनी सोध्दा प्रतिवादीले "उम हस् हस्" भनेर भनेको देखिएको र प्रतिवादी र निवेदक विच पटक पटक फोन सम्पर्क भएको Call Details Record वाट देखिएको प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १३क. ले प्रमाणमा लिनु पर्ने देखिएको र उक्त प्रमाणलाई सर्वोच्च अदालतको संवैंधानीक इजलासले ०७४-CR-००२० को फैसला गर्दा समेत प्रमाणको रुपमा ग्रहण गर्नु नै पर्ने भनी व्याख्या गरेको.<br>• (ने.का.प.२०७४, अंक ९, भाग ५९, नि.न.९८८०), (स.अ.बु, वर्ष १८, अंक २१, फागुन २०६६, पूर्णांक ४२३, पृष्ठ ३१), (स.अ.बु, वर्ष १८, अंक १८, पुष २०६६, पूर्णांक ४२०, पृष्ठ १०), (ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिर फैसलाको प्रतिकुल हुने गरी प्रतिवादीलाई सफाई दिने गरी फैसला भएको ।<br>• मानसिह साउदलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | नगरी प्रतिवादीलाई सफाई दिने नियतले हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहेको । |
| ५१. | तिलक प्रसाद घिमिरे (वि.अ. को मु.नं. ०७७-CR-००६४, वि.अ. को फैसला मिति २०७९।०२।१८) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | •प्रतिवादी तिलक प्रसाद घिमिरेः भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो रु.१५,०००।- कायम गरी ऐ. ऐनको दफा ३ (१) र दफा ३ (१) (क) बमोजिम सजाय। | **<u>फैसलाः</u>**<br>प्रतिवादीलाई सफाई ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• उजुरवालाको वैद्य काम गर्नको लागी प्रतिवादीले घुस/रिसवत माग गरी उजुरवालालाई रकम दिन वाध्य पारेको भन्ने अवस्था देखिदैन,<br>• प्रतिवादीको पदिय जिम्मेवारीको काम नदेखिएको । | • प्रस्तुत वारदातमा प्रतिवादीको Mens Rea र Actus Reus दुवै तत्वको विद्यमान रहेको देखिएको ।<br>• निवेदक ढक वहादुर कार्कीले अदालतमा बकपत्र गर्दा समेत स.ज ८ मा १० वर्षको नविकरण गर्न बाँकी छ । तपाईको सो नविकरण गर्दा प्रत्येक वर्षको दरले धेरै रकम करिब ५५/६० हजार जति लाग्छ भन्नुभएको थियो । मलाई सो सम्बन्धमा के कति रकम लाग्छ भन्ने थाहा थिएन । तर उहाँले म रु.१५०००।- मा नविकरण गर्दिन्छु भन्नुभएको थियो भनी खुलाएको देखिएकोवाट निवेदकले वैद्य काम गर्न सम्वन्धित कार्यालय जिल्ला खेलकुद विकास समिति गएको देखिएको,<br>• जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुख अनन्तदेवी खनालले वयान गर्दा स.ज ११ मा प्रतिवादी तिलक प्रसाद घिमिरे कार्यालयमा खरिदार पदमा कार्यरत रहेको निजको जिम्मेवारी क्लव नविकरणमा प्राप्त हुन आएका कागजातहरु चेकजाँच गरी दर्ता नविकरणका लागी पेश गर्ने गर्छन भनी खुलाएको वाट निज प्रतिवादी आधिकारिक व्यक्ती नै देखिएको,<br>• प्रतिवादी र निवेदक विचको अडियो वार्तालापको स्क्रिप्ट राइटिङ्ग हेर्दा प्रतिवादीले " बिल भर्पाई नै आउदा पनी ५०/६० भन्दा तल हुदैन हो कि होइन भन्नु न १०/१५ हजारमा काम सकिन्छ भने अधिकारिक पनि हुन्छ नि नक्कली हो कि भन्ने भएन" निवेदकले " के १५ दिनै पर्ने? " भन्दा प्रतिवादीले "१५ हो नहुने कुरामा तपाई जोड नगर्नु न" भनी घुस रिसवतको वार्गेनिङ्ग नै गरी घुस रिसवत दिन वाध्य गरेको देखिएको सो प्रमाणलाई प्रमाण ऐन २०३१ को दफा १३क ले प्रमाण योग्य नै देखिएको,<br>• (ने.का.प.२०७४, अंक ९, भाग ५९, नि.न.९८८०), (स.अ.बु, वर्ष १८, अंक १८, पुष २०६६, पूर्णांक ४२०, पृष्ठ १०), (ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिर फैसलाको प्रतिकुल हुने गरी प्रतिवादीलाई सफाई दिने गरी फैसला भएको । |
| ५२. | प्रकाश पौडेल र मनहरी भट्टराई (वि.अ. को | घुस रिसवत लिई भ्रष्टाचार | •प्रतिवादी प्रकाश पौडेलः भ्र.नि.ऐन, २०५९ को दफा ३(१) को कसुरमा जनही बिगो रु.१२,०००।- कायम गरी ऐ. ऐनको दफा ३ (१) र दफा ३ (१) | **<u>फैसलाः</u>**<br>प्रतिवादीहरुलाई सफाई ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• प्रतिवादी प्रकाश पौडेलले लेनदेन भएको | • प्रस्तुत वारदातमा प्रतिवादीहरुको Mens Rea र Actus Reus दुवै तत्वको विद्यमान रहेको देखिएको ।<br>• प्रतिवादी प्रकाश पौडेलले अदालतमा वयान गर्दा स.ज ११ मा सापटी वापत लिनुपर्ने रकम समेतको विषय खुलाएता पनी सो विषयमा सह-अभियुक्त |

| | | | | | |
|---|---|---|---|---|---|
| | मु.नं. ०७६-CR-०१४१, वि.अ. को फैसला मिति २०७९।०२।१९) | गरेको। | (क) बमोजिम सजाय।<br>• प्र.मनहरी भट्टराईः<br>भ्र.नि. ऐन, २०५९ को दफा ३(२) को कसुरमा जनही बिगो रु.१२,०००।- कायम गरी ऐ. ऐनको दफा ३ (१) र दफा ३ (१) (क) बमोजिम सजाय। | भनिएको रकम आफू र मनहरी भट्टराईको विचको सापटी रकम हो भनी कसुरमा इन्कारी वयान गरेको,<br>• उजुरीकर्ताले प्रतिवादीसँगको हुनुपर्ने काम सम्पन्न भइसकेपछि प्रतिवादीलाई घुस रिसवत दिनुपर्ने वाध्यात्मक परिस्थिति निवेदकले देखाउन नसकेको स्थितिमा उजुरी निवेदकलाई आधार मानी प्रतिवादीले घुस/रिसवत खाने मनसाय राखेको थियो भन्न मिल्ने देखिएन,<br>• घुस रिसवत रकम प्रतिवादीको साथवाट वरामद भएको देखिन्छ । आयोगले उपलव्ध गराएको राज्यकोषको रकम दशी प्रमाण तथा विगो समेत कायम नहुने भनी अधिवक्ता विष्णुप्रसाद घिमिरे वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत भएको ०७४-WC-००२० भएको रिट निवेदनमा व्याख्या भएको। | मनहरी भट्टराईले केहि खुलाएको नदेखिएको र निज स्वयंले समेत थप प्रमाण पेश गर्न सकेको नदेखिएको,<br>• स्वंय निवेदकले अदालतमा गरेको वकपत्रको स.ज ७ मा मैले मिति २०७६।७।३ मा मेरो आमाको लालपुर्जा मेरो हातमा परेपछि निजलाई घुस वापतको रकम सोहि दिन दिएको हुँ, स.ज ८ मा मैले मिति २०७६।७।१ मा कागजात पाएको होइन भनी गरेको बकपत्र लाई प्रमाण ऐन, २०३१ को दफा १८ ले प्रमाण योग्य नै देखिएको,<br>• निवेदकले यस आयोगवाट घुस/रिसवतको रकम प्राप्त गर्नु पूर्वको प्रतिवादीले घुस रिसवत माग गरेको अडियो रेकर्ड मिसिल सामेल रहेको देखिएको र उक्त वार्तालापमा मनहरी भट्टराईले "तपाईलाई १२ हजार दियो" भनी जानकारी गराउदा प्रकाश पौडेलले जवाफमा "तपाईले २ राखेर मलाई १० मात्रै दिएको भएपनी हुन्थ्यो" भनी भनेको देखिएको, प्रतिवादीहरु र निवेदक विच पटक पटक फोन सम्पर्क भएको Call Details Record वाट देखिएको प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १३क. ले प्रमाणमा लिनु पर्ने कानूनी व्यवस्था रहेको र उक्त प्रमाणलाई सर्वोच्च अदालतको संवैंधानिक इजलासले ०७४-CR-००२० को फैसला गर्दा समेत प्रमाणको रुपमा ग्रहण गर्नु नै पर्ने भनी व्याख्या गरेको,<br>• (ने.का.प.२०७४, अंक ९, भाग ५९, नि.न.९८८०), (स.अ.बु, वर्ष १८, अंक २१, फागुन २०६६, पूर्णांक ४२३, पृष्ठ ३१), (स.अ.बु, वर्ष १८, अंक १८, पुष २०६६, पूर्णांक ४२०, पृष्ठ १०)भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिर फैसलाको प्रतिकुल हुने गरी प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला भएको। |
| ५३. | रमेश कार्की (वि.अ. को मु.नं. ०७६-CR-०२४०, वि.अ. को फैसला मिति २०७९।०२।०५) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • प्रतिवादी रमेश कार्कीः<br>भ्र.नि.ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रु.८५००।- कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय। | **<u>फैसलाः</u>**<br>• प्रतिवादीलाई सफाई ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• प्रतिवादी रमेश कार्कीवाट रकम बरामद हुदैमा सो रकम घुस वापत मागिएको रकम हो भन्न सकिने अवस्था पनि देखिन आएन,<br>• उजुरीकर्ता र प्रतिवादी वीच रकमको सम्वन्धमा फोन संवाद भएको देखिए तापनी उक्त रकम के कुन विषयको | • प्रस्तुत वारदातमा प्रतिवादीको Mens Rea र Actus Reus दुवै तत्वको विद्यमान रहेको देखिएको ।<br>• प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष वयान गर्दा स.ज १६ मा उक्त अडियोमा रु.८७००।- पाउनु हुन्छ भनेको र सो को प्रत्युउत्तरमा हुन्छ, हुन्छ भनि निजलाई मैले कार्यालयमा आउनु भनेको हु, स.ज १७ मा कार्यालयको सूचना विज्ञापन प्रकाशन गरि विज्ञापन व्यवसायी बलराम वाग्लेलाई भ्याट बाहेक रु.५८५००।- भुक्तानी दिए पश्चात उसको विल भुक्तानी दिए वापत निजले रु.८५००।- लिनुस भनि दिएकोले लिएको हु, स.ज १८ मा सुचना विज्ञापन प्रकाशन गरे पश्चात प्राप्त विल रकम भुक्तानी गरिदिए वापत निजले रु.८७५०।- पाउनु हुन्छ भनेको र सोही रकम मैले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | सन्दर्भमा सम्वाद भएको हो स्क्रिप्ट राइटिङ्ग व्यहोरावाट प्रष्ट खुलेको देखिदैन,<br>• उजुरकर्ता र निजसँग अन्य केहि व्यक्तिहरु आई मलाई जवरजस्ती शर्टको खल्तीमा खाम हालिदिएको हो भनि कसूरमा इन्कार रही प्रतिवादीले अदालतमा वयान गरेको । | माग गरेको हु, स.ज २३ मा कम भन्दा कम सजाय पाई एक पटक सुध्रने मौका पाउछु भन्ने आशा गर्दछु भनी पश्चाताप समेत गरी वयान गरेको देखिएकोलाई प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) वमोजिम प्रमाण लिन नै हुने देखिएको,<br>• स्क्रिप्ट राइटिङ्गमा निवेदक बलरामले "यहाँ यता यो, यो ६६,१०५।-आको छ, त्यसको १५% को दरले ८७५०।- हुन्छ है सर" भन्दा प्रतिवादी रमेशले "य हुन्छ हुन्छ, मिलाएर गर्नुन, भईहाल्यो नि, हुन्छ हुन्छ, ल हुन्छ" भनी भनेको समेतवाट प्रतिवादीको वयानलाई समर्थन गरी घुस रिसवत माग गरेको देखिएकोलाई प्रमाण ऐन, २०३१ को दफा १३क ले प्रमाणमा लिन हुने देखिएको,<br>• उजुरकर्ताले अदालतमा बकपत्र गर्दा स.ज १३ मा आफुले पाउनु पर्ने भुक्तानी पाईसकेपनी वहाँले घुस रिसवतको कुरा राखुभएकोले वहाँको माग अनुसार रकम ५८ हजार ५ सय को १५% ले रु.८ हजार ७ सय ७५ रुपैया खामवन्दि गरिदिएको हो, स.ज १५ मा लेखा शाखावाट भुक्तानी पाउनुपर्ने हुदा बिल लेखामा पेश गरेदेखिनै घुस रिसवत दिए बिल अगाडी बढाईदिने र नदिए रोकिदिने काम भएकोले वहाँहरुको निर्णयको कार्यान्वन गरे पनी घुस रिसवत माग भएकोले निज रमेश कार्कीलाई खामवन्दि रकम दिनुपरेको हो भनी बकपत्र गरेकोलाई प्रमाण ऐन, २०३१ को दफा १८ ले प्रमाणमा लिन हुने देखिएको<br>• (ने.का.प.२०७४, अंक ९, भाग ५९, नि.न.९८८०), (स.अ.बु, वर्ष १८, अंक २१, फागुन २०६६, पूर्णांक ४२३, पृष्ठ ३१), (स.अ.बु, वर्ष १८, अंक १८, पुष २०६६, पूर्णांक ४२०, पृष्ठ १०), (ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिर फैसलाको प्रतिकुल हुने गरी प्रतिवादीलाई सफाई दिने गरी फैसला भएको |
| ५४. | सूर्य प्रसाद मिश्र र दुर्गा प्रसाद चौधरी (वि.अ. को मु.नं. ०७६-CR-०१४४), वि.अ. को | झुठ्ठा बिल भरपाई बनाई रकम भुक्तानी लिई | • प्रतिवादीहरु सूर्य प्रसाद मिश्र र दुर्गा प्रसाद चौधरीः जनही विगो रु.६०००।–भ्र.नि.ऐन, २०५९ को दफा ३(१) कसुरमा सोही ऐनको दफा ३(१) र दफा ३(१)(क) बमोजिम जरिवाना र कैद सजाय । | **<u>फैसलाः</u>**<br>प्रतिवादीहरुले सफाई पाउने।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• उजुरकर्ता प्रेमबहादुर कलवार वास्तविक सेवाग्राही नभइ सेवाग्राही शैरुन निसा गद्दीको वारेससम्म भएको अवस्थामा निजले दिएको उजुरीका आधारमा | • प्रस्तुत वारदातमा प्रतिवादीहरुको Mens Rea र Actus Reus दुवै तत्वको विद्यमान रहेको देखिएको ।<br>• प्रतिवादी सुर्य प्रसाद मिश्रले अधिकार प्राप्त अधिकारी समक्ष वयान गर्दा स.ज १७ मा अडियो रेकर्ड मेरो र प्रेम बहादुर कलवार सँग भएको हो । सुनी सनाखत गरी दिए । स.ज १८ मा निवेदकले रु.६०००।- मोही नाम सारी मुद्दा रहेकोले त्यही कामको लागी दिएको, स.ज २१ मा उक्त रकम दुर्गा प्रसाद चौधरीले मलाई अफिसमा भन्नु भयो त्यसैको आधारमा मैले प्रेम |

| | | | | | |
|---|---|---|---|---|---|
| | फैसला मिति २०७९।०२।१९) | भ्रष्टाचार गरेको। | | प्रतिवादीलाई सजाय गर्नु पर्ने अवस्था देखिँदैन,<br>• अडियो संवाद तथा अडियो संवादको आधारमा तयार गरिएको स्क्रिप्ट राइटिङ्ग पनी वरामद रकमसँग सम्वन्धित भएकोले प्रमाणमा लिन नमिल्ने भनी सर्वोच्च अदालतवाट गोविन्दप्रसाद कणेल वि.नेपाल सरकार ०७५-CR-१११० भएको मुद्दामा समेत फैसला भएको देखिएको,<br>• उजुरकर्ताको उजुरी निवेदन, निजको मौकाको कागज र निजले अदालतमा गरेको बकपत्रका आधारमा मात्र भ्रष्टाचार जस्तो गम्भिर फौजदारी कसुरमा प्रतिवादीहरुलाई सजाय गर्नु न्यायोचित देखिन आएन । | बहादुर कलवारलाई भनी दिए भनी कसुरमा स्वीकार गरी सह अभियुक्तलाई पोल गरी वयान गरेको देखिएकोलाई प्रमाण ऐन, २०३१ को दफा ९क.ले प्रमाणमा लिन हुने नै देखिन्छ,<br>• प्रतिवादी सुर्य प्रसाद मिश्र र निवेदक विच भएको अडियो सम्वादमा सुर्य प्रसाद मिश्रले"दुर्गा सर से सल्लाहँ लेवके पडत न केतना लागी कि हिसाब" "मोटामोटी ५/६(पाँच/छ) हँजार रखिहे ।" भनी भने पश्चात निवेदकले "५/६ हजार ढेर ना-होजाई" भनी देखिएकोवाट प्रतिवादी दुर्गा चौधरी समेतको संलग्न खुलाई घुस रिसवतको वारगेनिङ्ग गरेको देखिएकोले प्रमाण ऐन, २०३१ को दफा १३क ले प्रमाणमा लिन हुने देखिन्छ,<br>• निवेदक प्रेम बहादुर कलवारले अदालतमा गरेको वकपत्रको स.ज १२ मा २०७६।६।१५ गते तारेख लिने वेलामा मिश्र सरले दुर्गा सर आफ्नो नम्वर दिनु भनी दुर्गा सरले तपाई दिनुस भनेकाले मिश्र सरले आफ्नो नम्वर दिएकोले मिश्र सरले मसँगवाट रकम माग गर्नु भएको हो, स.ज १५ मा घुस दिन मलाई दुर्गा सर र मिश्र जीले वाध्य पार्नु भएको हो भनी बकपत्र गरेकोलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ ले प्रमाण योग्य नै देखिएको<br>• मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद-१३ दफा १४४ मा "मुद्दाको कुनै पक्षले आफ्नो तर्फवाट अदालतमा मुँद्दासँग सम्वन्धित कुनै काम गर्न वा यस परिच्छेदमा उल्लिखित खास कामका लागि कुनै व्यक्तिले अर्को कुनै व्यक्तिलाई आफ्नो प्रतिनिधी नियुक्त गर्न सक्नेछ" भनी कानूनी व्यवस्था गरेकोवाट कानूनी रुपमा नै उजुरकर्ता वास्तविक सेवाग्राहीको रुपमानै परिभाषित गरेको अवस्थामा उल्लेखित कानूनी प्रावधानको प्रतिकुल हुने गरी आधार लिई फैसला भएको,<br>• (ने.का.प.२०७४, अंक ९, भाग ५९, नि.न.९८८०), (स.अ.बु, वर्ष १८, अंक २१, फागुन २०६६, पूर्णांक ४२३, पृष्ठ ३१), (स.अ.बु, वर्ष १८, अंक १८, पुष २०६६, पूर्णांक ४२०, पृष्ठ १०) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिर फैसलाको प्रतिकुल हुने गरी प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला भएको । |
| ५५. | हेमन्त के.सी (वि.अ. को मु.नं. ०७६-CR-०२२३), | घुस रिसवत लिई भ्रष्टाचार | • प्र. हेमन्त के.सीः भ्र.नि. ऐन,२०५९ को दफा ३(१) क कसुरमा बिगो रु.७,०००।- कायम गरी र ऐ. ऐनको दफा | **<u>फैसलाः</u>**<br>प्रतिवादीले सफाई पाउने ।.<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• प्रतिवादी उपर आयोग समक्ष उजुरीको | • प्रस्तुत वारदातमा प्रतिवादीको Mens Rea र Actus Reus दुवै तत्वको विद्यमान रहेको देखिएको ।<br>• प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको हस्तलिखित वयानमा स.ज १६ मा निवेदक सँगको संवाद अडियो र Bugging Device कम्प्यूटर |

| | | | | | |
|---|---|---|---|---|---|
| | वि.अ. को फैसला मिति २०७९।०३।०९) | गरेको। | ३(१) र दफा ३(१)(क) बमोजिम सजाय हुन। | २०७६/८/१९ मा दिएको देखिएपनी आयोगले २२ गते मात्र उजूरकर्तालाई रकम उपलब्ध गराउने रकम बरामद गराउन टोली खटाउने कार्य गरेको देखिएकाले उजुरीमा उल्लेख भएको मिति र सोही मितिमा लागेको तोक उजुरी पछि लामो अवधी कुनै कारवाही हुन सकेको नदेखिदा उजूरीको मिति नै शंकास्पद देखिन आउछ,<br>• प्रतिवादीले कसुरमा इन्कारी वयान गरेको देखिन्छ,<br>• उजुरकर्ताको उजुरी र उजुरवाट उठान भएका फोन वार्तालाप सि.डि समेतलाई बकपत्र हुन नसकेको अवस्थामा प्रतिवादीका विरुद्ध प्रमाणमा ग्रहण गर्न मिल्ने देखिन आएन । | माध्यमवाट सुनी पाए उक्त फोन संवाद र Bugging Device भएको आवाज म समेतको हो सनाखत गरि दिए भनी वयान गरेको देखिएकोमा उक्त संवादको स्क्रिप्ट राइटिङ्गमा हेमन्त के.सी.ले घोराही जानुहोस् म पनि जान लागेको छु, घोराही लगिदिन्छु अनि वहीँ हुन्छ भन्नुका साथै निवेदकले बीस हजार भन्दा आरोपी हेमन्त के.सी.ले तपाईंले जति सक्नु हुन्छ त्यति गरिदिनुस् नत्र दश गर्नु, अहिले अरु पछि....अब तपाईंको धरौटी राम्रै हालिन्छ, तपाईंले हामीलाई केही गर्नुहुन्न....सात गर्नुस् न त....नभए हाल्छ धरौटी पचास साठी हजार भनी माग गरेको देखिएको प्रमाणलाई प्रमाण ऐन, २०३१ क दफा १३ क. वमोजिम प्रमाणमा लिनु पर्ने,<br>• प्रतिवादीले अदालतमा वयान गर्दा इन्कारी वयान गरेता पनी त्यसको विश्वास योग्य प्रमाण पेश गर्न सकेको देखिदैन,<br>• वादी नेपाल सरकारका साक्षीहरु लोकमणी पाण्डे, जित वहादुर खत्री, शंकर प्रसाद आचार्य, रिना राई, सुनिल कुमार थारु समेतले अनुसन्धानमा कागज र अदालतमा बकपत्र गर्दा समेत प्रतिवादीले घुस रिसवत लिएको पुष्टि हुने गरी लेखाएको व्यहोरा प्रमाण ऐन, २०३१ को दफा १० र १८ ले प्रमाण योग्य नै देखिएको<br>• सरकारी साक्षी मान वहादुर रेउलेलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीलाई सफाई दिने नियतले हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहेको ।<br>• (ने.का.प.२०७४, अंक ९, भाग ५९, नि.न.९८८०), (स.अ.बु, वर्ष १८, अंक २१, फागुन २०६६, पूर्णांक ४२३, पृष्ठ ३१), (स.अ.बु, वर्ष १८, अंक १८, पुष २०६६, पूर्णांक ४२०, पृष्ठ १०) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिर फैसलाको प्रतिकुल हुने गरी प्रतिवादीलाई सफाई दिने गरी फैसला भएको । |
| ५६. | राजुप्रसाद ढकाल, शिवजी सापकोटा, रामचन्द्र काफ्ले, | नक्कली बैंक ग्यारेण्टी पेश गरी भ्रष्टाचार गरेको। | • प्रतिवादीहरु रामचन्द्र काफ्ले, ध्रुवराज गौतमःभ्र.नि.ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा विगो रु. २,०२,७३,०००।-(दुई करोड दुई लाख त्रिहत्तर हजार) कायम गरी ऐ.ऐनको दफा १७ ले निर्देश गरे | **<u>फैसलाः</u>**<br>• प्रतिवादी राजुप्रसाद ढकालः भ्र.नि.ऐन, २०५९ को दफा ९ को कसुरमा सोही दफा ९ बमोजिम ३(तिन) महिना कैद र रु.१०,०००।-(दश हजार मात्र) जरिवाना, | • खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, नवलपरासी र सुनौला खिम्ति-अजम्बर-शिवराम जे.भी चरिकोट, दोलखा बिच जलुके/विजयनगर खानेपानी तथा सरसफाई आयोजनाको निर्माण सम्झौता मिति २०७३।०२।३० गते भएकोमा सोहि मितिमा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, नवलपरासीले राष्ट्रिय बाणिज्य बैङ्कलाई मिति २०७३।०२।२५ गते जारी भएको बैङ्क ग्यारेण्टि नं.५०/०३ रकम रु.४४,७३,००० र पेश्की ग्यारेण्टि |

| | | | | | |
|---|---|---|---|---|---|
| | ध्रुवराज गौतम, वैकुण्ठ प्रसाद भण्डारी, धर्मराज भण्डारी (वि.अ. को मु.नं. ०७६-CR-०३१५, वि.अ. को फैसला मिति २०७८।१२।२९) | | बमोजिम ऐ.ऐनको दफा ३(१ ) र दफा ३(१)(झ) बमोजिम सजाय हुन र ऐ.ऐनको दफा १७ वमोजिम हानी नोक्सानी गरेको विगो रु.२,०२,७३,०००।- (दुई करोड दुई लाख त्रिहत्तर हजार) यी दुवै आरोपीबाट असूल उपर हुन,<br>• प्रतिवादी राजुप्रसाद ढकालः भ्र.नि.ऐन, २०५९ को दफा ९ र दफा १७ वमोजिमको कसूरमा ऐ.ऐनको दफा ९ वमोजिमको सजाय र विगो रु.२,०२,७३,०००।-(दुई करोड दुई लाख त्रिहत्तर हजार) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३(१) र दफा ३ (१)(झ) बमोजिम सजाय गरि हानी नोक्सानी भए गरेको विगो रु. २,०२,७३,०००।- (दुई करोड दुई लाख त्रिहत्तर हजार) सोही ऐनको दफा १७ वमोजिम असूल उपर हुन<br>• प्रतिवादीहरु शिवजी सापकोटा, वैकुण्ठ भण्डारी र धर्मराज भण्डारीः भ्र.नि.ऐन, २०५९ को दफा ८ को उपदफा (४) द्वारा परिभाषित कसूरमा विगो रु.२,०२,७३,०००।-(दुई करोड दुई लाख त्रिहत्तर हजार) कायम गरि सोही ऐनको दफा ८(४) बमोजिमको सजाय गरि हानी नोक्सानी भएको विगो रु.२,०२,७३,०००।-(दुई करोड दुई लाख त्रिहत्तर हजार) असुल उपर गरि जफत हुन । | • प्रतिवादी शिवजी सापकोटाः भ्र.नि. ऐन, २०५९ को दफा ८(४) को कसुरमा सोही दफा ८(४) वमोजिम ६(छ) महिना कैद,<br>• प्रतिवादीहरु रामचन्द्र काफ्ले, ध्रुवराज गौतम, वैकुण्ठ प्रसाद भण्डारी, धर्मराज भण्डारीः प्रतिवादीहरुले सफाई पाउने ।.<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>**प्रतिवादीहरु राम चन्द्र काफ्ले र ध्रुवराज गौतमको हकमाः**<br>नक्कली बैङ्क ग्यारेण्टी बनाउने कार्यमा निज प्रतिवादी राम चन्द्र काफ्लेको प्रत्यक्ष र अप्रत्यक्ष रुपमा मिलेमतो रहे भएको देखिन आएको छैन । प्रतिवादीले सरकारी रकम दुरुपयोग गरी मासी निजी प्रयोगमा लगाएको भन्ने तथ्य स्थापित र पुष्टि हुन नसकेको ।<br>**प्रतिवादीहरु बैकुण्ठप्रसाद भण्डारी र धर्मराज भण्डारीको हकमाः**<br>बैङ्क ग्यारेण्टि बनाई दिने तत्कालिन प्रबन्धक राजु प्रसाद ढकाल हुन् भनी नक्कली बैङ्क ग्यारेण्टि बनाउने कार्यमा यी प्रतिवादीहरुको संलग्न रहे भएको भनी सह-प्रतिवादीले पोल वयान गर्न सकेको नदेखिदा नक्कली बैङ्क जमानत बनाउने कार्यमा यी प्रतिवादीहरुको संलग्नता रहे भएको देखिएन ।<br>**प्रतिवादी शिवजी सापकोटाको हकमाः**<br>प्रतिवादी शिवजि सापकोटाले नक्कली बैङ्क जमानत बनाएको र पेश गरेकोसम्म देखिन्छ । नक्कली बैङ्क जमानत बमोजिम रकम खाई मासेको वा हिनामिना पारेको अवस्था होइन । नक्कली बैङ्क जमानत बनाएको आधारमा बैङ्क जमानतमा उल्लिखित रकमलाई विगो | नं.५०/०७ को आधिकारीकता सम्वन्धमा पत्राचार भएको देखिएकोमा उक्त बैङ्कको च.न.२७४ मिति २०७३।०२।३० गतेको पत्रवाट प्रमाणित गरी फ्याक्स मार्फत डिभिजन कार्यालयमा पठाएकोमा फ्याक्स प्राप्त मिति हेर्दा मिति २०७३।०२।२४ गतेको देखिएको वाट बैङ्कवाट जारी भएको मिति भन्दा पहिले नै उक्त डिभिजन कार्यालयमा बैङ्क ग्यारेण्टी र पेश्की ग्यारेण्टिको पत्र प्राप्त भएको पुष्टि भएको<br>• उक्त आयोजनाको निर्माण सम्झौता मिति २०७३।०२।३० गते भएकोमा सुनौला खिम्ति-अजम्बर-शिवराम जे.भी चरिकोट, दोलखाले सम्झौता भए पश्चात दिईने पेश्की रकम(Mobilization)(सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क.) लागी सम्झौता हुनु पूर्व नै मिति २०७३।०२।२६ को निवदेनवाट पेश्की ग्यारेण्टि नं.५०/०७ मिति २०७३।०२।२५ साथ डिभिजन कार्यालयमा पेश गरेको देखिएको तथा उक्त पेश्की ग्यारेण्टि मिति २०७३।०२।२४ गते नै डिभिजन कार्यालयमा फ्याक्स मार्फत प्राप्त भएको र उक्त जमानतहरु बैङ्कवाट जारी नभएको भनी रा.वा.बैङ्कको च.न.३९९ मिति २०७६।०७।०४ को पत्र देखिएकोवाट नै प्रतिवादीहरुको आपसी मिलोमतो तथा योजनामा सार्वजनीक सम्पत्तिको हानी नोक्सानी गर्ने वदनियती राखेको देखिएको,<br>• उक्त आयोजनाको निर्माण सम्झौता मिति २०७३।०२।३० गते भएको देखिएकोवाट उक्त निर्माण कार्य संयुक्त उपक्रम(Joint venture) वाट भएको देखिएको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८ को उपनियम(७क) मा "निर्माण कार्यमा संयुक्त उपक्रम(ज्वाइन्ट भेन्चर) बाट कार्य सम्पन्न गर्ने गरी बोलपत्र प्रक्रियामा समावेश भई ठेक्का प्राप्त गरेको अवस्थामा संयुक्त उपक्रमका सबै सदस्यले दायित्व बहन गरी सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गर्नु पर्ने छ" भनी कानूनी व्यवस्था गरेको वाट समेत निज प्रतिवादीहरु धर्मराज भण्डारी र वैकुण्ठ प्रसाद भण्डारीको दायीत्व शिवजी सापकोटा वरावर हुने देखिएको र मुलुकी अपराध संहिता, २०७४ को दफा ३० मा सङ्गठित संस्थाबाट भएको कसुरमा काम गर्ने गराउनेको अपराधिक दायित्व हुने र सोही संहिताको दफा ३१ मा समूहबाट भएको कसूरमा सबै सदस्यलाई सजाय हुने भनी कानूनी व्यवस्थाले समेत प्रतिवादीहरु धर्मराज भण्डारी र वैकुण्ठ प्रसाद भण्डारीको भूमीका शिवजी सापकोटाको वरावर नै हुने देखिएको अवस्थामा समेत प्रतिवादीहरु धर्मराज भण्डारी र वैकुण्ठ प्रसाद भण्डारीको भूमिका प्रतिवादी शिवजि सापकोटा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | कायम गरी सजाय गर्न न्यायोचित देखिन आएन । नक्कली बैङ्क जमानत बनाएको सम्बन्धमा यी प्रतिवादी उपर कैद मात्र गर्न मनासिब देखिंदा विगो कायम नगरी कसुरको मात्रा अनुसार कैद गर्न न्यायोचित देखियो ।<br>**प्रतिवादी राजुप्रसाद ढकालको हकमाः**<br>निर्माण व्यवसायीले ठेक्का संझौता बमोजिमको कार्यसम्पन्न गरिसकेको अवस्थामा नेपाल सरकारलाई कुनै हानी नोक्सानी नभएको र बैङ्कबाट कमिसन वापत यति रकम हानि नोक्सानी भयो भनी कुनै उजुरी नपरेको, नक्कली बैङ्क जमानत जारी गरेको कसुरमा दफा ९ बमोजिम सजाय भइसकेको अवस्थामा यी प्रतिवादीको हकमा दफा १७ बमोजिम कसूर स्थापित र पुष्टि हुन सकेको नदेखिंदा दफा १७ को आरोपदावीवाट प्रतिवादी राजु प्रसाद ढकालले सफाई पाउने देखियो । | सम्मको पनी नरहेको भनी भएको फैसला प्रमाणको उचित मुल्याङ्कन विना भएको तथा कानून प्राव्धानको विपरित रही त्रुटि पूर्ण भएकोले बदर भागी छ ।<br>• सार्वजनीक खरिद ऐन, २०६३ को दफा ५२ खरिद सम्झौता र सोको शर्तहरु, दफा ५२क मा पेश्की सम्वन्धी व्यवस्था, सार्वजिनक खरिद नियमावली, २०६४ को नियम ११० मा सम्झौता गर्न कार्यसम्पादन जमानत पेश गर्नु पर्ने, नियम ११३ मा पेश्की भुक्तानी र फछ्र्यौट सम्वन्धी कानूनी व्यवस्था गरेको मुख्य कारण नै सार्वजनीक सम्पत्तिको हानी नोक्सानी नहोस भन्ने नै हो, यदी हानी नोक्सानी हुने अवस्था भएमा बैङ्क जमानतवाट परिपूर्ती होस भन्ने हेतूले नै कानून वनाएको देखिएकोमा सोही कानूनी प्रावधानको अधिनमा रहि ठेकारदार कम्पनीले पेश गरेको बैङ्क जमानत र पेश्की जमानत नै गलत लिखत हो भनी स्वंय अदालतले स्वीकारी सके पश्चात कसुर वारदात हुदाको अवस्थालाई आधार लिई प्रतिवादीहरुलाई विगो रु.२,०२,७३,०००।-(दुई करोड दुई लाख त्रिहत्तर हजार) कायम गरी सजाय गर्नु पर्ने देखिएको,<br>• (ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिर फैसलाको प्रतिकुल हुने गरी प्रतिवादीलाई सफाई दिने गरी फैसला भएको । |
| ५७. | नरेश कुमार खड्का, पुष्पराज गिरी, केशवराज अधिकारी, मिनराज गैरे (वि.अ. को मु.नं. ०७७-CR-००५५, वि.अ. को फैसला मिति २०७९।०२।२०) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | प्रतिवादीहरु नरेश कुमार खड्का, पुष्पराज गिरी, केशवराज अधिकारी, मिनराज गैरेः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रू.३२०,०००।- कायम गरी भ्र.नि. ऐन, २०५९ को दफा ३ (१) र दफा ३(१)(घ) बमोजिम सजाय हुन। | <u>**फैसलाः**</u><br>प्रतिवादीहरुले सफाई पाउने ।.<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br>• प्रतिवादीहरु नरेश कुमार खड्का, पुष्पराज गिरी, केशवराज अधिकारीको साथवाट रकम वरामद नभएको, उजुरवालासँग चिनजान फोन सम्पर्कसमेत नभएको,<br>• प्रतिवादी मिनराज गैरेले अदालतमा वयान गर्दा "अख्तियारमा मलाई दबाब दिई निवेदकको उजुरी निवेदन अनुसारको व्यहोरा मिलाउन र तपाईले सोही व्यहोरालाई मिल्ने गरी वयान दिनु भनेकोले मैले मौकामा गरेको कागज र आयोगमा गरेको वयानमा निजहरुले भने | • प्रस्तुत वारदातमा प्रतिवादीहरुको Mens Rea र Actus Reus दुवै तत्वको विद्यमान रहेको देखिएको ।<br>• प्रतिवादी मिनराज गैरेले सेवाग्राहीबाट घुस/रिसवत बापत रु.३,२०,०००।-(तीन लाख बीस हजार) लिई सकेको अवस्थामा निजले लगाएको निलो रंगको जिन्स ज्याकेटको बाँया तर्फको भित्रि पाकेटमा राखेको अवस्थामा नगद रु.३,२०,०००।-(तीन लाख बीस हजार) फेला परेकोमा विवाद देखिदैन,<br>• प्रतिवादी मिनराज गैरेले अधिकार प्राप्त अधिकारी समक्ष स्वयको हस्तलिखित वयानको स.ज १५ मा रु.३,२०,०००।- ना.सु पुष्पराज गिरीले तोक्नु भएको हो, स.ज १६ मा ना.सु केशव राज अधिकारीले पुष्प गिरीले सर्जमिन अगाडी नै पैसा तिमिले राख, उक्त रकम केशव सर, पुष्प गिरी सर, कार्यालय प्रमुख नरेश कुमार खड्का समेतलाई जाने हो, स.ज २२ मा अडियो रेकर्डमा सुनिएको आवज म समेतको हो भनी सहअभियुक्तहरु लाई पोल गरी वयान गरेको अवस्था छ । प्रमाण ऐन, २०३१ को दफा ९क. ले यस्तो सह- |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अनुसार सारेको हो । मैले कुनै कसुर गरेको छैन । म निर्दोष छु” भनी कसुरमा इन्कार रहेको पाइन्छ,<br>• आयोगले उपलब्ध गराएको राज्यकोषको रकम दशी प्रमाण तथा विगो समेत कायम नहुने भनी ०७४-WC-००२० रिट निवेदनमा संवैधानिक इजलासवाट तथा त्यसपछि लेखनाथ वुर्लाकोटी वि.नेपाल सरकार ०७३-CR-०६७८ भएको भ्रष्टाचार मुद्दामा वोलि सकेको अवस्थामा उक्त वरामदी रकम, वरामदी मुचुल्का, वरामदी तथा खानतलासी मुचुल्कामा बस्ने व्यक्तीहरु तथा प्रतिवेदकहरुले दिएको प्रतिवेदन बेहोरा, मौकाको कागज बेहोरा तथा निजहरुले अदालतमा आइ गरेको बकपत्र समेत वरामदी रकमसँग सम्वन्धीत नै हुँदा तिनलाई प्रमाणमा लिन मिल्ने देखिन आएन,<br>• प्रतिवादीहरुले कसुरमा इन्कारी वयान गरेको । | अभियुक्तको पोललाई अदालतले प्रमाणमा लिन मिल्ने नै अवस्था रहेको<br>• प्रतिवादी र निवेदक विच पटक पटक फोन सम्पर्क भएको Call Details Record देखिएको, अडियो वार्तालापको स्क्रिप्ट राईटिङ्गमा प्रतिवादी मिनराज गैरेले “त्यही मेन हाकिमले नै भनेर हो नत्र त कहाँबाट हुन्छ”, “अगीनै मैले केशव सर र हाकिम सावलाई कुरा गरे”, “पुष्प गिरी”, “दाईलाई पनि हैन मजाले हैन हुन्छ।म कसैलाई पनि उ गर्दिन काम गराईदिनुस भन्ने कुरा वहाँ अझ पहिला कुरा ६ (छ लाख) को कुरा भयो। पछि त्यहाँ मैले यता कुरा गर्दा खेरि ल भनेर ४ (चार लाखमा) कुरा मिल्या हो अझ दाईलाई सोध्नुस”, भन्ने समेत उल्लेख भएको अवस्थामा यस्तो रकम नै किटान गरी घुस रिसवत माग गरी भएको वार्तालाप वरामदी रकम वाहेकको अरु स्वतन्त्र प्रमाण भएको र यस्तो वार्तालापलाई प्रमाण ऐन, २०३१ को दफा १३क अनुसार प्रमाणमा लिन मिल्ने देखिएको,<br>• प्रतिवादीहरुले अदालतमा इन्कारी वयान गरेतापनी अभियोग दावी खण्डन हुने विश्वास योग्य प्रमाण पेश गर्न सकेको नदेखिएको,<br>• घुस रिसवत रकम सबै प्रतिवादीहरुवाट वरामद नै हुन पर्ने र उजुरवालासँग चिनजान नै हुनु पर्ने नभई परिस्थति जन्य प्रमाणको समेत मुल्याङ्कन गरी न्याय निरुपण गर्नु पर्नेमा प्रतिवादीहरुलाई सफाई दिने मनसाय नै राखी प्रतिवादीहरु नरेश कुमार खड्का, पुष्पराज गिरी, केशवराज अधिकारीको साथवाट रकम वरामद नभएको, उजुरवालासँग चिनजान फोन सम्पर्कसमेत नभएको भनी आधार लिई प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटि पूर्ण रहेको ।<br>• प्रतिवादीलाई कुटपिट गरी यातना दिई निजको ईच्छा विपरीत सहिछाप गराएको भए सोसम्बन्धमा तत्काल वा हिरासतमा राख्न म्याद थपको लागी अदालतसमक्ष उपस्थित गराउँदाका अवस्थामै सो कुराको जिकिर लिई निवेदन दिई शारीरिक जांच गराई माग्नु स्वाभाविक हुनेमा सो केही भए गराएको पाइदैन । प्रतिवादीले अनुसन्धानको क्रममा आफ्नै हस्तलिखित गरेको वयान लाई प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) ले प्रमाण योग्य नै देखिएको,<br>• ०७४-WC-००२० रिट निवेदनमा सर्वोच्च अदालतवाट अनुसन्धानको क्रममा संकलित कुनै पनी दशी प्रमाणहरुलाई प्रमाणको रुपमा ग्रहण गर्न नमिल्ने भनी वोलेको भन्ने आशय देखिन्छ, यदी त्यस्तो अवस्था भएको भए Sting Operation को सवै मुद्दा खारेज गर्ने थियो, त्यो अवस्था संवैधानिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | इजलासको फैसलामा नदेखिएको र ०७३-CR-०६७८ को मुद्दा विशेषमा भएको फैसलालाई नै आधार लिई संवैधानिक ईजलासवाट भएको फैसलाको गलत अर्थ लगाई Sting Operation को सवै मुद्दा खारेज हुने प्रकृतीको आधार लिई भएको फैसला सम्मानित सर्वोच्च अदालतवाट वाट ०७४-WC-००२० भएको फैसलाको समेत प्रतिकुल रही प्रस्तुत फैसला बदरभागी छ ।<br>• (ने.का.प.२०७४, अंक ९, भाग ५९, नि.न.९८८०), (स.अ.बु, वर्ष १८, अंक २१, फागुन २०६६, पूर्णांक ४२३, पृष्ठ ३१), (स.अ.बु, वर्ष १८, अंक १८, पुष २०६६, पूर्णांक ४२०, पृष्ठ १०), (ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिर फैसलाको प्रतिकुल हुने गरी प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला भएको । |
| ५८. | शान्ति भण्डारी (वि.अ. को मु.नं. ०७७-CR-००७६, वि.अ. को फैसला मिति २०७९।०२।२०) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | प्रतिवादी शान्ति भण्डारीः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रू.१०,०००।— कायम गरी भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुन। | <u>**फैसलाः**</u><br>प्रतिवादीले सफाई पाउने ।<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br>• प्रतिवादीको साथबाट रकम बरामद भएको नभई निजको टेबलमाथि रहेको रजिष्टरले च्यापी रहेको अवस्थामा वरामद भएको,<br>• निवेदकले आधिकारिक निकायको अनुमती नलिई तयार गरेको उजुरी निवेदनसाथ पेश गरेको अडियो रेकर्ड प्रमाणमा लिन मिल्ने देखिन आएन,<br>• प्रतिवादीको साक्षीले अदालतमा आई गरेको बकपत्रमा प्रतिवादीले घुस माग गरेको होइन निजको चाल चलन राम्रो छ, निजलाई झुठ्ठा आरोप लगाई फसाउन खोजिएको हो भनी प्रतिवादीले अदालत समक्ष गरेको बयान समर्थत हुने गरी बकपत्र गरेको पाइन्छ,<br>• प्रतिवादीले कसुरमा इन्कारी वयान गरेको | • प्रस्तुत वारदातमा प्रतिवादीको Mens Rea र Actus Reus दुवै तत्वको विद्यमान रहेको देखिएको ।<br>• प्रतिवादी शान्ति भण्डारीको कार्य कक्षको काठको टेबुल माथी रहेको क्लिपवोर्ड माथी रु.१०००० वरामद भएको बरामदी खानतलासी मुचुल्का देखिएको, अडियो वार्तालापमा सुशिल कर्माचार्यले "दश हजार ले हुन्छ त दिदि?" भनी सोध्दा प्रतिवादी शान्ति भण्डारीले "हुन्छ के हुन्छ अब भयो तपाई....दुःख मान्नु भा छ हुन्छ आउनुस" भन्ने समेत व्यहोरा खुलाई पटक पटक फोन सम्पर्क गरी घुस रिसवतको वार्गेनिङ्ग समेत भएको देखिएको, प्रतिवादी र निवेदक विच पटक पटक फोन सम्पर्क भएको Call Details Record वाट देखिएको प्रमाण ऐन, २०३१ को दफा १३क. प्रमाणमा लिन पर्ने देखिएको<br>• आरोपित कसुरमा स्वीकार गरी वयान गरेकोलाई प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) वमोजिम प्रमाणमा लिन मिल्ने देखिएको<br>• प्रतिवादीको साक्षीले अदालतमा आई गरेको बकपत्रमा प्रतिवादीले घुस माग गरेको होइन निजको चाल चलन राम्रो छ, निजलाई झुठ्ठा आरोप लगाई फसाउन खोजिएको हो भनी प्रतिवादीले अदालत समक्ष गरेको बयान समर्थत हुने गरी बकपत्र गरेको पाइन्छ भनी प्रतिवादीलाई कसुरमा सफाई दिएको आधारको सम्वन्धमा हेर्दा प्रमाण ऐन, २०३१ को दफा २४ मा प्रमाणमा लिन नहुने कुराः(१) मुद्दामा पक्षहरुको चरित्र असल वा खराव छ भन्ने कुरा प्रमाणमा लिन हुदैन भनी गरेको कानूनी व्यवस्थाको प्रतिकुल हुने गरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | आधार लिई भएको फैसला बदरभागी छ ।<br>• (ने.का.प.२०७४, अंक ९, भाग ५९, नि.न.९८८०), (स.अ.बु, वर्ष १८, अंक २१, फागुन २०६६, पूर्णांक ४२३, पृष्ठ ३१), (स.अ.बु, वर्ष १८, अंक १८, पुष २०६६, पूर्णांक ४२०, पृष्ठ १०), (ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिर फैसलाको प्रतिकुल हुने गरी प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला भएको । |
| ५९. | त्रिलोचना पोखरेल (वि.अ. को मु.नं. ०७६-CR-०२१६, वि.अ. को फैसला मिति २०७९।०२।२५) | गलत लिखत तयार गरी एवं घुस/रिसवत लिई भ्रष्टाचार गरेको । | प्रतिवादी त्रिलोचना पोखरेलः बिगो रु.८३,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ३(१) र दफा ३(१)(ग) र दफा ९ बमोजिम सजाय गरी लिएको घुस/रिसवत रु.८३,०००।- सोही ऐनको दफा ३(१) बमोजिम जरिवाना र कैद सजाय हुन। | <u>**फैसलाः**</u><br>प्रतिवादी त्रिलोचना पोखरेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुर ठहर गरी सोही दफा ९ बमोजिम ३(तिन) महिना कैद र रु.१०,०००।- जरिवाना हुने र प्रतिवादी विरुद्धको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) तर्फको आरोपदावी पुग्न नसक्ने<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br>• प्रतिवादीले घुस बापत पैसा लिएको भन्ने अभियोगदावी रहेपनी निजले पैसा लिएको खाएको भन्ने कुरा हरिभक्त महर्जनको मौखिक भनाई बाहेक मिसिल संलग्न अन्य प्रमाणहरुबाट पुष्टि हुन सकेको अवस्था देखिदैन । सो रकम कुन कार्यालयबाट के कसरी निकासा भयो भुक्तानी भयो भन्ने तथ्य मिसिल संलग्न प्रमाणहरुबाट पुष्टि हुन सकेको नदेखिदा हरिभक्त महर्जनको मौखिक भनाईका आधारमा घुस रिसवत समेत लिएको भन्ने दावी पुग्न सक्दैन,<br>• प्रतिवादीले बैठक भत्ता बुझेको छैन भनी वयान गरेको । | • रेक्टर ईन्जिनियरिङ कन्सल्टेन्सीको लागी कार्य गर्ने ई.पदम ओलीले कागज गर्दा तोली-किम्नी सडक, सिमलकोट-पिपलकोट-झाली दोगडा-सैनचौर सडक, ठाटीखाद-मलातिकोट-गजङ सडक, ठुलासेन-तेसिंगे-जयधन सडक र जयगड माझेठाना-रामारोसन सडक गरी ५ वटा सडक आयोजनाहरुको सम्वन्धमा मन्त्रालयको टोलीले प्राप्त प्रतिवेदन अध्ययन गरी सोहीको आधारमा कमेन्ट गर्न पर्ने भएकोले बैठक भत्ता उपलव्ध गराउन पर्ने भनी त्रिलोचना पोखरेले भनेकोले उक्त मन्त्रालयवाट IEE प्रतिवेदन स्वीकृत भएको अन्तीम पत्र ईमेल मार्फत प्राप्त भएकोले भत्ता वापतको रकम वुझाउन रेक्टर इन्जिनियरिङ्ग कन्सेल्टेन्सीको ई.हरिभक्त महर्जन गएको र भत्ता वापत भनिएको रु.८३०००।- रकम त्रिलोचना पोखरेलले बुझेको भनी जानकारी प्राप्त भएको भनी कागज गरेकोमा अदालतमा बकपत्र गर्दा स.ज ६ मा सो व्यहोरालाई सनाखत गरेको देखिन्छ,<br>• रेक्टर ईन्जिनिरिङ्ग कन्सल्टेन्सीमा एसोसियट भई कार्य गर्ने ई.हरिभक्त महर्जनले अनुसन्धानको क्रममा कागज गर्दा प्रतिवादि त्रिलोचना पोखरेललाई भत्ता वापतको रु.८३०००।- बुझाएको र सिंहदरवार प्रवेश गर्दा त्रिलोचना पोखरेलले नै पास पठाएको सोको प्रतिलिपि पेश गर्दै कागज गरेको देखिएकोमा अदालतमा बकपत्र गर्दा स.ज ६ मा अनुसन्धानको क्रममा गरेको कागजलाई सनाखत गरेको, स.ज ७ मा मैले पास लिँदा निजको नाम र पद खुलाई म निजलाई भेट्न गएको हो भनी लेखाएको देखिएकोवाट भत्ता रकम उक्त रेक्टर ईन्जिनियरिङ्ग कन्सल्टेन्सीवाट प्रतिवादी त्रिलोचना पोखरेललाई दिइएको देखिएको समेतलाई प्रमाण ऐन, २०३१ को दफा १८ ले प्रमाणमा लिन पर्ने देखिन्छ,<br>• संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न.१२७ मिति २०७६।०६।१६ को पत्र मिसिल सामेल रहेको र सो पत्र सहित पठाएका कागजात, भत्ता बुझेको भर्पाई समेतको गलत लिखत हुन भनी प्रस्तुत मुँद्दाको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | उक्त कसुरमा सजाय समेत भएको अवस्थामा निज प्रतिवादी त्रिलोचना पोखरेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) वमोजिमको कसुरमा समेत ठहर गर्नु पर्नेमा सफाई हुने गरी भएको फैसला त्रुटि पूर्ण छ ।<br>• प्रतिवादी त्रिलोचना पोखरेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ को कसुर गरेको भनी विशेष अदालतवाट ठहर भएकोमा सो कसुर गर्नुको आधार कारण नै रेक्टर ईन्जिनियरिङ्ग कन्सल्टेन्सीको तर्फवाट रु.८३०००।-(त्रियासी हजार मात्र) प्राप्त गरी लिन खानु गर्नु हो भन्ने स्पष्ट देखिई रहेको र रेक्टर ईन्जिनियरिङ्ग कन्सल्टेन्सीको तर्फवाट ई.हरिभक्त महर्जनले प्रतिवादी त्रिलोचना पोखरेललाई मिति २०७६।६।५ गतेका दिन निज प्रतिवादी त्रिलोचना पोखरेलले गेट पास वनाई दिई भेट गरेको भन्ने तथ्य समेत निर्विवाद रुपमा पुष्टि भै रहेको ।<br>• (स.अ.बु, वर्ष १८, अंक २१, फागुन २०६६, पूर्णांक ४२३, पृष्ठ ३१), (ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिर फैसलाको प्रतिकुल हुने गरी प्रतिवादीलाई सफाई दिने गरी फैसला भएको । |
| ६०. | राजदेव महतो कोईरी (वि.अ. को मु.नं. ०७६-CR-०१९५, वि.अ. को फैसला मिति २०७९।०३।२३) | घुस/रिसवत लिई भ्रष्टाचार गरेको | प्रतिवादी राजदेव महतो कोईरीः बिगो रु.९०००।- कायम गरी भ्र.नि.ऐन, २०५९ को दफा ३(१) को कसुरमा सोही ऐनको दफा ३(१) र दफा ३(१)(क) बमोजिम सजाय हुन तथा आयोगवाट निवेदकलाई उपलब्ध गराईएको रकम रु.९०००।- बरामद हुन नआएकोले निज प्रतिवादीवाट असुल उपर गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, हेटौडालाई भराई पाउन | **फैसलाः**<br>प्रतिवादीले सफाई पाउने ।.<br>**विशेष अदालतले सफाई दिदा लिएका आधार:**<br>• उजुरकर्ताले अदालतमा आई बकपत्र गरी उजुरी पुष्टि गर्न नसकेको अवस्थामा उजुरकर्ता र प्रतिवादीबीच र उजुरकर्ता र अन्य व्यक्तिबीच भएको फोन संवाद तथा फोन संवादका आधारमा तयार भएको स्क्रिप्ट राइटिङ्गलाई प्रमाणमा ग्रहण गर्न मिलेन,<br>• निवेदकले नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र कलैया बारामा नयाँमिटर जडान गर्नका लागी निवदेन दिई दर्ता भएको छ, छैन ? भनी सो कार्यालयलाई सोधनी गर्दा उक्त कार्यालयले मिति २०७९।२।११ | • प्रतिवादी र निवेदकको भान्जाको अडियो संवाद स्क्रिप्ट राईटिङ्ग मा निवेदकको भान्जा शसी भुषण गुप्ताले "केतना दे के भेजी ?हम जेतना कहेम माई ओतने ना दी" भनी भन्दा प्रतिवादी राजदेवले ..." बुझिएन....१२ हजार " भनी भनेको देखिन्छ, प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयानको स.ज १९ अडियो वार्तालाप आफ्नो हो भनी स्वीकार गरेको देखिएको, प्रतिवादी सँग पटक पटक फोन सम्पर्क भएको Call Details Record वाट देखिएकोलाई प्रमाण ऐन, २०३१ को दफा १३क. प्रमाणमा लिन पर्ने देखिन्छ<br>• प्रतिवादीले अदालतमा वयान गर्दा इन्कारी वयान गरेता पनि सोलाई पुष्टि गर्ने तथा आरोपदावी खण्डन हुने विश्वास योग्य प्रमाण पेश गर्न सकेको नदेखिएको, वादी नेपाल सरकारका साक्षीहरु नन्दलाल साह समेतले अनुसन्धानमा कागज र अदालतमा बकपत्र गर्दा समेत प्रतिवादीले घुस रिसवत लिएको पुष्टि हुने गरी कागज गरेको देखीएकोलाई प्रमाण ऐन २०३१ को दफा १० र १८ ले प्रमाण योग्य नै देखिएको<br>• मिति २०७९।०२।०५ को शशि भुषण गुप्ताले जिल्ला प्रहरी कार्यालय |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | च.न.११०६ को पत्र पठाई निवेदन दर्ता भएको नदेखिएको भनी जानकारी प्राप्त गराएकोले उजुरीको बेहोरा नै विश्वसनीय देखिन आँउदैन,<br>• प्रतिवादीको लिएको भनिएको रु.९०००।- घुस रिसवत रकम फेला नपरेको,<br>• प्रतिवादीले कसुरमा इन्कारी गरी वयान गरेको। | बारामा दिएको निवेदन र उक्त जिल्ला प्रहरी कार्यालय बाराको च.न.५४१७ मिति २०७९।२।५ को पत्रवाट निज उजुरकर्ता अजय प्रसाद जैसवालको मृत्यू भएको भनी जानकारी अदालतमा समेतमा प्राप्त भएको देखिएको समेत अवस्थामा मृत्यू भएको व्यक्तीको व्यहोरा झुटो हो भन्ने आशय राखी जो सरकारी साक्षीको मृत्यू नै भई अदालतमा उपस्थिति असम्भव नै देखिएको अवस्थामा निज लाई नै अदालतमा उपस्थित गराउन नसकेको भनी आधारलिई प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटि पूर्ण छ ।<br>• निवेदकले नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र कलैया बारामा नयाँमिटर जडान गर्नका लागी निवदेन दिई दर्ता भएको छ, छैन? भनी सो कार्यालयलाई सोधनी गर्दा उक्त कार्यालयले मिति २०७९।२।११ च.न.११०६ को पत्र पठाई निवेदन दर्ता भएको नदेखिएको भनी जानकारी प्राप्त गराएकोले उजुरीको बेहोरा नै विश्वासनीय देखिन आँउदैन भन्ने सम्वन्धमा हेर्दा अनुसन्धानको क्रममा नै नेपाल विद्युत प्राधिकरणको च.न.१००२ मिति २०७६।०८।१९ को पत्रवाट निवेदकको निवेदन फेला नपरेको भनी जानकारी प्राप्त भएको देखिएको र उक्त कार्यालयवाट प्राप्त पत्र हेर्दा निवेदकको निवेदन फेला मात्र नपरेको भनी उल्लेख गरेको तर निवेदकले नया मिटर जडानको लागी निवेदन नै नदिएको भनी भन्न सकेको नदेखिएको<br>• (ने.का.प.२०७४, अंक ९, भाग ५९, नि.न.९८८०), (स.अ.बु, वर्ष १८, अंक २१, फागुन २०६६, पूर्णांक ४२३, पृष्ठ ३१), (स.अ.बु, वर्ष १८, अंक १८, पुष २०६६, पूर्णांक ४२०, पृष्ठ १०), (ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिर फैसलाको प्रतिकुल हुने गरी प्रतिवादीलाई सफाई दिने गरी फैसला भएको । |

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट यस आ.व.मा विशेष अदालतबाट भएका फैसलामा चित्त नबुझी मिति ०७९/०५/३० गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरण :-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| ६१. | नारायण काजी श्रेष्ठ (वि.अ. को मु.नं. ०७७-CR- | घुस रिसवत लिई (रङ्गेहात) भ्रष्टाचार गरेको। | •प्र. नारायण काजी श्रेष्ठः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रु.९,३४,०००।- कायम गरी ऐ. ऐनको दफा | <u>**फैसलाः**</u><br>आरोपदावीबाट सफाइ ।<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br>• वरामदी रकम सँग सम्बन्धित अन्य प्रमाणहरुलाई पनि प्रमाण ग्राह्य मात्र नमिल्ने, | • सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको, |

| | | | | | |
|---|---|---|---|---|---|
| | ०००१, वि.अ. को फैसला मिति २०७९।०२।१८) | | ३(१) र दफा ३(१)(ङ) बमोजिम सजाय हुन। | • उजुरवालाले विल पेश नगरी विल भुक्तानीको लागि रकम मामगेको कुरा विश्वसनिय देखिएन, <br>• प्रतिवादीले उजुरवालासंग ठ्याक्कै पैसा चाहियो भनेको वा यति पैसा देउ भनेको अवस्था भने देखिदैन, <br>• प्रतिवादीले घुस वापत रकम लिएको तथ्य वस्तुनिष्ठ, प्रचुर एवं पर्याप्त प्रमाणद्वारा पुष्टि हुन नसकेको। | • निवेदकले दोस्रो विल भुक्तानीको लागि पहिलेनै निवेदन दिएकोमा निवेदन समेत हराएको भनी भुक्तानीको लागि आलटाल गरी पुन भुक्तानीको लागि निवेदन दिई आयोग समक्ष उजुरी दर्ता गराएको, <br>• टेलिफोन वार्तालापको आधारमा तयार गरिएको स्क्रिप्ट राईटिङ्गमा १० प्रतिशत रकम नै चाहिने गरी वार्तालाप भएको प्रष्ट देखिन आएको, <br>• घुस रिसवत वापत भुक्तानी दिनुपर्ने रकमको १० प्रतिशत रकम लिन मञ्जुर हुनुकासाथै रकम लिनुखानु गरेको, <br>• प्र.को साथबाट रकम बरामद भएकोमा आफुवाट वरामद भएकोरकमलाई अन्यथा पुष्टी गर्न नसकेको, <br>• भ्रष्टाचार जस्ता गम्भीर प्रकृतिको अनुसन्धान गर्दा सि.डि.जस्ता प्रविधिको प्रयोग गर्नु वाञ्छनीय हुन्छ र त्यसलाई प्रमाण लिन पनि सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन भएको, <br>• प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| ६२. | सुमेन्द्र मण्डल, राजकुमार धिमाल (वि.अ. को मु.नं. ०७५-CR-०३२६, वि.अ. को फैसला मिति २०७९।०१।२१) | घुस रिसवत लिई (रङ्गेहात) भ्रष्टाचार गरेको। | •प्र. सुमेन्द्र मण्डल र राजकुमार धिमालः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रु.३५,०००।- कायम गरी ऐ. ऐनको दफा ३(१) र दफा ३(१)(ख) बमोजिम सजाय हुन। | <u>**फैसलाः**</u> <br>आरोपदावीबाट सफाइ । <br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u> <br>• उजुरवालाले घुस दिन बाध्य हुनुपर्ने अवस्था सृजना भयो भन्ने कुरा स्वभाविकरुपमा मान्न मिल्ने देखिदैन, <br>• प्र.हरुले मौकामा कसूर स्वीकार गरी वयान गरेको भएतापनि अदालत समक्ष कसूर ईन्कार गरी वयान गरेको, <br>• वरामदी मुचुल्का, रकम लगायतका प्रमाणहरुको प्रमाणिक मुल्य कायम हुन सक्ने अवस्था देखिएन, <br>• सि.डि.लाई स्वतन्त्र प्रमाणको रुपमा ग्रहण गर्न नमिल्ने। | • वस्तुनिष्ठ र स्वतन्त्र प्रमाणहरुवाट उजूरी निवेदनको व्यहोरा/कसूर स-प्रमाण पुष्टी भएको, <br>• प्रतिवादीहरुले केवल आरोपित कसूर तथा सजायवाट उन्मुक्ति पाउने मनसायले मात्र कसूर ईन्कारी वयान गरेको, <br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको, <br>• घुस रिसवत वापतको रकम लिन मञ्जुर हुनुकासाथै रकम लिनुखानु गरेको, <br>• प्र.को साथबाट रकम बरामद भएकोमा आफुहरुवाट वरामद भएको रकमलाई अन्यथा पुष्टी गर्न नसकेको, <br>• भ्रष्टाचार जस्ता गम्भीर प्रकृतिको अनुसन्धान गर्दा सि.डि.जस्ता प्रविधिको प्रयोग गर्नु वाञ्छनीय हुन्छ र त्यसलाई प्रमाण लिन पनि सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन भएको, <br>• प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| ६३. | भरत कुमार पोखरेल (वि.अ. को मु.नं. ०७७-CR- | घुस रिसवत लिई (रङ्गेहात) भ्रष्टाचार गरेको। | •प्र. भरत कुमार पोखरेलः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रु.४,००,०००।- | <u>**फैसलाः**</u> <br>आरोपदावीबाट सफाइ । <br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u> <br>• बरामद रकम राज्यकोषवाट उपलव्ध गराइएको | • सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी |

| | | | | | |
|---|---|---|---|---|---|
| | ०१०७, वि.अ. को फैसला मिति २०७९।०२। १८) | | कायम गरी ऐ. ऐनको दफा ३(१) र दफा ३(१)(घ) बमोजिम सजाय हुन। | देखिदां उक्त रकमलाई प्रमाण ग्राह्य गर्न नमिल्ने सर्वोच्च अदालतवाट सिद्धान्त प्रतिपादन भएको,<br>• प्रतिवादीले अदालतमा तथा अनुसन्धानको क्रममा कसूरमा ईन्कार रही वयान गरेको,<br>• प्रतिवादीले घुस रिसवत वापतको रकम स्वेच्छाले माग गरेको र स्वेच्छाले घुस रिसवत वापतको रकम लिएको तथा घुस खाने मनसाय राखेको थियो, घुस मागेको थियो भन्ने पुष्टि नभएको,<br>• निवेदक र प्रतिवादी वीचको संवादवाट प्रतिवादीले निवेदक उजुरकर्तासंग घुस मागेको भन्ने कुरा स्पष्ट रुपमा देखिन नआएको। | सिद्धान्त प्रतिपादन भएको,<br>• Common Law System अन्तर्गतको फौजदारी न्याय प्रक्रियामा पिडकलाई समेत Right to Silence को साथै Self Criminalization गर्न वाध्य नपारिने हक रहेको तथा प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरुद्ध प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्था रहेको,<br>• स्क्रिप्ट राईटिङ्गमा घुस रिसवत वापत रकम माग गरेको प्रष्ट देखिनुकासाथै प्र. घुस रिसवत वापतको रकम लिन मञ्जुर रहेको र लिनुखानु गरेको कुरा सप्रमाण पुष्टी भएको,<br>• प्रतिवादीले घुस रिसवत वापतको रकम स्वेच्छाले माग गरेको र स्वेच्छाले घुस रिसवत वापतको रकम लिएको तथा घुस खाने मनसाय राखेको थियो, घुस मागेको थियो भन्ने पुष्टि भएको,<br>• भ्रष्टाचार जस्ता गम्भीर प्रकृतिको अनुसन्धान गर्दा सि.डि.जस्ता प्रविधिको प्रयोग गर्नु वाञ्छनीय हुन्छ र त्यसलाई प्रमाण लिन पनि सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन भएको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| ६४. | लिल वहादुर गुरुङ, निरन्जन राज कार्की (वि.अ. को मु.नं. ०७७-CR-००५७, वि.अ. को फैसला मिति २०७९।०३। ०२) | घुस रिसवत लिई (रङ्गेहात) भ्रष्टाचार गरेको। | •प्र.लिल बहादुर गुरुङ र निरन्जन राज कार्कीः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रु.३५,०००।- कायम गरी ऐ. ऐनको दफा ३(१) र दफा ३(१)(ख) बमोजिम सजाय हुन। | **<u>फैसलाः</u>**<br>आरोपदावीबाट सफाइ ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• सर्वोच्च अदालतबाट मुद्दा नं. ०७४-WO-००२० को रिट निवेदनमा भएको निर्णयादेशले बरामद गरेको रकमलाई प्रतिवादीहरु विरुद्ध दशी प्रमाणकोरुपमा ग्रहण गर्न मिल्ने अवस्था नदेखिएको,<br>• प्रतिवादीहरुले अदालतमा आई कसूरमा इन्कार रही वयान गरेको,<br>• उजुरकर्तालाई बकपत्रका लागि उपस्थित गराउनु भनी पटक-पटक आदेश हुँदा वादीपक्षले निजलाई उपस्थित गराई वकपत्र गराउन नसकेको। | • सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेक सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङ्कनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• Common Law System अन्तर्गतको फौजदारी न्याय प्रक्रियामा पिडकलाई समेत Right to Silence को साथै Self Criminalization गर्न वाध्य नपारिने हक रहेको तथा प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरुद्ध प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्था रहेको,<br>• प्रतिवादीहरु रु.३५,०००।— घुस/रिसवत वापतको रकम लिन मञ्जुर हुनुका साथै लिनुखानु गरेको स-प्रमाण पुष्टि भएको,<br>• प्र.को साथबाट रकम बरामद भएकोमा आफुहरुवाट वरामद भएको रकमलाई अन्यथा पुष्टी गर्न नसकेको,<br>• भ्रष्टाचार जस्ता गम्भीर प्रकृतिको अनुसन्धान गर्दा सि.डि.जस्ता प्रविधिको प्रयोग गर्नु वाञ्छनीय हुन्छ र त्यसलाई प्रमाण लिन पनि सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन भएको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| ६५. | मन्दिप कुमार | घुस रिसवत | •प्र.मन्दिप कुमार श्रेष्ठः | **<u>फैसलाः</u>** | • सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद |

| | | | | | |
|---|---|---|---|---|---|
| | श्रेष्ठ<br>रमेशलाल श्रेष्ठ<br>(वि.अ. को मु.नं. ०७७-CR-००७८, वि.अ. को फैसला मिति २०७९।०२।११) | लिई (रङ्गेहात) भ्रष्टाचार गरेको। | भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रु.४७,८५०।- कायम गरी ऐ. ऐनको दफा ३(१) र दफा ३(१)(ख) बमोजिम सजाय हुन।<br>•प्र.रमेशलाल श्रेष्ठः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रु.४०,०००।- कायम गरी ऐ. ऐनको दफा ३(१) र दफा ३(१)(ख) बमोजिम सजाय हुन। | • प्र.मन्दिप कुमार श्रेष्ठलाई आंशिक कसूर ठहर र प्र.रमेशलाल श्रेष्ठलाई आरोपदावीबाट सफाइ ।<br>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**<br>• बरामद गरेको रकमलाई प्रतिवादीहरु विरुद्ध दशी प्रमाणकोरुपमा ग्रहण गर्न मिल्ने अवस्था नदेखिएको,<br>• प्रतिवादीहरुले अदालतमा आई कसूरमा इन्कार रही वयान गरेको,<br>• निवेदक र प्रतिवादी वीचको संवादवाट प्रतिवादीले निवेदक उजुरकर्तासंग घुस मागेको र निवेदकले दिएको भन्ने पनि देखिदैन,<br>• दृश्य नभएको अभियोगपत्र साथ पेश भएको सि.डि.लाई मूल प्रमाणको रुपमा ग्रहण गर्न नमिल्ने भनी सर्वोच्च अदालतवाट फैसला भएको । | गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन। मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• Common Law System अन्तर्गतको फौजदारी न्याय प्रक्रियामा पिडकलाई समेत Right to Silence को साथै Self Criminalization गर्न वाध्य नपारिने हक रहेको तथा प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरुद्ध प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्था रहेको,<br>• प्रतिवादीहरु घुस/रिसवत वापतको रकम र जिन्सी मालसामन लिन मञ्जुर हुनुका साथै लिनुखानु गरेको स-प्रमाण पुष्टि भएको,<br>• प्र.को संगसाथबाट रकम बरामद भएकोमा आफुवाट वरामद भएको रकमलाई अन्यथा पुष्टी गर्न नसकेको,<br>• भ्रष्टाचार जस्ता गम्भीर प्रकृतिको अनुसन्धान गर्दा सि.डि.जस्ता प्रविधिको प्रयोग गर्नु वाञ्छनीय हुन्छ र त्यसलाई प्रमाण लिन पनि सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन भएको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| ६६. | सुर्य वहादुर अधिकारी<br>(वि.अ. को मु.नं. ०७६-CR-०३०८, वि.अ. को फैसला मिति २०७९।०२।१२) | घुस रिसवत लिई (रङ्गेहात) भ्रष्टाचार गरेको। | •प्र.सुर्य बहादुर अधिकारीः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रु.५,०००।- कायम गरी ऐ. ऐनको दफा ३(१) र दफा ३(१)(क) बमोजिम सजाय हुन। | **फैसलाः**<br>आरोपदावीबाट सफाइ ।<br>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**<br>• बरामद रकम राज्यकोषवाट उपलव्ध गराइएको देखिदां उक्त रकमलाई प्रमाण ग्राह्य गर्न नमिल्ने सर्वोच्च अदालतवाट सिद्धान्त प्रतिपादन भएको,<br>• प्रतिवादीले अदालतमा आई कसूरमा ईन्कार रही वयान गरेको,<br>• केही रकम कर्मचारीको साथवाट बरामद हुदैमा त्यसलाई घुस/रिसवतको रकम हो भनी अदालतले अनुमान गर्न मिल्दैन,<br>• सर्वोच्च अदालतवाट दृश्य नभएको सिडिलाई मुल प्रमाणको रुपमा ग्रहण गर्न नमिल्ने भन्ने व्याख्या भएको । | • सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन। मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• Common Law System अन्तर्गतको फौजदारी न्याय प्रक्रियामा पिडकलाई समेत Right to Silence को साथै Self Criminalization गर्न वाध्य नपारिने हक रहेको तथा प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरुद्ध प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्था रहेको,<br>• बरामद भएको रकम घुस रिसवत वापतकै रकम हो भनी स-प्रमाण पुष्टि भएको,<br>• प्र.को संगसाथबाट रकम बरामद भएकोमा आफुवाट वरामद भएको रकमलाई अन्यथा पुष्टी गर्न नसकेको,<br>• भ्रष्टाचार जस्ता गम्भीर प्रकृतिको अनुसन्धान गर्दा सि.डि.जस्ता प्रविधिको प्रयोग गर्नु वाञ्छनीय हुन्छ र त्यसलाई प्रमाण लिन पनि सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन भएको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| ६७. | दिपेन्द्र प्रसाद | घुस रिसवत | •प्र.दिपेन्द्र प्रसाद यादवः | **फैसलाः** | • Common Law System अन्तर्गतको फौजदारी न्याय प्रक्रियामा पिडकलाई समेत Right |

| | | | | | |
|---|---|---|---|---|---|
| | यादव (वि.अ. को मु.नं. ०७५-CR-०११४, वि.अ. को फैसला मिति २०७९।०२।२७) | लिई (रङ्गेहात) भ्रष्टाचार गरेको। | भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रु.१०,०००।- कायम गरी ऐ. ऐनको दफा ३(१) र दफा ३(१)(क) बमोजिम सजाय हुन। | आरोपदावीबाट सफाइ ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधार:</u>**<br>• प्रतिवादीले अदालतमा आई कसूरमा ईन्कार रही वयान गरेको,<br>• निवेदक र प्रतिवादी बीचको संवादवाट प्रतिवादीले निवेदक उजुरकर्तासंग घुस मागेको भन्ने कुरा स्पष्ट रुपमा देखिन नआएको,<br>• बरामद रकम राज्यकोषवाट उपलव्ध गराइएको देखिदां उक्त रकमलाई प्रमाण ग्राह्य गर्न नमिल्ने सर्वोच्च अदालतवाट सिद्धान्त प्रतिपादन भएको। | to Silence को साथै Self Criminalization गर्न वाध्य नपारिने हक रहेको तथा प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरुद्ध प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्था रहेको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सबै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• प्रतिवादीले सेवाग्राहिसँग घुस/रिसवत स्वरुप जम्मा रू १०,०००।— लिन मञ्जुर हुनुका साथै लिनुखानु गरेको स-प्रमाण पुष्टि भएको,<br>• प्र.को संगसाथबाट रकम बरामद भएकोमा आफुवाट वरामद भएको रकमलाई अन्यथा पुष्टी गर्न नसकेको,<br>• भ्रष्टाचार जस्ता गम्भीर प्रकृतिको अनुसन्धान गर्दा सि.डि.जस्ता प्रविधिको प्रयोग गर्नु वाञ्छनीय हुन्छ र त्यसलाई प्रमाण लिन पनि सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन भएको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| ६८. | रञ्जित कुमार श्रेष्ठ र विरेन्द्र चन्द(वि.अ. को मु.नं. ०७७-CR-००२, वि.अ. को फैसला मिति २०७९।०३।२३) | घुस रिसवत उद्योग गरी भ्रष्टाचार गरेको। | •प्र. रञ्जित कुमार श्रेष्ठ र विरेन्द्र चन्दः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रु.३०,०००।- कायम गरी ऐ. ऐनको दफा २१ मा उल्लेख भएअनुसार ऐ. ऐनको दफा३(१) र दफा ३(१)(ख) बमोजिम सजाय हुने सजायको आधा सजाय। | **<u>फैसला:</u>**<br>आरोपदावीबाट सफाइ ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधार:</u>**<br>• प्रतिवादीहरु कसूरमा इन्कार रही वयान गरेको,<br>• आयोगवाट रकम उपलव्ध गराएकोमा रकम नै प्रमाण ग्राह्य हुन नसक्ने अवस्थामा त्यससंग सम्बन्धित प्रमाण समेत ग्राह्य हुन नसक्ने भनी सर्वोच्च अदालतवाट व्याख्या भएको,<br>• उजूरकर्ताको उजूरीको व्यहोरा र अनुसन्धानको क्रममा गरेको कागज व्यहोरा फरक फरक रहेकोले सो व्यहोरा शंकास्पद/विवादास्पद देखिन आयो,<br>• प्रतिवादीले सो रकम स्वेच्छाले घुस रकम माग गरेको र स्वेच्छाले घुस रकम लिएको तथ्य वस्तुनिष्ठ, विश्वसनीय, प्रचुर एवंम पर्याप्त प्रमाणवाट पुष्टि गर्न नसकेको । | • Common Law System अन्तर्गतको फौजदारी न्याय प्रक्रियामा पिडकलाई समेत Right to Silence को साथै Self Criminalization गर्न वाध्य नपारिने हक रहेको तथा प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरुद्ध प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्था रहेको,<br>• प्र.रञ्जित कुमार श्रेष्ठले निवेदक र आफू विच भएको टेलिफोन सम्वाद ठिक साँचो हो भनी सनाखत गरेको तथा प्र.विरेन्द्र चन्दको स्वर परीक्षण प्रतिवेदनमा उक्त स्वर प्र.विरेन्द्र चन्दको हो भन्ने व्यहोराको प्रतिवेदन प्राप्त भएको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सबै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• निवेदक र प्रतिवादीको फोन सम्वादको आधारमा तयार गरिएको सक्रिप्ट राटिङ्गमा घुस रिसवतका सम्बन्धमा कुराकानी हुनुका साथै प्रतिवादीहरु धुस रिसवत लिन मञ्जुर रहेको देखिएको,<br>• नगदै रु.४५,०००।— रकम घुस रिसवत वापत लिएको कुरा निवेदकहरुले मौकामा गरेको कागज मार्फत मात्र नभई उजूरी निवेदक तथा प्रतिवादीहरु वीच भएको फोन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सम्पर्कको आधारमा तयार गरिएको स्क्रिप्ट राईटिङ्गवाट समेत प्रष्ट रुपमा खुल्न आएको,<br>• भ्रष्टाचार जस्ता गम्भीर प्रकृतिको अनुसन्धान गर्दा सि.डि.जस्ता प्रविधिको प्रयोग गर्नु वाञ्छनीय हुन्छ र त्यसलाई प्रमाण लिन पनि सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन भएको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| ६९. | रञ्जित कुमार श्रेष्ठ र विरेन्द्र चन्द(वि.अ. को मु.नं. ०७७-CR-००३, वि.अ. को फैसला मिति २०७९।०३।२३) | घुस रिसवत लिंई भ्रष्टाचार गरेको। | •प्र. रञ्जित कुमार श्रेष्ठ र विरेन्द्र चन्दः भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा बिगो रु.४५,०००।- कायम गरी ऐ. ऐनको दफा ३(१)(ख) बमोजिम सजाय हुन। | **<u>फैसलाः</u>**<br>आरोपदावीबाट सफाइ ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• प्रतिवादीहरु कसूरमा इन्कार रही वयान गरेको,<br>• आयोगवाट रकम उपलव्ध गराएकोमा रकम नै प्रमाण ग्राह्य हुन नसक्ने अवस्थामा त्यससंग सम्बन्धित प्रमाण समेत ग्राह्य हुन नसक्ने भनी सर्वोच्च अदालतवाट व्याख्या भएको,<br>• उजूरकर्ताको उजूरीको व्यहोरा र अनुसन्धानको क्रममा गरेको कागज व्यहोरा फरक फरक रहेकोले सो व्यहोरा शंकास्पद/विवादास्पद देखिन आयो,<br>• प्रतिवादीले सो रकम स्वेच्छाले घुस रकम माग गरेको र स्वेच्छाले घुस रकम लिएको तथ्य वस्तुनिष्ठ, विश्वसनीय, प्रचुर एवंम पर्याप्त प्रमाणवाट पुष्टि गर्न नसकेको । | • Common Law System अन्तर्गतको फौजदारी न्याय प्रक्रियामा पिडकलाई समेत Right to Silence को साथै Self Criminalization गर्न वाध्य नपारिने हक रहेको तथा प्रमाण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा मुद्दाका कुनै पक्षले व्यक्त गरेको कुनै कुरा निजका विरुद्ध प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्था रहेको,<br>• प्र.रञ्जित कुमार श्रेष्ठले निवेदक र आफु विच भएको टेलिफोन सम्वाद ठिक साँचो हो भनी सनाखत गरेको तथा प्र.विरेन्द्र चन्दको स्वर परिक्षण प्रतिवेदनमा उक्त स्वर प्र.विरेन्द्र चन्दको हो भन्ने व्यहोराको प्रतिवेदन प्राप्त भएको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• निवेदक र प्रतिवादीको फोन सम्वादको आधारमा तयार गरिएको सक्रिप्ट राटिङ्गमा घुस रिसवतका सम्बन्धमा कुराकानी हुनुका साथै प्रतिवादीहरु धुस रिसवत लिन मञ्जुर रहेको देखिएको,<br>• नगदै रु.४५,०००।— रकम घुस रिसवत वापत लिएको कुरा निवेदकहरुले मौकामा गरेको कागज मार्फत मात्र नभई उजुरी निवेदक तथा प्रतिवादीहरु वीच भएको फोन सम्पर्कको आधारमा तयार गरिएको स्क्रिप्ट राईटिङ्गवाट समेत प्रष्ट रुपमा खुल्न आएको,<br>• भ्रष्टाचार जस्ता गम्भीर प्रकृतिको अनुसन्धान गर्दा सि.डि.जस्ता प्रविधिको प्रयोग गर्नु वाञ्छनीय हुन्छ र त्यसलाई प्रमाण लिन पनि सकिन्छ भन्ने सिद्धान्त प्रतिपादन भएको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३(१)क.(१) मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट यस आ.व.मा विशेष अदालतबाट भएका फैसलामा चित्त नबुझी मिति २०७९/०६/०६ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरुको विवरण :-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| ७०. | कृष्ण आले (वि.अ. को मु.नं. ०७७-CR-००६९, वि.अ. को फैसला मिति २०७९।०३।०९) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | •प्रतिवादी कृष्ण आलेःभ्र.नि. ऐन, २०५९ को दफा ३ (१) को कसुरमा बिगो रु.५,०००।— कायम गरी ऐ.ऐनको दफा ३ (१) र दफा ३(१)(क) बमोजिम सजाय। | **<u>फैसलाः</u>**<br>प्रतिवादीलाई सफाई<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• प्रतिवादी कसूरमा इन्कार रहि अदालतमा वयान गरेको ।<br>• वरामदी रकम आयोगबाट उपलव्ध गराइएको रकम भएकोले प्रमाणमा ग्राह्रय नदेखिएको तथा विगोको अभावमा घुस रिसवतको कसूर हुन नसक्ने(संवैंधानिक इजलास ०७४-CR-००२०) ।<br>• वरामदी रकम बाहेकका अन्य स्वतन्त्र प्रमाणहरुवाट प्रतिवादीउपरको कसूर स्थापित हुन सकेको अवस्था नदेखिएको । | • प्रस्तुत वारदातमा प्रतिवादीको Mens Rea र Actus Reus दुवै तत्वको विद्यमान रहेको देखिएको ।<br>• प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको हस्त लिखित वयानको स.ज १४ मा अडियो वार्तालाप म र निवेदक विचको हो, स.ज १८ मा रु.५००० ज्यालाको रुपमा माग गरेको रकम हो भनी कसुरमा स्वीकार गरेको देखिएकोलाई प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) ले प्रमाण योग्य देखिएको,<br>• प्रतिवादी र निवेदक विच पटक पटक फोन सम्पर्क भएको Call Details Record वाट देखिएकोमा प्रतिवादी र निवेदक विचको अडियो वार्तालापमा प्रतिवादीले **"ल यसो गर्दिनु न केटाहरुलाई पाँच जति छोडिदिनुस न"** भन्दा निवेदकले **"पाँच हजार जति सर"** भन्दा प्रतिवादीले **"ल ल"** भनेको, प्रतिवादीले **"त्यसको त ज्यालाको विल पाँउदैन क्यारे"** भनेको देखिएकोलाई प्रमाण ऐन, २०३१ को दफा १३क वमोजिम प्रमाणमा लिन मिल्ने नै देखिएको,<br>• सर्वोच्च अदालतको संवैंधानीक इजलासले ०७४-CR-००२० मा गरेको फैसलामा विगो कायम नहुने भनी भनेको नरहेको र घुस रिसवतको मुद्दा खारेज नहुने, केवल अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० मात्र खारेज गरी अन्य प्रमाणको आधारमा निर्णय निकासा दिने गरी फैसला भएकोमा सो फैसलाको प्रतिकुल हुने गरी वरामदी रकम आयोगबाट उपलव्ध गराइएको रकम भएकोले प्रमाणमा ग्राह्रय नदेखिएको तथा विगोको अभावमा घुस रिसवतको कसूर हुन नसक्ने (०७४-CR-००२०) भनी आधार लिई भएको प्रस्तुत फैसला सो संवैधानीक इजलासको फैसलाको रोहमा समेत त्रुटिपूर्ण छ ।<br>• (ने.का.प.२०७४, अंक ९, भाग ५९, नि.न.९८८०), (स.अ.बु, वर्ष १८, अंक २१, फागुन २०६६, पूर्णांक ४२३, पृष्ठ ३१), (स.अ.बु, वर्ष १८, अंक १८, पुष २०६६, पूर्णांक ४२०, पृष्ठ १०), (ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिर फैसलाको प्रतिकुल हुने गरी प्रतिवादीलाई सफाई दिने गरी फैसला भएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| ७१. | प्रतिवादी डोर प्रसाद पन्थी र राम चन्द्र श्रेष्ठ (वि.अ. को मु.नं. ०७६-CR-०४०४, वि.अ. को फैसला मिति २०७९।०२।१२) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • प्रतिवादी डोर प्रसाद पन्थीः बिगो रु. ५०००।-(पाँच हजार मात्र) कायम गरी भ्र.नि.ऐन, २०५९ को दफा ३(१) को कसुरमा सोही ऐनको दफा ३(१) र दफा ३(१)(क) बमोजिम सजाय<br>• प्रतिवादी राम चन्द्र श्रेष्ठः विगो रु.५०००।– कायम गरी भ्र.नि.ऐन, २०५९ को दफा ३(३) को कसुरमा ३(३) मा उल्लेख भएवमोजिम सोही ऐनको दफा ३(१) र दफा ३(१)(क) बमोजिम सजाय गरी सोही ऐनको दफा ३(१) बमोजिम वरामत विगो रु.५००० जफत हुन | **<u>फैसलाः</u>**<br>प्रतिवादीहरुलाई सफाई ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• सरकारी कार्यालयमा रहेको समयमा व्यक्तिगत सापटी रकम लेनदेन भएकै कारणले रिसवत नै लिए दिएको भन्ने अर्थ गर्नु न्यायोचित नदेखिदा वादी दावी पुग्न सक्ने देखिएन । | • प्रस्तुत वारदातमा प्रतिवादीहरुको Mens Rea र Actus Reus दुवै तत्वको विद्यमान रहेको देखिएको ।<br>• प्रतिवादी राम चन्द्र श्रेष्ठले अधिकार प्राप्त अधिकारी समक्ष गरेको हस्त लिखित वयान गर्दा कसुरमा सावित रहि सहअभियुक्त डोर प्रसाद पन्थीलाई पोल गरि वयान गरेको लाई प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) र दफा ९क ले प्रमाण योग्यनै देखिएको,<br>• प्रतिवादीहरुले अदालतमा कसुरमा इन्कारी वयान गरेता पनी विश्वस योग्य प्रमाण पेश गर्न सकेको नदेखिएकोले प्रमाण ऐन, २०३१ को दफा २७ वमोजिम प्रमाणमा लिन मिलेन,<br>• सरकारी साक्षिहरुले अनुसन्धानमा कागज र अदालतमा बकपत्र गर्दा समेत प्रतिवादीहरुले घुस रिसवत लिएको पुष्टि हुने गरी कागज गरेको देखीएकोलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ ले प्रमाण योग्य देखिएको<br>• (स.अ.बु, वर्ष १८, अंक २१, फागुन २०६६, पूर्णांक ४२३, पृष्ठ ३१), (स.अ.बु, वर्ष १८, अंक १८, पुष २०६६, पूर्णांक ४२०, पृष्ठ १०), (ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास)भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिर फैसलाको प्रतिकुल हुने गरी प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला भएको । |
| ७२. | दधिराम पौडेल र राजेश पासी (वि.अ. को मु.नं. ०७७-CR-००९९, वि.अ. को २०७९।०३।१७)फैसला मिति | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • दधिराम पौडेल र राजेश पासीः जनही बिगो रु. ५०,०००।-कायम गरी भ्र.नि.ऐन, २०५९ को दफा ३(१) को कसुरमा सोही ऐनको दफा ३(१) र दफा ३ (१)(ख) बमोजिम सजाय हुन | **<u>फैसलाः</u>**<br>प्रतिवादीहरुलाई सफाई ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• उजुरकर्ता र प्रतिवादीहरु बीच भएको फोन संवाद तथा अडियो डि.भि.डी का साथै अडियो रेकर्डका आधारमा तयार भएको स्क्रिप्ट राईटिङ्ग समेत वरामद रकमसँग सम्वन्धित भई स्वतन्त्र प्रमाणका रुपमा लिन मिल्ने नदेखिएको(गोविन्दप्रसाद कंडेल वि.नेपाल सरकार ०७५-CR-१११०),<br>• उजुरकर्ता अदालत आइ आफ्नो उजुरी व्यहोरा तथा मौकाको कागज | • प्रस्तुत वारदातमा प्रतिवादीहरुको Mens Rea र Actus Reus दुवै तत्वको विद्यमान रहेको देखिएको ।<br>• प्रतिवादी दधिराम पौडेलले अधिकार प्राप्त अधिकारी समक्ष हस्त लिखित गरेको वयानको स.ज २९ मा अडियो रेकर्ड प्रतिवादी राजेश पासी र निवेदक विचको हो भनी सहभियुक्तलाई पोल गरी वयान गरेको देखिएको, प्रतिवादी राजेश पासीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको हस्तलिखित वयानको स.ज १९ **मा " बरामद गरेको रु.५०,०००।- पचास हजार रकम निवेदकसँग निजको फर्निचर उद्योग संचालनमा सहजीकरण गरी दिनको लागी मेरो कार्यालय प्रमुख दधिराम पौडेल सर लाई निवेदकले दिएको हो",** स.ज २० मा निवेदकले मलाई फोन गरेर भने जती रकम पुराउन सकेन त्यही भएर आउन नसकेको हो भन्दा मैले जती छ त्यती लिएर आउनुस र सरलाई भेटनु भनेको हु, स.ज २७ मा अडियो रेकर्ड मेरो कार्यालय प्रमुख दधिराम पौडेल र निवेदक विचको हो भनी सहअभियुक्त दधिराम पौडेललाई |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | व्यहोरालाई पुष्टि गर्न नसकेको । | पोल गरी वयान गरेकोलाई प्रमाण ऐन, २०३१ को दफा ९क ले प्रमाणमा लिन मिल्ने देखिएको,<br>• प्रतिवादीहरुले अदालतमा इन्कारी वयान गरेता पनी विश्वास योग्य प्रमाण पेश गर्न सकेको नदेखिएकोले प्रमाण ऐन, २०३१ को दफा २७ वमोजिम प्रमाणमा लिन मिल्ने देखिएन,<br>• निवेदकले यस आयोगवाट घुस/रिसवतको रकम प्राप्त गर्नु पूर्वको प्रतिवादीले घुस रिसवत माग गरेको अडियो रेकर्ड मिसिल सामेल रहेको देखिएको, प्रतिवादी राजेश पासी र निवेदक विचको अडियो रेकर्डमा निवदेकले **"अलिकति पैसा हेर्दिनु पर्यो"** भन्दा प्रतिवादी राजेश पासीले **"होईन सुन्नुन पुरै नभएनी अलि अलि होला नि"** भनी रकम वार्गेनिङ्ग गरेको, प्रतिवादी दधिराम पौडेल र निवेदक विचको अडियो वार्तालापमा निवेदकले **"पैसा सर"** भन्दा प्रतिवादी दधिराम **पौडेलले "पैसा त्यही राख्दिनुस"** भनेको देखिएको र Call Details Record वाट निजहरु विच पटक पटक फोन सम्पर्क समेत भएको देखिएको प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १३क. ले प्रमाणमा लिनु पर्ने कानूनी व्यवस्था रहेको र उक्त प्रमाणलाई सर्वोच्च अदालतको संवैधानिक इजलासले ०७४-CR-००२० को फैसला गर्दा समेत प्रमाणको रुपमा ग्रहण गर्नु नै पर्ने भनी व्याख्या गरेको छ ।<br>• उजुरकर्ता यमनाथ शर्मा अदालत आइ आफ्नो उजुरी व्यहोरा तथा मौकाको कागज व्यहोरालाई पुष्टि गर्न नसकेको भनी आधार लिई प्रतिवादीहरुलाई सफाई दिएको सम्वन्धमा हेर्दा प्रस्तुत मुद्दामा निज यमनाथ शर्मालाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा ११२ वमोजिम बुझ्न सक्ने देखिदा समेत सो कार्यविधी कानून तर्फ प्रवेश नगरी प्रतिवादीहरुलाई सफाई दिने नियतले हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानून व्यवस्थाको प्रतिकुल रहि फैसला भएको,<br>• (ने.का.प.२०७४, अंक ९, भाग ५९, नि.न.९८८०), (स.अ.बु, वर्ष १८, अंक २१, फागुन २०६६, पूर्णांक ४२३, पृष्ठ ३१), (स.अ.बु, वर्ष १८, अंक १८, पुष २०६६, पूर्णांक ४२०, पृष्ठ १०), (ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास))भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिर फैसलाको प्रतिकुल हुने गरी प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला भएको । |
| ७३. | महेन्द्र यादव (वि.अ. को मु.नं. | घुस रिसवत लिई | • प्रतिवादी महेन्द्र यादवः भ्र.नि.ऐन, २०५९ को दफा | <u>**फैसलाः**</u><br>• प्रतिवादीलाई सफाई । | • प्रस्तुत वारदातमा प्रतिवादीको Mens Rea र Actus Reus दुवै तत्वको विद्यमान रहेको देखिएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| | ०७६-CR-०३५१, वि.अ. को फैसला मिति २०७९।०३।१७) | भ्रष्टाचार गरेको। | ३(१) को कसुरमा बिगो रु.१५०००।- कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय । | **<u>विशेष अदालतले सफाई दिदा लिएका आधार:</u>**<br>• प्रतिवादीले बन्दी प्रत्यक्षीकरणको सहजीकरणको लागी भनी घुस/रिसवत माग गरेको होइन, त्यो काम गर्ने मेरो हैसियत पनी छैन भनी इन्कारी वयान गरेको ।<br>• २०७४-WO-००२० को मुद्दामा सम्मानित सर्वोच्च अदालतवाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० खारेज भैसकेको समेतको कारणले आरोपदावीसाथ पेश भएको बरामदी मुचुल्का, बरामद दशी, उजुरी, उजुरीकर्ताको बकपत्र, श्रव्य दृष्य सामाग्री प्रमाणवाट अपवर्जन हुने देखिन आयो । | • संवैधानीक इजलासको मुद्दा नं.०७४-WO-००२० मा घुस रिसवत मुद्दा खारेज नहुने केवल अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० मात्र खारेज भई अन्य प्रमाणको आधारमा घुस रिसवत मुद्दाको निर्णय निकासा दिने भनी व्याख्या गरेकोमा सोको प्रतिकुल हुने गरी २०७४-WO-००२० को मुद्दामा सम्मानित सर्वोच्च अदालतवाट अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० खारेज भैसकेको समेतको कारणले आरोपदावीसाथ पेश भएको बरामदी मुचुल्का, बरामद दशी, उजुरी, उजुरीकर्ताको बकपत्र, श्रव्य दृष्य सामाग्री प्रमाणवाट अपवर्जन हुने देखिन आयो भनी आधार लिई प्रतिवादीलाई सफाई दिई घुस रिसवत रकमको सवै मुद्दा नै खारेज भन्ने प्रकृतीको आधार लिई भएको फैसला संवैधानिक इजलासवाट भएको व्याख्याको प्रतिकुल रहि वदरभागी छ ।<br>• प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको हस्तलिखित वयानको स.ज १५ मा निवेदकले निवेदनमा उल्लेख गरेको विषयमा कुराकानी गरेको थियो, स.ज १७ मा अडियो रेकर्ड आफू र निवेदक विचको भएको, स.ज २७ मा मैले जानी नजानी भुल बस नगर्न पर्ने कार्य गरे भनी कसुरमा स्वीकार गरी वयान गरेकोलाई प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) वमोजिम प्रमाणमा लिन मिल्ने देखिएको,<br>• प्रतिवादी र निवेदक विच भएको वार्तालापमा निवेदकले **"नाई तो वकना केतना के लिई ?"** भनी सोध्दा प्रतिवादीले **"ढेर ना लिहे १५/२० हजार रुपैयाँ लिहे अपनोसे केहो ५० लाख मङ्गिहे का"** भनी भनेको देखिएको र प्रतिवादी र निवेदक विच पटक पटक फोन सम्पर्क भएको Call Details Record वाट समेत देखिएको प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १३क ले प्रमाण योग्य देखिएको,<br>• प्रतिवादीले अदालतमा इन्कारी वयान गरेतापनी विश्वास योग्य प्रमाण पेश गर्न सकेको नदेखिएको,<br>• निवेदक बृजेश कुमार पाण्डेयले अदालतमा गरेको वकपत्रको स.ज ६ मा अनुसन्धानमा गरेको कागज, निवेदन समेतलाई सनाखत गरेको देखिएको, सरकारी साक्षीहरु पुर्ण कुमार राई समेतले अनुसन्धानमा कागज र अदालतमा बकपत्र गर्दा समेत प्रतिवादीले घुस रिसवत लिएको पुष्टि हुने गरी कागज गरेको देखीएकोलाई प्रमाण ऐन, २०३१ को दफा १० र १८ ले प्रमाण योग्य देखिएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • (ने.का.प.२०७४, अंक ९, भाग ५९, नि.न.९८८०), (स.अ.बु, वर्ष १८, अंक २१, फागुन २०६६, पूर्णांक ४२३, पृष्ठ ३१), (स.अ.बु, वर्ष १८, अंक १८, पुष २०६६, पूर्णांक ४२०, पृष्ठ १०), (ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिर फैसलाको प्रतिकुल हुने गरी प्रतिवादीलाई सफाई दिने गरी फैसला भएको |
| ७४. | प्रतिवादी गिरीराज कोइराला (वि.अ.को.मु.नं. ०७६-CR-००४३, वि.अ.को फैसला मिति २०७९/२/५) | भ्रष्टाचार घुस/रिसवत | प्रतिवादीलाई भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसूरमा विगो रु.६,७५,०००/- कायम गरी ऐ.को दफा ३(१) र दफा ३(१) को खण्ड (ङ) बमोजिम सजाय हुन । | **<u>प्रतिवादीलाई सफाई:</u>**<br>**<u>सफाईका आधारहरु:</u>**<br>• अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ३० अन्तर्गत श्रृजना गरिएका वरामदी मुचुल्का र सो सँग सम्बन्धित रकम समेतलाई प्रतिवादी विरुद्धको प्रमाणको रुपमा ग्रहण गर्न मिल्ने देखिएन ।<br>• प्रतिवादीबाट वरामद गरिएको रकम आयोग आफैले फिर्ता माग गरेको अवस्थामा त्यो रकम दशी वा विगोको रुपमा कायम रहन सक्ने अवस्था पनि देखिन आएन ।<br>• प्रतिवादी उपरको ठोस र वस्तुनिष्ठ प्रमाणबाट वादि पक्षले पुष्टी र प्रमाणित गर्न सकेको नपाइदा प्रमाणको अभावमा प्रतिवादी उपरको वादी दावी ठहर हुन सक्ने अवस्था देखिएन । | • सर्वोच्च अदालतको संवैधानिक इजलासबाट ०७४-WC-००२० रिटमा मिति २०७८/१/८ मा अ.दु.अ.आयोग नियमावली, २०५९ को नियम ३० मा रहेको प्रावधानलाई अमान्य र वदर गर्दैमा अन्य मिसिल संलग्न प्रमाणलाई अनदेखा गरी प्रतिवादीलाई आरोपित कसूरबाट सफाई दिने गरी फैसला गरिएको ।<br>• दशि प्रमाण पेश भई फिर्ता माग नगरेको अवस्थामा कसूर स्थापित हुने र दशि माग गरेमा कसूर विस्थापीत हुने अर्थात दशिको प्रमाणिक मूल्य समाप्त भई कसूर विस्थापीत हुने तर्क किञ्चित पनि हुन नसक्ने ।<br>• प्रतिवादीको र उजुरीकर्ता बीचको टेलीफोन सम्वादको रेकर्डको लिपीलेखनबाट ३/३ लाखको दरले रु.२७,००,०००/- प्रतिवादीले माग गरेकोमा पछि ६,७५,०००/- रकम लिएको र घुस/रिसवत मोलमोलाई गरेको तथ्यलाई प्रमाणमा नलिइ भएको फैसला त्रुटीपूर्ण देखिन्छ । |
| ७५. | प्रतिवादी दिपक चौधरी (वि.अ.को मुद्दा नं. ०७६-CR-०१५२, वि.अ. फैसला मिति | घुस/रिसवत लिई भ्रष्टाचार गरेको । | भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसुरमा विगो रु. ५,०००/- कायम गरी ऐ.ऐनको दफा ३(१) र ३(१) को देहाय (क) वमोजिम सजायको मागदावी लिइएको। | प्रतिवादीलाई सफाई दिइएको ।<br>**<u>सफाईका आधारहरु:</u>**<br>• सर्वोच्च अदालतको फैसला बमोजिम राज्यकोषको प्रयोग गरी दिइएको वरामदी प्रमाणयोग्य नभए पछि विगोको अभावमा घुस/रिसवत कसूर स्थापित हुन सक्ने | • सर्वोच्च अदालतको संवैधानीक इजलासबाट ०७४-WC-००२० रिटमा मिति २०७८/१/८ मा अ.दु.अ. आयोग नियमावली, २०५९ को नियम ३० को प्रावधानलाई अमान्य र वदर गर्दैमा अन्य प्रमाणलाई अनादेखा गरी फैसला गरेको ।<br>• सर्वोच्च अदालतबाट " ........ आरोपित कसूर गरेको तथ्य समर्थित हुने सि.डी.मा रहेको देखिएकोले यसलाई सम्वद्ध प्रमाण होइन भन्न नमिल्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | २०७९/२/१९ ) | | | देखिएन।<br>• प्रस्तुत मुद्दामा वादी पक्षले विश्वसनीय, वस्तुनिष्ठ, स्वतन्त्र प्रमाणहरुबाट प्रतिवादीले दावीको कसूर गरेको पुष्टी गर्न सकेको देखिएन। | ......"(ने.का.य. २०७४, अङ्क, ९, भाग ५९, नि.नं. ९८८० मानी प्रतिपादीत सिद्धान्त र प्रमाण ऐन, २०३१ को दफा १३क विपरित फैसला भएको ।<br>• प्रतिवादीले घुस/रिसवत माग गरेको भन्ने मौकाको उजुरीलाई अदालत समक्ष उपस्थित भई बकपत्र गरिदिएको प्रमाणलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा लिनु पर्नेमा सो नगरी फेसला भएको। |
| ७६. | प्रतिवादी धर्मेन्द्र कुमार झा (वि.अ.को मू.नं. ०७६-CR-०१६३, वि.अ.को फैसला मिति २०७९/२/२६ | भ्रष्टाचार घुस/रिसवत | प्रतिवादी धर्मेन्द्र कुमार झालाई भ्र.नि.ऐन, २०५९ को दफा ३(१) को कसूरमा रु.५०००/- विगो कायम गरी ऐ.ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (क) बमोजिम सजाय गरी पाउने । | <u>**प्रतिवादीलाई सफाई भएको ।**</u><br><u>**सफाईका आधारहरु:**</u><br>• वरामदी मुचुल्का प्रमाण योग्य नभएको र प्रतिवादीले कसूरमा इन्कारी रही वयान गरेको, उजुरवालाले बकपत्र नै नगरेको, स्किप्ट राइटिङ्ग समेतबाट प्रतिवादी विरुद्धको आरोपदावी शंकारहित तवरले पुष्टी हुन सक्ने देखिएन ।<br>• मिसिल संलग्न स्क्रिप्ट राइटिङ्ग पनि वरामद रकम कै सम्बन्धमा त्यही मेसोमा तयार भएको हुँदा त्यसलाई स्वतन्त्र प्रमाणको रुपमा लिन सकिने अवस्था देखिएन । | • घुस/रिसवत मोलमोलाई भएको अडियो रेकर्डको लिपी लेखन र प्र.को अनुसन्धानको क्रममा वयान गर्दा स.ज.१९ र २० मा "मैले लोभलालचमा परि रकम लिएको हो । फोन संवादको रेकर्ड पनि सोही सम्बन्धमा भएको भनी सनाखत गरिदिएको ऐ.वादीका साक्षीले अदालत समक्ष गरिदिएको बकपत्र समेतबाट फैसलाको आधार खण्डीत भइ सकेको उक्त फैसला त्रुटीपूर्ण रहेको ।<br>• सर्वोच्च अदालतको संवैधानिक इजलासबाट ०७४-WC-००२० रिटमा भएको व्याख्याको प्रतिकुल त्रुटीपूर्ण फैसला भएको । |
| ७७. | प्रतिवादी रामकुमार अधिकारी (वि.अ.को म.नं. ०७६-CR-०२९५, वि.अ.को फैसला मिति २०७९/३/९) | घुस/रिसवत लिई भ्रष्टाचार गरेको । | प्रतिवादी रामकुमार अधिकारीलाई भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसूरमा विगो रु. १०,०००/- कायम गरी ऐ.ऐनको दफा ३(१) र दफा ३(१) को देहाय (क) बमोजिम सजायको मागदावी । | <u>**प्रतिवादीलाई सफाई:**</u><br><u>**सफाइको आधारहरु:**</u><br>• प्रस्तुत मद्दामा रकम वरामद भयो भनी गराइएको खानतलासी तथा वरामदी मुचुल्का एवं वरामद रकम प्रमाणमा लिन मिल्ने देखिएन ।<br>• प्रतिवादी उपरको आरोपदावी बस्तुपरक ढंगबाट पुष्टी र प्रमाणित हुन सकेको नदेखिदा आरोपित कसूरबाट प्रतिवादीले सफाई पाउने देखिन आयो । | • सर्वोच्च अदालतको संवैधानीक इजलासबाट ०७४-WC-००२० रिटमा भएको व्याख्याको आडमा उक्त रिटमा भएको व्याख्यालाई नजरअन्दाज गरी उल्लेखित आधार लिई भएको फैसला त्रुटीपूर्ण रहेको ।<br>• सर्वोच्च अदालतबाट <u>**"....... आरोपित कसूर गरेको तथ्य समर्थन हुने सि.डी.मा रहेको देखिएकोले यसलाई सम्वद्ध प्रमाण होइन भन्न नमिल्ने(ने.का.य. २०७४, अङ्क ९, भाग ५९, नि.नं. ९८८०)**</u> भन्ने सिद्धान्त र प्रमाण ऐन, २०३१ को दफा १३क बमोजिम श्रव्य-दृश्य अभिलेखलाई प्रमाण ग्रहण गर्न सकिने अवस्थामा पनि सोको प्रतिकुल फैसला भएको । |
| ७८. | प्रतिवादी | घुस/रिसव | प्रतिवादी राजकुमार यादवलाई | <u>**फैसला:**</u> | • सर्वोच्च अदालतको संवैधानीक इजलासबाट ०७४-WC-००२० रिटमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | राजकुमार यादव (वि.अ. को मु.नं. ०७६-CR-०२८९, वि.अ. को फैसला मिति २०७९/२/१९ | त लिई भ्रष्टाचार गरेको । | भ्र.नि. ऐन, २०५९ को दफा ३(१) को कसूरमा बिगो रु. ५०००/- कायम गरी ऐ.ऐनको दफा ३(१) को देहाय (क) बमोजिम सजाय हुन । | प्रतिवादीलाई सफाई<br>**<u>सफाइदिदा लिइएका आधारहरुः</u>**<br>• आयोगले उपलब्ध गराएको राज्यकोषको रकम दशी प्रमाण तथा बिगो समेत कायम नहुने।<br>• प्रतिवादीको साथबाट रकम बरामद भएको आधारमा घुस खाने बदनियत थियो भनी निश्कर्ष निकाल्न सकिने अवस्था पनि रहेन।<br>• वस्तुनिष्ठ प्रमाणको अभावमा प्रतिवादी उपरको दावी ठहर हुन सक्ने अवस्था देखिन आएन । | भएको व्याख्या तथा सिद्धान्तको आडमा अ.दु.अ. आयोग नियमावली, २०५९ को नियम, ३० लाई अमान्य र वदर गर्दैमा मिसिल संलग्न अन्य प्रमाणहरुको आधारमा कसूर ठहर हुन सक्ने अवस्थाको प्रतिकुल फैसला भएको ।<br>• प्रतिवादीले घुस रकम मोलमोलाई गरेको अडियो रेकर्डको लिपिलेखनमा रु. ५०००/- घुस/रिसवत माग गरेको तथ्य र सर्वोच्च अदालतबाट "......... **<u>आरोपी कसूर गरेको तथ्य समर्थीत हुने सि.डी. मा रहेको देखिएकोले यसलाई सम्वद्ध प्रमाण होइन भन्न नमिल्ने" (ने.का.प्र. २०७४, अङ्क ९, भाग ५९, नि.नं. ९८८०)</u>** भन्ने सिद्धान्त प्रतिपादीत भएको देखिएको र प्रमाण ऐन, २०३१ को दफा १३क बमोजिम श्रव्य-दृश्य अभिलेखलाई प्रमाण ग्रहण गर्न सकिने अवस्थामा प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला त्रुटीपूर्ण रहेको ।<br>• प्रतिवादीले अनुसन्धानको स्वीकारोक्ती वयान, मौकाको उजुरीलाई समर्थन गरी गरीदिएको बकपत्र, घुस मोलमोलाई गरेको अडियो रेकर्ड समेतका वस्तुनिष्ठ प्रमाणको यथोचित मूल्याङ्कन नगरी गरेको फैसला त्रुटीपूर्ण देखिन्छ । |
| ७९. | रोशकाजी जस्पाउ (वि.अ.को मु.नं. ०७६-CR-०१७७, वि.अ. भएको फैसला मिति २०७९/२/१२ | घुस/रिसवत लिई भ्रष्टाचार गरेको | भ्र.नि.ऐन, २०५९ को दफा ३(१) को कसूरमा बिगो रु. २०,०००/- कायम गरी ऐ.ऐनको दफा ३(१) को खण्ड (क) बमोजिम सजाय हुन। | **<u>फैसला</u>**<br>**<u>प्रतिवादीलाई सफाई</u>**<br>**<u>वि.अ.ले सफाई दिदा लिइएका आधारहरुः</u>**<br>• प्रतिवादी कसूरमा इन्कार रहेका र प्रतिवादीको इन्कारी वयानलाई समर्थन हुने गरी निजका साक्षी ध्रुव दाहालले बकपत्र गरेको समेत देखिएको ।<br>• प्रतिवादीले घुस/रिसवत लिएको भन्ने कुरा तथ्ययुक्त तथा शंकारहित तवरबाट पुष्टी हुन सकेको नदेखिदा प्रतिवादी रोशकाजी जस्पाउले सफाई पाउने। | • प्रतिवादी र उजुरीकर्ताको प्रतिनिधि बीच अडियो वार्तालापको लिपीलेखनमा कुरा गर्दै " अव कत्ति गरौत भन्नु त ? कति भन्नु त भन्दा निवेदकको प्रतिनिधिले भन्दा प्रतिवादीले "वीस हजार भनि सके त" भनि भनेको भनाइ, प्रतिवादीको अनुसन्धानको क्रममा कसूर स्वीकारी गरेको वयान समेतका आधारमा कसूर कायम गर्नु पर्नेमा सफाई दिइ भएको फैसला त्रुटीपूर्ण रहेको ।<br>• उजुरी निवेदनलाई अदालत समक्ष बकपत्र गर्दा समर्थन गरी गरेको व्यहोरा, प्रतिवादीले अदालतमा सापटी लिएको भनी वयान गरेको व्यहोरा भ्र.नि.ऐन, २०५९ को दफा ५ बमोजिम कसूर कायम गरी सजाय हुनु पर्नेमा सो नगरी भएको फैसला तथा सर्वोच्च अदालतबाट ०७३-CR-११८२ नं. को मुद्दामा मिति २०७८/४/१९ मा रमेश कुमार तामाङ भएको भ्रष्टाचार मुद्दामा आफ्नो कार्यालयको काम सँग सम्बन्धित सेवाग्राहीसँग सापटी भनी रकम लिने कार्यलाई पनि भ्रष्टाचारको कसूर ठहर गर्ने गरी भएको फैसला समेतका आधारमा प्रतिवादीलाई कसूर कायम हुनु पर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| ८०. | प्रतिवादी सूर्य अधिकारी, प्रतिवादी कान्छो नारायण श्रेष्ठ (वि.अ.को मु.नं. ०७६-CR-०४०५, वि.अ. को फैसला मिति २०७९/३/२४ | घुस/रिसवत लिई भ्रष्टाचार | प्रतिवादी सूर्य अधिकारीलाई भ्र.नि.ऐन, २०५९ को दफा ३(१) को कसूरमा विगो रु. ५०००/- कायम गरी ऐ.ऐनको दफा ३(१) को खण्ड (क) बमोजिम सजाय हुन र प्रतिवादी कान्छो नारायण श्रेष्ठलाई ऐ.ऐनको दफा ३(३) को कसूरमा विगो रु. ५०००/- कायम गरी ऐ.ऐनको दफा ३(१) को खण्ड (क) बमोजिम सजाय गरी पाउने । | <u>**फैसला**</u><br><u>**प्रतिवादीलाई सफाई**</u><br><u>**वि.अ.ले सफाई दिदा लिइएका आधारहरु:**</u><br>• प्रतिवादीहरुलाई रिसवत लिनु दिनु गरेको भन्ने आरोप दावीलाई पुष्टी गराउन समेत वादी नेपाल सरकारले सकेको देखिदैन । निजहरुको बीचमा रकम लिनु दिनु भएको देखिए पनि सो रकम घुस/रिसवत वापत कै हो भनि अनुमान गर्न मिल्दैन ।<br>• प्रतिवादीहरु उपरको आरोपदावी अभियोजनकर्ता वादी नेपाल सरकारले शंका रहित तवरले सप्रमाण पुष्टी गर्न नसकेको अवस्थामा प्रतिवादी कान्छो नारायण श्रेष्ठले सूर्य अधिकारीले लिखतको काम छिटो गर्नका लागि रु. ५०००/- दिएको भनि गरेको वयानको आधारमा उक्त रकम रिसवत वापत दिएको अर्थ गरी प्रतिवादीहरुलाई भ्रष्टाचार जस्तो गंभीर कसूरमा कसूरदार ठहऱ्याउन न्याय सम्मत हुने देखिदैन । | • प्रतिवादी सूर्य अधिकारीले लेखापढी गर्ने कान्छो नारायण श्रेष्ठसँग घुसवापतको रु. ५०००/- रकम लिइ पाइन्टको खल्तीमा राखेको अवस्थामा वरामद भएको वरामदी मुचुल्का, मौकामा कागज गर्ने व्यक्तिको मौकाको उजुरीलाई समर्थन गरी बकपत्र गरिदिएको तथा एक जना घुस/रिसवत दिने र अर्को उक्त घुस/रिसवत लिने मानिस दुवैले छिटो काम गरी दिने भनी रकम दिएको र लिएको स्वीकार गरी सकेको मिसिल संलग्न कागज प्रमाणबाट पुष्टी भएको अवस्थामा आरोपीत कसूरबाट प्रतिवादी दुवै जनालाई सफाई दिनेगरी भएको फैसला त्रुटीपूर्ण रहेको ।<br>• प्रतिवादीहरु दुवैजनाले अनुसन्धानको क्रममा कसूर स्वीकार गरी वयान गरेका र उक्त रकम वरामद भएको तथा मौकाको कागज गर्ने वादीका साक्षीहरुले पनि प्रतिवादीहरु दुवै जनाको कसूरलाई पुष्टि गरी दिएको प्रमाणहरुको मूल्याङ्कन नगरी भएको फैसला त्रुटी पूर्ण देखिन्छ । |
| ८१. | अरूणकुमार झा (वि.अ. को मु.नं. ०७५-CR-०३४०, वि.अ. को फैसला मिति २०७९।३।१० | घूस रिसवत | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसूरमा निज प्रतिवादीलाई बिगो रू. ३०,०००।- कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१)(ख) बमोजिम सजाय हुन | <u>**फैसला:**</u> सफाई<br><u>**आधार**</u><br>क. सर्वोच्च अदालतबाट विष्णुप्रसाद घिमिरे विरूद्ध सङ्घीय संसद्समेत भएको रिट (०७४-WC-००२०) मा राज्यकोषको रकम बरामद भएको अवस्थामा कसूर ठहर गर्न नमिल्ने।<br>ख. प्रतिवादीले अनुसन्धानको बयानमा रकम | ▪ सर्वोच्च अदालतबाट रिट नं. ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो, मुद्दा नै खारेज हुने वा भए गरेका सबै काम कारवाही बदर हुने होइनन।मुद्दामा सङ्कलित अन्य प्रमाणको मूल्याङ्कनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादित।<br>▪ प्रतिवादी र निवेदकबीच भएको कुराकानीको अडियो रेकर्डमा रकम वार्गेनिङ गरेको तथा माग गरेको देखिएबाट प्रतिवादीले स्वेच्छाले निवेदकसँग घुस रिसवत रकम माग गरी लिएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | लिएको तथ्य स्वीकार गरे पनि अदालतमा बयान गर्दा खुश्बु मोटरसाइकल वर्कशपमा सर्भिसिङका लागि आएका व्यक्तिले दिएको रकम गन्दागन्दै पक्राउ परेको।<br>ग. उजुरीकर्ताले अदालतमा आई बकपत्र नगरेकोले उजुरी प्रमाणग्राह्य नहुने। | ▪ बुझिएका मानिसहरूमध्येका भुवनेश्वरकुमार, रामनरेश साह, रोशन मल्लिक, वीरेन्द्रप्रसाद यादवको कागजमा यी प्रतिवादीले खुश्बु मोटरसाईकल वर्कसप भित्र निवेदक जगरनाथ प्रसाद कुशवाहसँग घूस रकम रू. ३०,०००/- लिई निज अरूण झाले आफू बसेको खाटमा आफूले ओछ्याएर लुकाई राखेको बखतमा उक्त घूस रकम रू. ३०,०००।- सहित पक्राउ गरेको भनी लेखाएका छन्। अदालतमा राजु भण्डारी, भीमकुमार बस्नेत, अम्बिकाप्रसाद पहाडीले प्रतिवेदन व्यहोरा सनाखत गरेका छन्। वीरेन्द्रप्रसाद यादवले प्रतिवेदन र कागज व्यहोरा आफ्नै रहेको भनी सनाखत गरेका; रामनरेश साहले मौकाको कागज सनाखत गरी जवाफ ११ मा मुचुल्काहरूमा पढी बुझी मञ्जुरीपूर्वक सहीछाप गरेको, अन्य कसैले भनेका भरमा सही नगरेको भनी मौकाको कागजमा यी प्रतिवादीले घूस रकम माग गरेको पुष्टि गरिदिएका छन्। यसरी निजहरूले अदालतमा उक्त प्रतिवेदन/कागज सनाखत गर्दै बकपत्र गरेकोले निजहरूको बकपत्र प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) बमोजिम प्रमाणग्राह्य रहेको। त्यसैगरी उजुरी निवेदक कामको सिलसिलामा नयाँदिल्ली भारत गएको भनी मुचुल्कासहित अदालतमा पठाइएको निवेदन उपर विचार नगरी निजको हकमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२ बमोजिम बुझ्न सक्ने देखिँदासमेत सो कार्यविधि कानूनतर्फ प्रवेश नगरी प्रतिवादीलाई सफाइ दिई गरिएको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानूनी व्यवस्थाको प्रतिकूल रहेको। प्रतिवादीकै साक्षी विजय कुशवाहाले जवाफ ९ मा यी प्रतिवादीले घूस रकम मागे नमागेको सम्बन्धमा द्विविधामा रहेको तथा अर्का साक्षी भगवान् साह कानूले पनि जवाफ ८ मा लछारपछार गरेको स्वयम् देखेको भने पनि जवाफ १० मा चोटपटकका बारेमा उल्लेख गर्न नसकेको अवस्थामा प्रतिवादीले घूस नमागेको भन्ने व्यहोरा पत्यारलायक देखिन्न।<br>▪ सशस्त्र प्रहरी बल नेपाल नं. ११ गण हे.क्वा. रौतहटको च.नं. १०३० मिति २०७६।३।८ गतेको पत्रानुसार निज सशस्त्र प्रहरी जवान अरूणकुमार झा सोही गणको मेडिकलतर्फका कर्मचारी भएको, निजलाई कुनै पनि सीमा नाकामा कुनै प्रकारको ड्यूटी नखटाइएको तथा निज मिति |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | २०७६।२।१९ गतेबाट दिन ४ भैपरी आउने बिदा बसेकोले हाजिर हुन बाँकी रहेको भन्ने व्यहोराको पत्रसमेतले निजले अदालतमा बयान गरेजस्तो उजुरीकर्ताले गैरकानूनी कार्य गरेको भएमा निज प्रतिवादी उक्त कार्यका लागि खटिने कर्मचारी नरहेको।<br>▪ श्याम अधिकारी विरुद्ध नेपाल सरकार भएको मुद्दामा विज्ञान र प्रविधिको सहायताले आफूसँग घूस रिसवत मागेको बोली बोलेको, फोन वार्ता रेकर्ड गरिएको र सोलाई प्रविधिको मद्दतले लिपिबद्ध गरी प्रमाणको रूपमा पेस गरेकोलाई न्याय निरुपण गर्दा महत्त्वपूर्ण प्रमाणकै रूपमा मूल्याङ्कन गर्नुपर्ने भनी ने.का.प. २०७६, अङ्क ८, नि.नं. १०३२३ मा व्याख्या भएको। |
| ८२. | कमलकिशोरराय यादव (वि.अ. को मु.नं. ०७८-CR-००२४, वि.अ. को फैसला मिति २०७९।२।२५) | घूस रिसवत लिई भ्रष्टाचार मुद्दामा झुटा बकपत्र गरेको। | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(३) बमोजिमको कसूरमा रू. ५०,०००।— बिगो कायम गरी सोही ऐनको दफा ५५ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम सोही ऐनको दफा ३(१) र दफा ३(१)(ख) बमोजिम सजाय हुन। | **<u>फैसलाः</u>** सफाई<br>**<u>आधार</u>**<br>▪ ०७६-CR-०४४१ मुद्दामा प्रतिवादी प्रकाशसिँह कार्कीसमेतले आरोपित कसूरबाट सफाइ पाउने ठहर भएकोले सो मुद्दामा घूस दिएको आरोपदाबी पुष्टि हुन नसक्ने।<br>▪ यी प्रतिवादीले अदालतमा बकपत्र गर्दा आफूलाई बलजफ्ती त्रासमा पारेकाले उजुरी निवेदन लेखेको भनी लेखाएको।<br>▪ लगाउका मुद्दा (०७६-CR-०४४१) मा फैसलाका आधारहरू- प्रकाशसिँह कार्कीले रकम बरामद भएको स्वीकार गरे पनि सो रकम घूस वापतको नभएको भनेको; झुटा उजुरी दिएको भनी कसूरका सम्बन्धमा इन्कारी बयान गरेको; हिमालयविक्रम विष्टले रकम खल्तीमा हालिदिएको भनी कसूरमा इन्कारी बयान गरेको; त्यसैगरी हिमालयविक्रम विष्टको बयानमा कसूरमा पूर्णरूपमा इन्कार रहेको; घूस मागेको | ▪ निबेदकले निबेदनसाथ पेश गरेको घूस रकमको लेनदेनको विषयमा भएको अडियो रेकर्डमा निवेदक र आरोपित प्रकाशसिँह कार्कीबीच रकमको वार्गेनिङ भई कुराकानी हुने क्रममा निवेदकले **ए अनि सर सुन्नुन् त्यो भनी राख्नु भाथ्यो सरले चाहिँ खर्च पानीको लागि के गरौं म कति केही**?सोध्दा प्रकाशसिँह कार्कीले **वकिल सापलाई हो जे गर्नुपर्छ त्यही गर्नू** भन्नेसमेतको जवाफ दिई वकिल साप हिमालयविक्रम विष्ट मार्फत घुस/रिसवत माग गरेको। यसरी प्रतिवादी र निवेदकबीच भएको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ गरेको तथा माग गरेको देखिएबाट प्रतिवादीले स्वेच्छाले निवेदकसँग घुस रिसवत रकम माग गरेको।<br>▪ सर्वोच्च अदालतबाट रिट नं. ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो, मुद्दा नै खारेज हुने वा भए गरेका सबै काम कारवाही बदर हुने होइनन। मुद्दामा सङ्कलित अन्य प्रमाणको मूल्याङ्कनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादित।<br>▪ श्याम अधिकारी विरूद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा विज्ञान र प्रविधिको सहायताले आफूसँग घूस रिसवत मागेको बोली बोलेको, फोन वार्तालाई रेकर्ड गरिएको र सोलाई प्रविधिको मद्दतले लिपिबद्ध गरी प्रमाणको रूपमा पेस गरेकोलाई न्याय निरूपण गर्दा महत्त्वपूर्ण प्रमाणकै रूपमा मूल्याङ्कन गर्नुपर्ने भनी ने.का.प. २०७६, अङ्क ८, नि.नं. १०३२३ मा व्याख्या भएकाले राज्यकोषको रकमबाहेकका अन्य प्रमाणहरूको यथोचित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | कारणले पीडित भएको भन्ने दाबी लिई उजूरी दिने स्वयम् निज उजूरीकर्ताबाट उजूरी खण्डित हुनेगरी अदालतमा बकपत्र गर्छ भने त्यस्तो अवस्थामा अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि नभएसम्म प्रतिवादीले रिस्वत लिएको भनी ठहर गर्न न्यायसङ्गत नहुने (ने.का.प. २०६६, अङ्क २,नि नं ८०८५)। | मूल्याङ्कन नगरी फैसला भएको। |
| ८३. | कृष्णमुरारी चौधरी र पुरुषोत्तम दाहाल (वि.अ. को मु.नं. ०७६-CR-०२७२, वि.अ. को फैसला मिति २०७९।२।११) | घूस रिसवत | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(२) को कसूर गरेकाले बिगो रू.२५,०००।– कायम गरी प्रतिवादीद्वय कृष्णमुरारी चौधरी र पुरुषोत्तम दाहाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१)(क) बमोजिम सजाय हुन। | **<u>फैसलाः</u>** सफाई<br>**<u>आधार</u>**<br>▪ सर्वोच्च अदालतबाट विष्णुप्रसाद घिमिरे विरूद्ध सङ्घीय संसद्समेत भएको रिट (०७४-WC-००२०) मा राज्यकोषको रकम बरामद भएको अवस्थामा कसूर ठहर गर्न नमिल्ने।<br>▪ प्रतिवादीले रकम स्वेच्छाले माग गरेको र स्वेच्छाले घूस वापतको रकम लिएको तथ्य वस्तुनिष्ठ, विश्वसनीय, प्रचूर एवम् पर्याप्त प्रमाणद्वारा पुष्टि हुनुपर्ने (नि.नं. १०४१३)। | ▪ सर्वोच्च अदालतबाट रिट नं. ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो, मुद्दा नै खारेज हुने वा भए गरेका सबै काम कारवाही बदर हुने होइनन। मुद्दामा सङ्कलित अन्य प्रमाणको मूल्याङ्कनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादित।<br>▪ प्रतिवादी र निवेदकबीचको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ गरेको तथा माग गरेको देखिएबाट प्रतिवादीले स्वेच्छाले निवेदकसँग घुस रिसवत रकम माग गरेको।<br>▪ अनुसन्धानको क्रममा बुझिएका प्रत्यक्षदर्शी साक्षी/प्रतिवेदकहरू एवम् स्थानीय प्रतिनिधिसमेतले कृष्णमुरारी चौधरी र पुरुषोत्तम दाहाल दुवै जनाले निवेदकबाट घूस/रिसवत वापत रु. २५,०००।- लिएको कसूरमा दशी प्रमाणसहित पक्राउ परेको तथ्य पुष्टि हुने गरी कागज गरेका। मौकाको मुचुल्का, कागज, प्रतिवेदनलगायतमा भएको व्यहोरा सही सत्य हो भनी वीरेन्द्रकुमार चौधरी, विनोद थापा, टङ्कप्रसाद बस्ताकोटी, रवि घिमिरे, पुष्पराज मल्ल, शैलेन्द्र पाण्डे, चन्द्रबहादुर खड्का, सविन गिरी, रमेश थापा, ओमप्रकाश घिमिरे, किस्मतबहादुर भण्डारीले अदालतमा बकपत्र गरेका छन्। यसरी उक्त प्रतिवेदन/कागज सनाखत गर्दै बकपत्र गरेकोले निजहरूको बकपत्र प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) बमोजिम प्रमाणग्राह्य रहेको।<br>▪ सि.डी. लगायत विद्युतीय माध्यमबाट सङ्कलित प्रमाणलाई मुद्दामा प्रमाणको रूपमा ग्रहण गर्न मिल्दैन भन्ने अवश्य होइन; विज्ञान र प्रविधिको क्षेत्रमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भएको अभूतपूर्व विकास र थपिएका अनेकौं नवीनतम् आयामहरूलाई न्याय निरुपणका सन्दर्भमा अदालतले अनदेखा गर्न नहुने भनी **ने.का.प. २०७४, अङ्क ९, नि.नं. ९८८०** मा व्याख्या भएको छ।<br>▪ प्रदीप अधिकारी विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा खल्तीबाट घूसको रकम बरामद भएको अवस्थामा घूस/रिसवत लिएको होइन भनी जिकीरसम्म लिएको तर त्यसलाई कुनै वस्तुनिष्ठ प्रमाण पेश गरी प्रमाणित गर्न नसकेकोले बरामद भएका नोटहरू प्रतिवादीको जानकारी र सहमति बेगर निजको अज्ञानतामा नै निजको खल्तीमा राखिएको वा जबर्जस्ती राखिएको भनी अनुमान गर्न नमिल्ने भनी उल्लेख गरिएको छ (**ने.का.प. २०६७, अङ्क ४, नि.नं. ८३४०**)। |
| ८४. | नेत्रबहादुर चौधरी (वि.अ. को मु.नं. ०७६-CR-०२६०, वि.अ. को फैसला मिति २०७९।३।१०) | घूस रिसवत | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) को कसूरमा बिगो रु.४०,०००।—कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१)(ख) बमोजिम सजाय हुन। | **<u>फैसलाः</u>** सफाई<br>**<u>आधार</u>**<br>▪ सर्वोच्च अदालतबाट विष्णुप्रसाद घिमिरे विरूद्ध सङ्घीय संसद्समेत भएको रिट (०७४-WC-००२०) मा राज्यकोषको रकम बरामद भएको अवस्थामा कसूर ठहर गर्न नमिल्ने। बरामदी रकम नै गैरसंवैधानिक भई बिगो नै कायम गर्न नमिल्ने हुँदा बिगो बिनाको कसूर कानूनीरूपमा अपुरो हुने।<br>▪ प्रतिवादीले अनुसन्धानको बयानमा रकम लिएको तथ्य स्वीकार गरे पनि अदालतमा बयान गर्दा घूस रकम माग नगरेको भनी इन्कारी बयान गरेको। | ▪ निज प्रतिवादीले अनुसन्धानको क्रममा साविती बयान गरी घूस लिएको स्वीकारै गरेका। प्रतिवादी र निवेदकबीचको कुराकानीको अडियो रेकर्डकोमा रकम बार्गेनिङ गरेको तथा माग गरेको देखिएबाट प्रतिवादीले स्वेच्छाले निवेदकसँग घुस रिसवत रकम माग गरेको।<br>▪ अनुसन्धानको क्रममा बुझिएका सुरज पाण्डे, डिल्लीराम काफ्ले र मनोजकुमार जयसवालको मौकाको कागजमा नेत्रबहादुर चौधरीको टेबुलको घर्राभित्र रु.४०,०००।— फेला परेको भनी उल्लेख गरेका छन्। सो व्यहोरा सही सत्य हो भनी अदालतमा आई बकपत्रसमेत गरेका छन्। त्यसैगरी प्रतिवेदकहरू मधुसुदन ज्ञवाली, रोशनराज पाण्डेय र नवराज ढुङ्गानाले मुचुल्का र प्रतिवेदन व्यहोरा सनाखत गर्दै बकपत्र गरेका छन्। तसर्थ निजहरूको बकपत्र प्रमाण ऐन, २०३१ को दफा १०(१)(क) बमोजिम प्रमाणग्राह्य हुने।<br>▪ सर्वोच्च अदालतबाट रिट नं. ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो, मुद्दा नै खारेज हुने वा भए गरेका सबै काम कारवाही बदर हुने होइनन। मुद्दामा सङ्कलित अन्य प्रमाणको मूल्याङ्कनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादित।<br>▪ श्याम अधिकारी विरुद्ध नेपाल सरकार भएको मुद्दामा विज्ञान र प्रविधिको सहायताले आफूसँग घूस रिसवत मागेको बोली बोलेको, फोन वार्ता रेकर्ड गरिएको र सोलाई प्रविधिको मद्दतले लिपिबद्ध गरी प्रमाणको रूपमा पेस |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गरेकोलाई न्याय निरुपण गर्दा महत्त्वपूर्ण प्रमाणकै रूपमा मूल्याङ्कन गर्नुपर्ने भनी ने.का.प. २०७६, अङ्क ८, नि.नं. १०३२३ मा व्याख्या भएको। |
| ८५. | सोमप्रसाद पहाडी (वि.अ. को मु.नं. ०७८-CR-००५८, वि.अ. को फैसला मिति २०७९।२।१८) | घूस रिसवत | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसूरमा बिगो रु. १,४०,०००।- कायम गरी सोही ऐनको दफा ३(१) र दफा ३(१)(घ) बमोजिम सजाय हुन। | **<u>फैसलाः</u>** सफाई<br>**<u>आधार</u>**<br>▪ प्रतिवादीले निवेदकबाट रकम लिइसकेपछि मिति २०७८।१०।३ मा भएको इष्टिमेटमा निवेदकको पोल सार्नेसम्बन्धी कामको लागि रु १,११,२१७।८४ मात्र लाग्ने नेपाल विद्युत् प्राधिकरणको टिप्पणी निर्णय रहेकोमा निवेदकबाट रु २८,७८२।१६ घूस रिसवत वापत लिएको पुष्टि भई अन्य आरोपदाबी पुष्टि नहुने। | ▪ २०७८/९/२९ गते प्रतिवादी सोमप्रसाद पहाडीको कार्यकक्षको टेबुलको घर्राबाट घुस/रिसवत वापत रु.१,४०,०००।- बरामद गरेको बरामदी मुचुल्का रहेको।<br>▪ सर्वोच्च अदालतबाट रिट नं. ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने हो, मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा सङ्कलित अन्य प्रमाणको मूल्याङ्कनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादित।<br>▪ प्रतिवादी र निवेदकबीचको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ गरेको तथा माग गरेको देखिएबाट प्रतिवादीले स्वेच्छाले निवेदकसँग घुस रिसवत रकम माग गरेको।निवेदकले निवेदनसाथ पेश गरेको अडियोमा भएको आवाज र सोमप्रसाद पहाडीले बोलेको आवाज (स्वर परीक्षण) गर्दा The speaker's identification traits match with confidence level of more than 99%. Match probability is more than 60.0%. परिणाम आएको।<br>▪ विद्युतीय संरचना स्थानान्तरणसम्बन्धी कार्यबिधि, २०७६ को दफा ९(२) मा कुनै पनि विद्युतीय संरचना स्थानान्तरण गर्दा दफा ४ बमोजिम लाग्ने खर्च आवेदकले नै व्यहोर्ने व्यवस्था रहेको तर जीर्ण भएको पोल बदली गर्ने सम्बन्धमा नेपाल विद्युत् प्राधिकरण लगनखेल केन्द्रको पत्रमा नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को परिच्छेद-३ को दफा १९(ख) मा उल्लिखित व्यवस्थाअनुसार जीर्ण भएको काठको पोल बदली गर्नसमेतका लागि विभिन्न शीर्षकहरूमा बजेट नै बिनियोजन भई सबै वितरण केन्द्रहरूले नेपाल विद्युत् प्राधिकरणको काम कर्तव्यको रूपमा सो कार्य गर्ने गरेको भनी खुलाई पठाएको र सो कार्यको लागि लाग्ने खर्च व्यहोर्ने दायित्व प्रतिवादी सोमप्रसाद पहाडीसमेतले गरेको बयानमा जीर्ण भएको काठको पोल बदली गर्न समय नलाग्ने, प्रक्रियामा जान नपर्ने र बदली गर्दा लाग्ने खर्चको दायित्व प्राधिकरणले नै व्यहोर्नपर्ने भन्ने व्यहोरा उल्लेख गरेको तथा प्रतिवादी सोमप्रसाद पहाडीले मिति २०७८/९/२८ गते निवेदनको व्यहोरामा जीर्ण भएको पोल बदली गरी पाऊँ भनी निवेदकलाई अर्को |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | निवेदन लेख्न लगाई जीर्ण काठको पोल बदली गर्न लाग्ने खर्च व्यहोर्ने दायित्व प्राधिकरणको हुँदाहुँदै पनि मिति २०७८/९/२९ गते नै सम्पूर्ण सामानहरू गइसकेको रकम नदिए काम नहुने, यो कुरा कसैलाई पनि नभन्नू भनी निवेदकलाई घुस/रिसवत दिन बाध्य पारी सो बापत लाग्ने रकम भनी निवेदकबाट रु.१,४०,०००।-लिएको पुष्टि भइरहेको छ। यसरी निवेदकले बिजुलीको पोल सार्न दिएको निवेदनमा प्रतिवादी सोमप्रसाद पहाडीले आफ्नो जिम्मेवारी नै नभएको विषयमा नेपाल विद्युत् प्राधिकरणको बिद्युतीय संरचना स्थानान्तरणसम्बन्धी कार्यविधि, २०७६ बमोजिम सम्पूर्ण प्रकृया पुरा गरी लाग्ने इष्टिमेटअनुसारको रकम ने.वि.प्रा. को खातामा जम्मा गराई काम गर्नुपर्नेमा सो प्रक्रिया नै पुरा नगरी इष्टिमेट अनुसारको रकम भनी निवेदकबाट रु. १,४०,०००।— आफै लिई निजको घरमा राखेको र आरोपित सोमप्रसाद पहाडीले सजायबाट बच्न निवेदक ढिलो आएकोले कार्यालयको आय शाखा बन्द भएकोले आफ्नो कार्यकक्षको घरमा राख्न लगाएको हुँ भनी वयानमा खुलाए पनि निवेदकलाई निवेदनको व्यहोरा नै परिवर्तन गर्न लगाई काठको जीर्ण पोल बदली गरी पाऊँ भनी अर्को निवेदन लेख्न लगाई, नेपाल विद्युत् प्राधिकरणको विद्युतीय संरचना स्थानान्तरणसम्बन्धी कार्यविधि, २०७६ अनुसार रकम जुनसुकै शीर्षकबाट आयमा जम्मा गरी कार्य गर्ने प्रकृया सही हो भनी रकम लिएको कुरामा साबित भई बयान दिएको र जीर्ण पोल बदली गर्ने सम्बन्धमा नेपाल विद्युत् प्राधिकरण लगनखेल बितरण केन्द्रले खुलाई पठाएको पत्रमा नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा १९(ख) को व्यवस्थाअनुसार जीर्ण पोल बदली गर्न समेतका लागि विभिन्न शीर्षकहरूमा बजेट नै बिनियोजन भई सबै वितरण केन्द्रहरूले नेपाल विद्युत् प्राधिकरणको काम कर्तव्यको रूपमा सो कार्य गर्दै आईरहेको भन्ने व्यहोरा उल्लेख भएको अवस्थामा जीर्ण पोल बदली गर्दा लाग्ने खर्च व्यहोर्ने दायित्व प्राधिकरणको भएको र सो कुरा थाहा हुँदाहुँदै पनि निवेदकबाट बिजुलीको पोल सार्ने प्रयोजनार्थ मिति २०७८।९।२९ गते नै नेपाल विद्युत् प्राधिकरण, काठमाडौं ग्रिड महाशाखा पाटन सब-स्टेशनभित्र आफ्नै कार्यकक्षमा घुस/रिसवत रकम रू. १,४०,०००।- लिएको हो भन्ने तथ्य पुष्टि भइरहेको।<br>▪ उजुरीकर्ता भोजराज ढकालले उजुरी व्यहोरा तथा मौकाको कागज सनाखत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गर्दै बकपत्रको जवाफ ७ मा प्रतिवादी सोमप्रसाद पहाडीले तुरुन्तै २ घण्टाभित्रै काम गरिदिने भनी घूस मागेको; जवाफ ९ मा सोही व्यहोरा लेखाएको अवस्थामा मौकाको उजुरी निवेदन सनाखत गरी प्रतिवादीले घूस रकम मागेको स्पष्ट लेखाएको उजुरवालाको बकपत्र (जवाफ ७ र ९) बाट उजुरी व्यहोरा समर्थन भएकोले प्रमाण ऐन, २०३१ को दफा ८ र १०(१)(ख) बमोजिम त्यस्तो बकपत्र प्रमाणमा लिन मिल्ने हुँदा वादीले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम अभियोग प्रमाणित गरेको। |

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट यस आ.व.मा विशेष अदालतबाट भएका फैसलामा चित्त नबुझी मिति २०७९/०६/०७ गते सर्वोच्च <u>अदालतमा पुनरावेदन गरिएका मुद्दाहरुको विवरण</u> :-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| ८६. | सुरेशचन्द्र डि.सी. र सुशन जोशी (वि.अ. को मु.नं. ०७६-CR-००७३, वि.अ. को फैसला मिति २०७९।०३।०२) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • प्र.सुरेशचन्द्र डि.सी.लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१)(घ) बमोजिम तथा प्रतिवादी सुसन जोशीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय हुन मागदावी लिईएको। | <u>फैसला:</u><br>दुवै प्रतिवादीलाई सफाई हुने गरी फैसला भएको।<br><u>विशेष अदालतले सफाई दिदा लिएका आधार:</u><br>• उजुरवाला सेवाग्राहीको रुपमा सेवा प्राप्त गर्न प्रतिवादी समक्ष गएको भन्ने अवस्था पुष्टी नभएको।<br>• बरामद भएको रकम रु. ३,२६०००।— सुरेशचन्द्र डि.सी. को झोलाबाट बरामद भएको देखिएतापनि उक्त रकम सुसन जोशीले लेनदेनको व्यवहारका रुपमा उजुरवालासँग माग गरेको र शंकर रावललाई सुसन जोशीले दिएको पुष्टी भएको।<br>• प्रतिवादीहरुले आरोपित कसुरमा इन्कारी रही बयान गरेको। | • प्रतिवादीमध्येका सुरेशचन्द्र डि.सी. राष्ट्रसेवक भएको, निवेदक र प्रतिवादीहरु बीचमा कुन बैङ्कको कसको खातामा कति रकम जम्मा गर्ने भनी फोन मार्फत सल्लाह भए बमोजिम खातामा रकम जम्मा गरेको तथ्यमा विवाद नभएको।<br>• निवेदक सेवाग्राही र प्रतिवादी सेवा प्रदायक रहे भएको कुरामा विवाद नभएको समेतका प्रयाप्त आधार र प्रमाणहरु मिसिल संलग्न रहेको।<br>• प्रतिवादीको खातामा रकम जम्मा भएको अदालतले पनि स्वीकार गरेको। |
| ८७. | युवराज पौडेल (वि.अ. को मु.नं. ०७६-CR-०२९१, | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (१) को कसुर अपराधमा बिगो रु.१,००,०००। कायम गरी | <u>फैसला:</u><br>प्रतिवादीलाई सफाइ हुने गरी फैसला भएको।<br><u>विशेष अदालतले सफाई दिदा लिएका आधार:</u> | • प्रतिवादीले कानुन बमोजिमको कार्य गर्नको लागि गरेको सम्झौता मिसिल संलग्न रहेको।<br>• वारदात हुनुभन्दा पहिला निवेदक र प्रतिवादी बीचको कुराकानीमा " एक लाख नदिएसम्म अरु पैसा निकाल्न गारो छ, त्यो एक लाख त दिनैपर्छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | वि.अ. को फैसला मिति २०७९।२।१३) | | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन मागदावी लिईएको। | • सर्वोच्च अदालत संवैधानिक इजलासबाट २०७४-wc-००२० को रिट निवेदनमा मिति २०७८/१/८ मा भएको आदेश/फैसला बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराइएको नोट रकम बरामद भएको भन्ने बरामदीसग सम्बन्धित प्रमाणलाई प्रमाणग्राह्य गर्न नमिल्ने,<br>• रकम बरामद भएको बाहेक अन्य प्रमाणहरुबाट प्रतिवादी उपरको आरोप दाबी पुष्टी हुन नसकेको । | किताबमा राखेर खाममा राखेर ट्याक्क पारेर मेरो ड्राइभरलाई दिनुहोला" भनेर प्रतिवादीले निवेदकसँग कुराकानी गरेको स्कृप्ट मिसिल संलग्न रहेको।<br>• प्रतिवादीले प्रयोग गर्ने गरेको सवारी साधनको चालक सचित दुलालले अनुसन्धानमा बयान गर्दा प्रतिवादी उपरको मागदावीलाई समर्थन गर्ने गरी बयान गरको।<br>• यसअघि पनि विशेष अदालतबाटै यस्तै प्रकृतिका मुद्दाको सन्दर्भमा बरामदी रकम बाहेकका अन्य प्रमाणलाई आधार लिई कसुरदार ठहर गरी फैसला गरेको। |
| ८८. | ब्रिजमोहन यादव र विरदेव सिंह भन्ने बिरीदेव महतो (वि.अ. को मु.नं. ०७६-CR-०१३६, वि.अ. को फैसला मिति २०७९।०२।२६) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • बिगो रु.१,१०,०००।-(एक लाख दस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को (घ) बमोजिम सजाय हुन मागदावी लिईएको। | **<u>फैसलाः</u>**<br>दुवै जना प्रतिवादीलाई सफाई हुने गरी फैसला भएको।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• सर्वोच्च अदालत संवैधानिक इजलासबाट २०७४-wc-००२० को रिट निवेदनमा मिति २०७८/१/८ मा भएको आदेश/फैसला बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराइएको नोट रकम बरामद भएको भन्ने बरामदीसग सम्बन्धित प्रमाणलाई प्रमाणग्राह्य गर्न नमिल्ने ।<br>• रकम बरामद भएको बाहेक अन्य प्रमाणहरुबाट प्रतिवादी उपरको आरोप दाबी पुष्टी हुन नसकेको | • निवेदकको कार्य गरिदिएवापत घुस रकम लेनदेन गर्ने भनी फोन सम्पर्क भएको देखिएको ।<br>• निवेदक र वादीका साक्षीले अदालतमा वकपत्र गर्दा अनुसन्धानका कागजलाई समर्थन हुने गरी बकपत्र गरेको ।<br>• यसअघि पनि विशेष अदालतबाटै समान तथ्य भएका मुद्दाको सन्दर्भमा बरामदी रकम बाहेकका अन्य प्रमाणलाई आधार लिई कसुरदार ठहर गरी फैसला गरेको । |
| ८९. | राजु श्रेष्ठ (वि.अ. को मु.नं. ०७५-CR-०२२४, वि.अ. को फैसला मिति | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • विगो रु. ८०००।— कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को | **<u>फैसलाः</u>**<br>• प्रतिवादीलाई सफाइ हुने गरी फैसला भएको ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• सर्वोच्च अदालत संवैधानिक इजलासबाट | • निवेदकले व्यवसाय सञ्चालन गरेवापत प्रहरी निरिक्षक सुवास राईलाई रकम दिनुपर्छ उक्त रकम रु. ८ हजार मैले दिइसके तसर्थ उक्त रकम दिनुपर्यो भनी प्रहरी हवल्दार राजु श्रेष्ठले निवेदकसँग घुस रकम माग गरेको देखिएको ।<br>• वारदात हुनुभन्दा पहिला निवेदक र प्रतिवादी बीचमा रकम माग गर्ने व्यहोराको कुराकानी भएको देखिएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| | २०७९।२।१३) | | उपदफा (१) को (क) बमोजिम जरिबाना र कैद सजाय हुन मागदावी लिई । | २०७४-wc-००२० को रिट निवेदनमा मिति २०७८/१/८ मा भएको आदेश/फैसला बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराइएको नोट रकम बरामद भएको भन्ने बरामदीसँग सम्बन्धित प्रमाणलाई प्रमाणग्राह्य गर्न नमिल्ने ।<br>• रकम बरामद भएको बाहेक अन्य प्रमाणहरुबाट प्रतिवादी उपरको आरोप दाबी पुष्टी हुन नसकेको । | • वादीका साक्षी र निवेदकले अदालतमा बकपत्र गर्दा अनुसन्धानमा गरेका कागजलाई समर्थन हुने गरी गरेको। |
| ९०. | गुणराज दाहाल (वि.अ. को मु.नं. ०७५-CR-०११७, वि.अ. को फैसला मिति २०७९।०२।१९) | घुस रकम लिई भ्रष्टाचार गरेको। | • भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा सोहि ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिबाना र कैद सजाय हुन मागदावी लिईएको। | **<u>फैसलाः</u>**<br>• प्रतिवादीलाई सफाइ हुने गरी फैसला भएको।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• सर्वोच्च अदालत संवैधानिक इजलासबाट २०७४-wc-००२० को रिट निवेदनमा मिति २०७८/१/८ मा भएको आदेश/फैसला बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराइएको रकम बरामद भएको भन्ने बरामदीसँग सम्बन्धित प्रमाणलाई प्रमाणग्राह्य गर्न नमिल्ने ।<br>• रकम बरामद भएको बाहेक अन्य प्रमाणहरुबाट प्रतिवादी उपरको आरोप दाबी पुष्टी हुन नसकेको । | • उजुरकर्ता सेवाग्राही र प्रतिवादीले उजुरवालालाई उपलब्ध गराउनुपर्ने सेवा र प्रतिवादीले सम्पादन गर्नुपर्ने कार्य अन्तर सम्बन्धित रहेको भन्ने कुरालाई अदालतले पनि स्वीकार गरेको ।<br>• रकम लिनुदिनु कार्य सँग सम्बन्धित रही फोन सम्पर्क भएको देखिएको ।<br>• निवेदक र वादीका साक्षीले अदालतमा वकपत्र गर्दा अनुसन्धानका कागजलाई समर्थन हुने गरी बकपत्र गरेको ।<br>• यसअघि पनि विशेष अदालतबाटै समान तथ्य भएका मुद्दाको सन्दर्भमा बरामदी रकम बाहेकका अन्य प्रमाणलाई आधार लिई कसुरदार ठहर गरी फैसला गरेको |
| ९१. | कैलाश प्रसाद दाहाल (वि.अ. को मु.नं. ०७६-CR-०३६०, वि.अ. को | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन मागदावी लिईएको । | **<u>फैसलाः</u>**<br>प्रतिवादीले सफाई पाउने गरी फैसला भएको।<br>**<u>विशेष अदालतले सफाई दिदाँ लिएका आधारः</u>**<br>• सर्वोच्च अदालत संवैधानिक इजलासबाट २०७४-wc-००२० को रिट निवेदनमा | • निवेदक र प्रतिवादीको बिचमा पहिला नै घुस रकमका सम्बन्धमा फोनमा कुराकानी भएको देखिएको ।<br>• प्रतिवादीले निवेदकसँग रकम लिएको कुरा स्वीकार गरेको ।<br>• उजुरकर्ता र वादीका साक्षीले आरोपपत्रलाई समर्थन हुने गरी अदालतमा बकपत्र गरेको ।<br>• समान तथ्य भएका मुद्दामा यसअघि पनि विशेष अदालतबाटै बरामदी रकम |

| | | | | | |
|---|---|---|---|---|---|
| | फैसला मिति २०७९।०२।२०) | | | मिति २०७८/१/८ मा भएको आदेश/फैसला बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराइएको रकम बरामद भएको भन्ने बरामदीसँग सम्बन्धित प्रमाणलाई प्रमाणग्राह्य गर्न नमिल्ने ।<br>• रकम बरामद भएको बाहेक अन्य प्रमाणहरुबाट प्रतिवादी उपरको आरोप दाबी पुष्टी हुन नसकेको। | बाहेकका अन्य प्रमाणलाई आधार लिई कसुरदार ठहर गरी फैसला गरेको । |
| ९२. | गोबिन्द प्रसाद अधिकारी, रघुवंश कंडेल, नवराज घिमिरे, गोपाल खड्का, उद्धव प्रसाद सापकोटा, नारायण प्रसाद पोखरेल र दिपक खनाललाई (वि.अ. को मु.नं. ०७६-CR-०४४८, वि.अ. को फैसला मिति २०७९।०२।१३) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | •जनही रु.८,५०,०००/- बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ङ) बमोजिम सजाय हुन मागदावी लिईएको । | <u>**फैसलाः**</u><br>सवै प्रतिवादीलाई सफाई हुने गरी फैसला भएको ।<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br>• सर्वोच्च अदालत संवैधानिक इजलासबाट २०७४-wc-००२० को रिट निवेदनमा मिति २०७८/१/८ मा भएको आदेश/फैसला बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराइएको रकम बरामद भएको भन्ने खानतलासी/बरामदीलाई प्रमाणग्राह्य गर्न नमिल्ने ।<br>• उजुरी निवेदकले आफ्नो कामको लागि मालपोत कार्यालय डिल्लिवजारमा निवेदन दर्ता गराएको नदेखिएको ।<br>• निवेदकबाट नै प्रतिवादीलाई रकमको बारेमा बोल्न दुरुत्साहन गरेको देखिएको। | • वारदात हुनु भन्दा पहिला निवेदक र प्रतिवादी बीच कसुरको सम्बन्धमा फोनमा कुराकानी भएको देखिएको ।<br>• प्रतिवादीहरुले मौकामा सावित रही बयान गरेको ।<br>• वादीका साक्षी र निवेदकले अदालतमा बकपत्र गर्दा आरोपपत्रलाई समर्थन हुने गरी वकपत्र गरेको ।<br>• प्रतिवादीहरुले रकम लिएको र पक्राउ हुँदाको परिस्थितिजन्य प्रमाणहरुलाई अदालतबाट फैसला हुँदा वेवास्ता गरेको ।<br>• यसअघि पनि विशेष अदालतबाटै यस्तै प्रकृतिका मुद्दाको सन्दर्भमा बरामदी रकम बाहेकका अन्य प्रमाणलाई आधार लिई कसुरदार ठहर गरी फैसला गरेको समेतका प्रमाणहरु मिसिल संलग्न भएको। |
| ९३. | नविन कुमार सिंह (वि.अ. को मु.नं. ०७६-CR-०२३६, | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (१) को कसुर अपराधमा बिगो रु.७०,०००।- कायम भ्रष्टाचार निवारण ऐन, २०५९ | <u>**फैसलाः**</u><br>सवै प्रतिवादीहरुलाई सफाइ हुने गरी फैसला भएको ।<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br>• सर्वोच्च अदालत संवैधानिक इजलासबाट | • वारदात हुनुभन्दा पहिला निवेदक र प्रतिवादी बीचको कुराकानीमा ७०,०००।— लिएर आउनुहोला भन्ने कुराकानी भई उक्त पैसा लिएपछी कार्य सम्पन्न गरेको ।<br>• उजुरी निवेदक र वादीका साक्षीले अदालतमा वकपत्र गर्दा आरोपपत्रको मागदावीलाई समर्थन गर्ने गरी वकपत्र गरेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | वि.अ. को फैसला मिति २०७९।३।९ | | को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन मागदावी लिईएको। | २०७४-wc-००२० को रिट निवेदनमा मिति २०७८/१/८ मा भएको आदेश/फैसला बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराइएको रकम बरामद भएको भन्ने बरामदीसग सम्बन्धित प्रमाणलाई प्रमाणग्राह्य गर्न नमिल्ने ।<br>• रकम बरामद भएको बाहेक अन्य प्रमाणहरुबाट प्रतिवादी उपरको आरोप दाबी पुष्टी हुन नसकेको। | • उजुरी निवेदकको कार्य गर्ने जिम्मेवारी यिनै प्रतिवादीको रहेको देखिएको ।<br>• यसअघि पनि विशेष अदालतबाटै यस्तै प्रकृतिका मुद्दाको सन्दर्भमा बरामदी रकम बाहेकका अन्य प्रमाणलाई आधार लिई कसुरदार ठहर गरी फैसला गरेको समेतका प्रमाणहरु मिसिल संलग्न भएको । |
| ९४. | चन्दनकृष्ण कायस्थ भन्ने राजु थापा मगर, सानेभाई श्रेष्ठ, श्रीकृष्ण वरुवाल, भुपाल मोक्तान भन्ने भुपाल सिंह तामाङ्ग, ध्रुव प्रसाद भट्टराई, श्रीकृष्ण देवकोटा, प्रदिप प्रसाद गौतम, नवदुर्गा प्रसाद ढुङ्गेल, सुरेश कुमार थापा, सनिश सापकोटा, खगेन्द्र प्रसाद अर्याल, राम प्रसाद सुवेदी, रञ्जन कुमार खरेल, जमुना | जग्गाधनी दर्ता श्रेस्ता सच्याई नक्कली जग्गाधनी खडा गरी गैरकानूनी रुपमा जग्गाको हक हस्तान्तरण गरी भ्रष्टाचार गरेको। | **प्रतिवादीहरु खगेन्द्र प्रसाद अर्याल, राम प्रसाद सुवेदी, रञ्जन कुमार खरेल, जमुना कुमारी श्रेष्ठ र हरि खड्काः**<br>भ्र.नि.ऐन, २०५९ को दफा ९ र ११ बमोजिमको कसूरमा सोही ऐनको दफा ९ र ११ बमोजिम हदैसम्मको सजाय हुन,<br>**प्रतिवादी कमल प्रसाद तिमल्सिनाः** भ्र.नि.ऐन, २०५९ को दफा १८ को कसूर अपराधमा सोही ऐनको दफा १८ बमोजिम सजाय हुन,<br>**प्रतिवादीहरु चन्दनकृष्ण कायस्थ भन्ने राजु थापा मगर, ध्रुवप्रसाद भट्टराई, प्रदिप प्रसाद गौतम, श्रीकृष्ण देवकोटा, सानुभाइ भन्ने सानेभाइ श्रेष्ठ, श्रीकृष्ण बरुवाल, भुपाल मोक्तान भन्ने भुपाल सिं तामाङ्गः** भ्र.नि.ऐन, २०५९ को दफा ८ (४) र दफा ११ बमोजिमको कसूरमा रु.६००,००,०००।- (अक्षरेपी छ करोड रुपैंया मात्र) बिगो कायम गरी सोही ऐनको दफा ८(४) र | <u>फैसलाः</u><br>प्रतिवादीहरु कमल प्रसाद तिमल्सिना, खगेन्द्र प्रसाद अर्याल, राम प्रसाद सुवेदी, जमुना कुमारी श्रेष्ठ, रन्जन कुमार खरेल, हरि खड्का, सानुभाई भन्ने सानेभाइ श्रेष्ठ, श्रीकृष्ण बरुवाल, सुरेश कुमार थापा, सनिश सापकोटा, नवदुर्गा प्रसाद ढुंगेल, र भुपाल मोक्तान भन्ने भुपाल सिं तामाङ्गले सफाई पाउने ।<br>प्रतिवादीहरु चन्दनकृष्ण कायस्थ भन्ने राजु थापामगर, ध्रुव प्रसाद भट्टराई, श्रीकृष्ण देवकोटा र प्रदिप प्रसाद गौतमले आरोपदावी वमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ अन्तर्गतको कसूरमा सोही दफा बमोजिम जनही ३(तिन) महिना कैद र रु.५०००(पाँच हजार मात्र) जरिवाना हुने ठहर्छ । नेपाल सरकारको अन्य आरोप दावी पुग्न सक्दैन भनी फैसला भएको अवस्था छ ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• प्रतिवादीहरु राजु थापा मगर, सानेभाई श्रेष्ठ, श्रीकृष्ण वरुवाल, भुपाल मोक्तान भन्ने भुपाल सिंह तामाङ्ग, ध्रुव प्रसाद भट्टराई, श्रीकृष्ण देवकोटा, प्रदिप प्रसाद गौतम, नवदुर्गा प्रसाद ढुङ्गेल, सुरेश कुमार थापा र सनिश सापकोटाको | क) प्रस्तुत मुद्दाको तथ्यमा काठमाडौं जिल्ला साविक विष्णु गा.वि.स. वडा नं. ७ग कि.नं. ३२३, ३२५ र ३२९ को चन्दन कृष्ण कायस्थको नामको नक्कली जग्गा धनि श्रेष्ता र नागरिकता वनाई, मालपोत कार्यालयको मोठ श्रेष्तामा रहेको जग्गा धनीको फोटो उप्काई प्रतिवादी राजु थापामगरको फोटो राखी प्रतिवादी मध्येका राजु थापा मगरलाई नक्कली जग्गा धनि चन्दन कृष्ण कायस्थ वनाई, प्रतिवादी प्रदिप प्रसाद गौतम मिति २०७५/०५/१८ का दिन निज नक्कली जग्गा धनि चन्दन कृष्ण कायस्थ वनेका राजु थापा मगरको अधिकृत वारेश वनि साक्षिमा प्रतिवादी मध्येका श्रीकृष्ण वरुवाल वसि निज प्रतिवादी प्रदिप प्रसाद गौतमबाट प्रतिवादीहरु ध्रुव प्रसाद भट्टराई र श्रीकृष्ण देवकोटाले मिति २०७५/०५/१९ का दिन मालपोत कार्यालय चावहिलबाट र.नं. ४०० मा उक्त कि.नं.३२३, ३२५, ३२९ को क्षेत्रफल २-८-०-० जग्गा राजिनामा पारित गरी लिई दाखिल खारेज समेत गरेको अवस्था छ ।उक्त राजिनामा लिखतमा अधिकृत वारेशनामा मा नै साक्षी वसेका श्रीकृष्ण बरुवाल समेत साक्षी वसेको देखिन्छ । राजिनामा लिखतमा उक्त जग्गाको मोल रु.६,००,००,०००।- (छ करोड रुपैया) राखेको देखिन्छ । यति ठुलो रकम प्रासिको श्रोत खुल्नु पर्ने भएकोले अर्थ कवच वचत तथा ऋण सहकारी संस्थाका प्रवन्ध निर्देशक प्रतिवादी सुरेश कुमार थापा र निर्देशक प्रतिवादी नवदुर्गा प्रसाद ढुङ्गेलले यी जग्गा खरिद गर्ने भनिएका प्रतिवादीहरु ध्रुव प्रसाद भट्टराई र श्रीकृष्ण देवकोटाको नाममा ६ करोड ऋण लिएको भनि नभए नगरेको झुठा कागज वनाई जग्गा खरिदको श्रोत देखाएको पाइन्छ । जग्गा राजिनामा पारित गर्न विक्री कर्ताको वैङ्क खातामा जग्गा खरिदकर्ताले रकम जम्मा गरेको देखिने कागज समेत राख्नु पर्ने भएकोले खातामा चाहिने रकम नभएको अवस्थामा सानिमा वैङ्कका कर्मचारी प्रतिवादी सनिश सापकोटाले उक्त बैङ्कमा नै खाता रहेको प्रतिवादी ध्रुव प्रसाद भट्टराईले सोही बैङ्कमा खाता रहेको प्रतिवादी प्रदिप प्रसाद गौतमको खाता नं. ०२८-०००- |

| | | | | | |
|---|---|---|---|---|---|
| | कुमारी श्रेष्ठ, हरि खड्का, कमल प्रसाद तिमल्सिना (वि.अ. को मु.नं. ०७७-CR-००६९, वि.अ. को फैसला मिति २०७९।०१।०७) | | दफा ११ बमोजिम हदैसम्मको सजाय हुन, **प्रतिवादीहरु सनिश सापकोटा, नवदुर्गा प्रसाद ढुंगेल, सुरेश कुमार थापाः** भ्र.नि.ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसूरमा रु.६,००,००,०००।- (अक्षरेपी छ करोड रुपैंया मात्र) बिगो कायम गरी सोही ऐनको दफा ८(४) बमोजिम हदैसम्मको सजाय हुन | हकमाः-<br>भ्र.नि.ऐन, २०५९ को दफा ८(४) मा भ्रष्टाचार कसूरको आवश्यक तत्व "वदनियत" र "आपराधिक कार्य" तोकिदिएको अवस्थामा केवल "वदनियत" मात्र हेरी यस प्रावधानको परिधी विस्तार हुने गरी अवाञ्छित व्याख्या गर्न मिलेन । तसर्थ यी प्रतिवादीहरुको हकमा दावीको दफा ८(४) आकर्षित हुन सक्दैन ।<br>• प्रतिवादी खगेन्द्र प्रसाद अर्याल, राम प्रसाद सुवेदी, रञ्जन कुमार खरेल, जमुना कुमारी श्रेष्ठ र हरि खड्काको हकमाः-<br>प्रतिवादीहरुले झुक्यानमा परी उल्लिखित र.न.४००क मिति २०७५/०५/१९ मा राजिनामा लिखत पारित गरेको कुरा प्रतिवादीहरुले कानूनकव कर्तव्य वहन गर्ने क्रममा गरिएको भुल हो भन्ने देखिन्छ । यी प्रतिवादीहरुले जानी जानी वदनियतसाथ सो कार्य गरेको भन्ने देखिएन ।<br>• प्रतिवादी कमल प्रसाद तिमल्सिनाको हकमाः-<br>प्रतिवादीले कसैलाई पनी दवाव नदिएको भनी कसुरमा इन्कार रहि वयान गरेको देखिन्छ । सह-अभियुक्त जमुना कुमारी श्रेष्ठले यी प्रतिवादीले गैर कानूनी दवाव दिएको भनी गरेको पोल अन्य स्वतन्त्र प्रमाणवाट समर्थित नभएको अवस्थामा पोल वयानका आधारमा मात्र यी प्रतिवादी उपरको आरोपदावी पुष्टि हुन सक्ने देखिएन । | ०१५४२१२ को खातामा दुई-दुई करोडका तीन वटा चेकवाट जम्मा रु.६ करोड(चेक नं.०००४२२८७८८-४५०१, ०००४५८४३६६-४५०१ र ०००३८४८५४१-४५०१) जम्मा गर्न भरेको तीन वटा भौचरबाट रकम जम्मा भएको भनि झुठ्ठा ब्यहोराको भौचर प्रमाणित गरी दिएको समेत देखिन्छ ।<br>(ख) प्रतिवादीहरुले यति धेरै झुठ्ठा, किर्ते र गैरकानूनी एक पछि अर्का कार्यहरु गरी झुठ्ठा वनावटी कागजातहरुको सृजना गरी राजिनामा पारित गर्नको लागी लिखत मालपोत कार्यालय चावहिलमा पेश गर्दा प्रथम दृष्टिमै(Prima Facie) उक्त लिखत स्वभाविक लिखत नभै किर्ते, झुठ्ठा र वनावटी लिखत हो भन्ने निम्न लिखित कारणवाट स्पष्ट रुपमा थाहा हुने अवस्थाको रहेको देखिन्छः<br>अ) मालपोत कार्यालयमा आ.व ०६४/६५ सालमा नै कम्प्यूटर प्रिन्ट पूर्जा लागु भई सकेकोमा लिखत पारित गर्दा हस्तलिखत जग्गा धनी पुर्जा पेश भएको देखिन्छ।<br>आ) मालपोत कार्यालयको जुन मोठ ठेलीमा भएको जग्गा धनी श्रेस्तामा भएको व्यक्तीको फोटो टोपि लगाएको छ र कार्यालयमा पेश गरेको जग्गा धनी पुर्जामा भएको फोटोमा टोपि लगाएको नदेखेको, यसविषयमा ना.सु रञ्जन खरेल र म कार्यालय प्रमुख कमल प्रसाद तिमिल्सिनाको कार्यकक्षमा गएर पूर्जा यस्तो छ भनी देखाउदा उहाँले सवै मिल्छ काम अगाडी वढाउनु भनी आदेश दिनु भयो भनी प्रतिवादी जमुना कुमारी श्रेष्ठ समेतले अदालतमा वयान गरेको देखिएकोवाट जग्गा धनी फरक देखिएको विषयमा मालपोत कार्यालयमा छलफल भएको देखिन्छ ।<br>इ) चन्दन कृष्ण कायस्थको भनी पेश भएको नागरिकतामा वावुःमदन कृष्ण कायस्थ का.जि.का.म.न.पा वडा नं.१६ जारी मिति २०४२।८।१९ देखिएकोमा उक्त समय काठमाडौ महानगरपालीका नभई काठमाडौ नगर पञ्चायत रहेको देखिएकोले प्रथम दृष्टिमै उक्त पेश भएको नागरिकता किर्ते नागरिकता हो भन्ने स्पष्ट देखिने अवस्था रहेको,<br>ई) अधिकृत वारेस मिति २०७५।०५।१८ मा काठमाडौ जिल्ला अदालतवाट लिई सोको भोली पल्ट नै मिति २०७५।०५।१९ गते मालपोत कार्यालय चावहिल वाट लिखत पास भएको देखिन्छ ।त्यसैगरी ०७५।०५।१९ गते नै अर्थ कवच तथा ऋण सहकारी संस्थावाट ६ करोड ऋण लिएको पत्र वनाई सोही दिन राजिनामा लिखत पारित गरेको देखिन्छ ।<br>आरोपपत्रमा समेत खुलाइएको उल्लेखित मुद्दाको उल्लेखित तथ्यलाई विशेष अदालत काठमाडौले समेत स्वीकार गरेको देखिन्छ र केही व्यक्तीहरु उपर कसुर कायम गरी अति न्यूनतम सजाय समेत गरेको अवस्था छ । धेरै क्षेत्रका धेरै सरकारी, गैरसरकारी र अन्यक्षेत्रका मानिसहरु मिली संगठित रुपमा करोडौ मुल्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पर्ने अर्काको जग्गा झुठ्ठा मानिसहरु खडा भै झुठ्ठा कागज खडा गरी, किर्ते कागज समेत वनाई गरिएको प्रस्तुत भ्रष्टाचारको वारदात प्रणालीगत(Systematic) रुपमा भएको अवस्था छ । यस वारदातमा संलग्न एउटा मात्र अवयवले यो वारदात घटाउदिन भनेर इन्कार गरेको भए यो वारदात घट्न नसक्ने र यो वारदात घटाउने षडचन्त्र विचैमा पर्दाफास हुने अवस्था थियो भन्ने स्पष्ट देखिएको अवस्थामा विशेष अदालत काठमाडौवाट आधार प्रमाणहरुको सुक्ष्म विश्लेषण नै नगरी, लिनुपर्ने प्रमाणहरुलाई नलिई, नलिनुपर्ने प्रमाणहरुलाई लिई विशेषतः प्रतिवादीहरुले इन्कारी वयान गरेको भन्ने आधार लिई केही प्रतिवादीहरुलाई आशिंक सजाय गरी धेरै प्रतिवादीहरु जस्को प्रस्तुत वारदातमा मनसायगत र मुख्य भुमिका रहेको छ, उनिहरुलाई सफाई दिइ भएको फैसला त्रुटिपूर्ण रहेको छ ।<br>• ( ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिर फैसलाको प्रतिकुल हुने गरी प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला भएको । |
| ९५. | गणेश के.सी. (वि.अ. को मु.नं., वि.अ. को फैसला (०७६-CR-००४५) मिति २०७९।०२।१८ पु.वे.गर्ने निर्णय नं.३१७ मिति २०७९।०५।३० | घुस/रिसवत लिई भ्रष्टाचार गरेको । | • प्र. गणेश के.सी.ले भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेकाले निज प्रतिवादीलाई विगो रु. १०,०००।- कायम गरी ऐन, २०५ भ्र. नि. ९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिवाना र कैद सजाय हुन। | <u>**फैसलाः**</u><br>प्रतिवादीलाई सफाई ।<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br>• विष्णु प्रसाद घिमिरे वि. संघीय संसदसमेत भएको ०७४-WC-००२० को रिट निवेदनमा सर्वोच्च अदालतको संवैधानिक इजलासबाट अ.दु.अ.आ. नियमावली, २०५९ को नियम ३० मिति २०७८।०१।०८ बाट लागू हुने गरी अमान्य र वदर हुने ठहर्याई फैसला भएको र उक्त फैसलामा अ.दु.अ.आ. नियमावली, २०५९ को नियम ३० मा रहेको प्रावधान अनुसार संकलन गरिएको अर्थात प्रत्यार्थी आयोग स्वयंमले नै दिइ पठाएको सरकारी कोषको रकम वरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने भन्ने सिद्धान्त प्रतिपादन भएको, | • प्र.ले मौकामा कसूरमा सावित रहेको र अदालतको बयानमा आफूबाट रकम बरामद भएको भनी सावित रहेभएको,<br>• उजुरी व्यहोरा समर्थन हुने गरी मौकामा कागज गर्ने मानिसहरुले र अदालतसमक्ष समेत उपस्थित भई वकपत्र गरिदिएको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• प्र. र निवेदक वीच भएको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ्ग गरेको तथा माग गरेको देखिएको,<br>• रितपुर्वक तयार गरिएको खानतलासी/बरामदी मुचुल्कामा प्र.ले.हाफपाईन्टको पाकेटमा राखेको अवस्थामा घुसवापत उपलब्ध गराएको रकम रु.१०,०००।- "आफूबाट बरामद भएको रकमलाई अन्यथा पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादी निर्दोष रहेको भन्न नसकिने" भन्ने सर्वोच्च अदालतबाट प्रतिपादीत सिद्धान्त (स.अ. बुलेटिन, वर्ष १८, पुस २०६६, पूर्णाक ४२०, पृष्ठ १० र ११) मा समेत उल्लेख भएको, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | • प्रतिवादीले अदालतमा आई गरेको बयान कसूरमा पूर्णतः इन्कार रहेको र सि.डी. लिपिबद्ध गरेको व्यहोरामा पनि निजको गोजीमा रकम राखिदिएको भन्ने उल्लेख गरी आपत्ति जनाएको<br>• प्रतिवादी विरुद्धको आरोपदावी स्वतन्त्र र तथ्ययुक्त प्रमाणबाट पुष्टि भएको नदेखिँदा । | • प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| ९६. | जटाशंकर प्रसाद कलवार (वि.अ. को मु.नं. वि(०७६-CR-०१६१)वि..अ. को फैसला मिति २०७९।०१।१२ पु.वे.गर्ने निर्णय नं.३१८ मिति २०७९।०५।३० | घुस/रिसवत लिई भ्रष्टाचार गरेको। | • प्र. जटाशंकर प्रसाद कलवारले भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसूर गरेकोले बिगो रू. ६०,०००।- कायम गरी भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम कैद र जरिवानाको सजाय हुन। | <u>**फैसलाः**</u><br>प्रतिवादीलाई सफाई ।<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br>• प्र.ले कसूरमा इन्कार बयान गरेको र आफ्ना साक्षी मार्फत प्रतिवादीको बयानलाई समर्थित हुने गरी बकपत्र गरेको,<br>• प्र.को झोलाबाट बरामद भएको रकम अ.दु.अ.आ.बाट उपलब्ध गराइएको सरकारी कोषको रकम देखिँदा अधिवक्ता विष्णु प्रसाद घिमिरे विरुद्ध संघीय संसदसमेत भएको मुद्दामा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा भएको व्याख्यासमेतका आधारमा उक्त वरामदी रकम र सोसँग सम्बन्धित वरामदी तथा खानतलासी मुचुल्का र सि.डि. लगायतका अन्य प्रमाणलाई प्रमाणयोग्य मान्न मिल्ने देखिएन,<br>• निवेदक र प्रतिवादीहरुबीच भएको भनिएको फोन सम्वादको स्क्रिप्ट राइटिङ्गमा निवेदक र प्रतिवादीहरुबीच | • प्र.जटाशंकर प्रसाद कलवारले अनुसन्धान अधिकारी तथा अदालत समक्ष बयान गर्दा आरोपदावीमा कसूरमा इन्कार रही बयान गरी आफ्ना गफमेलका मानिसहरु साक्षी राखी सो अनुरुपको बकपत्र गर्न लगाई कसूरबाट बच्न प्रयास, आफ्नो साथ बाट रकम बरामद भएको कुरामा सावित रहेको र प्रतिवादी जटाशंकर प्रसाद कलवार पोलिग्राफ परीक्षण प्रतिवेदनमा DECEPTION INDICATED उल्लेख भएबाट निज झूट्टो बोलि छलछाम गरेको भन्ने देखिएबाट पनि कसूर पुष्टि भएको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• प्र. र निवेदक वीच भएको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ्ग गरेको तथा माग गरेको देखिएको,<br>• उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• श्रव्य-दृष्य सि.डी. स्क्रिप्ट राईटिङ्गलाई प्रतिवादीहरुले समेत अन्यथा पुष्टि गर्न नसकेकोमा प्रतिवादीहरुलाई आरोपदावीबाट सफाई दिने गरी भएको फैसला ने.का.प. २०७४ अंक ९ नि.नं. ९८८० मा सर्वोच्च अदालतबाट प्रतिपादित नजिर विपरीत भएको,<br>• प्र."आफूबाट बरामद भएको रकमलाई अन्यथा पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादी निर्दोष रहेको भन्न नसकिने" भन्ने सर्वोच्च अदालतबाट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | विहान रु.६०,०००।- दिने कुराकानी र सहमति भएको भन्ने देखिए तापनि उक्त रकम घुसवापत अर्थात उजुरवालाले उजुरी निवेदनमा उल्लेख गरेको विषयमा हो भन्ने तथ्य वादी पक्षले स्थापित र पुष्टि गर्न सकेको पनि देखिदैन,<br>• प्रतिवादीउपर लगाईएको आरोपदावी वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नसकेकोले। | प्रतिपादीत सिद्धान्त (स.अ. बुलेटिन, वर्ष १८, पुस २०६६, पूर्णाक ४२०, पृष्ठ १० र ११) मा समेत उल्लेख भएको। |
| ९७. | प्रकाश सिंह कार्की र हिमालय विक्रम विष्ट)<br>(वि.अ. को मु.नं. (०७६-CR-०४४१, वि.अ. को फैसला मिति २०७९।०२।२५<br>पु.वे.गर्ने निर्णय नं.३१९<br>मिति २०७९।०५।३० | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • प्र. प्रकाश सिंह कार्कीले भ्र. नि. ऐन २०५९ को दफा ३ को उपदफा (१) को कसुर अपराध गरेको देखिँदा बिगो रू.५०,०००।-कायम गरी निज प्रकाश सिंह कार्कीलाई भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड **(ख)** बमोजिम सजाय हुन,<br>• प्र. हिमालय विक्रम विष्टले भ्र. नि. ऐन २०५९ को दफा ३ को उपदफा (२) को कसुर अपराध गरेको देखिँदा बिगो रू.५०,०००।—कायम गरी भ्र. नि. ऐन २०५९ को दफा ३ को उपदफा (२) मा उल्लेख भएबमोजिम भ्र. नि. ऐन, २०५९ को दफा ३ | **<u>फैसलाः</u>**<br>दुवै प्रतिवादीलाई सफाई<br>**<u>विशेष अदालतले सफाई दिदाँ लिएका आधारः</u>**<br>• उजुरकर्ताले अ.दु.अ.आ.मा निवेदन दिई अ.दु.अ.आ. नियमावली २०५९ को नियम ३० बमोजिम घुस रिसवत दिएको र सोही नोटहरु बरामद भएको अवस्था हुँदा सम्मानित सर्वोच्च अदालतबाट ०७४-WC-००२०, विष्णु प्रसाद घिमिरे विरुद्ध संघीय संसद नयाँ बानेश्वर काठमाडौं समेत भएको मुद्दामा उक्त नियम ३० अमान्य र बदर हुन्छ भनी फैसला भएको,<br>• उजुरवाला कमलराज यादवले अ.दु.अ.आ.मा प्रतिवादीहरुले घुस रिसवत मागेको भनी उजुरी गरेको र सोहीबमोजिम वयानसमेत गरेको देखिएतापनि अदालतसमक्ष त्योभन्दा फरक व्यहोराको बकपत्र गरेको | • प्र.हरु र निवेदकवीच भएको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ्ग गरेको तथा माग गरेको देखिएको,<br>• **<u>"अन्य प्रमाणबाट कसूर गरेको भन्ने पुष्टि भइरहेको अवस्थामा केवल पीडित तथा अनुसन्धान अधिकारीसमक्ष कागज गर्ने व्यक्तिहरूले पहिला आफूले भनेको भनाइको विपरीत हुनेगरी गरेको वकपत्रको आधारमा मात्र प्रतिवादीहरुलाई सफाई दिन नहुने भनि।"</u>** (ने.का.प. २०६६, अंक ६, नि.नं. ८१७९) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भएको,<br>• रंगेहात नमूना परीक्षणमा मुचुल्कामा खानतलासी बरामदी मुचुल्का एवं रकम बरामद भएको भनी गरेको सनाखत कागज समेतबाट प्र.हरुले वारदात घटाएको पुष्टि भएको,<br>• मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• रकम लेनदेन सम्बन्धी अडियो सि.डी. समेतका प्रमाणहरुलाई प्र.हरुले अन्यथा पुष्टि गर्न नसकेकोमा प्र.हरुलाई आरोपदावीबाट सफाई दिने गरी भएको फैसला ने.का.प. २०७४ अंक ९ नि.नं. ९८८० मा प्रतिपादित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुन। | • अभियोग दावी शंकारहित तवरबाट पुष्टि हुन नसकेको। | नजिर विपरीत रहेको । |
| ९८. | उमेश महतो चौहान (वि.अ. को मु.नं. (०७७-CR-००४२) , वि.अ. को फैसला मिति २०७९।०२।११ पु.वे.गर्ने निर्णय नं.३२० मिति २०७९।०५।३० | घुस/रिसवत लिई भ्रष्टाचार गरेको । | • प्र. उमेश महतो चौहानले भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको हुँदालाई बिगो रु.१७,६००।- कायम गरी भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा(१) को देहाय (क) बमोजिम सजाय हुन। | <u>**फैसला:**</u><br>प्रतिवादीलाई सफाई_।<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधार:**</u><br>• प्र.ले अदालतसमक्ष कसूरमा ईन्कार रहेको र प्र.को ईन्कारी वयानलाई पुष्टि हुने गरी निजका साक्षीले बकपत्र गरेका,<br>• प्रस्तुत मुद्दामा उजुरकर्ताले अ.दु.अ.आ.मा निवेदन दिई अ.दु.अ.आ. नियमावली, २०५९ को नियम ३० बमोजिम घुस/रिसवत दिएको र सोही नोटहरु वरामद भएको अवस्था हुँदा सम्मानित सर्वोच्च अदालतबाट ०७४-WC-००२०, विष्णु प्रसाद घिमिरे विरुद्ध संघीय संसद, नयाँवानेश्वर, काठमाडौं समेत भएको मुद्दामा उक्त नियम ३० अमान्य र वदर हुन्छ भनी फैसला भएको,<br>• फोन संवादबाट पनि घुस/रिसवतका विषयमा प्रतिवादीले उजुरवालासँग कुराकानी गरेको देखिएपनि प्रतिवादीले घुस माग गरेर दिन बाध्य पारेको भन्ने अवस्था नदेखिएको,<br>• प्र. विरुद्धको आरोपदावी मिसिल संलग्न प्रमाणहरुबाट शंकारहित तवरले पुष्टि हुन सकेको नदेखिँदा। | • प्रतिवादीले अदालतमा आरोपित कसूरमा इन्कार रही बयान गरेतापनि आफ्नो साथ रकम बरामद भएको कुरामा सावित भएको, उजूरकर्ता प्रतिवादीको बीच फोन संवादबाट पनि उक्त रकम लिने दिने सम्बन्धमा भएको कुराकानी भएको फोन रेकर्ड तथा बरामदी मुचुल्का समेतबाट प्र.ले रु.१७,६००।-घुस/रिसवत माग गरी लिई वारदात घटाएको पुष्टि भएको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• प्र. र निवेदक वीच भएको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ्ग गरेको तथा माग गरेको देखिएको,<br>• उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• **"आफूबाट बरामद भएको रकमलाई अन्यथा पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादी निर्दोष रहेको भन्न नसकिने"** भन्ने सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (स.अ. बुलेटिन, वर्ष १८, पुस २०६६, पूर्णाक ४२०, पृष्ठ १० र ११) मा समेत उल्लेख भएको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| ९९. | विजय कुमार महरा र मेघराज काफ्ले (वि.अ. को (०७६-CR-००७०), वि.अ. को फैसला मिति २०७८।१२।३०) पु.वे.गर्ने निर्णय नं.३२१ मिति २०७९।०५।३० | घुस/रिसवत लिई भ्रष्टाचार गरेको। | • प्र.हरू बिजय कुमार महरा र मेघराज काफ्लेले भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको हुदाँ भएको स-प्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादीहरू बिगोरू. १,३६,५५५।-कायम गरी भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम जरिबाना र कैद सजाय हुन। | **<u>फैसला:</u>**<br>• प्र. मेघराज काफ्ले सफाई पाउने र प्र. बिजय कुमार महरालाई आन्शिक कसूर ठहर भएको।<br>**<u>विशेष अदालतले अभियोग दावी भन्दा कम सजाय गर्दा र सफाई दिदा लिएका आधार:</u>**<br>• प्र. विजय कुमार महराले सेवाग्राही राजु आचार्यबाट रु.१,३६,५५५।- माग गरेको र उजुरवालासँग नब्बे हजार रुपैयाँ लिएको तथ्यलाई अनुसन्धान तथा अदालतमा गरेको वयानमा स्वीकार गरेको प्रतिवादीले बदनियत राखी ओहदाको दुरुपयोग गरेको देखिंदा प्रतिवादीले आरोप दावी अनुरुप कसूर गरेको देखियो.<br>• प्र.मध्येका मेघराज काफ्लेबाट वरामद रकम र.४५,५५५।- अ.दु.अ.आ.बाट उपलब्ध गराइएको रकम रहेको र अ.दु.अ.आ. नियमावली, २०५९को नियम ३० वदर भइसकेको अवस्था हुँदा सो रकमको हकसम्म आरोपदावी पुष्टि हुन सक्दैन,<br>• सरकारी कोषको रकम बरामद गरिएको रु.४६,५५५।-, रङ्गेहात वरामदी मुचुल्का, वरामदी नोट सनाखत मुचुल्का, प्रतिवेदकहरुको प्रतिवेदन र प्रतिवेदकहरुले अदालतसमक्ष गरेको बकपत्र, श्रव्य-दृश्य सि.डी., सोसँग सम्बन्धित मौकामा गरिएको कागज प्रमाणमा ग्रहणयोग्य नहुने, | • प्र. मेघराज काफ्लेले अनुसन्धान अधिकारी र अदालतसमक्ष बयान गर्दा एक जना सेवाग्राही आई पैसा निकाली कार्यालय प्रमुखलाई दिएपछि कार्यालय प्रमुख विजय कुमार महराले मलाई पैसा गनिदिनुस भन्दा मैले ९०,०००।- पैसा गनी बिजय कुमार महरालाई दिएको हुँ । मिति २०७६।४।२९ गते बिजय कुमार महराले भने बमोजिमको पैसा रू.४६,५५५।— लिएको हुँ भनी बयान गरे समेतबाट प्र.हरुले रु.१,३६,५५५।- घुस/रिसवत लिएको पुष्टि भएको र सह-अभियुक्तको पोल वयान व्यहोरालाई प्रमाण ऐन, २०३१ को दफा ९(क) वमोजिम प्रमाणमा लिनुपर्ने देखिएको,<br>• प्र.हरुले घुस/रिसवत रकम लेनदेन गर्नु अघि टेलिफोन संवादको अडियो रेकर्ड, प्रतिवादी मेघराज काफ्लेबाट समेतले पानीमा हात धुन लगाउँदा निज प्र.हरू दुवै जनाले हात धोएको पानीको रंग बैजनी रातो (PINK RED) रंगमा परीणत भएको, रङ्गेहात परीक्षण तथा नमुना संकलन मुचुल्का, खानतलासी एवं बरामदी मुचुल्का, बरामद नोटहरुको फोटोकपी कागजमा प्र.हरुले गरेको सनाखत कागज व्यहोरा समेतबाट पुष्टि भएको,<br>• उजूरकर्ता र प्र.हरु बीचको फोन संवादबाट पनि घुस/रिसवतको रकम लिने दिने सम्बन्धमा भएको कुराकानी भएको फोन रेकर्डबाट देखिएको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• **"आफूबाट बरामद भएको रकमलाई अन्यथा पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादी निर्दोष रहेको भन्न नसकिने"** भन्ने सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (स.अ. बुलेटिन, वर्ष १८, पुस २०६६, पूर्णाक ४२०, पृष्ठ १० र ११) मा समेत उल्लेख भएको<br>• सम्मानित सर्वोच्च अदालतबाट मुद्दा ने.का.प. २०७२, अंक १०, नि.नं. ९४९० मा अनुसन्धानकर्ताले प्रमाण सङ्कलन गरेको निकायमार्फत आएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | • प्रतिवादी मेघराज काफ्लेले रिसवत माग गरेको र लिएको कुरा अन्य प्रमाणबाट पुष्टि हुन नसकेकोले । | प्रमाणलाई आधार बनाउन मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने भनी सिद्धान्त प्रतिपादन,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| १०० | रुपकप्रसाद गुरागाई (वि.अ.को मु.नं(०७७-CR-०१३५) वि.अ.को फैसला मिति २०७९।०३।०२) पु.वे.गर्ने निर्णय नं.३२२ मिति २०७९।०५।३० | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | प्र. रुपक प्रसाद गुरागाईले भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर अपराध गरेको देखिंदा बिगो रु.६०,०००।- (साठी हजार) कायम गरी निज प्र.लाई भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजाय हुन । | **<u>फैसलाः</u>**<br>प्र.ले सफाई पाउने ।.<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• प्रतिवादीले अदालतमा कसूरमा इन्कारी वयान गरेको,<br>• निवेदक सुरेश अधिकारीले अदालतमा आई बकपत्र गर्दा मलाई यातायातको काममा ढिलाइ गरेकोले सुमित्रा भट्टराईलाई सापट तिर्नुपर्ने रकम सुमित्रा भट्टराइको खातामा आयोगबाट मागी लगि हालिदिएको हो । खास घुसको रकम नभइ सापटी रकम हो भनी आफ्नै उजुरी व्यहोरा तथा आरोपदावी खण्डित हुने गरी बकपत्र गरेको,<br>• सरकारी कोषको रकम बैंक खातामा जम्मा गराइ भौचर बरामद भएको तथ्यमा विवाद नभएको भनी स्वंय उजुरीवालाले बकपत्र गरेको अवस्था हुँदा प्रतिवादीउपरको आरोपदावी पुष्टि हुन नसकेको । | • प्रतिवादीले मौकामा र अदालतमा आरोपित कसूरमा इन्कार रही बयान गरेतापनि मैले निवेदकहरुसँग उक्त रु.६०,०००।—सापटी मागी वैनी सुमित्रा भट्टराईको खातामा जम्मा गर्न लगाएको हो भनी बयान गरेका र प्रतिवादीको पोलिग्राफ परीक्षण प्रतिवेदनमा DECEPTION INDICATED उल्लेख भएबाट निज झूट्टो बोलि छलछाम गरेको भन्ने देखिएको,<br>• सम्मानित सर्वोच्च अदालतबाट (मुद्दा नं.०७३-CR-११८२, मुद्दामा **"आफ्नो** कार्यालयको कामसँग सम्बन्धित सेवाग्राहीसँग सापटी भनी रकम लिएको कुरालाई स्वयम् प्रतिवादीले अदालतमा वयान गर्दा समेत स्वीकार गरेको हुँदा रकम लेनदेन भएको तथ्य, बरामदी रकम र मुचुल्का बाहेकको प्रमाणवाट पनि पुष्टि भएको कुरा बाट प्रमाण लिन हुने भनी सिद्धान्त प्रतिपादन भएको,<br>• "अन्य प्रमाणबाट कसूर गरेको भन्ने पुष्टि भइरहेको अवस्थामा केवल पीडित तथा अनुसन्धान अधिकारीसमक्ष कागज गर्ने व्यक्तिहरूले पहिला आफूले भनेको भनाइको विपरीत हुनेगरी गरेको वकपत्रको आधारमा मात्र प्रतिवादीहरुलाई सफाई दिन नहुने भनी।"(ने.का.प. २०६६, अंक ६, नि.नं. ८१७९) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भएको,<br>• सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• प्र. र निवेदक वीच भएको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ्ग गरेको तथा माग गरेको देखिएको,<br>• मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| १०१ | विरेन्द्रप्रसाद चौधरी (वि.अ. को मु.नं(०७६-CR-०२४३), वि.अ. को फैसला मिति २०७९।०२।११) पु.वे.गर्ने निर्णय नं.३२३ मिति २०७९।०५।३० | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • प्र. बिरेन्द्र प्रसाद चौधरीले भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भए गरेको पुष्टि हुन आएकोले निजलाई बिगो रु.६,०००।- कायम गरी भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम जरिबाना र कैद सजाय हुन। | **<u>फैसलाः</u>**<br>प्र.ले सफाई पाउने ।.<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• उजुरकर्ताद्वयले अ.दु.अ.आ.मा निवेदन दिई अ.दु.अ.आ. नियमावली, २०५९ को नियम ३० बमोजिम घुस/रिसवत दिएको र सोही नोटहरु बरामद भएको र सम्मानित सर्वोच्च अदालतबाट ०७४-WC-००२०, विष्णुप्रसाद घिमिरे विरुद्ध संघीय संसद, नयाँवानेश्वर, काठमाडौं समेत भएको निवेदनमा अ.दु.अ.आ. नियमावली, २०५९ को नियम ३० अमान्य र बदर हुने भनी आदेश भएको सन्दर्भमा उपलब्ध गराएको र बरामद गरेको उक्त रकमलाई प्रमाणको रुपमा ग्रहण गर्न मिल्ने देखिन आएन,<br>• प्र.ले कसूरमा ईन्कार रही वयान गरेको र प्र.का साक्षीले निजको अदालतसमक्षको वयानलाई समर्थन हुनेगरी बकपत्र गरेको,<br>• अख्तियारबाट खटिई गएको टोलीले अदालतमा गरेको बकपत्र मौकाको बरामदी मुचुल्कालाई पनि प्रमाणमा ग्रहण गर्न मिल्ने देखिएन,<br>• निवेदकको काम प्रतिवादीले रकम | • सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनि सिद्धान्त प्रतिपादन भएको,<br>• प्रतिवादी आरोपित कसूरमा इन्कार रही बयान गरेतापनि आफ्नो जकेटको पाकेटबाट सो रकम बरामद भएको कुरामा सावित रहेको, प्रतिवादी बिरेन्द्र प्रसाद चौधरीको पोलिग्राफ परीक्षण प्रतिवेदनमा DECEPTION INDICATED उल्लेख भएबाट निज झूट्टो बोलि छलछाम गरेको भन्ने देखिएको,<br>• प्रतिवादी र निवेदकबीच घुस/रिसवत बार्गेनिङ्ग गरेको अडियो कलडिटेल समेतबाट वारदात पुष्टि भएको,<br>• उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• **"आफूबाट बरामद भएको रकमलाई अन्यथा पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादी निर्दोष रहेको भन्न नसकिने"** भन्ने सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (स.अ. बुलेटिन, वर्ष १८, पुस २०६६, पूर्णाक ४२०, पृष्ठ १० र ११) मा समेत उल्लेख भएको,<br>• सम्मानित सर्वोच्च अदालतबाट मुद्दा ने.का.प. २०७२, अंक १०, नि.नं. ९४९० मा अनुसन्धानकर्ताले प्रमाण सङ्कलन गरेको निकायमार्फत आएको प्रमाणलाई आधार बनाउन मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने भनी सिद्धान्त प्रतिपादन,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | नदिएका कारणले आलटाल वा विलम्व गरेको भन्ने समेत नदेखिएको,<br>• प्रतिवादीउपरको आरोपदावी भरपर्दो एवं तथ्ययूक्त वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुने अवस्था देखिन आएन, | |
| १०२ | वेदनिधि बराल र राम सुन्दर महतो कोइरी (वि.अ. को मु.नं. (०७७-CR-००७४) वि.अ. को फैसला मिति २०७९।०२।१९) पु.वे.गर्ने निर्णय नं.३२४ मिति २०७९।०५।३० | घुस/रिसवत लिई भ्रष्टाचार गरेको । | • प्र.बेदनिधि बरालले भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसूरमा विगो रु.११,०००।- कायम गरी भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय तथा प्र. राम सुन्दर महतो कोईरीले भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (२) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिमको सजाय सजाय हुन । | <u>**फैसलाः**</u><br>प्र.हरुले सफाई पाउने ।.<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br>• विष्णुप्रसाद घिमिरे विरुद्ध संघीय संसदसमेत भएको ०७४-WC-००२० को रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतको संवैधानिक इजलासबाट अ.दु.अ.आ. नियमावली, २०५९ को नियम ३० अमान्य र वदर हुने ठहऱ्याई फैसला भएको सरकारी कोषको रकम वरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने भन्ने सिद्धान्त प्रतिपादन भएको,<br>• घुस रिसवत मुद्दामा फोनमा भएको वार्तालाप, भिडीयो, सिडि लगायतका प्रमाणहरु आयोगले उपलब्ध गराएको रकमसँग नै सम्बन्धित भए रहेको देखिन आएकोले मिसिल संलग्न उक्त प्रमाणहरु अन्य छुट्टै स्वतन्त्र अस्तित्व भएको प्रमाण हो भनी मान्न सकिने अवस्था नहुँदा प्रमाण ग्राह्य हुन नसक्ने,<br>• प्रतिवादीहरुले कसूरमा इन्कार गरी वयान गरी आफ्ना साक्षीको बकपत्र समेतबाट समर्थित गराएको,<br>• उजुरकर्तालाई बकपत्रको लागि उपस्थित | • सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• प्रस्तुत मुद्दामा नबुझी नहुने साक्षी उजुरी निवेदक लालबहादुर बललाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११२ बमोजिम बुझ्न सक्ने देखिँदा सोतर्फ प्रवेश नगरी निज उजुरी निवेदकले बकपत्र नै नगरेको भनी प्रतिवादीलाई सफाई दिने नियतले हतारमा गरेको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ को कानूनी व्यवस्थाको प्रतिकूल रहेको,<br>• उजुरकर्तासँग घुस/रिसवत स्वरुप जम्मा रू.११,०००।- लिनुखानु गरेको स-प्रमाण पुष्टि भएको,<br>• मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरि बकपत्र गरेको,<br>• सम्मानित सर्वोच्च अदालतबाट (मुद्दा नं.०७३-CR-११८२, मुद्दामा **"आफ्नो कार्यालयको कामसँग सम्बन्धित सेवाग्राहीसँग सापटी भनी रकम लिएको कुरालाई स्वयम् प्रतिवादीले अदालतमा वयान गर्दा समेत स्वीकार गरेको हुँदा रकम लेनदेन भएको तथ्य बरामदी रकम र मुचुल्का बाहेकको प्रमाणवाट पनि पुष्टि भएको कुरा बाट प्रमाण लिन हुने भनी** सिद्धान्त प्रतिपादन भएको,<br>• **"अन्य प्रमाणबाट कसूर गरेको भन्ने पुष्टि भइरहेको अवस्थामा केवल पीडित तथा अनुसन्धान अधिकारीसमक्ष कागज गर्ने व्यक्तिहरूले पहिला आफूले भनेको भनाइको विपरीत हुनेगरी गरेको वकपत्रको आधारमा मात्र प्रतिवादीहरुलाई सफाई दिन नहुने भनी।"**_(ने.का.प. २०६६, अंक ६, नि.नं. ८१७९) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भएको, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गराइदिनु भनी पटक-पटक आदेश र पत्राचार हुँदा समेत निज उपस्थित भई बकपत्र गरेको नहुँदा निजको उजुरी बेहोरा र अनुसन्धानको क्रममा भएको कागजलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रतिवादीहरु विरुद्ध प्रमाणमा लिन मिल्ने देखिन आएन,<br>• वादी नेपाल सरकारका साक्षी नवराज मैनालीले प्रतिकूल बकपत्र गरेको,<br>• प्रतिवादीहरु उपर लाइएको आरोपदावी स्वतन्त्र वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नसकेकोले। | • **"आफूबाट बरामद भएको रकमलाई अन्यथा पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादी निर्दोष रहेको भन्न नसकिने"** भन्ने सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (स.अ. बुलेटिन, वर्ष १८, पुस २०६६, पूर्णाक ४२०, पृष्ठ १० र ११) मा समेत उल्लेख भएको,<br>• सम्मानित सर्वोच्च अदालतबाट मुद्दा ने.का.प. २०७२, अंक १०, नि.नं. ९४९० मा अनुसन्धानकर्ताले प्रमाण सङ्कलन गरेको निकायमार्फत आएको प्रमाणलाई आधार बनाउन मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने भनी सिद्धान्त प्रतिपादन,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमबाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| १०३ | सरोज श्रेष्ठ, तीर्थराज भण्डारी, धर्मराज पन्थी, थानेश्वर चौधरी र जीवन शर्मा (वि.अ.को मु.नं. (०७६-CR-०३८० वि.अ.को फैसला मिति २०७९।०३।०३) पु.वे.गर्ने निर्णय नं.३२५ मिति २०७९।०५।३० | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • प्र. जीवन शर्माले भ्र. नि. ऐन, २०५९ को दफा ३(२) बमोजिमको कसुर गरेकोमा निजलाई बिगो रु.१७,००,०००।-(सत्र लाख) कायम गरी भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (२) तथा सोही दफाले निर्देश गरे अनुसार भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम सजाय हुन र<br>• प्र.हरु सरोज श्रेष्ठ, थानेश्वर चौधरी, र तीर्थराज भण्डारीले भ्र. नि. ऐन, २०५९ को दफा ३(१) बमोजिमको | **<u>फैसलाः</u>**<br>प्र.हरुले सफाई पाउने।.<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• प्रतिवादी जिवन शर्माबाट वरामद भएको रु.१७,००,०००।- आयोगले राज्यकोषबाट उपलब्ध गराएको रकम भएकोमा विवाद भएन । राज्यकोषबाट आयोगले उपलब्ध गराएको रकम वरामद भएको वरामदी प्रमाण ग्राह्य नहुने भनी सर्वोच्च अदालतको संवैधानिक इजलासबाट अधिवक्ता विष्णुप्रसाद घिमिरे विरुद्ध अ.दु.अ.आ., टंगालसमेत भएको ०७४-WC-००२० को रिट निवेदनमा सिद्धान्त कायम भइसकेको अवस्थामा वरामदी रकम, वरामदी मुचुल्कासमेतलाई प्रमाणमा लिन मिल्ने देखिएन, | • सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• प्र. जीवन शर्माले अन्य प्रतिवादीहरुलाई पोल गरी आफूले रकम माग गरी लगेको कुरामा मौकाको बयनामा सावित रहेको हुँदा सहअभियुक्तको पोल वयान व्यहोरालाई प्रमाण ऐन, २०३१ को दफा ९क. वमोजिम प्रमाणमा लिनुपर्ने देखिएको,<br>• प्र.हरु र निवेदक वीच भएको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ्ग गरेको तथा माग गरेको देखिएबाट प्र.ले स्वच्छाले निवेदकसगँ घुस रिसवत रकम माग गरी लिई वारदात घटाएको,<br>• उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• **"आफूबाट बरामद भएको रकमलाई अन्यथा पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादी निर्दोष रहेको भन्न नसकिने"** भन्ने सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (स.अ. बुलेटिन, वर्ष १८, पुस २०६६, पूर्णाक ४२०, पृष्ठ १० र ११) मा समेत उल्लेख भएको, |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कसुरमा निजहरुलाई जनही बिगो रु.१२,००,०००।- कायम गरी भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम सजाय गरी पाउन र प्र. धर्मराज पन्थीले भ्र. नि. ऐन, २०५९ को दफा ३(१) बमोजिमको कसुरमा निज प्र.लाई बिगो रु.५,००,०००।- कायम गरी भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम सजाय हुन। | • प्रस्तुत मुद्दामा प्रतिवादी जिवन शर्माले अनुसन्धानको क्रममा वयान गर्दा आफूले आरोपित कसूर गरेको स्वीकार गरी प्रतिवादी सरोज श्रेष्ठ बाहेकका अन्य प्रतिवादीहरुलाई समेत पोल गरी वयान गरेको र अदालतसमक्ष कसूरमा पूर्णरुपमा इन्कार रही वयान गरेको, अन्य प्रतिवादीहरु सरोज श्रेष्ठ, तिर्थराज भण्डारी, थानेश्वर चौधरी र धर्मराज पन्थीले अनुसन्धानमा तथा अदालतमा समेत कसूरमा इन्कार रहेका र प्रतिवादीहरुका साक्षीहरुले अदालतसमक्ष उपस्थित भई प्रतिवादीहरुको भनाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• जग्गाधनीले मसँग प्रतिवादीहरुले घुस रकम माग गरेको छैन भनी अदालतसमक्ष बकपत्र गरेको देखिएको र स्क्रिप्ट राइटिङ्गलाई भरपर्दो र मूल प्रमाणको रुपमा ग्रहण गर्न सकिने स्थिति नदेखिएको। | • सम्मानित सर्वोच्च अदालतबाट मुद्दा ने.का.प. २०७२, अंक १०, नि.नं. ९४९० मा अनुसन्धानकर्ताले प्रमाण सङ्कलन गरेको निकायमार्फत आएको प्रमाणलाई आधार बनाउन मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने भनी सिद्धान्त प्रतिपादन,<br>• प्रतिवादी र निवेदकबीच घुस/रिसवत बार्गेनिङ्ग गरेको अडियो कलडिटेल समेतबाट वारदात पुष्टि भएको,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको। |
| १०४ | अहमद रजा अन्सारी (वि.अ. को मु.नं. (०७६-CR-०३०२) वि.अ. को फैसला मिति २०७९।०३।०२) पु.वे.गर्ने निर्णय | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • प्र. अहमद रजा अन्सारीले भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा बिगो रू.१,५०,०००।- कायम गरी निज अहमद रजा अन्सारीलाई भ्र. नि. ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (घ) बमोजिम जरिवाना र कैद | **<u>फैसलाः</u>**<br>प्रतिवादीलाई सफाई ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• विष्णु प्रसाद घिमिरे विरुद्ध संघीय संसदसमेत भएको ०७४-WC-००२० को रिट निवेदनमा सम्मानित सर्वोच्च अदालतको संवैधानिक इजलासबाट अ.दु.अ.आ. नियमावली, २०५९ को नियम ३० अमान्य र वदर हुने ठहऱ्याई | • सर्वोच्च अदालतबाट ०७४-WC-००२० को मुद्दामा सरकारी कोषको रकम बरामद गरिएको प्रमाण सम्म ग्रहणयोग्य नहुने हो,मुद्दा नै खारेज हुने वा भए गरेका सवै काम कारवाही बदर हुने होइनन।मुद्दामा संकलित अन्य प्रमाणको मुल्याङकनको आधारमा आरोपदावी ठहर हुने वा नहुने कुराको न्यायीक निरुपण गर्नु नै पर्ने हुन्छ भनी सिद्धान्त प्रतिपादन भएको,<br>• रङ्गेहात परीक्षण तथा नमुना संकलन मुचुल्का, खानतलासी एवं बरामदी मुचुल्का, समेतबाट पुष्टि भएको,<br>• प्र.ले र निवेदक वीच भएको कुराकानीको अडियो रेकर्डकोमा रकम वार्गेनिङ्ग गरेको तथा माग गरेको देखिएबाट प्र.हरुले स्वच्छाले निवेदकसगँ घुस रिसवत रकम माग गरी लिई वारदात घटाएको, |

| | | | | | |
|---|---|---|---|---|---|
| | नं.३२६ मिति २०७९।०५।३० | | सजाय हुन। | आदेश भएकोमा आयोग स्वयंले दिई पठाएको सरकारी कोषको रकम वरामद गरिएको प्रमाणसम्म ग्रहणयोग्य नहुने भन्ने सिद्धान्त प्रतिपादन भएको,<br>• प्र.ले अदालतमा आई वयान गर्दा मैले कुनै घुस रकम मागेको छैन, लिएको छैन भनी कसूरमा इन्कारी वयान गरेको,<br>• उजुरकर्ताले उजुरीसाथ पेश गरेको सि.डी.लगायत टेलिफोन संवादहरुसमेतलाई आरोप पुष्टि हुने प्रमाणको रुपमा ग्रहण मिल्ने देखिन आएन। | • उजुरकर्ता र मौकामा कागज गर्ने व्यक्तिहरुले अदालतमा आरोप मागदावीको व्यहोरालाई समर्थन हुने गरि बकपत्र गरेको,<br>• **"आफूबाट बरामद भएको रकमलाई अन्यथा पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादी निर्दोष रहेको भन्न नसकिने"** भन्ने सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (स.अ. बुलेटिन, वर्ष १८, पुस २०६६, पूर्णाक ४२०, पृष्ठ १० र ११) मा समेत उल्लेख भएको,<br>• सम्मानित सर्वोच्च अदालतबाट मुद्दा ने.का.प. २०७२, अंक १०, नि.नं. ९४९० मा अनुसन्धानकर्ताले प्रमाण सङ्कलन गरेको निकायमार्फत आएको प्रमाणलाई आधार बनाउन मिल्दैन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने भनी सिद्धान्त प्रतिपादन,<br>• प्रमाण ऐन,२०३१ को दफा १३क. मा श्रव्य दृश्य माध्यमवाट विद्युतीय अभिलेखमा उल्लेख भएका कुराहरु प्रमाणमा लिन हुन्छ भनी उल्लेख भएको, |

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट यस आ.व.मा विशेष अदालतबाट भएका फैसलामा चित्त नबुझी मिति २०७९/०६/१० गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरुको विवरण :-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १०५. | सचिन्द्र कुमार कापर, ईलियास मिया अंसारी, मनिर मियाँ, जमिल मियाँ, जमिल मियाँ अन्सारी (वि.अ. को मु.नं. ०७६-CR-०१३१, वि.अ. को फैसला मिति | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | •बिगो रू.१,००,०००/-(एक लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम सजायको मागदाबी लिइएको। | <u>फैसलाः</u><br>सबै प्रतिवादीलाई सफाई<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br>• सर्वोच्च अदालत संवैधानिक इजलासबाट २०७४-wc-००२० को रिट निवेदनमा मिति २०७८/१/८ मा भएको आदेश/फैसला बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराइएको नोट रकम बरामद भएको भन्ने बरामदीसग सम्बन्धित प्रमाणलाई प्रमाणग्राह्य गर्न नमिल्ने ।<br>• रकम बरामद भएको बाहेक अन्य | • प्रतिवादीले उजुरवालालाई उपलब्ध गराउनुपर्ने सेवा र प्रतिवादीले सम्पादन गर्नुपर्ने कार्य अन्तर सम्बन्धित रहेको भन्ने कुरालाई अदालतले पनि स्वीकार गरेको ।<br>• रकम लिनुदिनु कार्य सँग सम्बन्धित रही फोन सम्पर्क भएको देखिएको,<br>• निवेदक र वादीका साक्षीले अदालतमा वकपत्र गर्दा अनुसन्धानका कागजलाई समर्थन हुने गरी बकपत्र गरेको,<br>• यसअघि पनि विशेष अदालतबाटै यस्तै प्रकृतिका मुद्दाको सन्दर्भमा बरामदी रकम बाहेकका अन्य प्रमाणलाई आधार लिई कसुरदार ठहर गरी फैसला गरेको । |

| | | | | | |
|---|---|---|---|---|---|
| | २०७९।०२।०४) | | | प्रमाणहरुबाट प्रतिवादी उपरको आरोप दाबी पुष्टी हुन नसकेको | |
| १०६. | शिव शंकर ठाकुर लोहार, गौरी शंकर प्रसाद केशरी (वि.अ. को मु.नं. ०७५-CR-०२५१, वि.अ. को फैसला मिति २०७९।१।८) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • गौरीशंकर प्रसाद केशरी र शिव शंकर ठाकुर लोहारलाई बिगो रु. १,१५,०००।– (एक लाख पन्ध्र हजार रुपैया) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) (घ) र रामचन्द्र अधिकारीलाई सीहि ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) ले हुने सजायमा ऐ. ऐनको दफा २२ बमोजिम सजाय हुन मागदावी। | **<u>फैसलाः</u>**<br>सवै प्रतिवादीहरुलाई सफाइ हुने गरी फैसला भएको।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• सर्वोच्च अदालत संवैधानिक इजलासबाट २०७४-wc-००२० को रिट निवेदनमा मिति २०७८/१/८ मा भएको आदेश/फैसला बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराइएको रकम बरामद भएको भन्ने बरामदीसग सम्बन्धित प्रमाणलाई प्रमाणग्राह्य गर्न नमिल्ने ।<br>• रकम बरामद भएको बाहेक अन्य प्रमाणहरुबाट प्रतिवादी उपरको आरोप दाबी पुष्टी हुन नसकेको। | • प्रतिवादीले उजुरवालालाई उपलब्ध गराउनु पर्ने सेवा र प्रतिवादीले सम्पादन गर्नुपर्ने कार्य अन्तर सम्बन्धित रहेको भन्ने कुरालाई अदालतले पनि स्वीकार गरेको<br>• रकम लिनुदिनु कार्य सँग सम्बन्धित रही फोन सम्पर्क भएको देखिएको ।<br>• निवेदक र वादीका साक्षीले अदालतमा वकपत्र गर्दा अनुसन्धानका कागजलाई समर्थन हुने गरी बकपत्र गरेको।<br>• यसअघि पनि विशेष अदालतबाटै यस्तै प्रकृतिका मुद्दाको सन्दर्भमा बरामदी रकम बाहेकका अन्य प्रमाणलाई आधार लिई कसुरदार ठहर गरी फैसला गरेको। |
| १०७. | रबिन्द्र कार्की, ज्ञान बहादुर चौधरी र रतिराम चौधरी (वि.अ. को मु.नं. ०७६-CR-०१३८, वि.अ. को फैसला मिति २०७९।०२।०४) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | • रबिन्द्र कार्की, ज्ञान बहादुर चौधरी र रतिराम चौधरीलाई बिगो रु.२०,०००।- (बीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुन मागदावी लिइएको । | **<u>फैसलाः</u>**<br>तीनै जना प्रतिवादीलाई सफाई हुने गरी फैसला भएको।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• सर्वोच्च अदालत संवैधानिक इजलासबाट २०७४-wc-००२० को रिट निवेदनमा मिति २०७८/१/८ मा भएको आदेश/फैसला बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराइएको रकम बरामद भएको भन्ने बरामदीसग सम्बन्धित प्रमाणलाई प्रमाणग्राह्य गर्न नमिल्ने ।<br>• रकम बरामद भएको बाहेक अन्य प्रमाणहरुबाट प्रतिवादी उपरको आरोप दाबी पुष्टी हुन नसकेको | • प्रतिवादीले उजुरवालालाई उपलब्ध गराउनु पर्ने सेवा र प्रतिवादीले सम्पादन गर्नुपर्ने कार्य अन्तर सम्बन्धित रहेको भन्ने कुरालाई अदालतले पनि स्वीकार गरेको ।<br>• रकम लिनुदिनु कार्य सँग सम्बन्धित रही फोन सम्पर्क भएको देखिएको ।<br>• यसअघि पनि विशेष अदालतबाटै यस्तै प्रकृतिका मुद्दाको सन्दर्भमा बरामदी रकम बाहेकका अन्य प्रमाणलाई आधार लिई कसुरदार ठहर गरी फैसला गरेको |
| १०८. | घनश्याम राज | घुस | • घनश्याम राज काफ्ले, भरत | **<u>फैसलाः</u>** | • प्रतिवादीले उजुरवालालाई उपलब्ध गराउनु पर्ने सेवा र प्रतिवादीले सम्पादन |

| | | | | | |
|---|---|---|---|---|---|
| | काफ्ले,भरत बिक्रम बि.सी. र बद्री प्रसाद पराजुली (वि.अ. को मु.नं. ०७६-CR-०११७, वि.अ. को फैसला मिति २०७९।१।१४ ) | रिसवत लिई भ्रष्टाचार गरेको। | बिक्रम बि.सी. र बद्री प्रसाद पराजुलीलाई बिगो रु.१,५०,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) (घ) बमोजिम जरिवाना तथा कैद सजाय हुन मागदाबी लिइएको। | • सबै प्रतिवादीहरुलाई सफाइ हुने गरी फैसला भएको ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• सर्वोच्च अदालत संवैधानिक इजलासबाट २०७४-WC-००२० को रिट निवेदनमा मिति २०७८/१/८ मा भएको आदेश/फैसला बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराइएको रकम बरामद भएको भन्ने बरामदीसग सम्बन्धित प्रमाणलाई प्रमाणग्राह्य गर्न नमिल्ने ।<br>• रकम बरामद भएको बाहेक अन्य प्रमाणहरुबाट प्रतिवादी उपरको आरोप दाबी पुष्टी हुन नसकेको । | गर्नुपर्ने कार्य अन्तर सम्बन्धित रहेको भन्ने कुरालाई अदालतले पनि स्वीकार गरेको ।<br>• रकम लिनुदिनु कार्य सँग सम्बन्धित रही फोन सम्पर्क भएको देखिएको ।<br>• यसअघि पनि विशेष अदालतबाटै यस्तै प्रकृतिका मुद्दाको सन्दर्भमा बरामदी रकम बाहेकका अन्य प्रमाणलाई आधार लिई कसुरदार ठहर गरी फैसला गरेको । |
| १०९. | याम बहादुर खत्री, प्रताप के.सी. र शारदा कुमारी के.सी. (वि.अ. को मु.नं. ०७६-CR-०३४०, वि.अ. को फैसला मिति २०७९।०३।०३) | घुस रकम लिई भ्रष्टाचार गरेको । | • प्रतिवादी याम बहादुर खत्रीलाई बिगो रु.३५,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१)(ख) बमोजिमको सजाय हुन तथा अर्का प्रतिवादीहरु प्रताप के.सी. र शारदा कुमारी के.सी.लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भए बमोजिम बिगो रु.३५,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१)(ख) बमोजिमको सजाय हुन मागदावी लिईएको। | **<u>फैसलाः</u>**<br>• सबै प्रतिवादीहरुलाई सफाइ हुने गरी फैसला भएको ।<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>• सर्वोच्च अदालत संवैधानिक इजलासबाट २०७४-WC-००२० को रिट निवेदनमा मिति २०७८/१/८ मा भएको आदेश/फैसला बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराइएको नोट रकम बरामद भएको भन्ने बरामदीसग सम्बन्धित प्रमाणलाई प्रमाणग्राह्य गर्न नमिल्ने।<br>• रकम बरामद भएको बाहेक अन्य प्रमाणहरुबाट प्रतिवादी उपरको आरोप दाबी पुष्टी हुन नसकेको। | • उजुरकर्ता सेवाग्राही र प्रतिवादी उजुरवालालाई उपलब्ध गराउनु पर्ने सेवा र प्रतिवादीले सम्पादन गर्नुपर्ने कार्य अन्तर सम्बन्धित रहेको भन्ने कुरालाई अदालतले पनि स्वीकार गरेको।<br>• रकम लिनुदिनु कार्य सँग सम्बन्धित रही फोन सम्पर्क भएको देखिएको।<br>• यसअघि पनि विशेष अदालतबाटै यस्तै प्रकृतिका मुद्दाको सन्दर्भमा बरामदी रकम बाहेकका अन्य प्रमाणलाई आधार लिई कसुरदार ठहर गरी फैसला गरेको। |
| ११०. | मिलन अधिकारी (वि.अ. को मु.नं. | घुस रिसवत | • मिलन अधिकारीलाई बिगो रु.१,००,०००।-(अक्षरुपी | **<u>फैसलाः</u>**<br>प्र.ले सफाई पाउने गरी फैसला भएको । | • उजुरकर्ताले लिनुपर्ने सेवा यी नै प्रतिवादीले गर्नुपर्ने जम्मेवारीमा यी प्रतिवादी रहेको भन्ने पुष्टी भएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| | ०७७-CR-०००८, वि.अ. को फैसला मिति २०७९।०२।१ १) | लिई भ्रष्टाचार गरेको। | एक लाख रुपैंया मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम सजाय हुन मागदावी लिईएको। | <u>**विशेष अदालतले सफाई दिदा लिएका आधार:**</u><br>• सर्वोच्च अदालत संवैधानिक इजलासबाट २०७४-WC-००२० को रिट निवेदनमा मिति २०७८/१/८ मा भएको आदेश/फैसला बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराइएको रकम बरामद भएको भन्ने बरामदीसग सम्बन्धित प्रमाणलाई प्रमाणग्राह्य गर्न नमिल्ने।<br>• रकम बरामद भएको बाहेक अन्य प्रमाणहरुबाट प्रतिवादी उपरको आरोप दाबी पुष्टी हुन नसकेको । | • रकम लिनुदिनु कार्य सँग सम्बन्धित रही फोन सम्पर्क भएको देखिएको ।<br>• निवेदक र वादीका साक्षीले अदालतमा वकपत्र गर्दा अनुसन्धानका कागजलाई समर्थन हुने गरी बकपत्र गरेको।<br>• मिसिल संलग्न कागजहरुबाट प्रतिवादीले घुस रकम माग गरी लिएको पुष्टी भएको । |
| १११. | महेन्द्र वि.सी. (वि.अ. को मु.नं. ०७५-CR-०३०३, वि.अ. को फैसला मिति २०७९।१।७) | घुस रिसवत लिई भ्रष्टाचार गरेको। | महेन्द्र वि.सी.लाई बिगो रु.७,०००।- (सात हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को (क) बमोजिम सजायँ हुन मागदावी लिइएको। | <u>**फैसला:**</u><br>प्र.ले सफाई पाउने।.<br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधार:**</u><br>• सर्वोच्च अदालत संवैधानिक इजलासबाट २०७४-WC-००२० को रिट निवेदनमा मिति २०७८/१/८ मा भएको आदेश/फैसला बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट उपलब्ध गराइएको नोट रकम बरामद भएको भन्ने बरामदीसग सम्बन्धित प्रमाणलाई प्रमाणग्राह्य गर्न नमिल्ने।<br>• रकम बरामद भएको बाहेक अन्य प्रमाणहरुबाट प्रतिवादी उपरको आरोप दाबी पुष्टी हुन नसकेको। | • उजुरकर्ताले लिनुपर्ने सेवा यी नै प्रतिवादीले गर्नुपर्ने जम्मेवारीमा यी प्रतिवादी रहेको भन्ने पुष्टी भएको ।<br>• रकम लिनुदिनु कार्य सँग सम्बन्धित रही फोन सम्पर्क भएको देखिएको ।<br>• निवेदक र वादीका साक्षीले अदालतमा वकपत्र गर्दा अनुसन्धानका कागजलाई र आरोपपत्रलाई समर्थन हुने गरी बकपत्र गरेको।<br>• मिसिल संलग्न कागजहरुबाट प्रतिवादीले घुस रकम माग गरी लिएको पुष्टी भएको। |

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट यस आ.व.मा विशेष अदालतबाट भएका फैसलामा चित्त नबुझी मिति ०७९/०६/२६ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरूको विवरणः

| क्र सं | प्रतिवादीहरू | मुद्दा | आयोगको मागदाबी | विशेष अदालतको फैसला र आधार | सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरू |
|---|---|---|---|---|---|
| ११२. | वटुकृष्ण अधिकारीसमेत (वि.अ. को मु.नं. ०७५-CR-०२८५, वि.अ. को फैसला मिति २०७९।२।१०) | राजश्व चुहावट गरी भ्रष्टाचार गरेको। | ▪ सुभाषप्रसाद श्रेष्ठ, भन्सार अधिकृत वटुकृष्ण अधिकारी, जाँचकी ना.सु. वसन्तकुमार सुवेदी समेतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को देहाय (क) द्वारा परिभाषित कार्य गरी सोही ऐनको दफा ३(१) र दफा ३(१)(च) बमोजिमको कसूरमा निज प्रतिवादीहरूउपर जनही बिगो रू. २०,२४,१४१।— कायम गरी सोही ऐनको दफा ७ एवम् दफा ३(१)(च) बमोजिम सजाय गरीपाउन।<br>▪ प्रतिवादीहरू दिनेशकुमार बानियाँ, वीरेन्द्र गुप्ता, रवीन्द्र गुप्ता, मधुकुमारी चौधरी, विनोदकुमार गुप्ता र राहुलकुमार गुप्तासमेतउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसूरमा जनही बिगो रू. २०,२४,१४१।– कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजाय एवम् विगोसमेत जफत गरिपाउन<br>▪ नायव सुव्बा देवीबहादुर थापाले रू. २०,२४,१४१।– बराबरको भन्सार महसूल राजश्व छली गर्न गराउनमा वदनियतसाथ वीरेन्द्र गुप्तालाई फाइदा पुग्ने गरी भ्रष्टाचार निवारण | **<u>फैसला</u>**<br>प्रतिवादीहरू वीरेन्द्र गुप्ता र रवीन्द्र गुप्तालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिमको कसूर ठहर गरी सोही दफा ८(४) बमोजिम विगो रु.२०,२४,१४१।—(बीसलाख चौबीसहजार एकसय एकचालीस रुपैयाँ) भएको हुँदा प्रतिवादीहरू वीरेन्द्र गुप्ता र रवीन्द्र गुप्तालाई बिगोको दामासाहीले हुन आउने जनही रु.१०,१२,०७०।५० (दशलाख बाह्रहजार सत्तरी रुपैयाँ पचास पैसा) जरिवाना सजाय गरेको तथा प्रतिवादीहरू वटुकृष्ण अधिकारी, सुभाषप्रसाद श्रेष्ठ, देवीबहादुर थापा, वसन्तकुमार सुवेदी, दिनेशकुमार बानियाँ, मधुकुमारी चौधरी, विनोदकुमार गुप्ता, राहुलकुमार गुप्ता र विनोदकुमार गुप्तालाई सफाइ।<br>**<u>आधार</u>**<br>**क. प्रतिवादीहरू वसन्तकुमार सुवेदी र वटुकृष्ण अधिकारी-**<br>निज प्रतिवादीहरूले मौकामा र अदालतमा बयान गर्दा उजुरी व्यहोरा झुठा रहेको, नक्कली प्रज्ञापनपत्रमा नाम राखी कीर्ते सही गरी फसाइएको उल्लेख गरेका; प्रतिवादीहरू वटुकृष्ण अधिकारी, वसन्तकुमार सुवेदीसमेत विरूद्ध ०७६-FJ-००८८ राजश्व चुहावट मुद्दामा उच्च अदालत, पाटनबाट सफाइ | क. **प्रतिवादीहरू वसन्तकुमार सुवेदी र वटुकृष्ण अधिकारीका सम्बन्धमा-**<br>नेपालगञ्ज भन्सार कार्यालयको Exit Point मा रहेको सशस्त्र प्रहरी कार्यालयको रजिष्टरमा मिति २०७५।२।२५ मा ना६ख ५८५९ र ना७ख १७ को ट्रक भन्सार गेटवाट वाहिरिएको तथ्यमा विवाद छैन। निज प्रतिवादीहरूले मौकामा र अदालतमा बयान गर्दा सजायबाट जोगिन उजुरी व्यहोरा झुठा रहेको भनी बयान गर्नु स्वाभाविक हो। ट्रकचालक यामबहादुर वि.क. ले नेपालगञ्ज भन्सार यार्डबाटै बरामद सामान आफ्नो ट्रकमा लोड गरिएको भनी बयान गरेका छन्। भन्सार कार्यालयबाटै सामान ट्रकमा राखिएको अवस्थामा वटुकृष्ण अधिकारी र वसन्तकुमार सुवेदीको संलग्नताबिना उक्त कार्य हुनै नसक्नेमा नक्कली प्रज्ञापनपत्रमा नाम राखी कीर्ते सही गरी फसाइएको भनी प्रतिवादीहरूले जिकीर लिएको उल्लेख गरी निज प्रतिवादीहरूलाई सफाइ दिइएको त्रुटिपूर्ण।<br>प्रतिवादीहरू वटुकृष्ण अधिकारी, वसन्तकुमार सुवेदीसमेत विरूद्ध दायर राजश्व चुहावट मुद्दा (०७६-FJ-००८८) मा उच्च अदालत, पाटनबाट सफाइ पाएकै आधारमा निजहरूको राजश्व चुहावटमा मिलेमतो रहेको नदेखिएको भनी विशेष अदालतबाट गरिएको फैसलामा प्रमाणको उचित मूल्याङ्कन गरिएको अवस्था छैन । साथै, आफूसमक्ष इन्साफका लागि प्रेषित मुद्दामा आफैले प्रमाणको मूल्याङ्कन/विश्लेषण गरी फैसला गर्नुपर्नेमा सो भएकोसमेत देखिँदैन। कार्यालयमा उपस्थित रही नियमित कामकाजमा रहेका यी प्रतिवादीद्वयको संलग्नताबिना कसूर ठहर भएका प्रतिवादीहरू वीरेन्द्र गुप्तासमेतले भन्सार यार्डबाट सामान निष्कासन गर्न नसक्ने स्पष्ट छ।<br>भन्सार एजेन्ट दिनेशकुमार बानियाँ रहेको वनवोरी माता ट्रेडर्सको Skimmed milk powder 400 bags सामान उल्लेख गरी मिति २०७५।२।२४ मा जारी झुठा प्रज्ञापनपत्र नं. 15315 मा भन्सार अधिकृत वटुकृष्ण अधिकारी र प्रज्ञापनपत्र र Exit Note समेतमा जाँचकी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर गरेकोमा निज प्रतिवादीलाई सोही ऐनको दफा ८(४) बमोजिम हुने सजायमा सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम सजाय हुन<br>▪ | पाएकोले निजहरूको राजश्व चुहावटमा मिलेमतो रहेको नदेखिएको।<br>**ख. प्रतिवादी सुभाषप्रसाद श्रेष्ठ-**<br>निज प्रतिवादीले अदालतमा बयान गर्दा २०७५।२।२३ गतेबाट ७ दिनको घर विदामा काठमाडौं गएकोले केही थाहा नभएको भनी कसूरमा इन्कारी बयान गरेको; सुभाषप्रसाद श्रेष्ठसमेत विरूद्ध ०७६-FJ-००८८ राजश्व चुहावट मुद्दामा उच्च अदालत, पाटनबाट सफाइ पाएकोले निजको राजश्व चुहावटमा मिलेमतो रहेको नदेखिएको।<br><br>**ग. प्रतिवादी दिनेशकुमार बानियाँ-**<br>निज प्रतिवादीले मौकामा र अदालतमा बयान गर्दा वनवोरी माता ट्रेडर्स प्रा लि समेतको एजेण्टको कार्य गरे पनि प्रस्तुत मुद्दासँग सम्बन्धित नक्कली प्रज्ञापनपत्र नं १५३१५ कहाँबाट आएको थाहा नभएको; उक्त सामान आफ्नो पासवर्डबाट ननिस्केको; आफूले २०७५।२।२३ मा ४२० बोरा २१,०००।– किलोग्राम चिनीवापत रू ४,९९,१४८।– राजश्व प्राप्त गरेको उल्लेख गरेका।<br><br>**घ. प्रतिवादीहरू मधुकुमारी चौधरी, विनोदकुमार गुप्ता र राहुलकुमार गुप्ता-**<br>१. प्रतिवादीहरू मधुकुमारी चौधरी, विनोदकुमार गुप्ताले मौकामा र अदालतमा बयान गर्दा वनवोरी माता | ना.सु. बसन्तकुमार सुवेदीको दस्तखत देखिनुका साथै अनुसन्धानको क्रममा निजहरूको CDR अनुसार ना६ख ५८५९ र ना७ख १७ ट्रकबाट झुठा प्रज्ञापनपत्रले भन्सार छली गर्ने प्रमुख व्यक्ति वीरेन्द्र गुप्तासँग निजहरूको दोहोरो सम्पर्क रहेको देखिएकोले वीरेन्द्र गुप्ता र वटुकृष्ण अधिकारी तथा वसन्तकुमार सुवेदीको अस्वाभाविक सम्बन्ध रहेको पुष्टि गरिरहेको छ। आरोपपत्रको पृष्ठ सं. ४१ देखि ४५ सम्ममा बिस्तृतरूपमा विश्लेषण गरिएअनुसार प्रतिवादी वीरेन्द्र गुप्ता र सम्बन्धित राष्ट्रसेवक कर्मचारीहरूको सम्पर्क नम्बरहरूमा मिति २०७५।१।१ देखि मिति २०७५।३।१ सम्मको अवधिमा अस्वाभाविकरूपमा फोन सम्पर्क भएको CDR विवरणले पुष्टि गरिरहेको।<br><br>यसरी पैठारी गरी भन्सार परिसरमा प्रवेश गरेका मालवस्तुको प्रज्ञापनपत्रलगायतका काम कारवाहीमा जाँचकीले सामान जाँचपास, भन्सार अधिकृतले प्रमाणित एवम् पुनः जाँचकीले Exit Note जारी नगरेसम्म गेटपास नबन्ने र भन्सार क्षेत्र परिसरबाट मालवाहक सवारी साधन बाहिरिन नसक्ने भन्ने बयान व्यहोराहरूसमेतबाट व्यापारी र भन्सार कार्यालयमा कार्यरत राष्ट्रसेवकबीच मिलेमतो नभई भन्सार परिसरबाट राजश्व चुहावट तथा भन्सार महसूल छली गरी कुनै पनि मालवाहक सवारी साधन भन्सार क्षेत्रबाट बाहिरिन सक्ने अवस्था रहँदैन। भन्सार एजेन्ट दिनेशकुमार बानियाँ रहेको, वनवोरी माता ट्रेडर्सको Skimmed milk powder 400 bags सामान उल्लेख गरी मिति २०७५।२।२४ मा जारी झुठा प्रज्ञापनपत्र नं. 15315 मा भन्सार अधिकृत वटुकृष्ण अधिकारी र प्रज्ञापनपत्र र Exit Note समेतमा जाँचकी ना.सु. बसन्तकुमार सुवेदीको दस्तखत देखिनुका साथै अनुसन्धानको क्रममा निजहरूको CDR अनुसार ना६ख ५८५९ र ना७ख १७ ट्रकबाट झुठा प्रज्ञापनपत्रले भन्सार छली गर्ने प्रमुख व्यक्ति वीरेन्द्र गुप्तासँग निजहरूको दोहोरो सम्पर्क रहेको देखिएकोले वीरेन्द्र गुप्ता र वटुकृष्ण अधिकारी तथा वसन्तकुमार सुवेदीको अस्वाभाविक सम्बन्ध रहेको पुष्टि गरिरहेको।<br><br>ख. **प्रतिवादी सुभाषप्रसाद श्रेष्ठको सम्वन्धमा-**<br>निज प्रतिवादीले अदालतमा बयान गर्दा २०७५।२।२३ गतेबाट ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | ट्रेडर्समा आफ्नो कुनै स्वामित्व नरहेको र बरामद सामान आफ्नो नरही सो सामानको बारेमा आफूलाई थाहा नभएको भनी कसूरमा इन्कारी बयान गरेको।<br>२. ना६ख ५८५९ को ट्रकचालक यामबहादुर विकले बकपत्रको जवाफ १२ मा मधुकुमारी चौधरी र विनोदकुमार गुप्तालाई नचिनेको भनेको। अन्य सहप्रतिवादीहरूले समेत निजहरूउपर पोल बयान नगरेको।<br>३. सहप्रतिवादी दिनेशकुमार बानियाँले अदालतमा बयान गर्दा यी प्रतिवादीद्वय मधुकुमारी चौधरी, विनोदकुमार गुप्तालाई नचिनेको भनी लेखाएको।<br>४. प्रतिवादीहरू मधुकुमारी चौधरी, विनोदकुमार गुप्ता र राहुलकुमार गुप्ता विरूद्ध ०७६-FJ-००८८ राजश्व चुहावट मुद्दामा उच्च अदालत, पाटनबाट सफाइ पाएको।<br><br>**ङ. प्रतिवादी देवीबहादुर थापा-**<br>१. मौकामा र अदालतमा बयान गर्दा ना६ख ५८५९ ट्रक पक्राउ परेपछि वीरेन्द्र गुप्ताले कानूनी प्रक्रिया र अनुसन्धानको विषयमा फोन गरेकाले आफूले वीरेन्द्र गुप्तालाई नभगाएको।<br>उक्त ट्रकमा रहेका सामानहरूको बारेमा आफूलाई केही थाहा नभएको; राजश्व चुहावट मुद्दामा आफूलाई प्रतिवादी | दिनको घर विदामा काठमाडौं गएकोले केही थाहा नभएको भनी कसूरमा इन्कारी बयान गरेको भए पनि यी प्रतिवादी कार्यालयका अन्य कर्मचारीहरूसँग नियमित फोन सम्पर्कमा रहेको CDR विवरणले देखाइरहेको छ। भन्सार छली गरी सामान ल्याउने बदनियतसाथ मिति २०७५।२।२३ गते नेपालगञ्ज भन्सार क्षेत्र (यार्ड) मा ना६ख ५८५९ र ना७ख १७ मालवाहक ट्रक प्रवेश गरेकै दिन नेपालगञ्ज भन्सार कार्यालयका भन्सार अधिकृत विदामा रही अनुसन्धानको क्रममा निज सुभाषप्रसाद श्रेष्ठले आफू विदामा रही २०७५।२।३१ मा मात्रै कार्यालयमा हाजिर रहेको र विदाको अवधिमा कुनै किसिमको टेलिफोन सम्पर्कसमेत कार्यालयका कुनै कर्मचारीहरूसँग नगरेको, नेपालगञ्ज भन्सार यार्डबाट भन्सार छली गरिएको मालवस्तुसहितको ना६ख ५८५९ ट्रक काठमाडौंमा पक्राउ परेकालगायतका कुनै घटनाबारे आफू जानकार नरहेको भनी खुलाए पनि CDR बाट २०७५।२।२३ मा सुभाषप्रसाद श्रेष्ठको फोन ९८५१०११९८२ र भन्सार एजेण्ट दिनेशकुमार बानियाँको फोन ९८५८०३१२४४ बीचमा सम्पर्क एवम् सुभाषप्रसाद श्रेष्ठले आफ्नो विदा अवधिको समयमा फोन नं ९८५१०११९८२ र वटुकृष्ण अधिकारीको फोन ९८५१०२१८०५ बीच २०७५।२।२३ मा २०.०४ र २०.१५ बजे दुईपटक, मिति २०७५।२।२८ मा ८ पटक सम्पर्कको प्रयास, मिति २०७५।२।२९ मा ४ पटक सम्पर्क र मिति २०७५।२।३० मा ५ पटकको सम्पर्कको प्रयासमा ३ पटक सम्पर्क भएको पाइएबाट निज सुभाषप्रसाद श्रेष्ठले आपसी मिलेमतोमा वदनियतसाथ भन्सार छलीको काम गरी गराई उम्कने नियतले आफू विदामा बसेको र अनुसन्धानको क्रममा समेत विदा अवधिमा कार्यालयका कोही कुनै कर्मचारीसँग समेत कुनै किसिमबाट सम्पर्क भए गरेको छैन भनी झुठा व्यहोरा खुलाइदिएको पुष्टि भएको छ भने सुभाषप्रसाद श्रेष्ठ र भन्सार छलीमा संलग्न प्रमुख व्यक्ति वीरेन्द्र गुप्तासँगको पुरानो सम्वन्धसमेत निजहरूबीचको दोहोरो टेलिफोन सम्पर्कसमेतले पुष्टि गरिरहेको छ।<br><br>ग. **प्रतिवादी भन्सार एजेण्ट दिनेशकुमार बानियाँका सम्वन्धमा-**<br>निज प्रतिवादीले मौकामा र अदालतमा बयान गर्दा वनवोरी माता ट्रेडर्स प्रा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | नबनाएको भनी निजले बयान गरेको; निजसँग प्रतिवादी वीरेन्द्र गुप्ताको फोन सम्पर्क भएकै आधारमा निजको मिलेमतो रहेको पुष्टि नहुने; दिनेशकुमार बानियाँले निजलाई पोल नगरेको। | लि समेतको एजेण्टको कार्य गरे पनि प्रस्तुत मुद्दासँग सम्बन्धित नक्कली प्रज्ञापनपत्र नं १५३१५ कहाँबाट आएको थाहा नभएको भनी बयान गरेको पाइन्छ तर मिति २०७५।२।२४ गते नेपालगञ्ज भन्सार यार्डबाट बाहिरिएको ना७ख १७ र ना६ख ५८५९ ट्रकमा रहेको सामानका सम्बन्धमा वीरेन्द्र गुप्ताले सम्वन्धित सवारीचालकलाई प्रज्ञापनपत्र उपलव्ध गराएको, ना६ख ५८५९ ट्रकका चालक यामबहादुर वि.क. ले आफ्नो फोनमा फोटो खिचेर राखेको प्रज्ञापनपत्र नं M15315 मिति २०७५।२।२४ मा जारी भएको जसमा Skimmed milk powder 400 bags लेखिएको, वनवोरी माता ट्रेडर्सको सामान उल्लेख भएको, भन्सार एजेन्ट दिनेशकुमार बानियाँ उल्लेख भएको र जसमा भन्सार प्रयोजनको लागि कायम हुने मूल्य रू. ४१,८४,२००।०० घोषणा गरी भन्सार विन्दुमा भन्सार महसूल र मू.अ.कर गरी रू. १५,९६,९४१।०० रहेको उल्लेख गरी सोही प्रज्ञापनपत्रको माथिपट्टि सोही रकम बराबरको एभरेष्ट बैंकको महसूल तिरेको नगदी रसिद राखिएको देखिएकोले भन्सार एजेन्ट दिनेशकुमार बानियाँको समेत प्रस्तुत मुद्दामा स्पष्ट संलग्नता देखिएको।<br><br>भन्सार एजेन्ट दिनेशकुमार बानियाँ रहेको, वनवोरी माता ट्रेडर्सको Skimmed milk powder 400 bags सामान उल्लेख गरी मिति २०७५।२।२४ मा जारी झुठा प्रज्ञापनपत्र नं. 15315 मा भन्सार अधिकृत वटुकृष्ण अधिकारी र प्रज्ञापनपत्र र Exit Note समेतमा जाँचकी ना.सु. बसन्तकुमार सुवेदीको दस्तखत देखिनुका साथै अनुसन्धानको क्रममा निजहरूको CDR अनुसार ना६ख ५८५९ र ना७ख १७ ट्रकबाट झुठा प्रज्ञापनपत्रले भन्सार छली गर्ने प्रमुख व्यक्ति वीरेन्द्र गुप्तासँग निजहरूको दोहोरो सम्पर्क रहेको देखिएको साथै वीरेन्द्र गुप्ता र वटुकृष्ण अधिकारी तथा वसन्तकुमार सुवेदीको अस्वाभाविक सम्बन्ध रहेको पुष्टि गरिरहेको अवस्थाबाट समेत प्रस्तुत वारदातमा भन्सार एजेण्ट दिनेशकुमार बानियाँको सम्वन्ध पुष्टि भइरहेको अवस्था छ।<br>घ. **प्रतिवादीहरू मधुकुमारी चौधरी, विनोदकुमार गुप्ता र राहुलकुमार गुप्ताका सम्वन्धमा-**<br>ना६ख ५८५९ ट्रकका चालक यामबहादुर वि.क. ले आफ्नो फोनमा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | फोटो खिचेर राखेको प्रज्ञापनपत्रमा प्रज्ञापनपत्र नं M15315 मिति २०७५।२।२४ मा जारी भन्ने उल्लेख भएको जसमा Skimmed milk powder 400 bags, वनवोरी माता ट्रेडर्सको सामान उल्लेख भएको, भन्सार एजेन्ट दिनेशकुमार बानियाँ र जसमा भन्सार प्रयोजनको लागि कायम हुने मूल्य रू. ४१,८४,२००।०० घोषणा गरी भन्सार विन्दुमा भन्सार महसूल र मू.अ.कर गरी रू. १५,९६,९४१।०० रहेको उल्लेख गरी सोही प्रज्ञापनपत्रको माथिपट्टि सोही रकम बराबरको एभरेष्ट बैंकको महसूल तिरेको नगदी रसिद राखिएको देखिन्छ। सो प्रज्ञापनपत्रमा भन्सार अधिकृत बटुकृष्ण अधिकारी र जाँचकी वसन्तकुमार सुवेदीको दस्तखत रहेको पाइन्छ भने जाँचकी वसन्तकुमार सुवेदीको नाममा एक्जीट नोट निकाली ना६ख ५८५९ समेत उल्लेख गरी गेटपास दर्ता गरी दर्ता नं ३२३६२ मिति २।२४ समय १८.२५ समेत उल्लेख गरेको देखिएको छ। मालधनी भनी खुलेको वनवोरी माता ट्रेडर्सका सञ्चालक रवीन्द्र गुप्ता र सो ट्रेडर्ससँग सम्वन्धित वीरेन्द्र गुप्ता (रवीन्द्र गुप्ताको भाइ) रहेकोमा बनवोरी माता ट्रेडर्सको एभरेष्ट बैंकमा सन्चालित बैङ्क खाता वनवोरी माता ट्रेडर्सका सञ्चालक रवीन्द्र गुप्ता र हिमालयन कार्गोका सञ्चालिका मधुकुमारी चौधरी र विनोदकुमार गुप्ताका छोरा राहुलकुमार गुप्तासमेतको संयुक्त दस्तखतबाट कारोवार सञ्चालनमा रहेको देखिन्छ। साथै राहुलकुमार गुप्ताले समेत वनवोरी माता ट्रेडर्सको एभरेष्ट बैङ्कको खातामा रकम जम्मा गर्ने र रकम झिक्ने कार्यहरूमा संलग्न रहेको; तसर्थ वनवोरी माता ट्रेडर्सको भनिएको मालवस्तुहरू हिमालयन कार्गोसमेतको साझेदारी रहेको; वनवोरी माता ट्रेडर्स र हिमालयन कार्गोका सञ्चालकहरूको नाम फरकफरक देखिए पनि कार्यगत विन्दु तथा लगानीमा साझेदारी रहे भएको स्वतः पुष्टि भएको छ। तसर्थ मिति २०७५।२।२५ मा काठमाडौं थानकोटमा पक्राउ ना६ख ५८५९ ट्रकबाट ल्याइएको वनवोरी माता ट्रेडर्सको भनिएको मालवस्तुहरू हिमालयन कार्गोसमेतको साझेदारी तथा हिमालयन कार्गोसमेतको भएको भन्ने स्पष्ट देखिइरहेको अवस्थामा प्रत्यर्थी प्रतिवादीहरू मधुकुमारी चौधरी, विनोदकुमार गुप्ता र राहुलकुमार गुप्तालाई आरोपदाबीबाट सफाइ दिएको फैसला त्रुटिपूर्ण रहेको।<br>ङ. **प्रतिवादी देवीबहादुर थापाका सम्बन्धमा-** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रतिवादी वीरेन्द्र गुप्ताले प्रयोग गर्ने भनी खुल्न आएका सम्पर्क मोवाइल फोन नम्वरहरू ९८६०४६७०८६, ९८६७७३७२४० र ९८६९७०६७२० मा अनुसन्धानको क्रममा सङ्कलित मिति २०७५।१।१ देखि २०७५।३।१ सम्म अवधिको कल डिटेल्समा तत्कालीन समयमा राजस्व अनुसन्धान विभागमा कार्यरत नायब सुब्बा देवीबहादुर थापाको मोबाइलफोन नं ९८५१०८४४६६ समेत निरन्तर सम्पर्कमा रहे भएको देखिन आएको छ।प्रस्तुत मुद्दाको बयानको क्रममा निज देवीबहादुर थापाले वीरेन्द्र गुप्तालाई पहिलादेखि नै चिनेको र समयसमयमा सम्पर्क भइरहने, १।२ महिना अगाडि सम्पर्क भएको थियो भनी खुलाइदिए पनि ना६ख ५८५९ ट्रक सामानसहित नक्कली प्रज्ञापनपत्रका आधारमा राजस्व छलेर भन्सार परिसर बाहिरिएको मिति र समय पश्चात् ऐ २५ गते थानकोटमा पक्राउ परेको मिति र समयसम्म एवम् पक्राउ पश्चात् राजस्व अनुसन्धान विभागमा प्राप्त मिति २०७५।२।२७ को रातिसम्म पनि निज विरेन्द्र गुप्तासँग दोहोरो सम्पर्क (calling / Receiving) भए गरेको देखिएको छ।यसैगरी निजले मिति २०७५।२।२५ मा थानकोटमा दूध पाउडर र घिउ बोकेको मालबाहक ट्रक प्रहरीले समातेपछि निज वीरेन्द्र गुप्ताले फोन गरेको र सो सम्बन्धमा के भएको रहेछ भनी थानकोट प्रहरीसँग समेत आफूले जानकारी लिएको र पछि थानकोट चेकपोष्टबाट थप अनुसन्धान गर्न भनी राजस्व अनुसन्धान विभागमा आएपछि सो अनुसन्धान गर्न ६ नं शाखालाइ तोकिएको; सो समयमा आफू सोही शाखामा कार्यरत रहेको; अनुसन्धानको क्रममा तोकिएको धरौटीसम्वन्धी जानकारी दिन निज विरेन्द्र गुप्तासँग मेरो सम्पर्क भएको हो भनी खुलाइदिएका व्यहोरातर्फ हेर्दा अनुसन्धानको क्रममा प्राप्त कल डिटेल्सको अध्ययन एवम् विश्लेषणबाट देवीबहादुर थापा र वीरेन्द्र गुप्ताबीच मिति २०७५।१।१ देखि २०७५।३।१ सम्मको दुई महिनाको अवधिमा मात्रै सयौंपटक सम्पर्क भएको देखिएको छ भने मिति २०७५।२।२४ गते ना६ख ५८५९ र ना७ख १७ मालवाहक ट्रक बाहिरिएको समय बेलुकी करीव ७.३०, ८.०० वजेतिरसमेत वीरेन्द्र गुप्ता र निज देवीबहादुर थापाबीचको सम्पर्क देखिनुका साथै मिति २०७५।२।२५ गते काठमाडौं थानकोटमा पक्राउ पश्चात् राति १० बजेसम्मका साथै मिति २०७५।२।२७ सम्म निरन्तर दोहोरो सम्पर्क रहेको देखिएका निज वीरेन्द्र |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गुप्त सो अवधि पश्चात् अनुसन्धान निकायको सम्पर्कमा नआई फरार रहेको पाइएबाट झुठा प्रज्ञापनपत्रका आधारमा भन्सार छली गर्ने प्रस्तुत कार्यमा देवीबहादुर थापाको संलग्नता र मिलेमतो पुष्टि भइरहेको। |

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट यस आ.व.मा विशेष अदालतबाट भएका फैसलामा चित्त नबुझी मिति २०७९/०६/३१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरुको विवरण :-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| ११३. | हरिनारायण प्रसाद साह रौनियार, सुमित रौनियार, कृष्ण देव यादव, भानु जोशी, मनोज श्रेष्ठ, राजेश कुमार यादव, नवराज के.सी., प्रेम प्रसाद चुवाई, हरि बहादुर खड्का, दिपेन्द्र बहादुर विष्ट, कार्मा तेन्जिन तामाङ्ग, गोविन्द गैरे (वि.अ. को मु.नं. ०७५-CR-००७३, वि.अ. को फैसला मिति २०७९।०१।२५) | सार्वजनिक पुल निर्माणमा गुणस्तर तथा मापदण्ड कायम नगरी भ्रष्टाचार गरेको | **प्रतिवादीहरु हरिनारायण प्रसाद रौनियार र सुमित रौनियारः**भ्र.नि.ऐन, २०५९ को दफा ८(४) अनुसारको कसुरमा रु.१९,३२,२५,६९५।- बिगो कायम गरी सोही दफा ८(४) बमोजिम विगो असुल उपर गरी सजाय हुन ।<br>**प्रतिवादी कृष्ण देव यादवः** भ्र.नि.ऐन, २०५९ को दफा ८(४) अनुसारको कसुरमा विगो रु १,४१,२५०।- कायम गरी सोही दफा ८(४) वमोजिम उक्त विगो असुल उपर गरी सजाय हुन ।<br>**प्रतिवादी भानु जोशीः** भ्र.नि.ऐन, २०५९ को ८(१) र दफा ८(१)(ख),(ग),(ङ) अनुसारको कसुरमा विगो रु १,९५,८८,४३७।- कायम गरी सोही ऐनको दफा ८(१) वमोजिम विगो असुल उपर गरी सजाय हुन । भ्र.नि.ऐन, २०५९ को दफा १९(२) अनुसारको कसुरमा बिगो रु १,२५,०००।- कायम गरी सोही ऐन को दफा १९(२) बमोजिम सजाय हुन ।<br>**प्रतिवादी मनोज श्रेष्ठः** भ्र.नि.ऐन, २०५९ को दफा ८(१) र दफा ८(१)(ख), (ग),(ङ) अनुसारको | <u>**फैसलाः**</u><br>**प्रतिवादीहरु हरिनारायण प्रसाद रौनियार र सुमित रौनियारः** भ्र.नि.ऐन, २०५९ को दफा ८(४) अनुसारको कसुरमा सोही दफा ८(४) बमोजिम विगो रु.७,२४,५९,६३४।५० को दामासाहीले हुन आउने रकम रु.३,६२,२९,८१७।२५(तिन करोड बैसठ्ठी लाख उन्तीस हजार आठसय सत्र रुपैया पच्चीस पैसा) जनही जरिवाना हुने ठहर्छ भन्ने फैसला रहेको र ठहर भएको विगो सम्मको सम्वन्धमा पनि विगो भरिभराउको सम्वन्धमा केही वोलिएको अवस्था छैन।<br>**प्रतिवादीहरु भानु जोशी, मनोज श्रेष्ठ, राजेश कुमार यादव, नवराज के.सी, हरिवहादुर खड्का र कार्मा तेन्जिन तामाङ्ग हकमाः** भ्र.नि.ऐन, २०५९ को दफा ८(१)(ख)(ग)(ङ) को कसुर ठहर्छ । सो ठहर्नाले प्रतिवादीहरु भानु जोशी, मनोज श्रेष्ठ, राजेश कुमार यादवलाई सोही ऐनको दफा ८(१) वमोजिम जनही ८(आठ) महिना कैद र जनही रु.२५,०००।—जरिवाना हुने, प्रतिवादीहरु नवराज के.सी र हरिवहादुर खड्कालाई सोही ऐनको दफा ८(१) बमोजिम जनही ६(छ) महिना कैद र रु.२०,०००।—जरिवाना हुने र प्रतिवादी कार्मा तेन्जीन तामाङ्गलाई सोही ऐनको दफा ८(१) वमोजिम ४(चार) महिना कैद र रु.१५,०००।—जरिवाना हुने ठहर्छ । | • स्वंय अदालतको फैसलाको प्रकरण नं.३० मा पुलको निर्माण प्रक्रिया स्वीकृत डिजाइन, ड्रइङ्ग र स्पेसिफिकेसन तथा सम्झौता वमोजिम नभएको पुष्टि हुन आयो । यसले पुलको समग्र क्षमतामा असर पुगी पुल स्वाभाविक रुपमा कमजोर हुने नै देखियो भनी फैसलाको आधार लिएको देखिन्छ। त्यस्तै फैसलाको प्रकरण नं.८५ मा पुलमा क्षति पुग्नु पूर्व र पुलमा क्षति पुगी सकेपछि प्राविधिकहरुबाट भएको अध्ययन प्रतिवेदनहरू, प्राविधिकहरूको राय तथा बकपत्र, प्रतिवादीहरूको वयान समेतका आधारमा प्रतिवादी निर्माण व्यवसायीले स्वीकृत डिजाइन ड्रइङ्ग, स्पेसिफिकेशन र सम्झौताबमोजिम पुलको निर्माण कार्य गरेको देखिएन। पुलको डिजाइनभन्दा कम लेभल कायम गरिएको, पियरको उचाई ६ मीटर हुनुपर्नेमा ५.५ मीटर मात्र कायम गरी उचाइ घटाइएको, पुलको स्पान पनि एकनासको र स्वीकृत डिजाइन बमोजिम नभई ०.३ देखि ३.० मीटरसम्म घटीबढी भएको, पुलको समग्र लम्बाइ ४३६ मीटर हुनुपर्नेमा ४३३ मीटर मात्र भएको देखिएको, QAP स्वीकृत गरी काम गर्नुपर्नेमा सोबमोजिम नगरेको, पुलको पियर तथा पाइल निर्माणमा आवश्यक गुणस्तर कायम नगरेको, पाइलहरूमा पर्याप्त निर्माण सामग्री नपुगेको र कतिपय स्थानमा Cavities देखिएको र कतिपय स्थानमा कंक्रिट कभर नभएको, कभर खसेको, ग्याविन बक्समा स्पेसिफिकेसन बमोजिमको ढुंगाको साइज प्रयोग नभएको, अन्य निर्माण सामग्रीको पनि आंशिक रूपमा मात्र गुणस्तर कायम गरिएको, डिजाइन एक प्रकारले गर्ने र निर्माण कार्य अर्कै तवरले भएको भन्ने समेत पुष्टि हुन आएकोले स्वीकृत डिजाइन ड्रइङ्ग र स्पेसिफिकेशन तथा सम्झौताबमोजिम पुलको निर्माण कार्य नभएको कारणले पुलमा क्षति भएको भन्ने देखियो भनी एकातर्फ समग्र आरोपदावी पुष्टि हुने गरी फैसलामा वोलेको देखिन्छ भने अर्कोतर्फ कसुर ठहर भएका प्रतिवादीहरुलाई समेत आंशिक कसुरमात्र ठहर गरी आशिंक सजाय गरिएको फैसला आफैमा विरोधाभाष पूर्ण रहेको छ ।त्यसै गरी आंशिक कसुर ठहर भएका प्रतिवादी मध्ये पनि प्रतिवादीहरु हरि नारायणप्रसाद रौनियार र सुमित रौनियारलाई विगो रु.७,२४,५९,६३४।५० ठहर भएकोमा सो विगो भरिभराउ तर्फसमेत केही नवोली भएको फैसला आफैमा त्रुटीपूर्ण समेत रहेको देखिन्छ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कसुरमा विगो रु ९,२४,२४,०९९।१९ कायम गरी सोही ऐनको दफा ८(१) वमोजिम विगो असुल उपर गरी सजाय हुन ।<br>**प्रतिवादी राजेश कुमार यादवः**भ्र.नि.ऐन, २०५९ को ८(१) र दफा (८)(१)(ख), (ग),(ङ) अनुसारको कसुरमा रु.३,१४,१८,९०७।५८ कायम गरी सोही ऐनको दफा ८(१) वमोजिम विगो असुल उपर गरी सोही दफा ८(१) बमोजिम सजाय हुन । साथै सोही ऐनको दफा १७ को कसुरमा विगो रु ७४,५३,२६९।६३ कायम गरी सोही दफा १७ बमोजिम असुल उपर गरी सोही ऐनको दफा ३(१) तथा दफा ३(१)(ज) बमोजिम सजाय हुन ।<br>**प्रतिवादी नवराज के.सी.** भ्र.नि.ऐन, २०५९ को ८(१) र दफा (८)(१)(ख), (ग),(ङ) अनुसारको कसुरमा विगो रु. ६,९२,४६,९२१।६५ कायम गरी सोही ऐनको दफा ८(१) वमोजिम विगो असुल उपर गरी सोही दफा ८(१) बमोजिम सजाय हुन ।<br>**प्रतिवादी प्रेम प्रसाद चुवाईः** भ्र.नि.ऐन, २०५९ को दफा ८(१) र दफा (८)(१)(ख), (ग), (ङ) अनुसारको कसुरमा विगो रु. ३,१९,३८,५७९।९६ कायम गरी सोही ऐनको दफा ८(१) वमोजिम विगो असुल उपर गरी सोही दफा ८(१) बमोजिम सज हुन । | प्रतिवादीहरु भानु जोशी, मनोज श्रेष्ठ, राजेशकुमार यादव, नवराज के.सी, हरि वहादुर खड्का र कार्मा तेन्जिन तामाङ्गले प्रतिवादी निर्माण व्यवसायीसँग मिलेमतो गरी यति नै रकम लिए खाएको रहेछन भनी देखिने आधार प्रमाण वादी पक्षबाट पेश गर्न र पुष्टि गर्न सकेको नदेखिदा निजहरुको हकमा विगो कायम गर्न मिल्ने देखिएन ।<br>**प्रतिवादीहरु दिपेन्द्र वहादुर विष्ट, प्रेम प्रसाद चुवाई, गोविन्द गैरे र कृष्ण देव यादवले** आरोपदावीवाट सफाई पाउने ठहर्छ ।<br><u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u><br>**प्रतिवादीहरु हरिनारायण प्रसाद रौनियार र सुमित रौनियारः** आरोप दावीवमोजिमको कसुर गरेको पुष्टि हुन्छ ।<br>**प्रतिवादी भानु जोशीः** पुलको डिजाइन स्वीकृत गर्ने विभागका पदाधिकारी उपर मुद्दा नलाएको अवस्थामा उक्त डिजाइनको सिफारिस गर्ने यी प्रतिवादी मात्र दोषी भन्न मिल्ने देखिएन।<br>**प्रतिवादी राजेश कुमार यादवः** पुलको सुपरस्टक्चर निर्माण गर्दाको Staging नहटाइएको भन्ने स्थलगत प्रतिवेदनहरूबाट समेत देखिन्छ । सो हटाउन निर्माण व्यवसायीलाई पटकपटक निर्देशन दिएको भनी प्रतिवादीले बयानमा उल्लेख गरेको देखिदा प्रतिवादीको सो कार्यमा बदनियत नदेखिई निर्माण व्यवसायीले अटेरी गरेको देखिदा सोहदसम्मको यी प्रतिवादीउपरको आरोप दावी पुग्नसक्ने देखिएन ।<br>प्रतिवादीहरु भानु जोशी, मनोज श्रेष्ठ, राजेशकुमार यादव, नवराज के.सी, हरिवहादुर खड्का र कार्मा तेन्जिन तामाङ्गले प्रतिवादी निर्माण व्यवसायीसँग मिलेमतो गरी यती नै रकम लिए खाएको रहेछन भनी देखिने आधार प्रमाण वादी | • Pile Depth डिजाईन अनुसार नभएको भन्ने पुष्टी भैसकेको र कुनै एक वटा पाईलको Strength कम हुन गएमा Group Pileको Strength मा नै असर पर्ने हुँदा पुरै Pier को Strength कम हुन जाने प्राविधिक सिद्धान्त (Technical Theory) छ।<br>अनुसन्धानको क्रममा आयोगलाई प्राप्त भएको Consultancy Services, IOE Pulchowk को प्राविधिक परिक्षण तथा विश्लेषणबाट पुलको ११ र १४ नं. Pier को Pile को लम्बाइ स्वीकृत डिजाईन वमोजिम १५ मी. हुनु पर्नेमा कुनै पनि Pile को लम्वाई ५.५ मी. भन्दा बढी फेला नपरेको र Pile हरुमा Cavities समेत भएको तथ्य फेला परेको भन्ने प्रतिवेदन देखिन्छ । यसरी Pile को लम्वाईको स्वीकृत डिजाइन १५ मी. हुन पर्नेमा घटाई ५.५ मी.(करिव एक तिहाई) मात्र राखी वनाएको अवस्थामा उक्त पुलको १३, १४, १५, १६ औ Pier मात्र भत्काई पुनः निर्माण गर्न सकिने अवस्था देखिदैन । त्यसैगरी विशेष अदालतको फैसलामा Pile को लम्वाई १५मी. वनाउन पर्नेमा ५.५ मी. लम्वाईको मात्र Pile वनाएको जस्तो गम्भीर अनियमितता एवं त्रुटीको सम्वन्धमा कुनै विश्लेषण समेत गरिएको पाइदैन । पुलको ११ नं. Pier बाहिरबाट नाङ्गो आँखाले सबै ठीक देखिने र भासिएको अवस्थामा समेत नरहेको थियो । तथापि Consultancy Services, IOE Pulchowk को परिक्षणबाट यसमा समेत कैफियत देखिंदा सबै Pier हरुको Pile हरुमा समेत आशंका गर्न सकिने भन्ने प्रतिवेदनले देखाएको छ। Pile Casting अगाडी Bore hole को Jointly Measurement गरिएको नपाईएकोले अन्य Pier मा रहेका Pile Depth डिजाईन अनुसार नै भएको भन्ने पुष्टी हुने देखिँदैन।<br>निर्माण कार्यको शुरु चरणबाट नै Setting Out तथा नापजाँचमा भएको लापरवाहीको कारणले पुलको Span Deviation जस्तो गंभीर लापरवाही तथा निर्माणको शुरु चरणमै नसच्याई मापदण्ड विपरीत कार्य भएको देखिन्छ। पुलको Pier को Centre Line fix गलत तरिकाले गरेको हुँदा Clear Span मा फरक पर्न गई Total Span मा समेत ३ मिटर फरक परेको देखिन्छ। पुलको प्रत्येक स्पानको लम्बाई २५ मी. हुनुपर्नेमा बराबर नभई २१.७५८ मी.देखि २६.८१ मी.सम्म रहेको देखिएको। पुलको Span को लम्बाई घटबढ हुँदा पुलको Substructure र Foundation मा पर्ने Load मा समेत असर पर्ने हुन्छ । Span फरक हुँदा Girder र Deck Slab जस्ता Superstructure Component हरुको Load मा फरक हुनुका साथै Per Span Water Channel Width समेत फरक हुँदा पुलको जग सुरक्षित रहने नरहने सम्बन्धमा कुनै Design Review भएको पाइएन । यसबाट Pier र Pile मा हुने Load Distribution Design भन्दा फरक पर्न जानुका साथै समग्र पुलको Loading Capacity मा नै असर पर्न गई समग्र पुल नै क्षति हुने देखिन्छ ।<br>Hydrological Investigation बिना Pier Height स्वीकृत डिजाईन वमोजिम |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **प्रतिवादी हरि बहादुर खड्का:** भ्र.नि.ऐन, २०५९ को दफा ८(१) र दफा (८)(१)(ख), (ग),(ङ) अनुसारको कसुरमा विगो रु. ७,५४,४८,०६१।१५ कायम गरी सोही ऐनको दफा ८(१) वमोजिम विगो असुल उपर गरी सोही दफा ८(१) बमोजिम सजाय हुन ।<br>**प्रतिवादी दिपेन्द्र बहादुर विष्ट:** भ्र.नि.ऐन, २०५९ को दफा ८(१) र दफा (८)(१)(ख), (ग),(ङ) अनुसारको कसुरमा विगो रु.१,६१,८३,४४५।५२ कायम गरी सोही ऐनको दफा ८(१) वमोजिम विगो असुल उपर गरी सोही दफा ८(१) बमोजिम सजाय हुन ।<br>**प्रतिवादी कार्मा तेन्जिन तामाङ्ग:** भ्र.नि.ऐन, २०५९ को दफा ८(१) र दफा (८)(१)(ख),(ग),(ङ) अनुसारको कसुरमा विगो रु. १५,०८,८४,७१३।४० कायम गरी सोही ऐनको दफा ८(१) वमोजिम विगो असुल उपर गरी सोही दफा ८(१) बमोजिम सजाय हुन ।<br>**प्रतिवादी गोविन्द गैरे:**भ्र.नि.ऐन, २०५९ को दफा ८(१) र दफा ८(१)(ख), (ग), (ङ) अनुसारको कसुरमा विगो रु. १,९५,८८,४३७।०० कायम गरी सोही ऐनको दफा ८(१) वमोजिम विगो असुल उपर गरी सोही दफा ८(१) बमोजिम सजाय हुन । | पक्षवाट पेश गर्न र पुष्टि गर्न सकेको नदेखिदा निजहरुको हकमा विगो कायम गर्न मिल्ने देखिएन ।<br>**प्रतिवादी कृष्ण देव यादवको हकमा:** पुलको डिजाइन उपयुक्त नभएको कारणले पुलमा क्षति भएको भन्ने प्राविधिक प्रतिवेदनहरूबाट पनि देखिदैन । उक्त डिजाइन स्वीकृत गर्ने सडक विभागका अधिकारीउपर पनि मुद्दा चलाएको देखिदैन । यसर्थ माथि विवेचना भएबमोजिम प्रतिवादीले दावीको कसूर गरेको पुष्टि हुन सकेको देखिएन ।<br>**प्रतिवादी प्रेमप्रसाद चुवाइ:** आरोप दावीबमोजिम पुलको निर्माण कार्यको गुणस्तर घटाउने तथा आफूलाई गैरकानूनी लाभ पुग्याउने बदनियतले काम गरेको तथ्य प्रमाणबाट पुष्टि भएको नदेखिदा निजउपरको आरोप दावी पुग्ने देखिएन ।<br>**प्रतिवादी दिपेन्द्र बहादुर विष्ट:** पुलको लाइन लेभल र स्थान परिवर्तन गर्ने तथा पियरको उचाइ घटाउने कार्यलाई स्वीकार गरी ठेकेदारसँगको भुक्तानीका लागि सिफारिस गरेको भन्ने आरोप दावीका सम्बन्धमा हेर्दा यी प्रतिवादी पुलको जिम्मेवारीमा तोकिदा पुलको फाउण्डेशन र अधिकांश संरचना निर्माणको काम सम्पन्न भैसकेको भन्ने देखिन्छ।<br>**प्रतिवादी गोविन्द गैरे:** पुलको स्थान परिवर्तन गर्ने तथा पियरको उचाई घटाउने, निर्माण व्यवसायीबाट Quality Assurance Plan (QAP) गर्न लगाइ स्वीकृत गर्ने लगायतका नीतिगत विषयमा प्रतिवादीको पदीय हैसियतका आधारमा निर्णायक र प्रत्यक्ष भूमिका, जिम्मेवारी र संलग्नता नदेखिदा सोहदसम्म निजउपरको आरोप दावी पुग्न सक्ने देखिएन । | ६ मी. हुनपर्नेमा ५० से.मी. घटाइ ५.५ मी. मात्र बनाईएबाट पुलको Free Board को उचाई घट्ने देखिन्छ। पुलको Pier Height घटाउनु पर्ने सम्बन्धमा अधिकार प्राप्त अधिकारीको समेत स्वीकृति नलिएको र पुलको Design/ Drawing Review गरी स्वीकृत गर्नु पर्नेमा जथाभावी लाइन लेभल परिवर्तन गर्ने कार्य भएको देखिन्छ। Pier Height घटेको कारण High Flood Level र पुलको Bottom Level बीचको Free Board घट्न गई बाढीको समयमा समग्र पुल नै क्षति हुने हुन्छ । *(मिति २०७९।०६।१८ को वर्षातवाट Deck Slab No. १४, १५, १६ पूर्ण रुपमा खस्नु र १३ नं. Deck Slab Tilt हुनुमा समेत यहि कारण देखिन्छ)*<br>Quality Assurance Plan (QAP) स्वीकृत गरिएको नपाइएको साथै यस्तो QAP स्वीकृत नभएको अवस्थामा पनि कम से कम Specification बमोजिम निर्धारित गुणस्तर कायम गरे नगरेको, टेष्टहरुको Frequency Requirement पालना भए नभएको पुष्टि हुनुपर्नेमा कतिपय स्पेशिफिकेसन बमोजिम आवश्यक पर्ने परिक्षणहरु नै नगरेकोले निर्माण सामग्रीको गुणस्तर नियन्त्रण प्रभावकारी नभएको तथा गुणस्तर प्रमाणित नभईकन नै भुक्तानी सिफारिस गरेको देखिन्छ। पुल निर्माण कार्यमा आवश्यक गुणस्तर कायम गर्नको लागि स्पेशिफिकेसन बमोजिम आवश्यक पर्ने Field Density & Moisture Content, Cement Tests, Reinforcement Test, Pile Load Tests जस्ता परिक्षणहरुका लागि Frequency Requirement पालना नहुनुका साथै सबै आवश्यक परिक्षणहरु नहुनु र गरिएका परिक्षणहरु कुन कार्यको प्रयोजनका लागि भएको समेत नछुटींदा समग्र पुल नै गुणस्तर हिन निर्माण कार्य भएकोमा विवाद गर्नु पर्ने अवस्था देखिदैन । तसर्थ सवै प्रतिवादीहरुको आरोपदावी वमोजिमको कसुर पुष्टि भएको अवस्था छ ।<br>• अदालत आफैले कसुर कायम गरी सकेको छ । यदी प्रतिवादीहरु उपर कसुर कायम हुन्छ र त्यँहा विगो खुल्दछ भने प्रतिवादीहरुलाई कैद सजायको अतिरिक्त विगो वमोजिम जरिवाना गर्नै पर्ने कानूनी व्यवस्था रहेकोमा अदालत आफैले कानूनमा नै नभएको सर्त "प्रतिवादीले निर्माण व्यवसायीसँग मिलेमतो गरी यति नै रकम लिए खाएको रहेछन भनि देखिने आधार प्रमाण वादीले पेश गर्न र पुष्टि गर्न नसकेको" भनि आफै कानूनको सृजना गरी फैसला भएको अवस्था छ ।<br>• प्रतिवादीहरुको भ्रष्टाचार जन्य कार्यवाट नेपाल सरकारलाई विगो रु.१९,३२,२५,६९५।—कायम गरी आरोपपत्र लगिएको, उक्त आरोप ठहर भएपछि विगो रु.१९,३२,२५,६९५।– नेपाल सरकारले प्रतिवादीहरुवाट भरि भराई पाउने भ्रष्टाचार निवारण ऐन, २०५९ मा स्पष्ट कानूनी व्यवस्था रहेको छ । प्रस्तुत मुद्दामा विशेष अदालतले प्रतिवादीहरुले विगो रु.७,२४,५९,६३४।५० वरावरको भ्रष्टाचार जन्य कार्य गरेको भनि ठहर्याई उक्त विगो भरिभराउ तर्फ केही नवोलेको फैसला आफैमा विरोधाभाष छ । प्रस्तुत पुनरावेदन पत्रमा माथी विवेचित आधार कारणवाट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रत्यर्थी प्रतिवादीहरुले नेपाल सरकारलाई रु.१९,३२,२५,६९५।- वरावरको हानी नोक्सानी पुग्ने गरी भ्रष्टाचार जन्य कार्य गरेको भन्ने पुष्टि भै रहेको अवस्था छ ।<br>• (ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भई सकेको अवस्थामा सो नजिर फैसलाको प्रतिकुल हुने गरी प्रतिवादीहरुलाई सफाई दिने गरी फैसला भएको । |

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट यस आ.व.मा विशेष अदालतबाट भएका फैसलामा चित्त नबुझी मिति २०७९/०७/२१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरुको विवरण :-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| ११४. | संजीव कुमार कर्ण, पूर्णचन्द्र वस्ती,<br>रविता श्रेष्ठ,<br>गुरुदत्त गौतम,<br>भागिरथ आचार्य ,<br>गणेश प्रसाद उपाध्याय (चालिसे),<br>बालाराम पोखेल, नरहरि प्रसाद घिमिरे,<br>सरोज अधिकारी ,<br>तिलकराज चौलागाई,<br>लक्ष्मण प्रसाद | गुणस्तरहीन सामान खरिद गरी<br>भ्रष्टाचार गरेको। | • प्रतिवादीहरु संजीव कुमार कर्ण, पूर्णचन्द्र वस्ती, रविता श्रेष्ठ र गुरुदत्त गौतमलाई जम्मा रु.१२,४०,४७,५५८।-(बाह्र करोड चालिस लाख सत्चालिस हजार पाँच सय अन्ठाउन्न रुपैयाँ) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को खण्ड (ञ) बमोजिमको कसूरमा दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन, त्यस्तै भागिरथ आचार्यलाई जम्मा रु.४,१३,४९,१६६।-(चार करोड तेह्रलाख उनन्पचास हजार एकसय छैसठ्ठीसी रुपैयाँ) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)(ञ) बमोजिमको कसुरमा ऐ. ऐन को दफा ८ को उपदफा(१) बमोजिम सजाय हुन, गणेश प्रसाद | **<u>फैसलाः</u>**<br>सवै प्रतिवादीलाई सफाई<br>**<u>विशेष अदालतले सफाई दिदा लिएका आधारः</u>**<br>१.General Conditions Of Contract (GCC) र Special Conditions Of Contract (SCC) को प्रावधान बमोजिम मालबस्तुको डेलिभरि भएको ३० दिन भित्रमा ६० % रकम भुक्तानी दिनुपर्ने प्रावधान रहेकोले वादीको आरोपदावी पुग्न सक्ने देखिएन ।<br>२.प्रतिवेदनमा औंल्याइएका सवै NOT Comply देखिएका Item हरु Comply गर्ने भनी आपूर्तिकर्ता Prudent Meditech International ले Letter Of Commitment पठाएको देखिदा ३० % रकम भुक्तानी गर्ने कार्य अन्यथा देखिएन ।<br>३.भुक्तानी गर्नुपर्ने ४०% पुरै रकम भुक्तान गर्न सक्ने अवस्थाको विद्यमानता रहँदा रहँदै ४०% पुरै भुक्तान नगरी ३०% रकम मात्र भुक्तानी गरेको देखिएबाट प्रतिवादीहरुको आपूर्तिकर्तासँग मिलेमतो गरेको देखिदैन । | १.सम्मानित विशेष अदालतबाट मिसिलमा भएका सम्पुर्ण कागजप्रमाणको अध्ययन नै नगरी प्रतिवादीहरुको पक्षमा भएका कागजलाई मात्रै प्रमाणमा लिई फैसला गरेको ।<br>२.स्पेशिफिकेसन बमोजिमका सामानहरु प्राप्त नभएको भन्ने तथ्यलाई अदालत स्वयंले पनि स्वीकार गरेको ।<br>३. मोवाइल भ्यान समेतका अन्य सामानहरु खरिदपछि हाल सम्म पनि संचालन नभएको ।<br>४.मोवाइल भ्यान र ल्यावका सामानहरु संचालन गर्नको लागि विदेशमा लगेर कर्मचारीलाई तालिम दिने भन्ने स्पेशीफिकेशमा भएको तर हालसम्म पनि कर्मचारीलाई तालिम नदिइएको ।<br>५. प्रतिवादीहरुको विपक्षमा भएका अर्थात आरोपदावीलाई समर्थन गर्ने कागज प्रमाणको कुनै मुल्यांकन नगरी प्रतिवादीहरुलाई कसरी सफाइ दिन सकिन्छ भन्ने नै मनसायका साथ प्रमाणहरुको मुल्यांकन गरिएको ।<br>६.अदालत आफैले आदेश गरी गठन भएको समितिले भ्यानको चेक जाँच गरी पेश गरेको प्रतिवेदन प्रतिवादीहरुको विपक्षमा भएकोले उक्त प्रतिवेदनलाई प्रमाणमा नलिई फैसला गरेको ।<br>७.प्रतिवादीहरुको विपक्षमा भएका प्रतिवेदनहरुलाई प्रमाण ग्रहण नगरी निजहरुका पक्षमा भएका प्रतिवेदनहरुलाई मात्रै प्रमाण ग्रहण गरी फैसला भएको ।<br>८.प्रतिवादीहरु कार्यरत सँस्थाकै कर्मचारीहरुबाट तयार पारिएको प्रतिवेदनलाई मात्रै आधार लिई फैसला गरेको । |

| | | | | | |
|---|---|---|---|---|---|
| | पौडेल, इन्द्रहरि पौडेल र प्रविण कुँवर (वि.अ. को मु.नं. (०७५-CR-०३२५), वि.अ. को फैसला मिति २०७९।०१।२५) | | उपाध्याय (चालिसे) र बालाराम पोखेललाई जम्मा रु. १२,४०,४७,५५८।-(बाह्र करोड चालिस लाख सत्चालिस हजार पाँच सय अन्ठाउन्न रुपैयाँ) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)(ञ) बमोजिमको कसुरमा ऐ. ऐन को दफा ८ को उपदफा(१) बमोजिम सजाय हुन साथै प्रतिवादीहरु नरहरि प्रसाद घिमिरे, सरोज अधिकारी र तिलकराज चौलागाईलाई जम्मा रु.८,२६,९८,३७२।-(आठ करोड छब्बीस लाख अन्ठानब्बे हजार तिन सय बहत्तर रुपैयाँ) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)(ञ) बमोजिमको कसुरमा ऐ. ऐन को दफा ८ को उपदफा(१) बमोजिम सजाय हुन, प्रतिवादीहरु लक्ष्मण प्रसाद पौडेल र इन्द्रहरि पौडेललाई रु.४,१३,४९,१६६।-(चार करोड तेह्रलाख उनन्पचास हजार एकसय छैसठ्ठी रुपैयाँ) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)(ञ) बमोजिमको कसुरमा ऐ. ऐन को दफा ८ को उपदफा(१) | ४.General Conditions Of Contract (GCC) को प्रकरण १५.३ बमोजिम आपूर्तीकर्ताले सामान आपूर्ती गरेको ३० दिन भित्र भुक्तानी दिनुपर्ने करारीय दायीत्व भएकोले भुक्तानी नदिएमा सम्झौता बमोजिम व्याज भुक्तानी गर्नुपर्ने भएकोले राज्यलाई व्याज तिर्न नपरोस भन्ने मनसायका साथ असल नियतले गरिएको भुक्तानी कार्यलाई भ्रष्टाचारको संज्ञा दिनु कानुन सम्मत र न्यायोचित देखिएन ।<br>५.प्रतिवेदन दिने विज्ञहरुको मूल्यांकन सही हुन भनी न्यायीक अनुमान गर्नुपर्ने हुन्छ । निर्णयकर्ता Employer को विवेकमा हस्तक्षेप गर्ने गरी काम गर्न मिल्दैन त्यसको औचित्यमा प्रवेश गर्नु न्यायोचित देखिदैन । | ९. खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाले जुन उदेश्यका साथ मोवाइल भ्यान खरिद गरिएको हो सोही अनुरुप प्रयोग गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग र यस अदालतमा परिक्षण प्रतिवेदन ३ महिना सम्म मासिक रुपमा पठाउनु भनी आदेस गरिएबाट समेत खरिद गरिएका उक्त सामानहरु गुणस्तरहीन रहेको र हालसम्म सञ्चालनमा नआएको भन्ने तथ्य अदालतको फैसलाबाट समेत पुष्टी हुने देखिन्छ ।<br>१०. अदालतले यो विषयमा न्यायीक अनुमान गर्दछु र यो विषयमा न्यायिक अनुमान गर्दिन भनेर आफुखुसी अनुमान गर्ने मिल्ने होइन प्रमाण ऐन २०३१ मा प्रमाण बुझ्न हुने र बुझ्न नपर्ने कुराहरु तथा अदालतले अनुमान गर्न हुने कुराहरुको बारेमा उल्लेख गरिएकोले अदालतबाट न्यायीक अनुमान गर्दा पनि कानुनसम्मत तरिकाबाट मिसिलमा भएका कागज प्रमाणको सुक्ष्म विश्लेषण गरी न्याय हुने गरी अनुमान गर्ने हो । मुद्दाका एक पक्षलाई सफाई दिन सहज हुने गरी प्रतिवादी आफै समेत संलग्न भई पेश गरेको प्रतिवेदन र एक पक्षले पेस गरेका कागजलाई मात्रै सहि हुन र अर्को पक्षबाट पेश गरिएका कागजहरु सही होइनन भन्ने सोचले न्यायीक अनुमान गर्न मिल्ने होइन |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बमोजिम सजाय हुन र सप्लायर्स Prudent Meditech International कमलादीका आधिकारिक प्रतिनिधि प्रविण कुँवरलाई जम्मा रु. रु.२४,८०,९५,११६।-(चौबिस करोड असी लाख पञ्चानब्बे हजार एकसय सोह्र) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसुरमा ऐ. ऐन को दफा ८(४) बमोजिम सजाय हुन मागदावी लिइएको । | | |